
मदन, सि.पि. र मोहनचन्द्रका सोचहरुको खोतल-खातल

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

पुस २०४९



## सर्वोच्चको ऐतिहासिक फैसला
## कांग्रेसको नियत र नैतिकताको परीक्षा

विभिन्न देशका हालैका कम्युनिष्ट गतिविधिहरु

**गिरिजाको राष्ट्रघात विरुद्ध वामपन्थीहरु देशव्यापी संघर्षमा**

रु १०/-


NILOCON
Low Dose Oral Pill
Studies Prove East Asian women require lower dose of hormonal ingredients for equally effective contraceptive Protection. The reason is that they have a lower average body weight compared to Western Women.
Plasma level of Ethinyl Estradiol produced by a dose of 35 mcg. in Asian women is approximately comparable to the Plasma level produced by 50 mcg in western Women.
NILOCON, the low dose oral contraceptive, is therefore, an appropriate oral contraceptive Pill for Nepalese women.
NILOCON
LOW DOSE ORAL CONTRACEPTIVES
NILOCON Pills Contain 0.5 m.g. of Norethindrane and 0.035 m.g. of Ethinyl Estradiol each, and each iron tablet contains 75 m. g. of Ferrous Fumarate.
MARKETED BY NEPAL CRS COMPANY (P.) LTD.

यस भित्र





# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष ११: पूर्णाङ्क ८: २०४९ पौष

**संरक्षक**
डा. मधुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
लेख बहादुर महर्जन

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, ओर्ढे, ख-२,२३७
काठमाडौं-२३
फोनः २१३६९४
पो.ब.नं. ३०२६ काठमाण्डौ


## सर्वोच्चको ऐतिहासिक फैसला

## कांग्रेसको नियत र नैतिकताको परीक्षा

*फैसलाले के दियो ? के दिएन ?* -४

कानूनविदहरु गणेशराज शर्मा, सुवास नेवाङ्, बालकृष्ण न्यौपाने र मुक्ति प्रधानसंग कुराकानी
का. निर्मल लामा, का. रोहित, का. चित्र ब.के.सी., का. मदन भण्डारी र का. लिलामणी पोखरेलका प्रतिकृयाहरु

## गिरिजाको राष्ट्रघात विरुद्ध वामपन्थीहरु देशव्यापी संघर्षमा

## विश्वका विभिन्न देशका कम्युनिष्ट गतिविधिहरु




**रुस:**
अक्टोबर-क्रान्ति दिवस: एक लाखको जुलूस / प्रत्यक्षदर्शीसंग कुराकानी
☐ पेरु, कुर्दिस्थान,
क्यूवा, भारत, कम्पुचिया, लिथुआनियाको रिपोर्ट
*बंगलादेशी कम्युनिष्ट नेता का. रानोसंग कुराकानी*





**३९ एमाले भित्र**
**द्वन्दरत तीन सोचहरुको खोतल-खातल**
- का. मदन भण्डारी
- का. सी.पी. मैनाली
- का. मोहनचन्द्र अधिकारीसंगको
*विचारोत्तेजक कुराकानी*


(घटना-प्रवाह)
- अयोध्याकाण्ड -१२
- शिक्षक संघको संघर्ष -१३
- "मूल्यांकन" भेला -१३

(अर्थतन्त्र)
- नेपाल राज्यको वर्ग-चरित्र के ? -२२
*श्याम श्रेष्ठ*

(अन्तर्क्रिया)
-नेपाली कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याबारे का. रोहित -१८

(आँखी-झ्याल)
-युरोप-अमेरिका व्यापार युद्ध -२०
-पूंजीवादी विश्वको ताजा हाल -२१

(साहित्य)
-कला, साहित्य:कुन राम्रो, कुन नराम्रो ?
-प्रा. माणिकलाल श्रेष्ठसंग कुराकानी -३१

(जन-जीवन)
-भद्रपुर नगरका मजदूरहरुको जीवन -२४
*धर्मचन्द्र लावती*

(दर्शन / दिग्दर्शन)
-जुत्ता अनुसार खुट्टा कि खुट्टा अनुसार जुत्ता
*प्रज्ञान रत्न* - २६
-शब्दपरिचय: प्रजातान्त्रिक समाजवाद -२७

(धारणा)
-त्यागको मानसिकता -२५
*डि.आर. पोखरेल*

(विज्ञान-प्रविधि)
-काठमाडौंमा औधी गर्मी किन ? -१४
*डा. नारायण पोखरेल*
-सागपात सुकाउने यन्त्रको विकास -१५
-एड्सको ओखती बन्यो -१३

(पर्दा-रंगमंच)
-टेलिफिल्म "क्रमशः" -३०
-"काउकुति" र "मह" जोडी -३१

(खेलकूद)
-एशियाड र ओलम्पिकमा चीन किन अगाडि भयो ? -३४

(हाम्रो मूल्यांकन)
-देशभक्त शक्तिहरुको संघर्ष -४



**स्वागत छ! स्वागत छ!!**

शान्त घरेलु वातावरणमा
सुमधुर गीत गजलका साथ
मुगलाई चाइनिज, कन्टीनेन्टल र
नेपाली खानाका साथै
विविध स्वादिष्ट खानाको
आनन्द लिनुहोस्

साँझ ७ बजेदेखि १० बजेसम्म
गीत गजल कार्यक्रम

*हरेक साँझ तपाईंको प्रतिक्षामा*

**रेक सेन्टर रेष्टुरेन्ट एण्ड बार**
होटल मायालुसगै, दरबारमार्ग



*आवरण फाटोः विजय सैंयुजु/ आवरण कलाः दण्डपाणि उपाध्याय/भित्री कलाः दिलीप महर्जन/ टाइप सेटिङ:अस्मिता महिला प्रकाशन-गृह (प्रा.) लि. बागबजार/ मुद्रणः मोर्डन प्रिन्टिङ्ग प्रेस*

# सम्पूर्ण देशभक्त शक्तिको एकतावद्ध संघर्ष

**भा**रतीय शासक बर्गलाई प्रशन्न पारेर आफ्नो कुर्सी मजबूत पार्ने नियतले सन्धिलाई समझदारी भनेर यस देशका प्रधानमन्त्रीले टनकपुरको मामलामा सिंगै राष्ट्रलाई ढाँटेका रहेछन्, संविधानलाई र संसदको सर्वोच्चतालाई मिचेका रहेछन् । ३० गतेको सर्वोच्च अदालतको फैसलाले यो प्रमाणित गरेको छ ।

टनकपुरको सवालमा बामपन्थीहरु व्यर्थमा बखेडा खडा गर्दैछन्, बिकास कार्यमा बाधा दिंदैछन् र संसदीय मर्यादा मिच्दैछन्- नेपाली कांग्रेस यही भन्दै आईरहेको थियो । तर अदालतको फैसलाले छर्लंग पारेको छ- किन बामपन्थीहरुले सडकमा जुलूस- नारा गरेका रहेछन् र संसदको रोष्ट्रम ८ घण्टासम्म घेरेका रहेछन् ? राष्ट्रलाई ब्यूँझाउन बामपन्थीहरुले सचेत पहल गरेकै कारणले टनकपुर मुद्दा नेपालको इतिहासमा नै जनताको सर्वाधिक चासो भएको जन-मुद्दा बन्न पुगेको छ । बालकृष्ण न्यौपानेको मुद्दा दायरीले जनचासोलाई अरु व्यापक बनाएको छ, जन-जागरणमा मद्दत पुऱ्याएको छ र सरकारलाई नांगोझार पारेर राष्ट्रघात गर्ने अपराधीको रुपमा सडकमा उभ्याएको छ ।

तर फैसलाले टनकपुर मुद्दालाई अन्त गरीसकेको छैन । मुद्दाको एउटा चरण मात्र सिद्धिएको छ । अदालतको फैसलाबाट गिरिजा सरकार बल्ल "समझदारी" लाई सन्धि भनेर स्वीकार्न र संसदको अनुमोदन जरुरी छैन भनिएको लिखतलाई संसदको अनुमोदनको निम्ति लैजान बाध्य भएको छ । तर अदालतले राष्ट्रलाई ढाँटेर अनैतिक कार्य गरेको प्रमाणित गरेपनि-उनै दोषी गिरिजा अहिले सत्तामा बिराजमान छन् । शक्तिको भाषा बाहेक अर्को कुनै मानवीय भाषाबाट उनी कुर्सीबाट ओर्लन तयार देखिन्नन् । यस्तो प्रतीत हुन्छ, नैतिकता भन्ने कुनै कुरा प्रधानमन्त्री गिरिजालाई थाहै छैन ।

गिरिजाको अपराध साबित भएपछि प्रजातान्त्रिक र नैतिकवान पार्टी भएको भए नेपाली कांग्रेसले राष्ट्रको आस्था र बिश्वास गुमाईसकेका गिरिजालाई कुनै पनि हालतमा सत्तामा राखी छोड्दैनथ्यो । तर केन्द्रिय कार्य समितिको भर्खरैको बैठकले गिरीजालाई झुठ र राष्ट्रघातको निम्ति दण्डित गर्नुको बदला चोख्यायो । अब राष्ट्रघाती गिरिजा मात्र ठहरिएन नेपाली कांग्रेसको केन्द्रिय नेतृ सिंगै अब गिरिजाको राष्ट्रघातको पक्षपोषक देखिएको छ । अब आगामी संसदको कुरा अघिल्तिर ल्याएर गिरीजाको अपराधलाई छोपछाप पार्ने र पृष्ठभूमिमा धकेल्ने उसको दाउपेच रहेको देखिन्छ । संसदमा आफ्नो सामान्य बहुमत छँदैछ र यही सामान्य बहुमतको तानाशाही लादेर यसलाई दमपच पार्न सकीहालिन्छ भन्ने नियत सरकारले र सिंगै नेपाली कांग्रेसले राखेको प्रतीत हुन्छ ।

यस स्थितिमा सम्पूर्ण बामपन्थीहरुले, देशभक्तहरुले वा देशका सबै "बालकृष्ण न्यौपाने"हरुले आफ्नो सजगता र संघर्ष शिथिल पार्ने होइन, त्यसलाई अरु चौगुना पार्नु जरुरी भएको छ । फेरि पनि सडक, संसद र अदालत-तीनै ठाउँबाट संयोजित रुपमा संघर्ष र दबाबलाई तेज पार्दै त्यस्तो शक्तिको भाषा सिर्जना गर्नु जरुरी भएको छ जुन नैतिक र प्रजातान्त्रिक मूल्यको भाषा नबुझ्ने गिरीजा सरकार र नेपाली कांग्रेसले बुझोस् । यसको निम्ति पहिलो आबश्यकता हो -सम्पूर्ण देशभक्त शक्तिको एकताबद्ध संघर्ष । यसबाट नै बातले नचले बादशाहलाई लातले घोंजबाट ओराल्न सकिन्छ । टनकपूर मुद्दालाई टुंगोसम्म पुऱ्याउन सकिन्छ । नत्र केही ठेगान छैन । दुनियाँलाई समसाँझै गुमराह गर्न खोज्ने गिरिजा सरकारले भरे के मात्र गर्दैन ? केही ठेगान छैन ।

४ बामपन्थी पार्टीहरुको घोषित चालू संयुक्त संघर्षलाई गाउँगाउँमा पुऱ्याइने कार्यक्रम हुनुले सर्बसाधारण जनतासम्म पनि राष्ट्रियताको पक्षमा र राष्ट्रद्रोहीहरुको बिपक्षमा संचेतना फैलाउन मद्दत गर्ने छ । गिरिजा सरकारले भारतसंग अन्य बिषयमा पनि गरेका असमान सन्धि-संझौताहरुको भण्डाफोर पनि यतिखेर हुनु जरुरी छ ।

आजको घटना/आजको विचार


# सर्वोच्च अदालतको ऐतिहासिक फैसला

## कांग्रेसी नियत र नैतिकताको परीक्षा

**नियत र नैतिकता**


आखिर मंसिर ३०को सर्वोच्च अदालतको ऐतिहासिक फैसलाले दुई कुरा अकाट्य रुपमा साबित भएको छ: पहिलो, गिरिजा सरकारले राष्ट्रलाई ढाँटेर, गुमराहमा पारेर राष्ट्रघात गर्न खोजेको रहेछ । दोश्रो, गिरिजा सरकारले संविधानका प्रजातान्त्रिक प्रावधान र मूल्यहरुलाई मिचेर, संसदको सर्वोच्चतालाई मिचेर प्रजातन्त्रको पनि घात गर्न खोजेको रहेछ ।

यो फैसलाले घोषित गरेको छ: पोहोर साल मंसिरमा प्रधानमंत्री गिरिजाको भारत भ्रमणको बेलामा भारत सरकारसित भएको लिखत "समझदारी" होइन जस्तो कि गिरिजा सरकारले दावी गर्दै आएको छ । त्यो अन्तर्राष्ट्रिय संझौता हो । त्यो लिखतलाई संसदबाट अनुमोदन नै




नगराई उत्तिकै बस्न पाइन्न, जस्तो कि गिरिजा सरकारले संविधान मिचेर गर्दै आएको छ । त्यसलाई संसदमा अनुमोदनका निम्ति राख्नै पर्दछ । टनकपुरको मुद्दामा सबै-भन्दा टड्कारो प्रश्न गिरिजा सरकारको नियत र नैतिकताको प्रश्न हो । महेन्द्रनगर नगरपालिकाको जिमुवा गाउँमा भारत सरकारले नेपालको सहमति नै नलिइकन, नेपालको सार्वभौमसत्तालाई मिचेर बाँध बनाउन थालेको पोहोर सालदेखि मात्र होइन, यसले १९८४ (अर्थात २०४१ साल)देखि नै बनाउन थालेको थियो । गिरिजाद्वारा पोहोर त्यसलाई भारत-भ्रमणको बेलामा भारत सरकारसित जालसाजीपूर्ण संझौता गरेर कृष्णप्रसाद भट्टराईको अन्तरीम प्रधानमन्त्रीत्व कालमा रोक लगाइएको त्यस अवैध बाँध- निर्माण कार्यलाई वैधता दिएर फेरि शुरु गर्न लगाइएको थियो र, भारत सरकारको बल मिचाइलाई चोख्याउन संझौतामा भनिएको थियो- "संझौता भएको एक हप्तापछि नै बाँधको निर्माण कार्य शुरु हुनेछ" र सो संझौता संसदबाट अनुमोदन हुन सक्दैन भन्ने डरले अनुमोदन गर्नुपर्ने आवश्यकता टार्न यो संझौता होइन, "समझदारी" मात्र हो भनिएको थियो । यसरी सिंगै राष्ट्रलाई ढाँटेर, भ्रममा पारेर, नेपालको सार्वभौमसत्तालाई भारत सरकारले मिचेकोमा विरोध जनाउनुको सट्टामा त्यसैलाई वैध बनाएर, जालसाजीपूर्ण संझौता गरेर भारतीय शासक वर्गलाई प्रशन्न तुल्याउन खोज्नुको पछाडि गिरिजा सरकारको नियत के ? के यो राष्ट्रको हित गर्ने नियत हो ? कि यो भारतीय शासक वर्गको प्रशन्नताबाट आफनो कुर्सी मजबूत गर्ने नियत हो ? आफ्नै घोषित प्रजातान्त्रिक समाजवादकै नैतिक धरातलबाट पनि राष्ट्र-लाई ढाँट्नु, राष्ट्र-हित विरुद्ध जालसाँजी गर्नु, प्रजातान्त्रिक मूल्यहरु मिच्नु, नैतिकता हो कि अनैतिकता ? यो प्रजातान्त्रिक व्यवहार हो कि तानाशाही व्यवहार ?

सर्वोच्चको फैसलाबाट गिरिजा सरकारको नियत र नैतिकताको धरातलको अरु राम्ररी पर्दाफास भएको छ । आफ्नो कुर्सी मजबूत पार्ने संकीर्ण स्वार्थको लागि विदेशी प्रभुत्व-वादी शक्तिलाई प्रशन्न पार्न नेपाली कांग्रेसको गिरिजा सरकार कस्तो कस्तो राष्ट्रघाती र प्रजातन्त्रघाती कार्य समेत गर्ने जमर्को गर्दो रहेछ- त्यो यस घटनाबाट उदांगो भएको छ ।



आफ्नो निहित स्वार्थको लागि गिरिजा सरकार अनैतिकताको कुन हदसम्म ओर्लन तयार हुँदो रहेछ, त्यो कुरा यो फैसलाबाट छर्लंग भएको छ ।

प्रश्न उठीरहेको छ- यो खालि गिरिजा सरकारको मात्र नियत र नैतिकताको सवाल हो कि सिंगै नेपाली कांग्रेसको ? त्यो चाहिं पछिल्ला घटना क्रमले उद्घाटन गरिरहेछ र गर्दै जाने पनि छ । गिरिजा सरकारको बदनियतपूर्ण र अनैतिकतापूर्ण कामका लागि यसलाई दण्डित गर्नुको सट्टा यसका अपराधहरुलाई ढाकछोप गर्न पूरै नेपाली कांग्रेस लाग्दछ भने- कसरी भन्ने कि राष्ट्रघाती र प्रजातन्त्रघाती कार्यमा खालि गिरिजा मात्र संलग्न छन् ? अदालतको फैसलाअघि गिरिजा अदालतमा हारेमा राष्ट्रद्रोही ठहरिने र उनले राजिनामा गर्नु पर्छ भन्ने गणेशमानहरु फैसला-पछि कसरी पेश हुनेछन ? त्यो केही देखिइसकेको छ, अरु हेर्नु बाँकी नै छ । नेपाली कांग्रेसको नव गठित केन्द्रिय कार्यसमितिको गत पौष ३ गतेको प्रथम बैठकले गिरिजाको राजिनामाको मागलाई "असान्दर्भिक" भनी अस्वीकार गर्ने जुन काम गरेको छ, यसबाट नेपाली कांग्रेसका नेता-कार्य-कर्ताहरुले समय समयमा उच्चारण गर्ने "प्रजातान्त्रिक-नैतिकता" भन्ने शब्द अरुलाई उपदेश दिने बेलामा वा सामान्य बेलामा प्रयोग गर्ने फोस्रो आडंबर मात्र भएको कुरालाई स्पष्टतापूर्वक सावित गरिदिएको छ । सत्तामा आएको एक वर्ष पनि नवित्तै यति धेरै राष्ट्रघाती, प्रजातन्त्र-घाती र अनैतिक कार्य गर्ने गिरिजा सरकार सत्तामा अरु ४ वर्ष रही रह्यो भने के के



यो सचेतनाले नै घोडामा बसेको बादशाहलाई खसाल्छ !

गर्ला ? हरेकले सोच्न सक्ने कुरा हो ।

**फैसलामा अरु के के छन् ?**

सर्वोच्च अदालतको रिट नंबर १८५१ को २१ पेजी उपरोक्त फैसलामा अरु पनि महत्वपूर्ण बूँदाहरु छन् । जम्मा जम्मी ५ वटा मूल प्रश्नमा केन्द्रित फैसलाले-यो मुद्दा अब संविधानको धारा १२६(२) अनुसार संसदमा पेश गर्ने आदेश जारी गरेको छ, तर संसदको दुवै सदनमा कि प्रतिनिधि सभामा मात्र, त्यो तोकेको छैन । यो दुई तिहाई बहुमतद्वारा पारित गर्ने कि साधारण बहुमतद्वारा,- त्यो पनि खुट्याएको छैन । कुनमा पेश गर्ने, कसरी पास गर्ने, यसको मूल्यांकन सरकार र संसद आफैले गरोस् भनेर यसले छाडेको छ । तर यसले के चेतावनी दिएको छ भने सरकारले फेरि पनि आफूलाई सजिलो पर्ने उपाय रोज्न सक्छ र यस्तो गर्दा संविधान मिचियो भने सर्वोच्च अदालतले फेरि यस मामलामा हस्तक्षेप गर्नेछ किनकि संसदमा पेश भएको संझौताको हैसियत कानून जत्तिकै हुन्छ र त्यसले संविधान मिच्यो भने कानूनले संविधान मिचे सरह हुन्छ ।

फैसलाले जनतालाई टनकपुर मुद्दा जस्ता आफूले गरेका सार्वजनिक महत्वका विषयमा सरकारले अप्नाएका नीति र गरेका निर्णय र कामहरुको बारेमा जानकारी दिनु सरकारको कर्तव्य र सूचना माग्नु नागरिकको अधिकार ठहऱ्याएको छ र यस्तो सूचना नलुकाउन आदेश दिएको छ, यस्तो कि- टनकपुरको मामलामा सरकारले लुकायो । टनकपुर सम्बन्धी संपूर्ण गोप्य कागजातहरु निवेदकले चाहेमा दिन आदेश पनि अदालतले दिएको छ । साथसाथै कूटनीतिक मामलामा असर पार्ने यस्तो मुद्दा एउटा नागरिकले दायर गर्न पाउँदैन र त्यसैले रीट खारेज हुनु पर्छ भन्ने सरकारी महान्यायाधिवक्ताको जिकीरलाई गलत ठहऱ्याइएको छ । प्रत्येक नागरिकले सार्वजनिक महत्वको र राष्ट्रलाई दायित्व पर्ने कुनै पनि विषयमा मुद्दा दायर गर्न पाउँछ भन्ने अधिकार फैसलाले प्रष्ट्याएको छ ।

फैसलाले कर्णाली (चिसापानी), पंचेश्वर, कोशी भीम नगर (व्यारेज), कोशी उच्च बाँध, बूढी गण्डकी, कमला र बागमती आयोजना एवं परियोजना संबन्धी तथाकथित समभ्रूदारीलाई पनि संझौता ठहऱ्याएको छ । तर तिनीहरु "अध्ययन, अन्वेषण, सर्वेक्षण, स्वरुप निर्धारण र विचार विमर्शको अवस्थामा" रहेको संझौता भएकाले तिनीहरुको लागि संविधानको धारा १२६ (२) बमोजिम संसदको


# सर्वोच्च अदालत के भन्छ ?

## (फैसलाका सान्दर्भिक मुख्य अंशहरु)

### यो समझदारी हो कि सन्धि हो ?

*"६ डिसेम्बर १९९१ को संयुक्त प्रेस विज्ञप्ति अनुसार आयोगका सिफारिशहरु दुई प्रधानमन्त्रीहरु समक्ष पेश भई त्यस उपर विचार गरिएको र त्यसलाई स्वीकार गरी आयोगको निर्णय कार्यान्वित गर्ने कुरामा सहमति जनाएको देखिन आएको र श्री ५ को सरकार जलस्रोत मन्त्रालयबाट नेपाल राजपत्रमा प्रकाशित उपयुक्त सूचनाले पनि त्यसलाई संयुक्त आयोगको निर्णय नभनी श्री ५ को सरकार र भारत सरकारका बीचको समझदारी भनेकाले उक्त सहमति अभिलेख श्री ५ को सरकार र भारत सरकारका बीचको सन्धि वा अन्तर्राष्ट्रिय संझौताको रुपमा परिणत भएको देखिन आउँछ" ।*

*"साथै २०४९-७-१० को संयुक्त विज्ञप्तिले उक्त अभिलेखमा बायाँ एफ्लक्स बाँधका लागि नेपालले उपलब्ध गराउने भनिएको जग्गा उपलब्ध गराई दुई देशका बीचको समझदारी कार्यान्वित पनि भईसकेको कुरा स्पष्ट गर्नुको साथै सो जग्गा र त्यसमा रहेका प्राकृतिक स्रोत र अन्य कुराहरुमा नेपालको सार्वभौमसत्ता र नियन्त्रण अविच्छिन्न रुपमा रहने र त्यस उपर नेपालले सार्वभौम अधिकार प्रयोग गर्न सक्ने जस्ता सारभूत कुराहरुको स्पष्टीकरण गरेकोले पनि त्यस संबन्धमा श्री ५ को सरकार र भारत सरकारका बीच संझौता भई सकेको छ भन्ने यो इजलासको निश्चित राय छ ।"*



सर्वोच्च अदालतको निर्णय कति सर्वोच्च ?

### यसलाई संसदद्वारा अनुमोदन गराउनु पर्छ कि पर्दैन ?

*"टनकपुर बाँध संबन्धी संझौता अनुसार नेपालले बायाँ एफ्लक्स बण्डको लागि जग्गा उपलब्ध गराईसकेको देखिनाले संविधानको धारा १२६ को उपधारा २ बमोजिम उक्त संझौताको अनुमोदन वा समर्थन गराउनेतर्फ कारवाही गर्नु ।"*

*"आफूले गरेको सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गराउने उत्तरदायित्व श्री ५ को सरकारको हो ।"*

*"त्यसको लागि संविधान बमोजिम संसदको दुवै सदनको संयुक्त बैठकमा वा प्रतिनिधि सभामा प्रस्ताव पेश गर्ने अधिकार र कर्तव्य पनि श्री ५ को सरकारकै हो ।"*

*"संविधान बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भएका सन्धि वा संझौताको हैसियत नेपाल सन्धि ऐन, २०४७ को दफा ९.१ अनुसार संसदले बनाएको ऐन जस्तै हुन्छ ।"*

*"त्यसैले कानूनको संवैधानिकताको प्रश्न जस्तै सन्धि वा संझौताको सम्बन्धमा पनि संवैधानिकताको प्रश्न उपस्थित भै कुनै प्रष्ट र गंभीर त्रुटी देखिएमा यस अदालतले त्यसै बखत निर्णय गर्न सक्ने नै हुँदा यस मुद्दामा निवेदकले उठाएका उपयुक्त प्रश्नमा यहाँ अरु केही भनिरहनु परेन ।"*

अनुमोदन लिन जरुरी नभएको ठहऱ्याएको छ । जलस्रोत संबन्धी हरेक, सवालमा भएको संझौतामा संविधानको धारा १२६ (२) लागू नहुने, त्यो जलस्रोतको अथवा त्यसको उपयोगको बाँडफाँडको सवालमा मात्र लागू हुने कुरा फैसलाले प्रष्ट्याएको छ । फैसलामा वर्तमान संविधान र विद्यमान कैयन सन्धिसम्बन्धी कानूनहरु बाफिएको विवरण पनि छ र तिनीहरुमा एकरुपता ल्याउनु पर्ने आवश्यकता औल्याइएको छ ।

**फैसलाका सीमाहरु**

टनकपुर संबन्धी यो चर्चित मुद्दा संसदमा पेश भएर पनि गिरिजा सरकारको ज्यादतीद्वारा त्यहाँ छिनोफानो नभएर अदालतको फैसलाको प्रतिक्षामा रहेको मुद्दा हो । यस्तो मुद्दालाई फेरि गिरिजा सरकारले नै छिनोफानो र मूल्यांकन गरेर-संसदको कुन सदनमा कसरी पास गर्ने टुंगो गरोस् भनेर उत्तिकै छोड्नुमा कुनै तुक देखिन्न । सरकार उही छ, संसदको बहुमत उही छ । त्यसले टुंगो लगाउन असमर्थता देखाईसकेपछि-फेरि त्यही असमर्थ तत्वलाई आफ्नो न्यायिक दायित्व परिधिभित्र आएको कुरा फैसला गर भनेर छोड्नुको तात्पर्य के ?

टनकपुर संबन्धी मुद्दा संसदले अनुमोदन नै नगरीकन कार्यान्वयन गर्न दिइएको मुद्दा हो । जब अदालतले त्यो संसदमा अनुमोदन गर्नका लागि पेश गर्न आदेश दिन्छ, त्यसको साथसाथ कार्यान्वयन रोक्ने आदेश दिनु पनि त्यसको अभिन्न अंग हुनु पर्छ । नत्र उता बाँध बनी नै रहने हो भने संसदमा अनुमोदनका लागि लानु फगत एउटा औपचारिकता मात्र हुनेछ, जसको कुनै महत्व नै हुँदैन । यसमा न्यायाधीश त्रिलोकप्रताप राणाको-भिन्न मतले आम जनतालाई आकर्षित गरेको छ । उहाँले कार्यान्वनका निम्ति



## संसदले स्वीकृत नगरेसम्म टनकपुर संझौता कार्यान्वयन गर्न रोक्ने-नरोक्ने बारेमा

# न्यायाधीश त्रिलोक प्रताप राणाको *भिन्न मत*

**"प्रस्तुत टनकपुर ब्यारेज संबन्धी सन्धि संविधानको धारा १२६ को उपधारा २ बमोजिम अनुमोदन हुनु पर्नेमा विवाद देखिन्न ।**

**त्यस्तो प्रस्तुत टनकपुर संबन्धी सन्धि- संझौता संविधानको धारा १२६ को उपधारा (२) बमोजिम अनुमोदन नभएसम्म टनकपुर संबन्धी संझौता सन्धि कार्यान्वित नगर्नू नगराउनू भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ ।"**

# २/३ बहुमतबाट अनुमोदन गराउने साहस देखाउन सक्यो भने म सरकारको सऱ्हाहना गर्दथें ।



**-गणेशराज शर्मा, अधिवक्ता**

**सर्वोच्च अदालतको फैसला यहाँलाई कस्तो लाग्यो ?**

फैसलामा हामीले उठाएका मूलभूत कुरा हामीले जितेका छौं । मूलभूत कुरा भन्नाले, यो सन्धी ठहर भयो र अनुमोदन गराउनु पर्ने पनि ठहर भयो । तर अदालतले नै यो २/३ बहुमतबाट अनुमोदन गराउनुपर्छ भनी नभनीदिएको हुनाले केही भ्रम पर्न सक्तछ । तर सरकारले टनकपुर परियोजनाका लागि दिएको जग्गा दीर्घकालीन प्रयोगलाई दिएको हैन भनेर भन्न सक्दैन । यसो भएको हुनाले यो २/३ बहुमतबाट पारित गराउनु अनिवार्य छ । सिधैं २/३ बहुमतबाट पारित गराऊ भनेर अदालतले भनेन, तर यो वस्तु स्थिति र प्रकृति नै दीर्घकालीन खालको छ, यसलाई सामान्य बहुमतबाट पारित गराउन सकिदैन । सामान्य बहुमतद्वारा पारित गराउने काम कारवाहीलाई सर्वोच्च अदालतले फेरि अमान्य गर्न सक्छ । त्यसकारण यो अन्ततोगत्वा दीर्घकालीन प्रकृतिको मामला हो र संसदको २/३ बहुमतबाटै पारित हुनुपर्छ भन्ने कुरा सर्वोच्च अदालतको हालको फैसलाको आशय रहेको छ तर स्पष्ट अभिव्यक्ति भएन ।

**यस्तो किन नभएको होला, अदालतले स्पष्ट किटानी किन नगरीदिएको होला ?**

यो राजनैतिक प्रकृयाले अगाडि बढोस्, संसदकै पहलमा, सरकारकै पहलमा होस् र यसमा भरसक अदालतले निर्देशन दिनमा संयम राखोस् भन्ने धारणा अदालतले राखेको हुनसक्छ । यस कुरामा मलाई आफू केही सफल भईन भन्ने लाग्दछ ।

**कुनै राजनैतिक दवावको कारणले त यस्तो भएको हैन ?**

त्यो त अब जसले जे अनुमान गरेपनि भयो । के भन्ने ?- प्रथम श्रेणीमा पास हुन्छु भन्ने विद्यार्थी द्वितीय श्रेणीमा पास हुँदा उसले "खुसी लाग्यो" भन्न गाऱ्हो हुन्छ । "पास त भएँ तर द्वितीय श्रेणीमा"-भने जस्तो भयो । अलिकति विवाद चाहिं कायमै रह्यो ।

**यस्तो फैसला भएपछि कानूनी हिसाबबाट अब यसप्रति सरकारको प्रतिकृया के हुनुपर्दछ ?**

सरकारले २/३ बहुमतबाट अनुमोदन गराउँछु भनेर दऱ्हो नैतिक साहस देखाउन सक्यो भने म सरकारको सऱ्हाहना गर्दथें । □

# गिरिजाले ढाँटेको दोष कांग्रेस सम्पूर्णले नै व्यहोर्नु पर्दछ

**-सुवास नेवाङ, अधिवक्ता**

**सर्वोच्च अदालतको फैसला तपाईलाई कस्तो लाग्यो ?**

यो फैसलाबाट म सन्तुष्ट छु । हुन त, साधारण बहुमतवाला हो कि दुई तिहाई बहुमतवाला सन्धि हो भन्ने एउटा प्रश्न अझै पनि टुंगिएको छैन, यो कुरा संसदलाई टुंगो लगाउन दिनुपर्छ भन्ने संविधान र कानूनमा व्यवस्था छ, त्यसकारण संसदले नै टुंगो लगाउनुपर्छ भनी सर्वोच्च अदालतले फैसला दियो । एक हिसाबले यो ठीकै पनि हो । संसदले निर्णय गरिसके पछाडि फेरि प्रश्न उठ्यो भने सर्वोच्चले निर्णय गर्ने अधिकार छँदैछ भन्ने कुरा फैसलाले बोलेको छ । यो निर्णयले एउटा कुरा राम्ररी नै देखाईदिएको छ- अहिलेसम्म जनताले र विपक्षीहरुले "यो सन्धि नै हो र सदनले यसलाई अनुमोदन गर्नुपर्छ" भनी जुन आवाजहरु उठाइरहेका थिए, यो आवाज सही नै रहेछ । गिरिजा सरकारले अहिलेसम्म संसद, देश र जनतालाई ठाँटीरहेको थियो भन्ने कुरा पनि प्रमाणित भएको छ ।

**संसदबाट स्वीकृति हुनै बाँकी रहेको सन्धि अन्तरगतको टनकपुर बाँध-निर्माण कार्यको कार्यान्वयन पक्ष रोकिनु पर्नेमा नरोकिनुको कारण के होला ?**

अदालतले अन्तरिम आदेश चाहिं जारी गरेन । यसबारे एकजना न्यायाधीशको "फरक मत" रहेको छ । रोक्नू भन्ने आदेश अदालतले जारी नगरेर यस सम्बन्धी सम्पूर्ण कुराहरु संसदले नै व्यवस्थित ढंगले निपटारा गरोस् भनी बाटो छोडीदिएको हुनसक्दछ ।

**जबकि सन्धि संसदबाट पास हुनै बाँकी छ, यसमा त किटानी साथ रोक्का आदेश हुनुपर्थ्यो नि, हैन र ?**

त्यो गरेको भए राम्रै हुन्थ्यो तर सबै खोजेको कुरा कहाँ पाइन्छ र ? मूलभूत रुपमा यो जो निर्णय भयो, यो जनताको विजय हो ।

**अब यो फैसलापछि सरकारको स्वाभाविक प्रतिकृया के हुनुपर्दछ ?**

हुन त कानूनले त राजीनामा गर्नुपर्छ भनी भनेको छैन । यो कुरा कानूनले भन्ने कुरा पनि हैन । यो त एउटा राजनैतिक नैतिकताको प्रश्न हो । खालि, प्रश्न के हो भने- देश, जनता र संसदलाई ढाँटेको ढाँट्यै गरिराख्ने मान्छे



# सामान्य बहुमतले मात्रै पास गर्न कानूनी हिसाबले पनि मिल्दैन

**-बालकृष्ण न्यौपाने, अधिवक्ता**

**सर्वोच्च अदालतको फैसलाप्रति तपाईको प्रतिकृया के छ ?**

फैसला सकारात्मक नै हो । तर जम्मै कुरा समाधान गरिदिएको भए राजनैतिक स्थिरता हुन्थ्यो । अहिले राजनीतिमा झगडा बाँकी नै रह्यो । अब त सत्तापक्ष र विपक्षले निपटारा गर्नुपर्ने स्थिति रह्यो । झगडाको पूरै निपटारा चाहिँ भएन ।

**यस्तो हुनुको कारण के होला ?**

अदालतले संसदको अधिकारमा हस्तक्षेप नगरौं भन्ने विचार लिएर यस्तो गरेको हुन सक्छ । सार्वभौमसत्ता सम्पन्न संसद हो, यसको पनि दायित्व छ, यसका पनि केही हक-अधिकार छन्, यसको पनि जनताप्रतिको केही दायित्व छ, यो दायित्व संसदले पनि बोध गरोस् भन्ने अदालतले सोच्यो होला । सबै समस्याको टुंगो अदालतले नै गरिदिने हो भने र संसदले टुंगो गर्ने परम्परा नै नबसाली दिने हो भने संसदको महत्व पनि कम हुन्छ भन्नेतिर अदालत गयो होला ।

**यो फैसला पछि अबको कानूनी प्रकृया के हुन्छ त ?**

अब यो सन्धिलाई सरकारले सदनमा पेश गर्नुपर्दछ । सदनले यो सन्धिमा यी यी कुरामा नेपालको पक्षमा थप हुने गरी संशोधन गरेर ल्याऊ भनी निर्देशन दिएर सरकारलाई फिर्ता पठाउन सक्छ । संसदले नेपालका लागि पानी, बिजुलीहरु यति यति थप हुनुपर्छ, एफ्लक्सबण्डको जमीन भाडामा देऊ, त्यसमाथि हाम्रो सार्वभौमिकताको ग्यारेण्टी गराएर फेरि भारतसंग वार्ता गरेर लिएर आऊ भनी निर्देशन दिन पनि सक्छ अथवा जस्ताको तस्तै पास गरिदिन पनि सक्छ । अथवा, हैन यस्तो सन्धि अब नगर्ने भनेर इन्कार गरिदिन पनि सक्छ ।

**सरकारले सामान्य बहुमतले मात्र यसलाई पास गर्न खोज्यो भने के हुन्छ ?**

ऐन-कानूनले हेर्दा दुई तिहाईले नै पास गराउनुपर्ने देखिन्छ ।

**कसरी, किन ?**

यो प्राकृतिक स्रोतको बाँडफाडसंग सम्बन्धित कुरा हो र यो व्यापक, दीर्घकालीन र गम्भीर छ । किनभने, यो त एउटा नदी नै दिएको कुरा छ । कोशी-गण्डकी त १०० वर्षमा फिर्ता हुन्छन् र फेरि नेपालकै हुन्छन् तर यो त कति वर्षमा फिर्ता आउने हो थाहै छैन । यो त अनन्त-कालको लागि छ । त्यसकारण यो व्यापक, गम्भीर र दीर्घकालीन छ । त्यसकारण स्वतः यो पास गर्न २/३ बहुमत जरुरी हुने कुरा हो । साथै प्रतिनिधि-सभामा सामान्य बहुमतले मात्रै पास गर्न कानूनी हिसाबले पनि मिल्दैन । ऐन अनुसार संविधानको धारा १२६ भित्र नपर्ने सन्धि हो भने मात्र त्यो प्रतिनिधि सभामा जान्छ, १२६ धारा अन्तरगत पर्ने सन्धि हुन नपाई त्यो संयुक्त-सदनमा जान्छ र २/३ तिहाईले नै पास गर्नुपर्दछ ।

**अदालतबाट हुने कुरा त भयो, अब नेपालका जिम्मेवार राजनैतिक पार्टीले के गर्नु पर्छ भन्ने तपाईलाई लाग्छ ?**

त्यो त अब, नेपालको जलस्रोतबारे हामीले भारतसंगै हो वार्ता गर्ने । भारतसित नै हामीले केही लिनुपर्छ, केही दिनुपर्छ । त्यत्रो ठूलो देशसंग एउटा पार्टीले मात्र हैन, सबै पार्टीहरुले सर्वसम्मत भएर नेपाललाई हित हुने गरी सन्धि गर्नु नै बुद्धिमानी हुनेछ । राष्ट्रिय सहमति भयो भने हाम्रो बार्गेनिङ् गर्ने शक्ति पनि बढ्छ । यसो भयो भने हामीलाई फाइदा हुन्छ । यो कुनै पार्टी विशेषका मानिसहरुको मात्र स्वार्थको कुरा नभई समग्र देशकै स्वार्थको कुरा भएकोले राष्ट्रिय सहमति लिएर जलस्रोतको अधिकतम उपयोग गर्ने बाटो पार्टीहरुले निकाल्नुपर्छ ।

**यो जुन कानूनी प्रकृया चल्यो, जसमा तपाईले सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभयो, यसको लागि तपाईलाई धेरैतिरबाट धन्यवाद आउनु स्वाभाविक हो । तपाईले यो मुद्दा दायर गर्ने प्रेरणा कहाँबाट प्राप्त गर्नुभयो ?**

यो प्रेरणा मैले संविधानबाट पाएँ । कोशी-गण्डकीमा हामी ठगियौं । त्यसैले संविधानमा यो धारा १२६ आउनुको पछाडि संविधान निर्माताहरुले यस्ता सन्धिहरुको सन्दर्भमा कुनै एउटा पार्टी वा सरकार-विशेषलाई मात्र छोडिदिनाले हामीलाई जति फाइदा पुग्न सक्छ, त्यति पाइदा नपुग्न सक्छ भनी यसमा व्यापक सहभागिता चाहिन्छ भन्ने सोच राखे ।

**अन्तरवार्ता दिनुभएकोमा र मुद्दा दायर गर्नु भएकोमा समेत धन्यवाद ।**

धन्यवाद ! □

रोक लगाउनुपर्छ भनेर एक्लै जुन अडान लिनु भएको छ, त्यो नै सबैको अडान भएको खण्डमा मात्र संसदमा अनुमोदनका निम्ति लैजान आदेश दिइनुको महत्व रहने थियो ।

यसरी फैसलाको प्रकृति हेर्दा फैसलाले राष्ट्रिय हित र प्रजातान्त्रिक मूल्यहरुको रक्षा र विकासमा अत्यन्त महत्वपूर्ण कदम उठाउँदा उठाउँदै पनि बीच- बचावको बाटो लिन खोजेको देखिन्छ । गिरिजा सरकारको कालो छायाँ बीचबाट बचेर अत्यन्त कष्टप्रद प्रक्रियाबाट यो फैसला यो रुपमा आउन समर्थ भएको प्रतीत हुन्छ ।

***कांग्रेसी कार्यनीति***

मुद्दा फैसला भए यता नेपाली कांग्रेसको नेतृत्व र कार्यकर्ताको एउटा तप्का, यस वरपरका पत्र-पत्रिकाहरु र विदेशी शक्तिहरु- "भकुण्डो फेरि संसदमा" भनेर हल्ला गर्दै, संसदको सर्वोच्चताको कुरालाई अदालतले मानेको भन्ने कुरालाई अगाडि ल्याउँदै गिरिजा सरकारको अपराध र त्यसको नराम्रो पराजयलाई ढाकछोप गरेर त्यसलाई पृष्ठभूमिमा लैजाने कार्यनीति अपनाउँदै छन् । हो, भकुण्डो संसदमा त गयो । तर यस अघि नै जानुपर्ने यो भकुण्डो त्यहाँ किन गएन ? किन यो अब संसदबाटै पास गर्नु अनिवार्य भयो ?- यो तथ्यलाई उनीहरु छोपछाप पार्न भरमग्दुर प्रयत्न गर्दैछन् । रेडियो नेपाल, टि.भी., गोरखापत्र, राइजिङ् नेपाल आदि सबै सरकारी संचार माध्यमहरु सबै जनताले नबुझ्ने गरी भ्रमपूर्ण भाषामा अदालतको फैसला प्रसार गर्दैछन । सरकारी संचार माध्यमहरुलाई सरकारले "पंचायती स्तर" भन्दा एक इन्च पनि माथि नउठाएको अनुभूति यो मामलामा यिनीहरुले देखाएको कपटी रवैयाले दिन्छ । प्रतिष्ठित भनिएको वि.वि.सी. समेत यही गोरखधन्दामा लागेको पाइयो । उसले फैसला भएको दिन हिन्दी कार्यक्रममा फैसलाको समाचार नै दिएन ।

***वामपन्थी कार्यनीति***

फैसलापछि केही मुख्य वामपन्थी शक्तिहरु एकजूट भएका छन् र गिरिजाको तत्काल राजिनामा माग गर्दै सडकमा उत्रिएका छन् र देशव्यापी संघर्षको पहिलो चरण लागू गरी रहेछन् । यो सराहनीय प्रयत्न हो । यस मामलामा आवश्यकता के देखिन्छ भने- एकताको घेरा फराकिलो पारिनु पर्छ र गिरिजा सरकारको पतनको निम्ति संघर्ष गर्न तयार सबै राजनीतिक शक्तिलाई गोलबन्द गरिनु पर्छ । संसदको हिउँदे अधिवेशन तुरुन्त डाक्न माग गरिनु पर्छ र सडक एवं सदन दुबै ठाउँमा संयुक्त संघर्ष गर्न संपूर्ण शक्ति केन्द्रित गर्नु पर्छ । महंगीको मामला पनि यतिखेर संघर्षको महत्वपूर्ण सहायक मुद्दा रहेको छ ।

गिरिजा सरकारको अपराध र फैसलाको सारलाई पछिल्तिर धकेल्न कांग्रेसले खोजिरहेछ । यसलाई जनताका सामु सबभन्दा अधिल्तिर ल्याउन जरुरी भएको छ । सरकारी प्रचार-यन्त्र र पूँजीवादीहरुका सूचना-साधनहरु भ्रमपूर्ण प्रचार गर्दैछन् । देशभक्तहरुले आफ्नै प्रचार यन्त्रद्वारा यो मुद्दालाई सर्वव्यापी बनाउन जरुरी छ ।

गिरिजा सरकार र त्यसको समर्थनमा आउने कुनै पनि शक्तिलाई जनता बीच चिनाउनका लागि यो एउटा महत्वपूर्ण घटना हो । यसमा कुनै पनि बहानामा पछि पर्नु बुद्धिमानी हुने छैन । □

प्रधानमन्त्रीको रुपमा रहीरहन सक्छ कि सक्दैन ? प्रश्न यो हो । वास्तवमा यसमा त विवादै हुन सक्दैन । यस्ता मनिस देशको प्रधानमन्त्रीमा रहीरहन सक्दैनन् । यो कुराको मूल्यांकन स्वयं नेपाली कांग्रेसले पनि गर्नुपर्दछ । यदि ने.का.ले सरकारमा नेतृत्व परिवर्तन गर्दैन भने, गिरिजाले ढटिको दोष नेपाली कांग्रेस सम्पूर्णले नै व्यहोर्नु पर्दछ । त्यसकारण यो विन्दुमा नेपाली कांग्रेसले साह्रै गम्भीरतापूर्वक विचार गर्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

**केही कुराहरु अधुरो रहने गरी यो फैसला हुनुको पछाडि कतै सर्वोच्च अदालतलाई राजनैतिक दवाव त परेन ? यसबारे तपाईको के विचार छ ?**

हुन त विभिन्न प्रकारका पक्षहरु सक्रिय नै थिए, यसमा त कुनै विवादै छैन । यो स्वाभाविकै पनि होला । तर अदालतले जुन ढंगको फैसला गऱ्यो, त्यसलाई हेर्दाखेरी, यसमा कुनैपनि प्रकारको दवाव परेको छैन भन्ने मैले अनुभव गरेको छु । □

## वामपन्थीहरुको देशव्यापी संघर्ष

ने.क.पा. एमाले, ने.क.पा एकता केन्द्र, ने.क.पा. मसाल र ने.म.कि.पा. ले गत पुस ६ गते एक पत्रकार सम्मलेन गरी प्रकाशित आफ्नो संयुक्त विरोधको प्रथम चरणका कार्यक्रमहरुलाई देशव्यापी रुपमा लागू गर्दैछन् । राष्ट्रघाती काम गर्ने र जनतालाई ढाँट्ने गिरिजा-सरकारको राजिनामाको माग राख्दै भई रहेको यस विरोध कार्यक्रममा पुस १० देखि पुस २७ गतेसम्म देशका सबै गा.वि.स. र नगरपालिकाहरुमा जुलूस प्रदर्शन र आमसभाहरुको आयोजना गरिने र २८ गते चाहीं सदर मुकामहरुमा यी कार्यक्रमहरु गरिने भएका छन् । प्र.मं.को राजीनामाको माग सम्बन्धी ज्ञापन-पत्र त्यसदिन प्रमुख जिल्ला अधिकारी मार्फत प्र.मं. समक्ष पठाइने छ । पुस ८ मा भक्तपुरमा, १२मा नेपालगंजमा जुलूस र आमसभा सम्पन्न गरिसके पछि अब १५ मा इटहरीमा, १८ मा पाटनमा, २१मा महेन्द्रनगरमा र २५ मा बुटवलमा हुने कार्यक्रमहरुमा केन्द्रिय-वक्ताहरु पनि सहभागी हुने भएका छन् । यी अवधिहरुमा देशका महत्वपूर्ण स्थानहरुमा गोष्ठी, छलफल, अन्तर्क्रिया कार्यक्रम आदि राखिएका छन् । सम्पूर्ण देशभक्त, प्रजातन्त्रप्रेमी, वामपन्थी एवं गैर-वामपन्थी समुदाय र आम जनतालाई सचेत, जागृत तथा परिचालन गर्ने गरी तय भई कृयान्वयनको स्थितिबाट गुज्रिरहेका यी कार्यक्रमहरुले देशव्यापी रुपमा राष्ट्रिय-चेतना जगाउनमा उल्लेखनीय भूमिका खेल्न सक्ने देखिन्छ ।

वास्तवमा कांग्रेसी जन-विरोधी रवैया र राष्ट्रघाती प्रवृत्तिलाई शहर बजारका प्रवुद्ध वर्गसम्म मात्र हैन, सामान्य ग्रामिण जनसमूदायका सामु पनि भंडाफोर गरिनु जरुरी छ । सरकारी संचार माध्यमहरु मार्फत सत्ताधारीहरुले गरेका भ्रमपूर्ण प्रचारहरुबाट आम जनतामा अझै भ्रमका अवशेषहरु बाँकी नै रहेकोतर्फ संघर्षकारी-हरुको ध्यान तानिनु जरुरी भएको हामी ठान्दछौं । □

## यो सन्धि पंचशील अनुसार भएको छैन !

**-मुक्ति प्रधान, अधिवक्ता**

**सर्वोच्च अदालतको फैसला तपाईंलाई कस्तो लाग्यो ?**

फैसलाको मुख्य स्पिरिट र पूर्ण विवेचना त अहिलेसम्म प्रकाशमा आइसकेको छैन । जहाँसम्म माननीय न्यायाधीशज्यूहरुको सहमति र असहमतिका रायहरु सहित फैसला आएको छ, त्यसलाई हेर्दा के देखिन्छ भने- यसले सरकारले जनतालाई गुमराह पार्न हिजो बोलेका कुराहरुलाई झुठो सावित गरिदिएको छ । यो सन्धि संविधानको धारा २६ को देहाय १ र २ अन्तरगत संसदबाट पास गराउनै पर्ने खालको थियो तर जनता र वामपन्थी सांसदहरुको त्यत्रो माग र प्रयत्नलाई लत्याएर सरकारले यो "समझदारी" हो भनी झुक्याएको थियो। नेपालमा बहुदलीय व्यवस्थामा "कानूनी-राज्य"-को मान्यता तोडी सर्वप्रथम सरकारले नै संविधान र कानूनको उलङ्घन गरेको कुराको पुष्टी यो फैसलाले गरीदिएको छ ।

"संसदको विवाद अदालतमा गयो, फेरि अदालतको विवाद संसदमा गयो" भनी सरकार, सरकारी संचारमाध्यम र सत्ता नजीकका बुद्धिजीवीहरु गोलमटोल भाषा प्रयोग गरी अझै जनतालाई भ्रममा पार्न खोज्दैछन्, हिजो सरकारले गल्ती गरेको थिएन भनी देखाउन खोज्दैछन् । सन्धि हैन समझदारी हो र यसलाई संसदमा लैजानै पर्दैन भनी हिजो तपाईहरुले किन झुठ बोली अडान लिनु भयो ? भन्ने प्रश्न उनीहरुलाई गर्ने हो भने यस कुराको जवाफ उनीहरुसँग छैन । आत्मग्लानीको अवस्थामा उनीहरु छन् ।

यो फैसलाबाट सर्वोच्च अदालतले "स्वतन्त्र न्यायपालिका" को अवधारणालाई कायम राख्ने प्रयत्न गर्न खोजेको हो चाहिं भन्ने मलाई लाग्छ ।

**यो फैसलाका मूलभूत सीमाहरु के के हुन् ? यसबारे तपाईंको प्रतिकृया के छ ?**

स्वीकृत गराउन संयुक्त सदनमा लाने वा तल्लो सदनमा मात्र लगे पुग्छ भन्ने

## साइनिङ् -पाथमाथि फुजिमोरी

### पेरु कम्यूनिष्ट पार्टीका छापामारहरुद्वारा




का. गोन्जालो

पेरुमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने उद्देश्य लिएर सशस्त्र जनयुद्ध संचालन गरिरहेको पेरु कम्युनिष्ट पार्टी ***साइनिङ् पाथ*** का सर्वोच्च नेता तथा अध्यक्ष ***का.गोन्जालो*** को गिरफ्तारीपछि एकातिर निर्वाचित तानाशाही राष्ट्रपति अल्वर्टो फुजिमोरीको सरकारले ठूलो सैनिक आक्रमण चलाएर "साइनिङ् पाथ" माथि विजय हाँसिल गरेको दावी गरेको छ तर अर्कोतिर, साइनिङ्पाथको सक्रियता पनि तीव्रतापूर्वक चालू रहेको छ । फुजिमोरी सरकारले साइनिङ् पाथ- छापामार युद्ध र गरीबी विरुद्धको युद्धमा सरकारले विजय प्राप्त गरिरहेको भएतापनि "लागू औषध- तस्करहरु विरोधी संघर्ष" मा आफ्नो सरकार हारीरहेको दुःखेसो अमेरिकी साम्राज्यवाद समक्ष पोखेको छ ।

लागू औषध- तस्करी विरोधी संघर्ष (Drug war) का नाममा क्यारिबियायी र ल्याटिन अमेरिकी देशका तानाशाही सरकारहरुलाई आर्थिक र सैनिक सहयोग दिई न्यायप्रेमी जनताको संघर्षलाई दबाउदै आइरहेको अमेरिकी साम्राज्यवादलाई घुर्की लाउँदै पराजित अमेरिकी राष्ट्रपति जर्जबुशद्वारा आफूलाई प्राप्त करौडौ डलरको आर्थिक सहयोग नपुग भई संघर्ष अप्रभावकारी भएको गुनासो यसले गरेको छ । नव निर्वाचित राष्ट्रपति बिल क्लिन्टनलाई थप सहायता प्रदान गर्न पनि अनुरोध गरेको छ । का. गोन्जालोको गिरफ्तारीलाई ठूलो लागू औषध-तस्करको गिरफ्तारीको संज्ञा दिने फुजिमोरी सरकारले अमेरिकाबाट प्राप्त सम्पूर्ण सहयोग तथाकथित "लागू औषध- तस्करहरु" अर्थात साइनिङ् पाथका गुरिल्लाहरुलाई सखाप पार्ने नाममै प्राप्त भैरहेको तथ्य छर्लङ भइसकेको छ ।

"लागू औषधी- तस्करी विरोधी संघर्ष" को नाममा अमेरिकाबाट प्राप्त हुने आर्थिक- सैनिक सहयोगलाई साइनिङ् पाथ विरोधी आक्रमणका लागि, अल्लारे युवा-युवतीहरुलाई आकर्षक पैसा र हतियार दिई आत्म सुरक्षा दल "रोण्डरो"हरु गठन गरी कम घनीभूत युद्ध (Low Intensity Warfare) संचालन गर्नका लागि प्रयोग गरिने कुरा सरकारका विगतका कृयाकलापहरुबाट स्पष्टै बुझिएको छ भने गरीब जनतालाई नयाँ जनवादी -क्रान्तिबाट विमुख पार्न स-साना आर्थिक सुधारका कार्यक्रमहरु लागू गर्नका लागि पनि यो प्रयोग गर्ने कुराको यसले घोषणा नै गरेको छ । यी घोषित तथा अघोषित उद्देश्यहरुबाट के बुझिन्छ भने-फुजीमोरी सरकारले साइनिङ् पाथको सशस्त्र जनयुद्ध विरुद्ध दीर्घकालीन रणनीति तयार गरेको छ ।

जे होस्, अमेरिकी साम्राज्यवादको आशीर्वाद प्राप्त फुजिमोरी सरकारले का. गोन्जालोको गिरफतारी पश्चात् भीषण आक्रमण चलाई साइनिङ् पाथको सशस्त्र जनयुद्धमाथि आफूले जतिसुकै बिजय हासिल गरेको दावी गरेतापनि यो दावी कति तथ्यहीन छ भन्ने कुरा साइनिङ् पाथको सशस्त्र जनयुद्धको निरन्तरताबाट र फुजिमोरीले जनयुद्ध बिरोधी दीर्घकालीन रणनीतिक कार्यक्रम अख्तियार गरेको व्यवहारबाट पनि स्पष्ट हुन्छ । अहिले साइनिङ् पाथका गुरिल्लाहरु, समर्थक र शुभेच्छुकहरुको मनोबल गिराउने प्रयत्न गर्नुरआफ्ना मनोबल गिरेका सैनिकहरुलाई उत्तेजित र उत्साहित पार्ने प्रयत्न गर्नु एवं अमेरिकी साम्राज्यवादलाई रिझाई थप सहायता प्राप्त गर्नु जस्ता चालबाजीहरु गर्न कै लागि यी तथ्यहीन दाबीहरु फुजिमोरी सरकारले गर्दै हिंडेको देखिन्छ ।

कुरा सरकारले मूल्यांकन गरी लगोस् र यसो गर्दा बेठीक भयो भनी उजुरी परेमा पुनः अदालतले हेर्ने भन्ने कुराले "शक्ति पृथक्करण"को सिद्धान्त कायम राख्न खोजेको देखिन्छ, तापनि, यसबाट विवादको टुंगो भने लाग्न सकेन ।

यो फैसला एउटै प्राकृतिक स्रोतको बाँडफाँडमा मात्र केन्द्रित भयो । केवल ५७७ मिटर जमीनको सर्वभौमिकता र त्यहाँ रहेको प्राकृतिक स्रोतको कुरामा मात्र केन्द्रित भएर फैसलाले यो ५७७ मिटर जमीन नेपालकै कायम रहने भनी पछि भारतले बोलीदिएकोले यसबारे अब विवाद उठाइरहनु परेन भनी किनारा लगाइदिएर यसले सीमा-नदी भएकोले महाकाली नदी दुबैको आधाआधा हो भन्ने विषयमा र यसको उपयोगमा हाम्रो पनि समान हक छ भन्ने विषयमा उठेको विवादलाई भने निपटारा गर्न सकेन । यो ५७७ मिटर जमीन पनि कति समयसम्मलाई दिइएको हो भन्ने कुरामा र सन्धि अनुमोदन हुनु अगावै बाँध निर्माण कार्य कार्यान्वयन गर्न सरकारले विना हैसियत नै अनुमति दिएको कुरामा भने यो फैसला मौन छ ।

त्यसकारण, यो फैसलाले मूल रुपमा दुईवटा कुराको मात्र निपटारा गरेको छ- यो समझदारी हैन सन्धि हो भन्ने कुरा, र यसलाई संसदबाट अनुमोदन गराउनु अनिवार्य छ भन्ने कुरा ।

यत्रो झुठो बोल्न त पछि नपर्ने वर्तमान सरकारले ठीक मूल्यांकन गरी अब सन्धि कुन सदनमा पेश गर्ने भन्ने कुरामा इमान्दारिता देखाउला भन्न सकिन्न । त्यतिखेर उजुरी परेमा पुनः अदालतले हेर्न सक्ने भने पनि विवाद झनै बाँकी नै रहेकोले यो फैसलाले टनकपुर विवादलाई कानूनी रुपमा निपटारा गरेको देखिएतापनि वास्तविक रुपमा यसको राजनैतिक-आर्थिक-प्राविधिक समस्या भने यथावत नै छ ।

अब हामीले हेर्नु पर्ने महत्वपूर्ण कुरा छ- यसको परिणाम । के पंचशीलको सिद्धान्त अनुसार यो सन्धि भएको छ ? मलाई के लाग्छ भने -यसो भएको छैन । नेपाल र भारतको बीचमा यो सन्धि विश्वास (Good Faith) को आधारमा भएको छैन, किनभने यसो भएको भए अनुमोदन हुनु अघि नै कार्यान्वयन गर्न हतारिनु जरुरी नै थिएन । सन्धि अनुमोदन भयो वा भएन भने पनि यस अगाडि नै निर्माण गरिएको बाँधको समस्यालाई अब कसरी हल गर्ने ? यो समस्या ज्यूँदै रहेको छ । यो कार्यान्वयनको कामले नेपाललाई भारतभन्दा एक तहमुनि पारीसकेको छ ।

*सर्वोच्चको फैसलाबारे वामपन्थी नेताहरुको प्रतिक्रिया →*

# सरकारले विजय हासिल गर्‍यो ?

## राजधानी लिमामा भिषण आक्रमण



अमेरिकी साम्राज्यवादको आशीर्वाद प्राप्त : फुजिमोरी

**यसरी फुजिमोरी सरकारले भुईफुट्टा- विजयको दावी गरिरहेकै बेला साइनिङ् पाथ बाहेक पेरुको अर्को प्रमुख वामपन्थी गुरिल्ला संगठन "टुपाक आमारु रिभोल्यूशनरी मुभमेन्ट" (MRTA) ले पनि भिषण छापामार आक्रमण जारी राखेको खबर पनि प्राप्त भएको छ ।**

**का. गोन्जालोलाई भाद्र २७ गते (सेप्टेम्बर १२) मा गिरफ्तार गरेपछि सरकारले लडाकु हेलिकोप्टरद्वारा हवाई सैनिक आक्रमण र बख्तरबन्द टयांक सहितका** हजारौं स्थल सैनिकहरु र आत्म सुरक्षा दल (रोण्डरोहरु) द्वारा दुईतिरबाट साइनिङ्पाथ-माथिको जुन आक्रमण चलाएको थियो, सो आक्रमणको प्रतिरोध गर्दै आफ्ना आधार इलाकाहरुलाई सुरक्षा प्रदान गर्दै त्यहाँ सरकार नियन्त्रित क्षेत्रमा भन्दा बढी तीव्र उत्पादन- प्रक्रिया चालू गरी नयाँ -जनवादी शासन लागू गर्दै सरकारी कब्जामा रहेका गाउँ तथा शहरहरुमा साइनिङ्पाथले क्रान्तिकारी कार्यहरु जारी राखेकोले फुजिमोरी सरकार निकै अप्ठेरोमा परेको देखिन्छ ।

यसरी सरकारी सैन्य शक्तिमाथि आक्रमण र प्रत्याक्रमण गर्ने क्रममा साइनिङ् पाथले गत कार्तिक २३ गते जुनीन प्राप्तका दुई रोण्डरोहरुको हत्या गर्नुका साथै अन्काशमा प्रहरी अड्डा ध्वस्त पार्‍यो । छिमेकी देश इक्वेडरमा अगस्त महिनामा विदेश मन्त्रालय र पूर्व राष्ट्रपति रोड्रिगो बोर्जाको डेमोक्रेटिक लेफ्ट पार्टीको अफिसमा बम प्रहार गरेपछि पुनः कार्तिक २६ गते राती ग्वायाक्वीन रेडियो स्टेशन कब्जा गरी ट्रान्समिटर जफत गर्‍यो । साथै का.गोन्जालोको रिहाईको मागमा प्रचार-प्रसार कार्यलाई पनि तेज पारियो । भित्ते लेखन र पर्चा वितरणमा तीव्रता ल्याइयो ।

यसैबीच तलब-सुविधाहरुको कमी र त्यसबाट **उत्पन्न असन्तुष्टीको परिणाम स्वरुप गत कार्तिक २८ गते शुक्रबार पेरुमा सैनिक विद्रोह भयो । त्यस सैनिक विद्रोह माथि नियन्त्रण जमाउन लगत्तै "नयाँ प्रजातान्त्रिक संविधान" बनाउने नाममा फुजिमोरीले गत मंसिर ७ गते "संविधान सभा" को चुनाव गराए । पूर्व राष्ट्रपतिहरु फरनाण्डो बेलण्डे, अलान गार्सिया र पूर्व राष्ट्रपति उम्मेदवार मारिया भर्गासल्लोसा का प्रमुख विपक्षी पार्टीहरुको बहिष्कार र साइनिङ् पाथको भीषण** आक्रमणका बाबजूद फुजीमोरी सरकारले संविधान सभाको यो चुनावमा जबरजस्ती एकलौटी आधिपत्य कायम गर्‍यो । स्मरण रहोस, सन् १९९५ भित्र साइनिङ् पाथलाई परास्त गर्ने, लागू औषध- तस्करी रोक्ने, सरकारी भ्रष्टाचार रोक्ने र ध्वस्त भएको पेरुको अर्थतन्त्रको पुनर्निर्माण गर्ने नारासहित गत अप्रिल ५ मा निर्वाचित राष्ट्रपति अलवर्टो फुजिमोरीले सैनिक बलको आधारमा "कू" गरेको थिए र आफू माथि अंकुश लगाउने विपक्षीहरु बढी भएका संसद तथा संविधान सभा एवं अदालत भंग गर्ने गैर- सम्बैधानिक कार्य गरेका थिए । यसै कार्यलाई निरन्तरता दिन सो चुनावी नाटक गरिएको स्पष्ट देखिन्छ । त्यही संविधान सभाको चुनाव बहिष्कार गर्ने क्रममा साइनिङ् पाथले मंसीर ३ देखि ५ गतेसम्म तीन दिनको ७२ घण्टे सशस्त्र आमहड्तालको आहवान सहित २ गते नै राजधानी- व्यापी आक्रमण अभियान चलाई लिमास्थित अमेरिकी राजदूतावासको शस्त्रागार लगायत चारवटा बैंकहरुमा, एउटा प्रहरी स्टेशनमा र ग्यास स्टेशनमा बम प्रहार गरेको थियो । उक्त सशस्त्र आम हडतालको क्रममा प्रथम दिन ३ गते डिन्कोटे (Dincote) को प्रधान कार्यालय र लिमास्थित अन्य सैनिक अखडाहरु माथि आक्रमण गरिएको र सैनिक मुख्यालयको शस्त्रागारमा भयंकर विस्फोट गरिएको थियो । ४ गते बिहिबार फुजिमोरीको Cambio (Change)- ९०" नामक पार्टीको प्रधान कार्यालयमा बम प्रहार भएको, हुआको क्षेत्रमा दुई स्थानीय नेताहरु मारिएको र लिमाकै सान मार्टिन बि पेरो क्षेत्रको पुलमा राखिएको बम विस्फोटन भई दुई व्यक्तिहरु घाइते, २० घर र अनेकौं कारहरु पूल सहित क्षतिग्रस्त भएका थिए । यसबाट १३ जनाको मृत्यु भएको खबर छ ।

यसैबीच ५ गते शुक्रबार भने निर्वाचन आयोगको मुख्यालयमाथि नै MRTA नामक अर्को गुरिल्ला संगठनले बमबर्षा गरेको थियो भने त्यसदिन मात्रै ३ वटा छुट्टाछुट्टै बम विस्फोटहरु भएका थिए । सो दिन सेनाका एक उच्चाधिकारी एडजुटेण्ट कर्णल फ्रान्सिसको अल्फ गोमेज र अन्य तीन जना छापामार विरोधी दस्ताका सैनिकहरु बम विस्फोटमा परी मारिएका छन् ।

यसरी साइनिङ् पाथले चुनाव बहिष्कारका लागि आह्वान गरेको सशस्त्र आमहडताल MRT को समेत सक्रिय सहभागितामा यति जबरर्जस्त र प्रभावकारी सावित भयो कि सरकारले १ लाख भन्दा बढी अमेरिका- प्रशिक्षित सैनिकहरु परिचालन गरेर पनि त्यसलाई असफल पार्न सकेन । अझ चुनावमै समेत गंभीर असर पारेको सो आक्रमणले गुरिल्ला अभियानको सशक्ततालाई काफी

बाँकी ४६ पेजमा

# सर्वोच्चको फैसला: वाम नेताहरुको प्रतिक्रिया

## संसदसम्म पुग्ने नैतिक अधिकार सरकारलाई छैन



**–का.निर्मल लामा, वरिष्ठ नेता, ने.क.पा एकताकेन्द्र**

यो जुन फैसला आएको छ, विल्कूल ठीक आएको छ। संविधानमा "सामान्य सन्धि" र "महत्वपूर्ण सन्धि" भन्ने दुई वटा प्रावधानहरु रहेका छन्। अब गिरिजा सरकारले गरेको वर्तमान सन्धिलाई "महत्वपूर्ण सन्धि" नै हो भनेर फैसला गरिदिएको भए त अझै राम्रो हुन्थ्यो। अब यो फेरि संसदतिर जाला र पनि यसलाई "महत्वपूर्ण" हैन भनेर त कसैले भन्नै सक्दैन। मूल कुरा "समभ्रूदारी" हैन, "सन्धि" हो भनी ठोकुवा गरिदिएको धेरै राम्रो भएको छ।

**अब यो स्थितिमा सरकारको तर्फबाट के काम हुनु जरुरी छ ?**

सरकारको तर्फबाट प्रधानमन्त्रीले राष्ट्रलाई विश्वासघात गरेको हुनाले, "सन्धि"-लाई "समभ्रूदारी" भनेर ठग्न खोजेको हुनाले, सरकारले तुरुन्त राजीनामा दिनुपर्ने हो तर मैले सुनेको छु- सरकारले संसदमा जान्छु भन्यो रे। तर संसदसम्म पुग्ने नैतिक अधिकार नै यो सरकारलाई छैन। संसदलाई यसले भुटो बोलेर ठगीसकेको छ।

**अब यो "नैतिक अधिकार" नभएको सरकार कुर्सीमा बसीरहयो भने नेपालका बामपन्थी शक्तिहरुले र सम्पूर्ण नेपाली जनताले के गर्नु पर्दछ त ?**

जो आजभोलि भैरहेछ, संयुक्त जुलूस र सभाहरु। राजीनामा नगरेसम्म आन्दोलन चालू गरेर अघि बढ्नुपर्दछ।

**हालसम्म त ४ वटा बामपन्थी समूहहरुले मात्र संयुक्त भएर कार्यक्रम दिए। अब बाँकी बामपन्थीहरु पनि संयुक्त हुनु पर्दैन ?**

फैसला भएकै दिनको कार्यक्रम त्यति योजनावद्ध थिएन, स्वतःस्फूर्त नै थियो। भोलिपल्टदेखिको चाहिं योजनावद्ध छ। यो संघर्षमा गिरिजा सरकारको यो ठगी हो र यो ठगीका विरुद्ध लड्नु पर्छ भन्ने शक्तिहरु सम्पूर्ण एक जूट हुनुपर्दछ। ◻

## म जनताको संघर्षलाई अगाडि लैजाने पक्षमा छु



**–का. रोहित, नेता, ने.म.कि.पा.**

यो जनता र प्रजातन्त्रकै पक्षमा भएको लागेको छ। सरकारले बडो धूर्त तरीकाले जनतालाई बेवकूफ बनाउने ढंगले जुन किसिमको "समभ्रूदारी" भनेर सम्झौता गरेको थियो, त्यो "समभ्रूदारी" हैन भनी अदालतले जुन फैसला गऱ्यो, यो देश र जनताकै पक्षमा छ।

**यो फैसला तपाईलाई "पूर्ण" लाग्यो ? यसमा त संसदबाट टुंगो गर्नुपर्ने कुरा अझै बाँकी राखिएको छ नि।**

यो भिन्दै कुरा छ। अब यो जनतासंग सम्बन्धित कुरा हो। सन्धि वा समभ्रूदारी मध्ये कुन हो भन्नेमा जुन निर्णय अदालतले दियो, यो जनताको पक्षमा छ। सरकारले संसद र जनतालाई जुन गुमराह गर्न खोजेको थियो, त्यसको निम्ति अब यो सरकारले राजिनामा दिएर आफ्नो नैतिकतालाई जोगाउन सक्नुपर्दछ।

**गिरिजा सरकारले राजिनामा दिएन भने के गर्ने ?**

यसको निम्ति संघर्ष गर्नुपर्दछ, ता कि प्रजातन्त्र नैतिकतामा अड्छ भन्ने कुरा देखियोस्। यदि यसमा सरकार जिम्मेवार भएन भने जनताले फेरि आन्दोलन गर्नेछ। म जनताको संघर्षलाई अगाडि लैजाने पक्षमा छु।

**अब संघर्षका कार्यक्रमहरु के के हुनुपर्दछन् त ?**

बैठकहरु बसिरहेका छन्, सबै साथीहरुसंग मिलेर आन्दोलनका विभिन्न रुपरेखाहरु तयार भई शुरु पनि भइरहेका छन्। ◻


## राजिनामाको माग कार्यगत एकताको न्यूनतम विन्दू भएको छ

**–का. चित्रबहादुर के.सी.,पोलिटब्यूरो सदस्य, ने.क.पा.मसाल**

एउटा कुरा त के भने, मैले मात्रै हैन, स्वयं कांग्रेस पार्टीभित्रैबाट पनि गत साल गिरिजाले टनकपुरको बारेमा भारतसंग गरेको "समभ्रूदारी" हैन सन्धि नै हो भन्ने कुरा आएको थियो। सम्पूर्ण राष्ट्र र संसदलाई पनि गिरिजाले जुन भूठो बोलेर गुमराह पारे, यसमा उनले अदालतको अगाडि हार्छन् भन्ने कुरा त प्रायः निश्चितै थियो। सर्वोच्च अदालतले गिरिजाको यो ढाँट र छलकपटलाई "सन्धि" नै भनेर जुन फैसला गरेको छ, यो राम्रो पक्ष नै हो। यद्यपि हामीले चाहिं यो पनि आशा गरेका थियौं कि यो सन्धिलाई "समभ्रूदारी" भनेर गुमराह गरेकोले सर्वोच्च अदालतले यसलाई खारेज नै गरिदिएको भए पूर्ण रुपले जनताको जित हुन्थ्यो। जे भएपनि अहिले जनताको आंशिक जित भएको छ र गिरिजाको हार भएको छ। यस प्रकारको भुठ काम राष्ट्र र जनताप्रति गरेको हुँदा नैतिक रुपले गिरिजा-सरकारले राजिनामा दिनुपर्छ भन्ने हाम्रो माग छ।

**नैतिकताको दृष्टिले यो राजिनामा सरकारले नदिएमा के गरिनुपर्छ ?**

मूल कुरा त के हो भने, संसारभरिका प्रकृयावादीहरु इतिहासको बेन्चबाट आफै आफू खुसी ओर्लेर जदैनन्। तिनलाई त क्रान्तिकारी जनताले जबरजस्ती त्यहाँबाट खसालेको हुन्छ। तैपनि एउटा सामान्य पूँजीवादी नैतिकता अनुसार पनि उनीहरुको आफ्नो एउटा नैतिकता र राजनैतिक सिद्धान्तका आधारमा पनि यत्रो हार भएपछि उनले राजीनामा दिनुपर्ने हो। यदि राजीनामा दिंदैनन भने, जनताले दवाव दिनुपर्छ, संघर्ष गर्नुपर्छ र कम से कम उनलाई प्रधानमन्त्रीको पदबाट हटाउनुपर्छ। हामी देशभक्त-वामपन्थी पार्टीहरु मात्रै हैन, नेपाली कांग्रेसभित्रको एउटा सेक्सन स्वयंले यो राष्ट्रद्रोही काम हो र गिरिजाले हारेमा राजिनामा दिनुपर्छ भनी भनेर आएकोले पनि गिरिजाको पक्ष अत्यन्त कमजोर भएको छ। केवल भारतीय विस्तावादको आडमा, अमेरिकी साम्राज्यवादको आडमा मात्रै यत्रो सवालमा उनले नेपाली जनतालाई दवाउन, थिच्न सक्दैनन् भन्ने मलाई लाग्छ।



**अदालतको यो फैसलापछि तपाईहरुको अभिष्ट गिरिजाको राजिनामा गराउनु मात्र हो कि त्यसदेखि बाहेक र त्यसदेखि बढी पनि केही हुनुपर्दछ ?**

यो जुन सीमित "प्रजातन्त्र" आएको छ, यसलाई पनि कांग्रेसले दुरुपयोग गरेको छ र यो उसको आफ्नो पेवा जस्तो भएको छ। यस स्थितिमा यो सीमित बहुदलीय व्यवस्थाप्रति पनि जनताको अनास्था पैदा भएको छ। अहिले यो जुनं व्यवस्था नेपालमा आएको छ, यसले नेपाली जनताको समस्या समाधान गर्न सक्दैन, राष्ट्रियताको समस्या एवं जनतन्त्र र रोजीरोटीको समस्या पनि समाधान गर्न सक्दैन। यसका लागि यहाँ हुनुपर्ने त नयाँ जनवादी क्रान्ति नै हो। तैपनि गिरिजाको राजिनामाको पक्षमा सबैजसो देशभक्त-जनतान्त्रिक शक्तिहरुका बीचमा एउटा मिलन-विन्दू छ र यो राजिनामा पछि जनताका अरु कुराहरु छन्, जस्तो पंचायती कालका काला कानूनहरु यथावत छन्, त्यसअनुसार राजकाज-मुद्दा चलाइराखिएको छ, सार्वजनिक अपराध ऐन जुन छ, त्यसलाई पनि खारेज गर्नुपर्ने छ। अरु पनि समस्याहरु छन्। तर पनि यो राजिनामाको माग राजनीतिक दलहरुका बीचको कार्यगत एकताको न्यूनतम विन्दू भएको छ। गिरिजाले राजिनामा गर्दैमा प्रतिकृयावादीहरुको राज्यसत्ता खतम भयो, जनताले मुक्ति पायो भने कुरा चाहिं हैन, यो सानो उपलब्धी मात्र हो।

**यसको लागि संघर्षको कार्यक्रम के छ ?**

अहिले दवाव दिने, जनमत तयार गर्ने नै संघर्ष हो। यसपछि संघर्षकै दौरानमा, जुन शान्तिपूर्ण सभाहरु, जुलुस, विरोध प्रर्दशनहरु गरिन्छन्, यिनीहरु कुन र कस्तो रुपमा अघि बढ्छन् भन्ने कुरा जनताको संगठन, पार्टीहरुको नीति, आदि कुरामा भर पर्ने कुरा हो। ◻

## वर्तमान सरकारलाई अविलम्बन पदच्यूत गर्नुपर्दछ



**-का. मदन भण्डारी,** महासचिव, ने.क.पा.एमाले

**सर्वोच्च आदतले दिएको हालैको फैसला तपाईलाई कस्तो लाग्यो ?**

यो फैसलाले वास्तवमा एक वर्षदेखि विपक्षी राजनैतिक पार्टीहरुले, खास गरी वामपन्थीहरुले जुन कुरा उठाइरहेका थिए, त्यो कुरा सही हो भनेर अदालतले प्रमाणित गरिदिएको छ । यस बीचमा गिरिजा सरकारले राष्ट्रघाती ढंगले काम गरेको छ भन्ने कुरालाई पनि अदालतले प्रमाणित गरिदिएको छ ।

**यो फैसलामा कुनै कमजोरी वा अपूर्णता रहेको तपाईलाई लाग्छ कि लाग्दैन ?**

पहिलो कुरा त के हो भने, वास्तवमा यो विषयलाई रीतपूर्वक संसदमा पेश गर्ने काम भएपछि नै संसदले कुन तरीकाले अनुमोदन गर्ने हो भन्ने कुरा हेरेर यदि त्यो बेठीक भयो भने फेरि अदालतको काम आउँछ भन्ने आशयले जुन फैसला भएकोछ, यसले गर्दा यसले केही प्रकृयाहरुलाई लम्ब्याएको त छ, तर पनि वास्तवमा यो बेठीकै हो भन्न सकिने ढंगको छैन । पहिलो कुरा, यो सन्धि हैन भनेर सरकारले भनीरहेको कुरा ढाँट कुरा रहेछ, सरकारले जनतालाई फुक्याएको रहेछ, यसले राष्ट्रघात गरेको रहेछ, संविधान मिचेको रहेछ भन्ने कुरालाई अदालतले स्पष्ट रुपमा प्रमाणित गरिदियो र यो राम्रो गरिदियो ।

**अब टनकपुरको बाँध निर्माण कार्यको कार्यान्वयन पक्षलाई यतिखेर रोक्नु पर्ने हैन ?**

यस सन्दर्भमा संविधान अनुसार वर्तमान संविधान लागू भए यता कुनै पनि सन्धि-सम्झौताहरु हुन्छन् भने यो संविधान अन्तरगत अनुमोदन, सम्मिलन वा स्वीकृति नभएसम्म नेपालको हकमा लागू भएको मानिने छैन । यो लागू भएको नमानिने कुरा त स्वतः यसको तार्किक निचोड हो । अब यो निर्माण कार्यलाई रोक्नको निम्ति कदम चालिन्छ कि चालिन्न, यो पनि कार्यपालिकाकै कुरा हो । यो हेर्नु बाँकी नै छ ।


**यो स्थितिमा नेपालका वामपन्थी राजनैतिक शक्तिहरुको कार्यक्रम के कस्तो हुनुपर्दछ ?**

स्वाभाविक रुपले जनताहरुले पहिलो त राष्ट्रियहित, संविधान, कानून, प्रजातान्त्रिक मर्यादा र संसदको विशेषाधिकार जस्ता सबै कुरा उल्लंघन गर्ने वर्तमान सरकारलाई अविलम्बन पदच्यूत गर्नुपर्दछ । यसका निम्ति संघर्षमा वामपन्थीहरु सबैभन्दा अगाडि आउनुपर्दछ । दोश्रो कुरा, टनकपुरको र अरु जलस्रोत सम्बन्धी यो जुन मामिला छ, यसलाई राष्ट्रिय सहमतिबाट हल गर्नको निम्ति पहल गर्नुपर्छ र यसका लागि पनि वामपन्थीहरु नै अघि सर्नुपर्दछ ।

**यो पदच्यूत गर्नका लागि कार्यक्रम के त ?**

यो यस्तो खालको विषय हो, जसमा सरकारले यति धेरैवटा अनैतिक ढंगको काम गरेको छ कि, त्यसैले यसलाई सत्तामा बसिरहने नैतिक अधिकार छैन । यसले तुरुन्त राजीनामा दिनुपर्छ भन्ने कुरा सबैतिर उठाउने निर्णय र आह्वान पनि हामीले गरेका छौं । हाम्रा विभिन्न ढंगका कार्यक्रमहरु लगातार रुपले हुँदैछन् । नेपाली कांग्रेसले र यसको संसदीय दलले प्रजातान्त्रिक मर्यादा अनुकूल फैसला गरिरहेछ कि, यसलाई पेलेर जाने शुर कसीरहेछ, यो कुरा पनि हेर्दै हामी हाम्रो कार्यक्रमको रुप तय गरीरहेका छौं । □

## यसले संयुक्त वामपन्थी-आन्दोलनका निम्ति एउटा स्पष्ट संकेत दिएको छ



**-का. लिलामणी पोखरेल,** संसदीय दलका नेता, स.ज.मो

यस फैसलाले नेपाली कांग्रेसको गिरिजा सरकारले राष्ट्र, जनता र संसदलाई ढाँटेको, छलेको र ठगेको कुराको पर्दाफास गरेको छ । राष्ट्रघाती कदमको विरुद्धमा सर्वोच्च अदालतले अपूर्ण भएपनि फैसला राष्ट्र र राष्ट्रियताको पक्षमा गरेको छ । यद्यपि यो फैसलालाई म आफू पूर्ण ठान्दिन । किनभने, सम्बन्धित निकायलाई मुद्दाको बारेमा टुंगो लगाउन र कुन संवैधानिक प्रकृयाद्वारा यो सन्धि वा सम्झौता अनुमोदन, सम्मिलन र सहमति गर्नुपर्ने हो त्यो कुरा यसले प्रष्ट गरेन । अर्को कुरा, स्वयं निवेदकको माग या त पूर्णाधिकारप्राप्त व्यक्तिले नगरेको हुनाले यो सन्धि खारेज गरिनुपर्ने या त दीर्घकालीन प्रकृतिको मामला भएको हुनाले २/३ बहुमतबाट स्वीकृति गराउनु पर्ने भन्ने थियो । जलस्रोत विभाजन-बारेको यो दीर्घकालीन प्रकृतिकै मामला हो, यसमा सर्वोच्च अदालतले किटानी साथ २/३ बहुमत प्राप्त गर्नका लागि जाने भन्ने कुरा स्पष्ट गरिदिएको भए यो समस्याको निदान हुने थियो । यद्यपि अदालतका केही आशयहरु यो २/३ बहुमतका लागि जानु पर्छ भन्ने नै देखिन्छ, तर किटानी साथ आएन । न्यायपालिकाको सर्वोच्चताको परिचय यसबाट प्राप्त हुन सक्ने थियो र नेपालको निमित्त यो अरु स्पष्ट ऐतिहासिक कदम हुने थियो । अब समस्या अझै संसदमा रहेको छ र संसदमा यसबारेमा गम्भीरताका साथ जानेछ ।

**अब यो अदालती निर्णय आईसकेको स्थितिमा सरकारले के गर्नुपर्ने हो ?**

राष्ट्र, जनता र संसदलाई गुमराह पारिकन गरिएको समझदारी भनिएकोलाई सर्वोच्च अदालतले किटानीसाथ "सन्धि" भनी घोषणा गरिसके पछाडि गिरिजा सरकारले नैतिकतावश सत्तामा बस्नु हुँदैन र तुरुन्त राजीनामा दिनुपर्दछ । यदि नदिएको खण्डमा जनताको दवावद्वारा राजीनामा दिलाउने प्रयत्न गरिनुपर्दछ ।

**जनताको दवाव खडा गर्नका लागि वामपन्थी समूहहरुले के कार्यक्रम गर्नु जरुरी छ ?**

वामपन्थीहरु मात्र नभएर यस मामलामा सम्पूर्ण देशभक्तहरुले, संभव छ- साझा कार्यक्रम, संभव छैन भने, आ-आफ्ना तहहरुबाट सरकारलाई नैतिकताको बोध गराउनका निम्ति बाध्य तुल्याउने संघर्षका कार्यक्रमहरु गर्नुपर्दछ । र वामपन्थीहरुको हकमा भने, फैसला भएकै दिन र भोलिपल्टै गिरिजासरकारको राजीनामाको माग गरेर वामपन्थीहरुले जुन जूलुस र आमसभाका कार्यक्रमहरु गरे, यसले संयुक्त वामपन्थी-आन्दोलनका निम्ति एउटा स्पष्ट संकेत दिएको छ ।

**हालसम्म ४ वटा वाम-समूह मात्र संघर्षमा संयुक्त रुपले संलग्न भएको देखिए, बाँकी समूहहरुलाई पनि यसमा सम्मिलित हुन ल्याउने के कार्यक्रमहरु तपाईहरुसंग छ ?**

ती बाँकी समूहहरुसंग पनि के कस्ता समझदारीहरु निर्माण गर्न सकिन्छ र संयुक्त कार्यक्रममा जान सकिन्छ भन्ने कुराको केही सोच निकट भविष्यमै बन्ने छ । □



काठमाडौंबाट बुटवल, भैरवाह, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली

जान आउन परे संझनुहोस्

**साझा यातायात**

*टिकट पाइने स्थानः सुन्धारा, काठमाडौं*

के तपाई घरैमा बसी बसी मूल्यांकन प्राप्त गर्न चाहनु हुन्छ?




चाहनु हुन्छ भने-
वार्षिक रू. १५० ।-
भारतको लागि
भारू १५० ।-

हाम्रो खातामा जम्मा हुने गरी पठाउनु होस्।

वार्षिक ग्राहक बन्नुहोस्।

आरामदायी यात्राकालागि सझनुहोस्

काठमाडौं - धरान
काठमाडौं - विराटनगर
काठमाडौं - काकडभित्ता

**दैनिक सिधा-सेवाका लागि**

**न्यू शिवशक्ति ट्राभल्स**

काठमाडौं : सुन्धारा वस पार्क फोन : २१२२१५

| धरान | विराटनगर | काकडभित्ता |
|---|---|---|
| वसपार्क | वसपार्क | वसपार्क |
| फो. २०३८३ | फो. २५१०९ | फो. २०२०८ |

# लिथुआनियामा पनि कम्युनिष्टहरु विजयी

## वामपन्थी सरकारको दिशाः समाजवाद कि पूँजीवाद ?

गत कार्तिक २९ र ३० गते भएको चुनावमा वामपन्थी पार्टी "लिथुआनियाली डेमोक्रेटिक लेबोर पार्टी" विजयी भएको छ । गत वर्ष सोभियत-संघबाट छुट्टिने "स्वतन्त्रता" प्राप्तिको संघर्षमा नेतृत्वदायी भूमिका खेलेका भिटाटस लेण्डसवर्गिसको समूह साजुडिस इण्डिपेन्डेण्ट मुभमेण्ट लाज-मर्दो ढंगले पराजित भएको छ ।



१४१ सिट भएको संसदमा वामपन्थी लेबोर पार्टीले ७३ सिट जितेको छ भने साजुडिसले ३०, क्रिस्चियन डेमोक्राट्सले १८ र सोसल डेमोक्राट्सले ८ संसदीय सिट जितेका छन् ।

सत्तासिन साजुडिस इण्डिपेन्डेण्ट मुभमेन्टको सरकारद्वारा गरिएको पूँजीवादीकरणको परिणाम स्वरुप देशमा व्यापक अभाव, महंगी, बेरोजगारी र गरीबी बढेको थियो । यसको विरोधमा सुधारको नारा वर्तमान विजित वामपन्थी पार्टीले दिएको थियो ।

यो वामपन्थी पार्टीका नेता आल्गिरदास ब्राजुस्कास गत ३ वर्ष अघिसम्म सोभियतसंघको कम्युनिष्ट पार्टीमै रहनुभएको थियो । पछि लिथुआनियाली "स्वतन्त्रता" प्राप्तिका लागि उहाँले सो पार्टी छोड्नु भएको थियो । हालको चुनावको विजयपछि उहाँ नै नव निर्वाचित राष्ट्रपति बन्नुभएको छ । उहाँले पूर्व उप-प्रधानमन्त्री ब्रोनिस्लोमास लुबीस-लाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको छ ।

नव-निर्वाचित वामपन्थी राष्ट्रपति श्री ब्राजुस्कास र नवनियुक्त प्रधानमन्त्री लुबीसले लिथुआनियाले रुससंग व्यापारिक सम्बन्ध सुधार्ने र अन्तरराष्ट्रिय मुद्राकोष (IMF) संग ऋणका लागि कुरा गर्ने धारणा व्यक्त गर्नु भएको छ । सोभियत संघबाट छुट्टिएपछि लिथुआनियामा शुरु भएको पूँजीवादीकरणले गर्दा १९९० देखि अहिलेसम्ममा २२ सय प्रतिशत महंगी बढ्यो, औद्योगिक उत्पादनमा ४८.५ प्रतिशत कमी आयो । इन्धनको अभाव व्याप्त भयो । समाजवादी कालमा सम्पूर्ण घरहरुको लागि तातो पानीको व्यवस्था गरिएको थियो । त्यो केन्द्रिय हिटर-व्यवस्था झन् हिउँदकै बेलामा ठप्प भयो । IMF ले पश्चिमा पूँजीवादी देशहरुको ऋण तिर्न दिएको दवावले गर्दा अर्थतन्त्र डावाडोल भयो ।

यो स्थितिमा लिथुआनियाली जनता वामपन्थी-हरुतिरै आशामुखी भएर पुनः फर्किएका छन् । वर्तमान वाम-विजय यसकै द्योतक हो ।

तर विजयी वामपन्थी पार्टीले त्यहाँ पूँजीवादले ल्याएको विकृतिको विरुद्ध कति ठोस कदम चाल्न सक्नेछ, त्यसको सफलता यसमै निर्भर गर्ने छ । नव-निर्वाचित वाम-राष्ट्रपतिले बजार-अर्थतन्त्र वा पूँजीवादी नीजिकरणलाई कायमै राखिने बचन दिनु भएको छ । यो बचनलाई "स्थितिको बाध्यता" को रुपमा प्रस्तुत गरिएको हुनसक्छ तर हामी के कुरामा चनाखो हुनैपर्छ भने-पूँजीवादी विकृतिको उपचार तिनै विकृतिको बाटो समातेर कति संभव होला ?

"कम्युनिष्ट" हरु भनेर जनता चाहिँ विश्वास गर्ने तर "कम्युनिष्ट"हरुले चाहिँ समाजवाद उन्मुख बाटो पहिल्याउन नसक्ने हो भने चाहिँ यो विश्वास गुम्न पनि सक्छ । यसमा लिथुआनियाली वामपन्थीहरुको ध्यान कति जाला, त्यो हेर्नु बाँकी नै छ ।

# शिक्षक "संघ" पनि "संघर्ष" गर्ने

विगत जन-आन्दोलनको पृष्ठभूमि निर्माण गर्न र त्यसलाई सघाउन सक्रिय रहँदै आएको" नेपाल राष्ट्रिय शिक्षक संगठन पक्षका शिक्षकहरुलाई डिमोसन गरेर, अपायक सरुवा गरेर र बर्खास्त समेत गरेर राजनैतिक इबी साध्ने काम वर्तमान कांग्रेसी सरकारले गरीरहेछ । खोटाङबाट ५२ जना, जुम्लाबाट १०६ जना र मुगुबाट ५ जना शिक्षकहरुलाई शैक्षिक सत्रको बीचैमा जिल्लान्तर गर्ने र अपायक ठाउँमा सरुवा गर्ने काम सरकारले गरेको छ ।

ने.रा.शि. संगठनले जनाए अनुसार यो क्रम देश-व्यापी रुपमा जारी रहेको छ । साथै प्रा.वि.शिक्षकहरुको नयाँ भर्नाको लागि क्षेत्रीय स्तरबाट लिइएको परीक्षामा शुरुमा लिखित परीक्षाको पूर्णांक १५० र अन्तरवार्ताको पूर्णांक ३० राखिएकोमा पछि यसलाई बदलेर दुवैलाई १००, १०० को पूर्णांक बनाई अन्तरवार्तामा मनपरी गरी कांग्रेस पक्षधरहरु बढी प्रवेश गराउने चालबाजी पनि सरकारले गरेको छ । प्राज्ञिक पेशाको रुपमा रहेको शिक्षण पेशामा संलग्न व्यक्तिहरुले राजनीतिमा भाग लिन नपाउने नियम जारी गर्ने सरकार आफ्नो राजनीति गरीदिने शिक्षकहरुलाई भने प्रत्यक्ष संरक्षण गरिरहेको वर्तमान सन्दर्भमा कांग्रेस सत्तापक्षीय "शिक्षक संघ" पनि संघर्षको नाटक गरिरहेको छ ।

आफ्नो ९ सूत्रीय माग पूरा गराउन मंसिर २८ गतेबाट केन्द्र र जिल्लामा धर्ना दिने धम्की सहितका पोस्टरहरु व्यापक रुपले टाँसी संघ "धर्ना"मा उत्रिएर आफूपनि "संघर्षशील" देखाउन खोज्दैछ । पुसको तेश्रो साताबाट दोस्रो चरणको संघर्षको घोषणा समेत यसले गरेको छ । गत कार्तिक १९ गते "संगठन" पक्षले शिक्षामन्त्रीलाई भेटी प्रा.वि.स्तरलाई रु. १००/- भत्ता दरले थप्दै विज्ञान क्षेत्रमा प्रमाण पत्र, स्नातक पास शिक्षकहरुलाई प्राविधिक सरह तलब सुविधा दिनेतर्फ तुरुन्त कदम चाल्ने वचन प्राप्त गरेको घटनाबाट "संगठन"ले एक्लौटी "जस" लिन नपाओस् भनी "संघ" अहिले तातेको देखिन्छ । यस प्रकार "संघ"- लाई "संघर्ष गराएर" केही माग पूरा गरिदिने र यसरी संघलाई शिक्षकहरुका माझमा स्थापित गराउने प्रयत्न गर्ने सरकार र संघको यो "मिलिभगत" अहिले शिक्षक समुदायमा चर्चाको विषय बनेको छ । संघका उक्त ९ सूत्रीय मागहरु र अन्तरिम सरकारको समयदेखि नै "संगठन"ले प्रस्तुत गरिसकेका मागहरुमा खासै अन्तर देखिन्न ।

पढ्नुहोस्-
नेपाल भाषा दैनिक विश्वभूमि

## समीक्षा तथा परामर्श भेला


*"मूल्यांकन"ले आफ्नो मासिक प्रकाशनको एक वर्ष पुगेको सन्दर्भमा गत मंसिर २७ गते काठमाण्डौमा एक "समीक्षा तथा परामर्श भेला"को आयोजना गर्‍यो । सो भेलामा का.विष्णुबहादुर मानन्धर, का.रोहित, का.चित्रबहादुर के.सी., का.सी.पि. मैनाली, का.माधव कुमार नेपालले पनि "मूल्यांकन"प्रति शुभेक्षा र सुझावहरु प्रकट गर्नु भएको थियो । सो अवसरमा विभिन्न वामपन्थी बुद्धिजीवीहरु, मूल्यांकनका स्तम्भ सहयोगीहरु, विषय-विज्ञहरु, सहयोगीहरु र पत्रकारहरु समेतको उपस्थिति रहेको थियो । "मूल्यांकन"-काहाल-सम्मका अङ्कहरुको समीक्षा प्राध्यापक माणिकलाल श्रेष्ठले गर्नुभएको थियो ।*

*नेपालको वामपन्थी-आन्दोलनभित्र स्वस्थ्य रुपले विचार-अन्तर्क्रिया चलाई स्पष्टता, गहिराइ र एकता प्राप्त गर्न "मूल्यांकन" लाई उक्त अवसरमा प्राप्त सुझाव र टीप्पणीहरुको विवरण हामी आगामी अङ्कमा प्रस्तुत गर्नेछौं ।*



# क्यूबामाथिको अमेरिकी नाकाबन्दी हटाउन विश्वव्यापी माग

## अमेरिका संयुक्त राष्ट्र संघीय महासभामा पराजित



नयाँ एकलौटी साम्राज्यवादी विश्व व्यवस्थाको सम्राट बन्ने दिवा-स्वप्न देख्दै लिबिया, इराक र "समाजवादी" क्यूबामाथि आर्थिक नाकाबन्दी र सैनिक हस्तक्षेप गर्दै आइरहेका अमेरिकाका पराजित राष्ट्रपति जर्जबुश क्यूबा-माथिको आर्थिक नाकाबन्दी सम्बन्धी चुनावमा संयुक्त राष्ट्रसंघीय महासभाबाट पनि नराम्ररी पराजित भएकाले उनको दिवास्वप्न चकनाचूर हुँदै गएको देखिन्छ ।

क्यूबालाई आफ्नो "पिकनिक" जाने उपनिवेश ठानी विगतमा क्यूबाको क्रान्तिपूर्वको समयमा बटिस्टाको तानाशाही शासन-लाई सहयोग दिई आएको अमेरिकी साम्राज्यवाद सन् १९५९मा फिडेल क्यास्ट्रो र अर्नेस्टो चे ग्वेवेराको नेतृत्वमा भएको सशस्त्र क्रान्तिबाट पराजित भएको थियो । त्यही ईवि साध्न क्यूबाको स्वतन्त्र अस्तित्व र स्वाधीनतालाई नष्ट पार्न, फिडेल क्यास्ट्रोलाई सत्ताच्यूत गर्न र आफ्नो कठपुतली सरकार स्थापना गरी पूँजीवादीकरण गर्न तथा वामपन्थी विचारको प्रसारण रोक्नका लागि अमेरिकी साम्राज्यवादले के के मात्र गरेन ? यस साम्राज्यवादले क्यूवाली भूमि ग्वान्टानामोमा सैनिक अड्डा स्थापना गरी सैनिक हस्तक्षेप गर्ने, भरौटे "स्वतन्त्रता सेनानी" पठाई उत्पात मच्चाउनेदेखि गैरकानूनी ढंगले आर्थिक नाकाबन्दी लगाउने घृणित काम समेत विगत ३१ वर्षदेखि जारी राखेको छ ।

आफ्नो यसै गैरकानूनी आर्थिक नाकावन्दीलाई वैधानिकता प्रदान गर्न न्यू जर्शीका डेमोक्रेटिक सिनेटर रबर्ट टोरिकोल्ली मार्फत् कार्तिक महीनामा प्रस्तावित "क्यूवन डेमोक्रेटिक एक्ट अफ १९९२" नामक क्यूवामा प्रतिक्रान्ति गरी पूँजीवादी प्रजातन्त्र स्थापना गर्ने निहित उद्देश्ययुक्त अमेरिकी कानूनमाथि जर्जबुशले सही गरेका थिए । "प्रजातन्त्र" निर्यात गर्ने नाममा ल्याएको उक्त अमेरिकी कानून अनुसार यदि क्यूवासंग अमेरिकी कम्पनी-हरुले व्यापार गरेमा कडा दण्ड दिने कुरा उल्लेख छ । क्यूवामा आवत जावत गर्ने विदेशी कार्गो पानी-जहाज-हरुलाई पनि अमेरिकी बन्दरगाहमा ६ महीनाका लागि प्रवेश प्रतिबन्ध लगाउने प्रावधान यसमा छ। क्यूवामाथिको ३१ वर्ष लामो आर्थिक नाकाबन्दीलाई वैधानिकता प्रदान गरी अफ सख्त र अमानवीय बनाइएको यस अमेरिकी कानूनलाई आफ्नो क्षेत्रका स्वाधीन राष्ट्रहरुमा पनि विस्तार गर्न लागेकोमा क्यानाडा, पोर्चुगल, स्वीडेन लगायत यूरोपेली समुदाय र क्यारेवियायी-ल्याटिन अमेरिकी देशहरुले यो कानून अन्तर्राष्ट्रिय कानून-विरोधी समेत भएको र अन्त-र्राष्ट्रिय व्यापारको समभ्रुदारी विपरीत पनि भएको आरोप लगाउँदै यसको कडा विरोध गरेको समाचार क्यूवाली पत्रिका "ग्रान्मा इन्टरनेशनल"ले जनाएको छ ।

यसरी आफ्ना आर्थिक युद्धका प्रतिद्वन्दीहरु र निकटतम सहयोगीहरुबाट समेत कडा विरोधको सामना गर्नु परेकोले तिल्मिलाएको अमेरिकाले तिनीहरुलाई "कि हामीसंग व्यापार गर कि क्यूवासंग गर" भन्ने धम्की दिन थालेको छ । यो धम्की कुनै पनि स्वतन्त्र राष्ट्रको अन्य राष्ट्रसंग व्यापार गर्ने स्वतन्त्रता र अधिकारलाई मिच्ने प्रयत्न हो । तर यो अमेरिकी आदेशलाई वेवास्ता गरी ती राष्ट्रहरुले भने क्यूवासंग आर्थिक सम्बन्ध गास्ने दृढता व्यक्त गरेका छन् ।

यसैबीच, अमेरिका र यूरोपीय समुदाय (EC) बीच व्यापार युद्ध चलिरहेकै बेला, अमेरिकाले गत वर्ष तुहाई-दिएको जस्तै खालको "संयुक्त राज्य अमेरिकाद्वारा क्यूवा-माथि लगाइएको आर्थिक- वित्तीय तथा वाणिज्य प्रतिवन्धको अन्त्यको आवश्यकता" नामक क्यूवाद्वारा प्रस्तुत प्रस्ताव-माथि मंसीर ३ गते संयुक्त राष्ट्र संघीय १७९ सदस्यीय महासभामा मतदान हुँदा यूरोपीय समुदायका फ्रान्स र स्पेन लगायत ५९ राष्ट्रहरु क्यूवाको पक्षमा उभिए । यसमा अमेरिका इजरायल र रोमानिया मात्र नाकाबन्दीको पक्षमा उभिए । तर राजनीतिक रुपमा अमेरिकापक्षीय देशहरु - बेलायत, जर्मनी, जापान, अष्ट्रेलिया, रुस र यूरोपीय समूदायकै अन्य १० वटा राष्ट्रले पनि उक्त मतदानमा अनुपस्थित रही अमेरिकालाई असहयोग गरे । अफ, युरोपीय समूदायका तर्फबाट बोल्दै ब्रिटिश राजदूत थोमस रिचार्ईसनले त अमेरिकी नाकाबन्दीबाट अन्तर्राष्ट्रिय कानूनको सामान्य सिद्धान्त र स्वतन्त्र राष्ट्रहरुको संप्रभूताको उल्लंघन भएको छ भन्दै यसको भर्त्सना समेत गरे। चिली, कोलम्बिया, इक्वेडर, मेक्सिको र भेनेजुयला जस्ता ल्याटिन अमेरिकी र क्यारिवियायी छिमेकी देशहरु यो नाकाबन्दीलाई कडा पार्ने अमेरिकी दुस्प्रयासको कडा विरोध गर्दै अमेरिकी नाकाबन्दी र त्यसलाई कडा पार्ने नयाँ कानूनले आफ्नो सार्वभौमसत्ता मिचेको र स्वतन्त्र व्यापार एवं समुद्री आवागमन गर्ने आफ्नो अधिकार उल्लंघन गरेको आरोप लगाई क्यूवाको पक्षमा सक्रियतापूर्वक लागे ।



क्यूबा विरूद्ध अमेरिकी बन्दुक



अब संयुक्त राष्ट्र-संघीय महासभाबाट आफू पराजित भएपछि पनि पारित निर्णय लागू गरी क्यूवामा "प्रजातन्त्र र उद र अर्थतन्त्र" स्थापना गर्न "प्रजातन्त्रको मसिहा" अमेरिकाले लागू गरिरहेको आर्थिक नाकाबन्दी रोक्नु नै पर्ने कुनै कानूनी वाध्यता छैन, किनकि हातमा लाठी भएको महाशक्तिशालीले मात्र अर्काको भैंसीमाथि पनि अधिकार जमाउन सकिने सुरक्षा परिषद र महासभाद्वारा पारित निर्णयहरु स्वीकार्ने पर्ने कुनै वैधानिक वाध्यता छैन ।

यसरी क्यूवाको मामलामा संयुक्त राष्ट्र संघमा अमेरिका नराम्ररी परास्त भएको छ र पनि राष्ट्र संघको निर्णय कार्यान्वयन गर्न यसले आनाकानी गरीरहेको छ । तापनि पराजयको सिस्नुले पहिलो पटक पोलेर पीडित भएको अमेरिका नैतिक रुपले स्वाधीनता र स्वतन्त्रताप्रेमी विश्व समूदायका अगाडि अपराधी सावित भएको छ ।

३ दशकभन्दा बढी समय अगाडिदेखि ९० कि.मी टाढाको छिमेकी शत्रु अमेरिकाको प्रभुत्ववादी नीति र आर्थिक नाकाबन्दीको विरुद्ध लड्दै भिड्दै आइरहेको सानो तर स्वतन्त्र राष्ट्र क्यूवाको जीवन-मरणको संघर्षको मशालको आगोमा महासभाको यस अभूतपूर्व निर्णयले घिऊ-ढ्वेल थप्ने काम गरेको छ भन्दा अत्युक्ति नहोला । विश्वकै मानव जाति र स्वतन्त्र राष्ट्रहरुको प्रमुख दुश्मन साम्राज्यवादको अहिलेको सन्दर्भमा अमेरिकी साम्राज्य-वादको विरोधमा क्यूवा लगायत अन्य देश र जनताको संघर्षको ज्वालामा आ-आफ्ना वैचारिक मतभेदहरुलाई आन्तरिक संघर्षद्वारा हल गर्दै नैतिक तथा भौतिक सहयोग र ऐक्यवद्धता प्रदर्शन गर्नु आजको आवश्यकता हो ।

यही आवश्यकतालाई महशूस गरी भारतका विभिन्न वामपन्थी पार्टी र जन समुदायदेखि दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टीसम्मले क्यूवालाई पठाएका हजारौं टन अन्न, औषधी र बेबीफूडहरु क्युवा र क्यूवाली जन-संघर्षप्रतिको ऐक्यवद्धताको प्रतीक हो । क्यूवाली पत्रिका "ग्रान्मा इन्टरनेशनल" का अनुसार यसरी ऐक्यवद्धता प्रदर्शनीको क्रममा स्पेनका जनताहरुले क्यूवाली बच्चा-हरुका लागि ५८२ टन पाउडर दुध, मेक्सिकोले सयौं टन अन्न र अमेरिकाकै "शान्तिका लागि पादरीहरु" ले १२ टन विभिन्न सामान अमेरिकी प्रशासनको डर धम्की र अवरोधका वावजूद क्यूवा पठाई अमेरिकी आर्थिक नाकाबन्दीलाई खुला चुनौती दिएका छन् । त्यस्तै खालका संघर्षलाई संयोजित गर्न ब्राजिल, मेक्सिको, चिली र भारत लगायतका देशहरुमा अमेरिकी साम्राज्यवाद विरोधी मोर्चा बनाई साम्राज्यवादको विरोधमा लडिरहेका क्यूवा जस्ता देश र जनताको संघर्षमा साथ दिने क्रियाकलापहरु बढ्न थालेको देखिएको छः जुन कार्यले आजको अमेरिकी साम्राज्यवादको एकपक्षीय दवदवाको विरोधमा लड्न सबैलाई उत्प्रेरित गरेको छ ।

# अयोध्या काण्डः क्षणिक राजनीतिक स्वार्थको परिणाम

## धर्मान्धहरुमाझ वैज्ञानिक चेतनाको प्रचार जरुरी




**कार्टुन सौजन्यः 'दि स्टेट्सम्यान 'अखबार**

गत मंसिर २१ गते भारतीय जनता पार्टी र विश्व हिन्दू परिषदका "कार-सेवक"हरुले अध्योध्यास्थित वावरी मस्जिद ध्वस्त पारेको घटनाले भारतव्यापी रुपमा मात्रै हैन विश्वका धेरै देशहरुमा हिन्दू-मुस्लिम कट्टरपन्थीहरुका बीच तनाव र मुठभेडको स्थिति सृजना गरेको छ। भारतभित्र यस घटनाले गर्दा आजसम्मका दिनहरुमा करीब तेन्ह सय व्यक्तिहरु मारिएका र हज्जारौं व्यक्तिहरु घाइते भएका छन्। उत्तर प्रदेश पूरै क्षेत्र र हिन्दू-मुसलमान बस्ती भएका मिश्रित क्षेत्रहरुमा सृजित तनाव र अतांक अझै कायमै रहेको छ। पाकिस्तान, बांग्लादेश, बेलायतसम्म चर्को प्रतिक्रिया उत्पन्न भई त्यहाँ रहेका कयौं हिन्दू मन्दिरहरु क्रुद्ध मुसलमानहरुद्वारा भत्काइएका छन्ः इरान र लेवनानमा समेत "बन्द" र विरोधहरु भएका छन् । बांग्लादेशमा हुने भनिएको सार्क-बैठक समेत स्थगित भएको छ ।

धार्मिक अन्धताको उन्मादको परिणामस्वरुप घटेको बाबरी मस्जिद ध्वस्त पार्ने कार्यका विरुद्ध यस्तै स्तरका अन्ध उन्मादी प्रतिकृया अनुसार हिन्दू मन्दिरहरु भत्काइनु, अनि फेरि त्यसको बदला मस्जिदहरु भत्काइनु,-यदि यो स्तरमा र क्रममा यो विवाद अगाडि बढ्छ भने यसले अरु ठूलो क्षति उत्पन्न गर्ने छ । पाकिस्तानमा गत मंसिर २३ गते बलु-चिस्तानमा छ जना हिन्दू बालबालिकाहरु कट्टर मुसलमानहरुद्वारा ढुंगाले हानेर मारिनुले र बांग्लादेशको उत्तरी भागमा तीन जना हिन्दू बालकहरु ज्यूँदै जलाइनुले यो धर्मान्धता कतिहदसम्म क्रुर हुँदोरहेछ भन्ने कुराको प्रमाण प्रस्तुत गरेको छ ।

लामो समयदेखि विवादग्रस्त यस अयोध्या क्षेत्रमा सन् १५२८ मा मुसलमान वादशाह वावरले राम-मन्दिर भत्काएर मस्जिद बनाएका थिए भन्ने दावी गर्दै मस्जिद भत्काउन खोज्ने उग्रवादी हिन्दूहरुलाई चुनावी राजनैतिक स्वार्थका कारण साथ लिएर आइरहेको भारतीय जनता पार्टी र धर्म एवं साम्प्रदायिकतालाई उरालेर राजनीतिक स्वार्थ सिद्ध गर्न पल्केको समग्र भारतीय सत्ता- राजनीति यसका निम्ति प्रत्यक्ष रुपले जिम्मेवार रहेका छन्। चुनावी स्वार्थका लागि १९९० मा भाजपाका लालकृष्ण आडवाणीले सोमनाथदेखि अयोध्यासम्मको लामो रथ-यात्रा गरी भारतभरिका हिन्दूहरुलाई वावरी मस्जिद भत्काएर राम-जानकी मन्दिर बनाउने भन्ने उग्रतापूर्ण नारामा लपेटेको कुरा यतिखेर स्मरणीय छ ।

अदालतले दिएको मस्जिद भत्काउन नमिल्ने आदेशलाई गत मंसिर २१ गतेको लाखौंको भीडले लत्याईदिनुमा सो मस्जिद रहेकै प्रदेश उत्तर प्रदेशमा सत्तारुढ दल भाजपाको अप्रत्यक्ष आड-भरोसाले काम गरेको प्रष्टै छ । कांग्रेस आइ.को केन्द्र सरकार पनि यस घटनाप्रति उत्तिकै जिम्मेवार रहेको देखिन्छ । कडा-सुरक्षा व्यवस्था गर्नुको बदला कांग्रेस आइ. सरकार पनि भाजपालाई अलोकप्रिय पारी आफू "माथि" पर्ने चालबाजीमा नै ज्यादा सचेत रहेको देखिन्थ्यो । सत्ता-स्वार्थका यी चालबाजीहरु चलिनै रहेको बेला "रामप्रार्थना" का नाममा गत २१ गते उत्तेजित हिन्दूहरु सो स्थानमा यति धेरै संख्यामा ओइरिए, जसलाई छुनु अब कुनै पनि शक्तिको वशमा रहेन ।

प्रत्यक्षदर्शी हाम्रा सहयोगी वि.एस. ठकुरीका अनुसार सो दिन २ देखि ४ लाखसम्मको संख्यामा मानिसहरु त्यहाँ जम्मा भएका थिए। त्यति ठूलो मस्जिद पूरै भत्किएपछि भत्किएका ईटा-ढुंगा-माटो बालुवा त्यस स्थानमा एउटै बाँकी थिएन। त्यो विशाल भीडले हात हातले एक एक मुठी बोकेर लगेकै भरमा पनि त्यो ठाउँ रित्तिएको थियो ।

यो घटनापछि केन्द्र सरकारले विवादास्पद क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिने र सांप्रदायिक संघ संस्थाहरुमाथि प्रतिबन्ध लगाउने काम गरेको छ। उक्त स्थानमा पुनः मस्जिद बनाउने दृढता पनि केन्द्र सरकारले लिएको छ । तर यो प्रतिवन्धको काम र यो पुनः निर्माणको "दृढता" आफैंमा विवादास्पद विषय बनेर विवाद घट्नुको सट्टा अरु बढ्ने प्रबल संभावना रहेको छ ।

समाजमा शोषणको सत्ता कायम गर्न खोज्ने लुटाह वर्गले विभिन्न नाम र बाहनामा प्रकट भएर समय समयमा रुप-रंग बदलेर सर्वसाधारण जनतालाई धर्मको अन्धतामा डुबाएर कसरी फाइदा लिन खोज्छ र त्यसको परिणाम कस्तोसम्म हुन्छ भन्ने कुराको एक ज्वलन्त उदाहरण यो घटना हो । अंग्रेजहरुले भारतीय जनतालाई हिन्दू र मुसलमानको रुपमा "फुटाएर शासन" गरी छोडेको भारतमा "स्वतन्त्रता" प्राप्तिपछि आएका "स्वदेशी" नेताहरुले पनि क्षणिक राजनैतिक स्वार्थका लागि त्यसरी नै व्यवहार गरिरहेको कुरामा भारतीय जनताहरु कहिले-सम्म सचेत होलान् ?

भारतमा कार्यरत धर्मनिरपेक्षतावादीहरु र वैज्ञानिक सोच-बाहक राजनैतिक शक्तिहरु, खास गरी वामपन्थी शक्तिहरुले, पनि यतिखेर निधार खुम्च्याएर सोच्नु जरुरी छ । लाखौंको संख्यामा रहेका उग्रधर्मान्धहरुको जमातमा वैज्ञानिक विचारको प्रचार-प्रसार र विस्तार गर्नमा उनीहरु अत्यन्त वृहद स्तरमा जुट्नु जरुरी छ ।

लुटाह शोषक वर्गका प्रवक्ता सत्तालोलुप राजनीतिक र धार्मिक नेताहरुको चालवाजीको शीकार हुनबाट श्रमजीवी जनतालाई सचेत गराउन नेपालमै पनि सचेत जन-समुदायले प्रयत्न बढाउनु पर्दछ । यो विकृतिको शिकार हाम्रो मुलुक मात्र हुँदैन भन्ने केही छैन ।

करीव डेढ महिनाअघि नेपालगंज-दाङ्ग क्षेत्रमा भएको हिन्दू-मुस्लिम विवादलाई यसको सानो संकेतको रुपमा लिन सकिन्छ ।

गत पुस ३ गते विराटनगर मिल्स एरियामा अज्ञात व्यक्तिद्वारा दुईवटा मन्दिरहरु तोडफोड हुनुले र यसको विरोधमा केही हिन्दूहरु उत्तेजित हुन खोज्नुले यस विषयको गम्भीरतालाई अरु झल्काएको छ ।



# कुर्दिस्तान: कम्युनिष्टहरु नामेट पार्ने सैनिक अभियान

मुरारी अर्याल

**सा**म्राज्यवादीहरुको षड्यन्त्रका कारण इरान, इराक, टर्की र सिरियामा "विनाराष्ट्रका नागरिक" को रुपमा छरिएर रहन बाध्य कुर्द जातिका मानिसहरु बीच कार्यरत सबैभन्दा शक्तिशाली कम्यूनिष्ट पार्टी PKK - (Kurdish People's Party) का गतिविधिहरुका बारेमा हामीले हाम्रो वर्ष १० अंक २ मा पनि यसै स्तंभ अन्तरगत एउटा विवरण प्रस्तुत गरेका थियौ । १९७१ देखि नै एउटा स्वतन्त्र, सार्वभौम तथा नयाँ-जनवादी, समाजवादी कुर्दिस्थानको स्थापना गर्ने उद्देश्यले माथि उल्लिखित चारैवटा मुलुकका प्रतिकृयावादी शासकहरु विरुद्ध राष्ट्रिय मुक्ति युद्धको संचालन गर्दै आएको PKK का वर्तमान गतिविधिहरु उल्लेख भएकाले यहाँ सो पार्टीको र यसले संचालन गरेको मुक्ति-युद्धको ताजा हाल प्रस्तुत गरिएको छ ।

कसरी कुर्द जातिलाई नै गोटी बनाएर प्रगतिशील कुर्द जातिका विरुद्ध साम्राज्यवादीहरुले प्रयोग गरिरहेका छन् एवं कम्युनिष्टहरुको विरुद्ध पाइला चाल्नुपर्दा कसरी त्यस क्षेत्रका प्रतिकृयावादी शासकहरु अर्को मुलुकले आफ्नो मुलुकमा अनधिकृत रुपले प्रवेश गर्दा पनि मौन र हुने गरेका छन् भन्ने कुराको प्रत्यक्ष प्रमाण हालका घटनाहरुले दिएका छन् ।

-सं....

गत असोजको तेश्रो साताभित्र टर्कीका क्षेप्यास्त्र-बाहक विमानहरुले उत्तरी इराकको कुर्द क्षेत्रमा हज्जारौं पटक बम वर्षा गरे । केही साता अगाडि मात्र आफैंले संचालन गरेको निर्वाचन-नाटकमा आफूले आफैंलाई विजयी भएको घोषणा गरेको कुर्द प्रजातान्त्रिक पार्टीका सशस्त्र कार्यकर्ताहरुले टर्कीको सीमा नजीक तथा किर्कुक एवं अन्य शहरहरुमा एकाएक आक्रमण शुरु गरे । नविनतम आक्रमणका यी घटनाहरुबाट लगभग एक अरब रुपियाको क्षति पुगेको, झण्डै एकसय पचहत्तर मानिसहरुको ज्यान गएको र एक हजारभन्दा बढी मानिसहरु घाइते भएको समाचार एमनेस्टी इन्टरनेशनलले दिएको छ । (कुर्द स्थितिबारे बुलेटिन-९ अक्टोबर, १९९२) रेडक्रसको अन्तरराष्ट्रिय समितिले आफूलाई कार्य गर्न नदिएको क्षेत्र भनेर बताउने उत्तरी इराकमा एमनेस्टी जस्ता अन्य संस्था मार्फत प्राप्त सूचना भनी त्यहाँ तत्काल राहत कार्य आवश्यक छ भनेर असोज २१ र २२ गतेका दिन लगातार दुईवटा अन्तराष्ट्रिय अपील गरेको छ ।

किर्कुक तथा अन्य उत्तरी इराकी शहर तथा गाउँ-हरुमा टर्की र कुर्द प्रजातान्त्रिक दलका मान्छेहरुले एकाएक शुरु गरेको आक्रमणको निशाना को रहेका छन् ?

सद्धाम हुसेन र सद्धाम हुसेनका सेनाहरु ?

-हैन ।

यो आक्रमणको तारो बनाइएका छन्- कुर्दिस श्रमिक दल (PKK) को मुख्यालय, PKK का समर्थहरुको वस्ती, उनीहरुद्वारा संचालित विद्यालय तथा शरणार्थी आवास गृह एवं यस्तै सामाजिक महत्वका केन्द्रहरु ।

सद्दाम हुसेनको नजीक मानिने इराकी सूचना अधिकारी तनवीर अफजल अल जौहरले यस विषयमा प्रतिकृया व्यक्त गर्दै भनेका छन्-"कुर्दहरु आफआफैं लडेर ध्वंस भएको हाम्रो लागि राम्रो, कुर्द पार्टीको मुख्यालयमा टर्कीको जहाजले विस्फोट गराएको हाम्रो निम्ति झनै राम्रो ।"

उत्तरी इराक संयुक्त राष्ट्रसंघले खाडी युद्धपछि प्रतिबन्ध लगाएको "उडान निशिद्ध क्षेत्र" भित्र पर्दछ । PKK का सूचना विभागका प्रमुखले पेरिसमा गत असोज २० गतेको दिन "एजेन्सी फ्रान्से प्रेसे" (AFP) लाई एउटा साक्षात्कारको क्रममा उल्टै प्रश्न राखे- "कृपा गरेर राष्ट्रसंघलाई यो प्रश्न सोध्नोस् कि उडान निशिद्धताको अर्थ इराकी जहाज मात्र उड्न नपाउने कि कुनै पनि वम वर्षकले उड्न नपाउने ?"

राष्ट्रसंघ यसबारे मौन छ र पश्चिम पूँजीवादी प्रेस खाडीयुद्धमा इराक विरुद्ध सहायता गरे वापत तुर्गुल ओजाल (टर्कीका राष्ट्रपति) र टर्की समर्थक इराकी कुर्द प्रजातान्त्रिक दलका महमद बरजानीलाई हत्याका बावजूद "देवदूत" ठान्दछ ।

मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई आफ्नो मार्ग दर्शक सिद्धान्त मान्ने PKK यतिबेला पनि कुर्दहरुको राष्ट्रिय एकता र राष्ट्रिय मुक्ति युद्धको पक्षमा छ । राष्ट्रिय मुक्ति युद्धलाई पनि वर्ग-संघर्षको विश्वव्यापी महत्तासंग जोड्नै पर्छ भन्ने मान्यता राख्ने PKK को विरुद्ध कुर्दहरुलाई चारवटा देश र थुप्रै सामाजिक असमानता एवं विविधता बीच विभाजित गरी एउटा राष्ट्र र सिंगो जातिलाई जागृत हुन नदिने कार्यमा कृयाशील सम्पूर्ण मुलुकहरु र विश्व साम्राज्यवाद एक जुट भएका छन् ।

PKK का सूचना विभागका प्रमुख नाजद अल तारीकले गत असोज तेश्रो साताको यो संयुक्त आक्रामण कार्यलाई एकीकृत कुर्द जातिको संयुक्त मुक्ति अभियान विरुद्ध विगत दशकको कूल कारवाही भन्दा पनि ठूलो सैनिक कारवाही भनेर वर्णन गरेका छन् ।


नाजदले भनेका छन्- "टर्कीका वम बर्षकहरुले इराकी भूमिमा प्रवेश गरेकोमा सद्दाम हुसेनले विरोध हैन, समर्थन गरेका छन्, बरजानीहरुले PKK लाई आतंकवादी संगठन र टर्कीको विरुद्ध इराकी भूमि प्रयोग गर्न खोज्ने अपराधी भनेर निन्दा गरेका छन् । "आतंकवाद विरुद्ध टर्कीले संचालन गरेको उल्लेखनीय कार्य" भनेर अमेरिकाले यसको स्वागत गरेको छ र फ्रान्सले PKK समर्थक मानिने कुर्दहरुलाई मुलुक छोड्न दिने विचार गरिएको समाचार औपचारिक रुपमा नै जारी गरेको छ। PKK राष्ट्रिय मुक्ति युद्ध लड्न मार्क्सवादको हतियार बोकेर हिँडेकोमा उनीहरुलाई आपत्ति छ, नत्र भने फ्रान्स विरुद्ध PKK को कुनै कार्य लक्षित छैन- यहाँ सम्म कि हामी अमेरिका विरुद्ध समेत पनि आफ्ना कार्यक्रम संचालन गरिराखेका छैनौं । यी सबका बाबजुद पनि सद्धाम, ओजाल, बुस र मित्तेराँहरु, बरजानी समेतलाई अगाडि सारी हाम्रा विरुद्ध एकजुट भएका छन् । यसले देखाउँछ-उनीहरु सद्दाम हुसेन विरोधी होइनन्, कुर्द विरोधी हुन् ।"

PKK कुर्दहरु छरिएर रहेका चारैवटा मुलुकहरुमा कृयाशील एउटा राष्ट्रिय स्तरको दल हो । PKK बाहेक जति कुर्द पार्टीहरु छन्, ती सबै एउटा मुलुकमा मात्र कृयाशील र सो मुलुकका शासकहरुको विरुद्ध छिमेकी मुलुकका शासकहरुको हातको गोटी भएका मात्र देखिन्छन् । कुर्द जातिलाई विभाजित गर्ने र कुर्दहरुलाई आत्म निर्णय एवं राष्ट्रिय एकताको अधिकार नदिने विषयमा चारवटै मुलुकहरु र अमेरिकी साम्राज्यवाद बीच मतऐक्यता रहेको छ ।

"जुलाई (असार-साउन) देखिका महिनाहरु हाम्रा लागि विशेष कष्टकारक भएका छन्"- PKK का छापा-मार दस्ताका टोली नेता महमुद अल सैद बताउँछन् ।

इरानको दैनिक पत्र "अल पास" मा प्रकाशित उनको अन्तवार्ता (अगष्ट १९, १९९२) टर्कीको भूमिमा लिइएको थियो ।

"छापामारहरुको जीवन त त्यसै कष्टकारक हुन्छ नि, हुन्न र ? "अल पास" का सम्वाददाता सलीम तारनेहको प्रश्नको जवाफमा सैत भन्छन्-" सिद्धान्ततः जनताको बीचमा रहेको अवस्थामा कष्टकारक हुन्न, तर सबभन्दा कम कष्ट यसरी तपाईहरुसँग अन्तर्वाता दिइरहेको समयमा हुन्छ ।"



कुर्दिस्तानका लागि लडिरहेका युवतीहरु

चारैवटा मुलुकका प्रतिकृयावादी संयुक्त सेना, सबै मुलुकभित्र रहेका स्व-जातिका दुस्मन र प्रतिकूल अन्तर-राष्ट्रिय परिस्थितिका बाबजूद यत्तिको मजाकिलो र रसिक जवाफ आसै नगरेका सम्वाददाता सलिम तारनेह आफ्नो टीप्पणीमा लेख्छन्-" तुदेह (इरानको पूर्व सोभियत कम्यूनिष्ट पार्टी)का छापामारहरुमा यस किसिमको संघर्षलाई स्वाभाविक रुपमा लिने प्रवृत्ति भएको भए इरान मुल्ला-हरुको हातमा हैन, कम्युनिष्टहरुको हातमा हुन्थ्यो । इरानको भविष्य अहिलेको भन्दा निकै राम्रो हुन्थ्यो ।"

यसैबीच, PKK को मुख्यालय नष्ट पारिएको दावा टर्कीले गरेको छ । इराक सरकारले आफ्नो भूमिमा PKKको मुख्यालय नभएको दावी गरेको छ। PKK का नाज्फको भनाइ छ-" PKK को मुख्यालय कुर्दिस्थानमा छ र त्यसलाई अहिलेसम्मको इराकी या तुर्की आक्रमणले छुन पनि सकेको छैन ।

बरजानीको भनाइ छ-" हामीले PKK लाई पनि हाम्रो क्षेत्रको चुनावमा भाग लिने भए लेओ भनेकै हो, अब उनीहरु चुनाव नमानेर हिंसामा उत्रेपछि टर्कीले आफ्नो सुरक्षा त गर्नैपर्‍यो नि !"

PKK ले सेप्टेम्बर १८ (गत असोज २ गते) को दिन जारी गरेको एउटा सर्कुलरमा भनेको थियो- "कुर्दिस्थानको हाल इराकी कब्जामा रहेको भूमि तुर्की सेनाको सुपरिवेक्षणमा र तुर्कीको कब्जामा रहेको कुर्द भूमिमा इराकी बन्दूकको आडमा गरिने चुनावलाई हामी अस्वीकार गर्दछौं ।"

गत असार-साउनमा PKK विरुद्ध तुर्की सेनाले सिरियाभित्र प्रवेश गरेर आक्रमण गर्दा दुईजना सिरियाली सैनिकको समेत हत्या भएको थियो । यसका बाबजूद हाफेज असदले ओजाललाई औपचारिक विरोध-पत्र समेत पठाएनन् । किन ?-नाज्फले ठूलो प्रश्न उठाएका छन् ।

इराकी भूमिमा तुर्की जहाजहरुलाई प्रवेश गर्ने अधिकार राष्ट्रसंघले दिएको छैन तापनि तुर्की सेनाको सशस्त्र उपस्थिति किर्कुक जस्तो महत्वपूर्ण शहरमा समेत छ किन ?- यो प्रश्न पनि नाज्फले नै उठाएका छन् ।

गत भाद्र २८ यता कुर्दिस क्षेत्रमा विशेष-दस्ता तैनाथ गर्न अमेरिकीहरुले ओजाललाई अह्‍याएका छन् भन्ने नाज्फको दावी छ। यसको जवाफमा उनी आफैं भन्छन्- "पेरुमा साइनिङ पाथविरुद्ध का. गोन्जालोको गिरफ्तारीले विजय पायो भनेर उनीहरु कुर्द विरुद्ध खनिएका छन् ।"

नोभेम्बर र डिसेम्बर महिनाभित्र कुर्दिस कम्यूनिष्ट-हरुलाई सखाप पार्ने विषयमा इराकी र तुर्की सरकार-हरुबीच गोप्य सहमति भएको छ भन्ने समाचार नोवेम्बर १५, १९९२ को फ्रेन्च दैनिक "ला फिगारो" ले प्रकाशित गरेपछि तुर्की सेनालाई इराकी भूमिभित्र निर्वाध रुपमा प्रवेश सुविधाको रहस्य खुलेको छ । तुर्की सेनाको आक्रमणले तीन हजारभन्दा बढी कुर्दहरु मारिंदा समेत मानव अधिकारको थर्को बजाउने पश्चिममा प्रेस जगत र अमेरिकी प्रशासन एवं राष्ट्रसंघीय निकायहरु केही नबोल्नुले थप रहस्य स्वतः उद्घाटित गरेको छ । पश्चिममा प्रेस र एम्नेष्टि इन्टरनेशनलले दिएको प्रतिवेदन अनुसार मारिएका कुर्दहरु मध्ये सबभन्दा बढी केटाकेटीहरु र महिलाहरु भएको तथ्यले समेत विश्व मानव अधिकारका वकिलहरुको मुख खुलाउन सकेको छैन ।

नोभेम्बरको दोश्रो हप्तामा एमनेष्टि इन्टरनेशनलले कुर्दिस्तानमा तुर्की सेनाको अत्याचारबारे लण्डनमा एउटा पत्रकार सम्मेलन गरेको थियो। कुर्दिस्तानमा भएको त्यो अत्याचारले हिटलरले यहुदीहरु विरुद्ध प्रयोग गरेको ग्यास च्याम्बरको अत्याचारलाई समेत माथ गर्ने निस्कर्ष एमनेष्टिले निकालेको छ ।

यसै बीच PKK को मुख्यालय ध्वस्त पारिएको तुर्की सरकारको दावीपछि इराकी कुर्दिस्तानको कम्यूनिष्ट विरोधी पार्टीका प्रमुखहरुसंग तुर्की पुलिसका प्रमुखले भेटेको समाचार प्राप्त भएको छ। सद्दाम हुसेन विरोधी मानिने ती पार्टीहरु बगदादको सत्तासंग भन्दापनि बढी PKK संग शत्रुता राख्दछन् । PKK का विरुद्ध सम्पूर्ण साम्राज्यवादी, विस्तारवादी, संकीर्ण राष्ट्रवादी एवं स्थानीय प्रतिकृयावादीहरुको व्यापक संयुक्त-मोर्चा तयार भएको भएतापनि कुर्द जाति विभाजित गरी राख्ने प्रतिकृयावादी षड्यन्त्र र जन समुदायविरुद्ध संचालित शोषणप्रकृया समाप्त नभएसम्म PKK समाप्त नहुने निश्चित देखिन्छ ।

## खमेर रुजमाथि तेलको नाकाबन्दी

अमेरिकी साम्राज्यवाद र उसको कठपुतली सरकार विरोधी सशस्त्र राष्ट्रिय मुक्ति- युद्ध लडी १७ अप्रिल १९७५ मा मुक्त गरिएको कम्पुचियामा १९७९ सालसम्म शासन गरेको खमेर रुज (लाल खमेर)को वामपन्थी सरकारलाई भियतनामी अतिक्रमणकारीहरुले अपदस्थ गरी हेङग सामरिनको कठपुतली शासन स्थापना गरेपश्चात शुरु भएको १३ वर्ष लामो गृहयुद्ध पेरिस सम्झौतापछि रोकिएको छ । तर खमेर रुजद्वारा भियतनामी सैनिकहरु अझै पनि कम्पुचियामा विशेष सैनिक दल र सैन्य-सल्लाहकारको भेषमा रहीरहेको आरोपमाथि कडाईपूर्वक जाँचबुझ नै नगरीकन संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले खमेर रुजले युद्धविराम भंग गरेको आफ्ना ७० प्रतिशत सैनिकलाई निशस्त्र नपारेको र शान्ति सेनामाथि आक्रमण गरेको आरोप लगाई तेलको नाकाबन्दी गरेको छ । ४० हजार सैनिक भएको सबैभन्दा बलियो छापा-मार समूह खमेर रुजद्वारा नियन्त्रित केन्द्रिय तथा उत्तर-पश्चिमी विशाल जनघनत्वयुक्त भूभागमा थाई सीमाबाट तेलको आपूर्ति बन्द गरिएको यस नाकाबन्दीपछि अझ सख्त आर्थिक नाकाबन्दी-टिम्बर, खनिज पदार्थ र मूल्यवान ढुंगाहरु निर्यात गर्ने काम रोक्ने- नाकाबन्दी लगाई "शान्ति"प्रकृयामा जवर्जस्ती भाग लिन लगाउने धम्की संयुक्त राष्ट्रसंघले दिई-सकेको छ, जसले गर्दा त्यहाँ पुनः गृहयुद्ध चर्किने संभावना बढेको छ ।

## पिपुल्स वार ग्रुप र माओवादी कम्युनिष्ट सेन्टर एकीकरणतिर

अर्ध औपनिवेशिक र अर्द्ध सामन्ती राज्य-चरित्रयुक्त भारतमा साम्राज्यवाद विरोधी संघर्ष र कृषि क्रान्तिको माध्यमबाट हुने नयाँ जनवादी क्रान्ति जनयुद्ध मार्फत सम्पन्न गर्ने एकै उद्देश्य भएका भारतका दुई सशस्त्र संघर्षरत प्रति-बन्धित मार्क्सवादी, लेनिनवादी, माओवादी पार्टीहरु- पिपुल्स वार ग्रुप (PWG) र माओवादी कम्युनिष्ट सेन्टर (MCC) बीच पार्टी एकीकरणका लागि उच्चस्तरीय प्रयास भैरहेको खबर छ ।

खबर अनुसार, एकीकरणपछि बन्ने नयाँ पार्टीको नाम "भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी-माओवादी)" राख्ने कुरा प्रस्तावित भएको छ। १९७० मा पश्चिम बंगालको दक्षिण परगना जिल्लामा मार्क्सवादी नेताहरु अमूल्य सेन र कनाई चटर्जीद्वारा स्थापित माओवादी कम्युनिष्ट पार्टी हाल का.सोमको नेतृत्वमा उडिसा, उत्तरप्रदेश र विहारको धनवाद, गिरिदह, पलामु, गया, छत्तरा, औरंगावाद, जेहनावाद र हजारीवागमा कार्यरत छ र १५ वर्ष अगाडिदेखि भूमिगत रुपमा सशस्त्र संघर्ष गर्दै मध्य प्रदेश, उडिसा र महाराष्ट्रमा आधार इलाकाहरु निर्माण गर्दै आन्ध्र प्रदेशमा त समानान्तर सरकार नचलाइदै आइरहेको मानिने पिपुल्स वार ग्रुप अहिले मुप्पला लक्ष्मणको नेतृत्वमा संघर्षरत छ ।

यी दुई भूमिगत पार्टीबीच अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक स्थितिको बारेमा रहेका मतभिन्नतालाई हल गर्न उच्चस्तरीय नेतृत्व स्तरमा वार्ता गर्ने र आ-आफ्ना पार्टी दस्ता-वेजहरु साटासाट गरी व्यापक अन्तर्क्रिया चलिरहेको खबर छ । यसैबीच सामन्तवाद र साम्राज्यवाद विरोधी मोर्चा बनाउने क्रममा यी दुई पार्टीले आ-आफ्ना प्रतिनिधिहरु राखी, हालै मात्र दुईवटा संगठनहरु-"अल इण्डिया लीग फर रिभोल्यूशनरी कल्चर" र "अल इण्डिया पिपुल्स रेसिस्टेन्स फोरम" निर्माण गरिसकेको पनि थाहा भएको छ ।

## ताजिकिस्तानमा वामपन्थी र इस्लामी कट्टरपन्थी बीच संघर्ष जारी

कट्टरपन्थी इस्लामी डेमोक्राटिक मोर्चाद्वारा सत्ताच्युत गरिएका ताजिकिस्तानका भूतपूर्व राष्ट्रपति र खमोन नवीयफ समर्थक वामपन्थीहरुले ताजिक संसद पुनः कब्जा गरेर नयाँ राष्ट्रपति चुनीसकेता पनि छ महिना अगाडिदेखि भईरहेको गृहयुद्ध रोकिएको छैन। परस्पर युद्धरत गुरिल्लाहरुबीच युद्ध विराम सम्झौता भइसकेको र रुसी, कजाखस्तानी, किर्घिस्तानी र उज्बेकीस्तानी शान्ति सेनाको प्रयोग भइरहेता पनि राजधानी दुशान्वे लगायत त्यस वरिपरिका गाउँहरुमा गृहयुद्ध जारी छ ।

## स्लोभेनियाको राष्ट्रपति पदमा वामपन्थी विजयी !

युगोस्लाभियामा पनि "समाजवाद" को पतन भई पूँजीवादी प्रतिक्रान्ति भएपछि युगोस्लाभियाको विभाजनबाट गतवर्ष बनेको सानो स्वतन्त्र देश स्लोभेनियाको पहिलो निर्वाचनमै स्वतन्त्र वामपन्थी उम्मेदवार मिलान कुकान ६४ प्रतिशत भन्दा बढी मत लिई अन्य ७ जना उम्मेदवारहरुलाई हराई राष्ट्रपति निर्वाचित भएका छन्। उनी अविभाजित युगोस्लाभिया अन्तर्गत रहेको स्लोभेनियामा १९९०मा भएको निर्वाचनमा प्रथम पटक निर्वाचित भएका थिए ।

रुद्र खरेलको निबन्ध-संग्रह "तपाईंको नाम के हो?" बजारमा उपलब्ध छ।

# प्रत्येक क्रान्तिकारी पार्टीले सांस्कृतिक क्रान्ति गर्नै पर्छ

## समाजवाद किन विफल भयो ?

### बंगलादेशका वामपन्थीहरु के सोचिरहेछन् ?

-का. हैदर अकबर खान रानो
का.मु.-महासचिव तथा पोलिटव्यूरो सदस्य
बंगलादेश श्रमिक पार्टी
(Workers Party of Bangladesh)

## के समाजवादको मृत्यु भएको हो ?



***का. हैदर अकबर खान रानो गएको महीना नेपाल आउनु भएको थियो- कोरियाली प्रायद्वीपलाई आणविक हतियारमुक्त बनाउने सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन। रुसमा र पूर्वी यूरोपका केही मुलुकहरुमा समाजवादको प्रयोग विफल हुनुका कारणबारे बंगलादेशका कम्युनिष्टहरु के सोचिरहेछन् ? यो सान्दर्भिक जिज्ञासा मेट्न हाम्रा प्रधान-सम्पादकले सम्मेलनस्थलमा गत असोज ३० गते का. रानोसँग एक टेपवार्ता लिनु भएको थियो। प्रस्तुत छ, उक्त वार्ताको अनुदित सारसंक्षेप।***

***बंगलादेशमा " कम्युनिष्ट पार्टी "का रुपमा कार्यरत तीन वटा पार्टीहरुमध्ये बंगलादेश श्रमिक पार्टी त्यसमध्येको एउटा शक्तिशाली पार्टी भएको र त्यसले आफ्नो निर्देशक सिद्धान्तका रुपमा मार्क्सवाद लेनिनवाद माओ विचारधारा मान्ने गरेको कुरा का. रानोसँगको कुराकानीबाट जानकारी मिलेको थियो।-सं.***

***का. रानो! सोभियत संघ र पूर्वी यूरोपका केही मुलुकमा समाजवादको प्रयोग विफल हुनाको आधारभूत कारण तपाई के ठान्नुहुन्छ ?***

म समाजवाद विफल भयो भन्ने ठान्दिन। विचारको रुपमा समाजवाद विफल भएको छैन। तर यो साँचो हो कि सोभियत संघ र पूर्वी यूरोपमा निर्मित केही समाजवादी व्यवस्थाहरु घरायशी भएका छन्। विश्वमा समाजवादको निम्ति यो अस्थायी पराजय हो।

यो बिफलता पछाडिको आधारभूत कारण के हो भने, ती देशका सत्तारुढ पार्टीहरु पछिल्लो समयमा सडेर गए। तिनीहरुले मार्क्सवाद लेनिनवाद ग्रहण गरेनन्, त्यसको सट्टा समाजवादमा संशोधित विचारहरु लागू गरे। त्यो भनेको संशोधनवाद हो। विकसित भईरहेको समाजवादी व्यवस्था विफल हुनुको कारण नै संशोधनवाद हो।

समाजवादले ती मुलुकहरु र विश्वमै निकै ठूलो योगदान दिएको थियो। सोभियत संघ र पूर्वी यूरोपका देशहरुमा लागू भएको समाजवादले के देखायो भने समाजवाद मार्फत अविकसित देशहरुले निकै छिटो बिकास गर्न सक्छन्। एउटा पछौटे सोभियत संघ महाशक्ति बन्न पुग्यो। १९३० को दशकमा सोभियत संघले गरेको विकास आश्चर्यजनक थियो। यो विश्वको इतिहास मै नै एउटा रिकर्ड थियो। दोश्रो कुरा समाजवादले धनी र गरीब बीचको भिन्नता, शोषक र शोषित बीचको भिन्नता हटाउने सामर्थ्य देखायो। विश्वकै इतिहासमा पहिलो पटक सोभियत संघ, चीन र अन्य मुलुकमा शोषणबाट मुक्त आर्थिक व्यवस्था स्थापना गरियो। मानव सभ्यतामा यो एउटा महान उपलब्धि थियो। तेस्रो कुरा, यो सोभियत संघको त्यही समाजवाद नै थियो जसले नाजीशक्ति र फाशिष्ट शक्तिलाई पराजित गर्न सक्यो र पूरै संसारलाई उनीहरुको पंजाबाट बचाउन सक्यो। चौथो, बलियो समाजबादी व्यवस्थाकै कारणले शान्तिलाई सुनिश्चित पार्न संभव भयो।

तर पछि तिनै सत्तारुढ पार्टीहरु बिग्रिन पुगे। मार्क्सवाद-लेनिनवादलाई नै उनीहरुले संशोधन गरे। यही संशोधनवादको अभ्यासको कारणले समाजवाद विफल हुन पुग्यो।

***कसरी र किन लेनिन जस्ता मानिसले स्थापना गरेको पार्टीमा त्यस्ता बिग्रेका मानिसहरुले, संशोधनवादी मानिसहरुले सत्ता हत्याउन पुगे त ? किन उनीहरुको उद्भव संभव भयो ? उनीहरु सत्तामा आउन सक्नुको पछाडिको कारण के हो ?***

अँ मैले बुझें। यसले एउटा लामो कथाको माग गर्छ। छोटो समयमा यो बताउन संभव छैन।

***म तपाईलाई संशोधनवादीहरु सत्तारुढ हुन सक्नुको आधारभूत कारण मात्र सोध्दैछु। प्रश्न के मात्रै छ भने किन खुश्चोभ जस्ता मानिसहरु पार्टीमा बसिरहन र सत्तामा आउन सके त ? कारण के हो यसको ?***



सोभियत संघले निकै गाह्रो परिस्थितिमा समाजवादको विकास गर्नु परेको थियो, त्यो पनि एकदम पछौटे देशमा। उसको लगातार युद्ध लड्नु परेको थियो। पछि त दोस्रो विश्व युद्धै भयो। समाजवादी क्रान्ति सफल त भयो तर सोभियत संघमा यो दौरानमा कम्युनिष्ट पार्टीले थुप्रै विरोधी शक्तिहरुलाई खत्तम पार्न सकेन। स्टालीन, जसको ठूलो सम्मान थियो, उहाँको नेतृत्वले सांस्कृतिक क्रान्ति सम्पन्न गर्न सकेन। आर्थिक रुपले शोषक वर्गहरु खत्तम पारिए, समाजवादको स्थापना पनि भो, तर मानिसको बानी व्यहोरा यथावत रह्यो। समाजमा थुप्रै गैर-समाजवादी विचारहरु यथावत रहे। यसको विरुद्ध सांस्कृतिक क्रान्ति गरिएन, जुन प्रत्येक क्रान्तिकारी पार्टीले गर्नै पर्दछ। ठीक समयमा ठीक पाइला चाल्नै पर्दछ।

तपाईले सोभियत पार्टीको१९ औं महाधिवेशनको रिपोर्ट र त्यसमा स्टालीनको रिपोर्ट पढ्नु भयो भने यसको स्वीकारोक्ति पाउनु हुनेछ। त्यसमा यी जम्मै कुराहरुमा स्टालीनको चासो रहेको पाउनु हुनेछ। समाजभित्र, पार्टीभित्र समेत बेठीक प्रकृतिहरु बाँकी छन् भनेर त्यसमा लेखिएको छ। तपाईले स्टालीनको "सोभियत संघमा आर्थिक समस्याहरु" भन्ने पुस्तकको अन्तिम अंशतिर पनि यो सवालबारे स्टालीनको चासो भेट्न सक्नु हुन्छ।

समाजवाद एउटा व्यवस्था हो। ७० वर्षको अवधिमा यसले यी सबै समस्याहरु हल गर्न सक्छ भनेर, पूँजीवादसंग जुध्न सक्छ भनेर आशा गर्न सकिन्न। ७० वर्ष भनेको निकै छोटो अवधि हो।

सामन्तवाद विरुद्धको पूँजीवादको संघर्षले पनि लामो अवधि लिएको थियो। फ्रान्समा १७८९ मा पूँजीवादी क्रान्ति सफल भयो। फेरि नेपोलियन आए। उनी फेरि सम्राट भए। नेपोलियनलाई फालियो। फेरि पुरानै राजतन्त्र फर्कियो। फेरि १८३०मा पूँजीवादी क्रान्ति भयो। त्यसपछि १८४८ मा फेरि पूँजीवादी क्रान्ति गर्नु पर्ने स्थिति आयो। संसारको इतिहासमा यस्तो पटक पटक, ठाउँ ठाउँमा भएको छ। तर जम्मामा हेर्ने हो भने सामन्तवाद दिगो रहेको छैन, अन्तत फ्रान्समा पूँजीवादकै बिजय भएको छ।

इतिहास यसरी सिधा बाटो हिंड्दैन र इतिहासमा उकाला ओरालाहरु हुन्छन्। अहिले समाजवाद पनि क्षणिक रुपमा पराजित भएको छ। तर म विश्वास गर्छु: इतिहास अगाडिको दिशातर्फ बढ्नेछ। क्षणिक रुपमा विफलता हात लागेको छ। थोरै नोक्सानी भएको छ। तर इतिहासको लामो प्रक्रियामा समाज अग्र दिशामा बढ्नेछ। इतिहास समाजवादको दिशामा अघि बढ्नेछ।

***तर कसरी खुश्चोभजस्ता मानिसहरु पार्टीको महासचिव हुन सक्ने गरी स्टालीनको पार्टीमा रही***

***रहन सके त ? सोभियत कम्युनिष्ट पार्टीमा त्यस्तो के दोष विद्यमान थियो, जसले यस्तो हुन संभव पार्‍यो ?***

मैले यसको आंशिक जवाफ त माथि दिईसकें । म तपाईको प्रश्नको पूरापूर जवाफ दिन प्रयत्न गर्नेछु ।

क्रान्तिपछि पनि ट्राट्स्की जस्ता मानिसहरु बाँकी रहे । पार्टी सजग हुनु पर्थ्यो । तर पार्टी सधैं सजग रहन सकेन । अरु पनि समस्याहरु रहे । समाजवाद लागू गरेको पूर्व अनुभव थिएन । त्यसैले लेनिन र स्टालीनले आफ्नो समयमा गल्ती गरेनन्, यस्तो भन्न सकिन्न । तर उहाँहरुको गल्ती भए पनि उहाँहरुको योगदानको तुलनामा ती गल्तीहरु नगन्य छन् । उदाहरणको निम्ति- एउटा गल्ती के हो भने पार्टी- नोकरशाही विकसित भयो । स्टालीन कै समयमा पनि यो बढ्यो । पछि यो झन झन सुदृढ हुँदै गयो । भित्री पार्टी जनवाद कायम हुन पाएन । सही जनवाद त्यहाँ हावी हुनै पाएन, समाजमा पनि र पार्टीमा पनि ।

पार्टीका सामुन्ने केही बाध्यताहरु पनि रहे । जस्तो कि १९३० को ताक कुलकहरुलाई खत्तम पार्नु पर्ने भयो । तर मध्यम किसानहरु जो ठूलो संख्यामा थिए, उनीहरुले पनि कुलकहरुकै पक्ष लिए । बाहिरबाट आक्रमणको संभावना थियो । त्यसैले छिटो छिटो गतिमा विकास गर्नु जरुरी थियो । कृषि क्षेत्रबाट कोष जम्मा गर्नु जरुरी थियो । त्यसैले



**"म समाजवाद विफल भयो भन्ने ठान्दिन"**
**-का. रानो**

हतार हतारमा कृषिको सामूहिकीकरण गरियो । मध्यम किसानहरु स्टालीनको विरुद्धमा खडा भए। यसरी चुसाहा वर्ग त खतम पारियो । मध्यम वर्ग कामदार वर्गमा बदलिए, सामूहिक खेतीपातीमा काम गर्न थाले । तर मध्यम किसानहरु भित्रभित्रै सत्ताका विरोधी रहीरहे । यसमा होशियारीको जरुरत थियो । संझाइ, बुझाइको जरुरत थियो । मध्यम किसानलाई बलजफ्ती सामूहिक खेतीमा धकेल्नु हुन्नथ्यो । स्तालीनको रचना हेर्नु भयो भने तपाई यस्तो सजगताबारे लेखिएको पाउनु हुन्छ । तर व्यवहारमा यस्तो गरिएन । गाउँले क्षेत्रका कार्यकर्ताहरुले त्यति होशियारीपूर्ण ढंगले कार्य गर्न सकेनन् । त्यसैले केही अतिहरु भए । पछि तिनीहरुका पछिल्लो पुस्ताले त्यो अति बिर्सेनन् । उनीहरुका बाबू बाजेमाथि भएको अचाक्ली भुलेनन् । त्यसैले उनीहरु सोभियत विरोधी भावना पालीराखे । पछि उनीहरुमध्ये कोही बुद्धिजीवी भए, कोही नेता भए, कोही पार्टीभित्र प्रवेश गरे । संशोधनवादी विचार पाल्ने र विग्रिनेहरुको जरो कारण यही थियो ।

हेर्नुहोस्, केही अवसरवादीहरु चिन्न सकिन्छ । पार्टी प्रक्रिया अनुसार तिनीहरुलाई हटाउन पनि सकिन्छ । तर बानीव्यहोरा र विचारहरुलाई त्यति सजिलै उन्मूलन गर्न सकिन्न । विचारलाई उन्मूलन गर्न त सांस्कृतिक क्रान्तिकै प्रक्रिया चाहिन्छ, जुन त्यहाँ भएन, यसबारे मैले माथि नै भनी सकें । पार्टीमा अवसरवादी प्रवृत्ति थियो । त्यसलाई बेलैमा पूरै चिन्ने र खतम गर्ने काम भएन । खुश्चोभ निकै चलाख मानिस थियो । उसले मार्क्सवादी लेनिनवादी भएको बहाना गर्‍यो । तर जब खासै मौका आयो, उसले आफ्नो पछाडि तिनै अवसरवादी तत्वलाई संगठित गर्नसक्यो र महासचिव भयो ।

त्यसैले मुख्य कुरा के हो भने- यदि सांस्कृतिक क्रान्ति सम्पन्न गरिएन भने र नेतृत्व विचारधारात्मक रुपमा बलियो स्थितिमा भएन र यो बलियो स्थिति लामो समय सम्म कायमै राखिएन भने, समाजवाद असफल हुने खतरा जहिले पनि टड्कारो रहीरहन्छ । सोभियत संघ र पूर्वी यूरोपमा घटेको घटनाबाट हामीले यही पाठ सिक्नु पर्दछ ।

# नेपालको कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याहरु

## मुख्य शत्रुबारेमा हामीमा अझै अल्मल बाँकी नै रहेको छ

***– का. रोहित, नेता, ने.म.कि.पा***

***आम जनताले आशावादी भएर नेपालको वामपन्थी आन्दोलनलाई लिईरहेको छ । तर यो आन्दोलन किन निर्णायक रूपमा अघि बढ्न सकीरहेको छैन ? - यो प्रश्न पनि यो आशावादितासँगै उठीरहेको छ । २००६ सालमा ने.क.पा. स्थापना भए यता ४२ वर्ष बितेको छ, तर अझै यहाँ क्रान्ति संभव भइरहेको छैन र क्रान्तिको स्पष्ट खाका बन्न पनि सकिरहेको छैन । यसको आधारभूत कारण के हो ? यस पटक यस विषयमा हामीले नेपाल मजदूर किसान पार्टीका नेता का. रोहितसँग कुराकानी चलाएका थियौं । प्रस्तुत छन् -उहाँका विचारहरु:***

नेपालको कम्युनिष्ट आन्दोलनले मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ् विचारधारालाई भावुक रुपले स्वीकार गरेको छ र नेपालको बस्तुगत परिस्थितिलाई हेरेर लागू गर्ने कुरामा धेरै कमी र कमजोरीहरु देखा परेका छन् । त्यसैकारणले नेपालको कम्युनिष्ट क्रान्ति अगाडि बढ्न नसकेको हो भन्ने मैले ठम्याएको छु । उदाहरणको निम्ति मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ् विचारधारालाई जे जसरी आफ्नो देशको बस्तुगत परिस्थिति अनुसार लागू गर्नु पर्ने हो, त्यस अनुसार लागू भएन । यसो भन्नुको अर्थ, हाम्रो देशको मुख्य समस्या



ने.क.पा. का संस्थापकहरुः का. निरञ्जन गोविन्द वैद्य, का. पुष्पलाल श्रेष्ठ, का. नरबहादुर कर्माचार्य, का. नारायण बिलास जोशी

के हो र हाम्रा दुस्मनहरुमध्ये पहिलो प्रहार कहाँनिर हान्नु पर्ने हो भन्ने कुरामा हामी अल्मल्लियौं । निश्चय पनि नेपालको चालीस वर्षभन्दा पनि बढी लामो कम्युनिष्ट आन्दोलनमा हाम्रो मुख्य शत्रु को हो भन्ने संबन्धमा अहिलेसम्म पनि अल्मल नै रहेको छ । हाम्रो मुख्य शत्रु सामन्तवाद हो या उपनिवेशवाद हो भन्ने कुरामै यो आन्दोलन अल्मल्लिएको छ ।

वास्तवमा माओत्सेतुङ् विचारधारा अनुसार नै सामन्तवाद र उपनिवेशवादको विरोधमा सँगसँगै जान सकिन्छ तर नेपालको कम्युनिष्ट आन्दोलनको दुर्भाग्य ! यहाँ कुनै पनि शत्रुलाई प्रहार व्यवस्थित रुपले जान सकेको छैन । अर्को कुरा, नेपाल विभिन्न जाति र भाषाभाषीहरुको देश हो, तर तिनीहरुलाई संगठित र सचेत पार्ने र समाजका अन्तर्विरोधहरुलाई सुल्झाउने ढंगले हामी राम्रोसँग जान सकेका छैनौं । यो पनि नेपालको कम्युनिष्ट आन्दोलन अगाडि बढ्न नसक्नुका कारणहरु मध्येको एक हो । अर्को कुरा, हाम्रो कम्यूनिष्ट आन्दोलनका अग्रदूतहरुले किसान आन्दोलनलाई बीचैमा छोडे यसको अर्थ हो-नेपालको कम्युनिष्ट आन्दोलनमा एक बेला संशोधनवाद हावी रहेको थियो । पछि २०१७ पछि पनि हामीले यसलाई समाधान गर्न सकेनौं । हुन त सैद्धान्तिक रुपले हामीले संशोधनवादलाई अस्वीकार गर्‍यौं तर संशोधनवादलाई अस्वीकार गर्नुका साथसाथै हामीले कम्युनिष्ट आन्दोलन-लाई अगाडि बढाउन सकेनौं । क्रान्तिलाई अगाडि बढाउन नसक्नुको असफलताका कारणहरु यिनै हुन ।

***पूरक प्रश्न: हामीले नेपालको बस्तुगत परिस्थिति ठम्याउन सकेनौं भनी तपाईले भन्नु भयो। यस्तो चाहिँ किन भयो ? किन हामी यो ठम्याउन तिर लागेनौं ?***

- मैले अघि पनि भनें मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ् विचारधारालाई हामीले बडो भावुक ढंगले लियौं। यसको मतलव भौतिक परिस्थिति र आध्यात्मिक परिस्थिति बारे हामीले राम्रोसँग चिन्तन गर्नै नसकेको मलाई लाग्दछ । उदाहरणको निम्ति, हामी कुन बाटो लाग्छौं र कसरी लाग्छौं र केही वर्षपछि हामी कुन ठाउँमा पुग्छौं भन्ने कुराको समेत हामीसँग त्यस्तो कुनै खाका र हेन। जस्तो कि ०८ सालदेखि ०११-०१२ सालसम्मको जुन किसान आन्दोलन नेपालको दक्षिणी क्षेत्रमा चल्यो, त्यो आन्दोलनको बीचमा गएर अप्रिय तौर-तरीका अप्नाउनु हुन्न भनेर त्यसलाई फिर्ता लिइयो । त्यो किसान आन्दोलनलाई हामीले न त शान्तिपूर्ण आन्दोलनको रुपमा लग्यौं, न त त्यसलाई सशस्त्र क्रान्तिको रुपमा अगाडि बढाउने ढंगले हामीले लिन सक्यौं । यसको अर्थ हाम्रो नेतृत्व द्विविधामा थियो। शान्तिपूर्ण आन्दोलन गर्ने सीमा रेखा पनि नेतृत्वले त्यसमा कोरेन, त्यसलाई सशस्त्र संघर्षको रुपमा कसरी अगाडि लैजाने भन्ने कुरा त झनै टाढाको कुरा भयो। यस्ता अल्मल्लिने कुराहरुले गर्दा, अथवा अर्को शव्दमा भनौं- मनोगत ढंगले नै नेपालको कम्युनिष्ट आन्दोलन क्रान्तिको निम्ति तयार नहुनाले नै यहाँ क्रान्तिलाई सफलतासम्म पुऱ्याउन नसकिएको हो भन्ने म अनुभव गर्दछु ।

***पूरक प्रश्न: विचारलाई भावुक ढंगले लियौं भनी यहाँले भन्नु भयो। त्यसरी लिइनु हुन्न थियो भने कसरी लिइनु पर्दथ्यो त ?***

- सवैभन्दा पहिलो वर्गीय रुपले हाम्रा शोषित-पीडित जनताहरुलाई व्यापक रुपमा संगठित गर्नु पर्थ्यो र अनि वर्ग-संघर्षकै सिलसिलामा उनीहरुको राजनीतिक चेतनाको विकास गर्नु पर्दथ्यो । साथै सीमित क्षेत्रहरुमा संगठन हुँदैमा हामीले संघर्षलाई चालू गरी हाल्यौं, जसले गर्दा हाम्रो देशको आन्दोलन बडो असन्तुलित भयो ।

उदाहरणको लागि, जव तराइ जाग्यो, पहाड चुपचाप रह्यो, जव पहाड जाग्यो- तराइ चुपचाप लाग्यो। यसरी नेतृत्वले व्यापक रुपले सवै ठाउँमा आन्दोलनलाई विस्तार गर्न सक्नु पर्दथ्यो । जानेर-नजानेर यसो गर्न नसकेर हामीले त्यसबाट धेरै उपलब्धी लिन सकेनौं ।

***पूरक प्रश्न: यहाँले भन्नु भएजस्तै के अहिले हामीले देशव्यापी रुपमा संघर्षको योजना राख्यौं भने नेपालको कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या हल हुन्छ त ?***

- परिस्थिति फेरिईसकेको छ । जव सबै पार्टीहरु प्रतिवन्धित थिए, त्यसबेलाको स्थिति र यो खुला वातावरणको स्थितिमा काम गर्ने शैलीमा भिन्नता ल्याउनै पर्दछ। साथसाथै, २००६ सालमा जव कम्युनिष्ट पार्टीको स्थापना भएको थियो, त्यसवेला देशमा मुस्कीलले ६०-७० लाख जनता मात्रै भएकोले त्यसवेला "जोत्नेलाई जमीन"को नारा दिँदा खेरी कम भन्दा कम हर परिवारले २ विगाहभन्दा बढ्ता जमीन पाउन सक्थ्यो। तर अव २ करोड जनता पुग्न थालेको बेलामा, जमीन जुन पहिले जत्ति नै भएकोले अहिले साँच्चै त्यही कुरालाई हामीले अघि बढाएका खण्डमा एक डेढ-विगाह जमीनले, जहाँ यातायातको वन्दोवस्त राम्रो छैन, पानीको वन्दोवस्त छैन; एउटा परिवारले आफ्ना सन्तानहरुलाई पाल्न-पढाउन नसक्ने स्थिति भएको हुनाले हिजो २००६ सालमा जुन कुरालाई हामी हाम्रो आधारभूत समस्या भनेर लिने गर्थ्यौं, आज त्यसलाई लिएर हाम्रो समस्या समाधान हुनेवाला छैन । यसकारण, यसवारे अहिले अझ गंभीर रुपले छलफल गर्नु पर्ने आवश्यकता म देखिरहेको छु ।

***पूरक प्रश्न: नेपालमा क्रान्तिलाई संभव तुल्याउने हो भने र हाम्रो देशको आधारभूत समस्या हल गर्ने हो भने मूलभूत रुपमा अहिले ध्यान दिनु पर्ने सवाल के के हुन् भन्ने यहाँको ठम्याइ छ ?***

- म त अहिले सवभन्दा पहिले संगठनमै जोड दिनु पर्छ भन्ने ठान्दछु । मजदूरहरु, किसान र वामपन्थी बुद्धिजीवीहरुका बीचमा राम्रो र ठोस संगठन हुनुपर्दछ ।



***हामीले कलेज र स्कूलहरुमै आफूलाई केन्द्रित गरेको हुनाले अहिले नेपालको कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी भावुकता बढ्ता भएको हो ।***
***मलाई लाग्छ, जनताको बीचमा व्यवहारिक रुपले काम गर्नु नै क्रान्तिकारी भावुकताबाट माथि उठ्ने उपाय हो ।***

साथसाथै राजनैतिक चेतनाको विकासलाई अझ ठोस बनाउनु पर्दछ । त्यही सिलसिलामा नेपालको कम्युनिष्ट आन्दोलनमा एकरुपता ल्याउनु पर्दछ । यी तीनवटै कुराहरुलाई हामीले सँगसँगै जोड्न सक्यौं भनेदेखि नेपालको कम्युनिष्ट आन्दोलनको सफलता तुलनात्मक रुपले म अलि नजीक देख्दछु ।

***पूरक प्रश्न: तर तपाईले अघि त मार्क्सवाद-लेनिनवाद-माओ विचारधारालाई हामीले भावनात्मक रुपले लियौं, बस्तुगत रुपले लिएनौं भनी भन्नु भयो। यो बस्तुगत ढंगले लिने समस्या के तपाईले अहिले भन्नु भए जस्तै गर्नाले हल हुन्छ त ?***

- बस्तुगत ढंगले लिने भन्नाले नेपालका वर्गहरुको बीचको भिन्नता, तिनीहरु वीचको अन्तरविरोध, राष्ट्रिय र अन्तरराष्ट्रिय परिस्थितिलाई मैले बस्तुगत रुपले हेर्ने भनेको हुँ । जहिलेसम्म बस्तुगत परिस्थिति र मनोगत परिस्थिति मिल्दैनन, तवसम्म क्रान्ति असफल हुन्छ । उदाहरणको लागि नेपालमा क्रान्तिको परिस्थिति मौजूद छ भनेको जनता परिवर्तन चाहन्छन् भन्नु हो । जनताले परिवर्तन चाहँदैमा यदि नेतृत्वले देशलाई हाक्न सक्दैन भने र साथसाथै अन्तरराष्ट्रिय परिस्थिति अर्थात् छर-छिमेकीहरुको परिस्थिति पनि क्रान्तिको अनुकूल छैन भने, क्रान्ति संभव छैन, क्रान्तिले धेरै हण्डरहरु खानु पर्ने हुन्छ । त्यसकारण पहिलो कुरा, वर्गीय रुपले नै हामीहरु संगठित हुनुपऱ्यो, व्यापक रुपले । राजनीतिक रुपले त्यो समाज ल्याउनको लागि हामी तयार हुनुपऱ्यो, साथसाथै अन्तरराष्ट्रिय र छिमेकीहरुको परिस्थिति पनि अनुकूल बनाउन हामीले कोशीस गर्नुपऱ्यो । त्यति गर्न सकेको खण्डमा वस्तुगत स्थिति पनि तयार हुनेछ र आत्मगत अवस्था पनि तयार हुनेछ र क्रान्ति सफल पार्न संभव हुने छ । तर हामीले चाहँदैमा राष्ट्रिय-अन्तरराष्ट्रिय परिस्थिति एकै बाजी तयार हुन्छ भन्ने पनि छैन, यसको निम्ति हाम्रो प्रयत्न आवश्यक छ, अनि अन्तरराष्ट्रिय परिस्थिति भनेको यसको सहायक हुन्छ ।

***पूरक प्रश्न: तर क्रान्तिकारी भावुकताको जुन समस्या यहाँले अघि भन्नुभयो त्यसलाई हामी कसरी हल गर्छौं त ?***

- मलाई लाग्छ, संगठन गर्ने सिलसिलामा हामीले यसलाई सिक्दै जानेछौं । अब अहिले नेपालको कम्युनिष्ट आन्दोलनमा जुन क्रान्तिकारी भावुकता छ, हामीले क्लेज र स्कूलहरुमै आफूलाई केन्द्रित गरेको हुनाले यो भावुकता बढ्ता आएको हो । ०१७ साल पछि देखि ०४७ सम्मका आन्दोलन-हरुमा हामीले आन्दोलनको केन्द्रविन्दूको रुपमा कलेजहरुलाई बढ्ता प्राथमिकता दिएको हुनाले त्यहाँबाट आएका निम्न पूँजीपति वर्गहरुमा यो खाले भावुकता आउनु स्वाभाविकै हो । साँच्चै गाउँगाउँमा गएर जनताका समस्याहरुलाई लिएर जनताको स्थितिलाई लिएर काम गर्नमा जोड गरेको भए हामीले देशको स्थितिलाई बढ्ता बुझ्ने थियौं र क्रान्तिकारी भावुकताबाट हामी अलिकति माथि उठेर विचार गर्न सक्थ्यौं । त्यसैले मलाई लाग्छ, जनताको बीचमा व्यवहारिक रुपले काम गर्नु नै क्रान्तिकारी भावुकताबाट माथि उठ्ने उपाय हो ।

अन्तर्क्रिया प्रकाशनको
प्रथम पुस्तक प्रकाशन
महेश मास्केका
कविताहरूको संगालो
"भोकका कैदीहरूसंग"
बजारमा उपलब्ध छ।

# युरोप–अमेरीका व्यापार युद्ध किन र कतातिर ?

## अमेरिकालाई थप सहुलियतः फ्रान्सका गाउँहरुमा विद्रोह भटमास– बजारमा तानातानी



### धम्की पछिको संझौता

अमेरिका र यूरोपेली समूदाय (इ.सी.) बीचको गएको मंसिर ५ को संझौतापछि अमेरिका र यूरोपेली समूदायको ब्यापार युद्ध अब फ्रान्स र अमेरिकाको व्यापार युद्धमा बद्लिएको छ । यूरोपेली समूदायले आफ्नो ४ अरब डलर बराबरीको तेलहन पदार्थको निर्यातमा किसानहरुलाई दिई आएको सहुलियतलाई आउँदो ६ बर्षका निम्ति २१ प्रतिशतले घटाउने यस संझौतालाई फ्रान्सले स्वीकार्न इन्कार गरेको छ। फ्रान्सका प्रधानमन्त्री बेरेगोभोइले यस संझौताको निन्दा गरेका छन् र यो अस्वीकार्य भएको बताएका छन् । फ्रान्सले संसदको अनुमोदन प्राप्त गरेपछि यसमा *भिटो* लगाउने संभावना छ ।

"यूरोपेली समूदायले डिसेम्बर ५ (मंसीर २०) सम्ममा तेलहन पदार्थलाई दिई आएको विशेष सहुलियत दरमा २४ प्रतिशत कटौती नगरेमा अमेरिकाले यूरोपेली समूदायबाट आयात गर्ने ३० करोड डलर बराबरीको सेतो रक्सी लगायतका केही वस्तुमा २०० प्रतिशतका दरले भन्सार महसूल बढाउनेछ ।" अमेरिकाको यो कूटनैतिक घोषणाले यूरोपेली समूदायमा फाटो ल्याउन सफलता प्राप्त गर्‍यो । आफ्नो अर्थतन्त्रमा कृषि उत्पादनको त्यति योगदान नभएका जर्मनी र बेलायतले यो धम्कीका सामुन्ने फ्रान्सको कडा चेतावनीका बावजूद पनि शिर निहुराए । विशेष सहुलियत यसरी कटाउँदा यूरोपको सबैभन्दा ठूलो कृषि शक्ति फ्रान्सका १० लाख किसानहरुको ढाडै भाँचिने भएपनि र आउँदो मार्चमा हुन लागेको राष्ट्रपति चुनावमा रुष्ट किसानहरुको विद्रोहले फ्रान्स्वाँ मित्तेराँको समाजवादी पार्टीलाई नराम्ररी हराउन भूमिका खेल्ने भए पनि जर्मनी र बेलायतले आफ्नो स्वार्थका सामुन्ने यसको पर्वाह राखेनन् । पोहोर साल मात्र ४०२ अरब डलर बराबरीको तयारी वस्तु निर्यात गर्न समर्थ भएको जर्मनी तेलहनको यो विवादबाट आफ्नो व्यापार बिग्रिन दिन पटक्कै तयार भएन । तेलहनको बिवाद टुङ्ग्याएर GATT संझौता गर्न सकिएको खण्डमा बर्षेनी २०० अरब डलरको संपत्ति बढ्ने संभावनाबाट लोभिएका बेलायत र जर्मनीले अरु यूरोपेली मुलुकहरुलाई पनि अमेरिकासँग जसरी पनि संझौता गर्ने पक्षमा ताने । फ्रान्स एक्लियो ।

जर्मनीका अर्थमन्त्री जुर्गेन मोलेम्यानले खुलस्तै भने- "न त केही किसानहरुको स्वार्थको कारणले, न त फ्रान्सेली सरकारले चाँडै नै चुनावको सामना गर्दैछ भन्ने कारणले हामी विश्वको उन्मुक्त व्यापार संझौतालाई रोक्न अनुमति दिन सक्छौं । हामी केही किसानको स्वार्थवश हाम्रो उद्योगको खम्बालाई ढाल्न दिन सक्दैनौं ।"

तर फ्रान्सको अडान भने टुटेन । फ्रान्सका कृषिमन्त्री जीन पिएरे सोइसोंले पनि प्रष्टतापूर्वक भने "हामीले थाहा पाउनु पर्छ, हामी भविष्यमा कस्तो समूदाय बनोस् भन्ने चाहन्छौं, अमेरिकासित बराबरीको आधारमा बार्तालाप गर्न सक्ने खालको कि त्यस्तो, जसमा केही देशहरु अमेरिकाको उपनिवेश भए जस्तो गरी आफूलाई बेच्छन् ?" उनले यूरोपेली समूदायलाई आग्रह गरे- "यो जरुरी कि हामी बुझ्दैनौं किनकि अमेरिका तिनीहरुलाई मात्र मान्दछ, जसले उसको प्रतिरोध गर्दछ ।"

### व्यापार युद्ध पछाडिको कारण

संझौतापछि पनि फ्रान्सको अडान जारी छ । गएको छ वर्षदेखि लगातार उरुग्वेमा GATT अर्थात भन्सार महसूल र व्यापार संबन्धी सामान्य संझौता (General Agreement on Tarriffe and Trade) संपन्न गर्नका लागि वार्ता हुँदै आएको छ । तर वार्ताको लागि मुख्य बाधा तेलहन पदार्थलाई यूरोपेली समूदायले दिँदै आएको विशेष सहुलियत नै भएको छ। अमेरिका यस शताब्दीको अन्त सम्ममा तेलहन पदार्थको निर्यातमा यूरोपेली समूदायले किसानहरुलाई दिई आएको संपूर्ण सहुलियत बन्द गराउने पक्षमा छ । र यसको पछाडि अमेरिकाका भटमास उत्पादकहरुको हितको स्वार्थले मूल कारणको रुपमा काम गरेको छ ।

१९६० को दशकसम्म यूरोपले आफ्नो संपूर्ण तेलहन पदार्थको आपूर्ति अमेरिकाबाटै गर्दथ्यो । GATT को डिल्टनमा भएको वार्ता अनुसार यूरोपेली मुलुकहरु अमेरिकाबाट आयात गर्ने तेलहन, मुख्य गरी भट्मासमा भन्सार महसूल पटक्कै नलगाउन सहमत भएका थिए। तर १९७३ मा जब राष्ट्रपति रिचार्ड निक्सनले अनिकालको कारण यूरोपमा निर्यात हुने तेलहनमा रोक लगाए, युरोपेलीहरुका गाई वस्तुहरु भोकभोकै परे । तेलहन पदार्थको हाहाकार मच्चियो । त्यही कारणवश तेलहनको मामलामा अमेरिकामाथि भर पर्न नसकिने ठानेर ती पदार्थमा आत्म निर्भर हुन १९७६ देखि यूरोपेली समूदायले विशेष सहुलियत दिएर तेलहन पदार्थ-खास गरी रेपसीड र सूर्यमुखी फूलको खेती गराउने कार्यक्रम शुरु गरे । यूरोपेली माटोमा भटमासभन्दा यिनै तेलहनहरुको उत्पादन राम्ररी हुन्थ्यो । १९९१ सम्म पुग्दा यूरोपेली समूदायको ३५ प्रतिशत तेलहनको माग आफ्नै उत्पादनबाट आपूर्ति गरिन थाल्यो । ब्राजिल र अर्जेन्टिना तथा ल्याटिन अमेरिकी मुलुकबाट पनि सस्तो भटमासको आपूर्ति गरिन थालियो ।

यसले अमेरिकाका किसानहरुलाई असर पार्न थाल्यो, जो जम्मा जम्मी ३२ लाखको संख्यामा छन्। अमेरिकाको करीव बार्षिक १ अरब डलर बराबरीको भटमास निर्यात यसबाट घट्यो । अमेरिकाका भटमास उत्पादकहरुको यही स्वार्थलाई प्रतिनिधित्व गर्दै यूरोपेली समूदायलाई तेलहनमा दिई आएको विशेष सहुलियत घटाउन अमेरिकाले दवाव दिँदै आएको हो । अमेरिकाका तेलहन उत्पादकहरु निकै संगठित र शक्तिशाली रहेका छन् । उनीहरुमध्ये धेरै र मुख्यतः निकै ठूलो पैमानामा उत्पादन गर्ने एकाधिकार पूँजीपति वर्ग पर्दछन् ।

उता यूरोपेली समूदायका १२ मुलुकको ३४ करोड जनसंख्या मध्ये १ करोड १० लाख जनसंख्या किसान छन् । उनीहरु पनि राजनीतिक रुपले शक्तिशाली छन र लगातार सहुलियतका निम्ति प्रभावकारी कार्यक्रम चलाईरहेका छन्। विशेष सहुलियतको सबैभन्दा ठूलो लाभ फ्रान्सले उठाईरहेको छ । गएको ३० वर्षमा विशेष सहुलियतले नै फ्रान्सेली किसानलाई जीवित तुल्याएको छ । गएको वर्ष मात्रै उनीहरुले यूरोपेली समूदायबाट ७

अरब डलर र फ्रान्सेली सरकारबाट २.४ अरब डलर विशेष सहुलियत सहायता प्राप्त गरेका थिए ।

सबैभन्दा मुख्य कुरा के भने, विशेष सहुलियतविना फ्रान्सेली किसानहरु प्रतिस्पर्धात्मक रुपमा तेलहन उत्पादन गर्न समर्थ नै छैनन् । र, अमेरिकालाई यो तथ्य राम्ररी थाहा छ । त्यसैले उसले सहुलियत कटौतिको माग गरिरहेछ । यसो गरेपछि तेलहन निर्यातको प्रतिस्पर्धामा विस्तारै अमेरिकाको एकाधिकार हुने संभावना रहन्छ ।

गएको मे महीनामा, अमेरिकी कूटनीतिक दाउपेँचको फलस्वरुप, अन्य यूरोपेली समूदायका सहकर्मीहरुको दवावमा फ्रान्सले साझा कृषि व्यवस्था अन्तर्गत मन नपरी नपरी आफ्नो अन्न उत्पादन गर्ने क्षेत्र मध्ये १५ प्रतिशत क्षेत्रलाई खेतीपातीबाट मुक्त गर्ने निर्णय गर्नु परेको थियो । यसले गाईको मासु र अन्य उत्पादनको निश्चित मूल्यमा पनि कटौति गर्नु परेको थियो । यसबाट फ्रान्सेली उत्पादकहरुको राजस्वमा ३० प्रतिशतको कटौति भएको थियो । अब फेरि अमेरिकाले सहुलियतमा अरु कटौतिको माग गरेको छ । यसले फ्रान्सेली किसानहरुलाई सारै क्रुद्ध पारेको छ ।

"तिनीहरुले हाम्रो तेलहनको उत्पादनलाई अहिलेको १ करोड २५ लाख मेट्रिक टनबाट ९५ लाख मेट्रिक टनमा सीमित गर्न मंजरी जनाए । हामीले उनीहरुलाई मकै र गहुँमा सहुलियत पनि दिईसकेका छौं । र अझै उनीहरु यो भन्दा बढी चाहन्छन् । के अमेरिका फ्रान्सको कृषिलाई पूरै स्वाहा पार्न चाहन्छ ?" फ्रान्सका वगरि जस्ता असंख्य किसानहरु अहिले फ्रान्सेली सरकारप्रति गत मे महीनाको साझा कृषि व्यवस्थामा सहमति गरेकोमा रोष पोख्दै प्रश्न गरिरहेछन् ।

संकटग्रस्त फ्रान्सेली किसानहरु अहिले सरकारले अमेरिकी माग सामुन्ने घुँडा टेकेमा सरकारलाई कुनै कर नतिर्ने र बाटो जाम गरेर यातायात नै ठप्प पारीदिने धम्की दिईरहेछन् । किसानहरुको विद्रोहको भड्किएकोले फ्रान्सेली सरकारलाई भयभीत पारिरहेछ । त्यसैले फ्रान्सका राष्ट्रपति मित्तेराँ अहिले अमेरिकालाई कुनै सहुलियत दिने पक्षमा छैनन् । कम से कम गएको मे महीनाको सुधारभन्दा अघि नबढ्ने दृढता उनले व्यक्त गरेको हुन् । अमेरिकालाई अरु थप सहुलियत दिएमा गाउँहरुमा किसानहरुको रक्तपातपूर्ण विद्रोह भड्किने र यसले मार्च महीना हुन लागेको चुनावमा मित्तेराँको समाजवादी पार्टीको स्थान स्वाहा पारी दिने उनको अनुमान छ ।

फ्रान्स यसरी आफ्ना १० लाख किसानहरुको स्वार्थको निम्ति संझौता नगर्ने पक्षमा छ । उता जर्मनी भने उसका तयारी सामानहरुको निर्यात व्यापक मात्रामा अरु बढाउन तेलहनको विवादलाई छिटो भन्दा छिटो येनकेन प्रकारेण हल गरेर न्व्त संझौता गरी हाल्ने पक्षमा छ । अहिलेको व्यापार युद्ध यिनै अलग अलग स्वार्थहरुको टक्करको परिणाममा पैदा भईरहेछ ।

## संभावना

अहिले जुन संझौता सपन्न भएको छ, त्यसले यूरोपेली किसानहरु, विशेषतः फ्रान्सका किसानहरुको हितमा ठूलो चोट पुऱ्याएको छ । फ्रान्सेली किसानहरु जस्तै यूरोपका किसानहरु यूरोपव्यापी विरोध कार्यक्रम गर्ने सोचिरहेछन्; छुट्टा छुट्टै रुपमा आ-आफ्नो देशमा गरिरहेका पनि किसानहरुमा विद्रोहको भावना भड्किरहेछ । फ्रान्सेली सरकार त जथाभावी संझौता लादियो भने त्यसको परिणाम रक्तपातपूर्ण हुने कुरा स्पष्टै बताउँदैछ । "पूरै गाउँले क्षेत्र हतियार लिएर उठ्नेछ" -तेलहन र प्रोटिन उत्पादकहरुको फ्रान्सेली महासंघका इरिक बार्डोन भन्दछन् । उनले चेतावनी दिएका छन्- "फ्रान्सस्थित अमेरिकी कारखानाहरु र भण्डारहरु क्रुद्ध भीडको शीकार हुन सक्नेछन् ।"

विशेष सहुलियत काटिएपछि यूरोपका १ करोड १० लाख किसानहरु मध्ये १३ लाख किसानहरुले खेतीपातीबाट तुरुन्तै हात धुनेछन् किनकि यसबाट उनीहरुको जीवन निर्वाह नै हुन सक्ने छैन । गत मे महीनाको "साझा कृषि नीति" अनुसार नै १५ देखि ३५ प्रतिशत सम्म खेतीपातीको क्षेत्र घट्नेछ । यसबाट व्यापक मात्रामा किसानहरु टाट पल्टनेछन् र गाउँले बेरोजगारी बढनेछ । बेरोजगार गाउँलेहरु रोजगारीको खोजमा शहरमा ओइरिनेछन् । क्रमशः गाउँ रित्तिदै जाने र शहरमा वेरोजगार जनसंख्याको अत्याधिक चाप बढ्ने प्रष्टै संभावना छ । यही संभावनालाई टार्न मे महीनाको "साझा कृषि नीति"मा किसानहरुलाई विशेष सहुलियत र घटाइएको कृषि क्षेत्रको बदलामा प्रत्यक्ष अनुदान दिने व्यवस्था गरिएको थियो ।

उता यो संझौताबाट १०८ सदस्यीय GATTको छ वर्षदेखि हुन नसकिरहेको संझौता अब आउँदो जनवरीसम्ममा हुन सक्ने संभावना पैदा भएको छ । फ्रान्स अहिले रुष्ट छ र उसका पछाडि स्पेन, बेल्जियम र इटालीजस्ता अन्य यूरापेली कृषि शक्तिहरुको अप्रत्यक्ष समर्थन छ । त्यसैले यूरोपेली समूदायले यी देशहरुलाई खुश पार्न केही क्षतिपूर्ति र संझौताका थप प्याकेजहरुबाट किन्ने प्रशस्तै संभावना छ । अन्यथा फ्रान्स, इटाली, बेल्जियम र स्पेनको रुष्टतामा यूरोपेली यूनियन बनाउने र त्यसबाट साझा यूरोपेली बजार सिर्जना गर्ने हालैको प्रयत्नमा तुषारो पर्न सक्छ । साझा यूरोपेली बजार बनाउने सवालमा थुप्रै यूरोपेली मुलुकहरुको औद्योगिक र व्यापारिक स्वार्थ तथा उनीहरुको भाग्य जोडिएको छ । यूरोपेली समूदायको कूल उत्पादनमा कृषि क्षेत्रको उत्पादन योगदान ३.५ मात्र छ । त्यसैले यो सानो मामलाको कारणले उनीहरुले आफ्नो ठूलो औद्योगिक र व्यापारिक स्वार्थलाई नोक्सानी पुऱ्याउन चाहने छैनन् । ◻

*हाम्रा आर्थिक समीक्षकबाट*

## पूँजीवादी विश्वको ताजा हाल

☐ **रुसको बजेट घाटा यस वर्ष १ खरब रुबल (२४ अरब अमेरिकी डलर) पुगेको छ । रुसी संसदले नोभेम्बर १२,१९९२मा टाट पल्टाइ संबन्धी विधेयक पारित गरेको छ । यस अनुसार ऋणमा डुबेका र असक्षम उद्योगहरुलाई टाट पल्टेको घोषणा गरेर बन्द गर्न सकिनेछ । यसबाट रुसमा थुप्रै मजदुरहरुले आफ्नो कामबाट हात धुनेछन् ।**

*तथ्यांक स्रोत: International Herald Tribune / November 13,1992*

☐ **अमेरिकाको व्यापार घाटा १९९२ को पछिल्लो नौ महीनामा ८० अरब डलर पुगेको छ । पोहोर यही अवधिमा यसको व्यापार घाटा ६२ अरब डलर थियो ।**

*तथ्यांक स्रोत: उही*

☐ **अमेरिकाको बजेट घाटा यस वर्ष २ खरब ९० अरब २० करोड डलर पुगेको छ । यो अमेरिकाको इतिहासमा सबैभन्दा ठूलो बजेट घाटा हो ।**

*तथ्यांक स्रोत: US Treasury Department को घोषणा, / अक्टोबर २८,१९९२*

☐ **अमेरिकाले आफूले लिएको राष्ट्रिय ऋणको ब्याज सेवा शुल्क बापत मात्र वर्षेनी २ खरब ९२ अरब ३० करोड डलर तिर्नु पर्दछ । सरकारी खर्चमध्ये राष्ट्रिय ऋणको ब्याज बापत तिर्नु पर्ने यो रकमको अनुपात सबैभन्दा बेसी छ । अमेरिकाको राष्ट्रिय ऋण अहिले ४ खरब डलर भन्दा बेसी पुगीसकेको छ ।**

*तथ्यांक स्रोत: Beijing Review / November / 13, 1992*

☐ **जापानको व्यापार बचत १९९२ को पहिलो १० महीनामा ८८.३६ अरब अमेरिकी डलर पुगेको छ । १९९२ को अन्तसम्ममा यो १२० अरब डलर नाघ्ने अनुमान छ ।**

*तथ्यांक स्रोत: International Herald Tribune Nov. १३,१९९२.*

☐ **जर्मनीको बजेट घाटा १९९२ को पहिलो १० महीनामा २२ अरब डच् मार्क (१३.७ अरब अमेरिकी डलर) पुगेको छ । गएको वर्ष यही अवधिमा यसको बजेट घाटा ४७ अरब डच् मार्क थियो ।**

*तथ्यांक स्रोत: International Herald Tribune Nov. १९,१९९२.*

पढ्नु होस्-
साप्ताहिक दृष्टि
दृष्टिको सह-प्रकाशन
मासिक सूर्य

प्रतिपक्ष साप्ताहिक

पढ्नु होस् साप्ताहिक जनादेश
साप्ताहिक पृष्ठभूमि

# नेपालको राज्यको वर्ग चरित्र के ?

## नेपालको राजस्व-संरचनाले औँल्याएका तथ्यहरुको एक खोजमूलक विश्लेषण

*-श्याम श्रेष्ठ*

कुनै पनि राज्यको वर्गचरित्र त्यसले बनाएका र लागू गरेका नीति र कार्यक्रम, त्यसले बनाएका नियम र कानून, त्यसको आम्दानी र खर्चको संरचनाको चरित्र र दिशाले निर्धारण गर्नमा निर्णायक भूमिका खेल्छ । राज्यले कुन वर्गको वर्ग स्वार्थको रक्षा र प्रतिनिधित्व गर्न चाहन्छ ? कुन वर्गको हितको प्रतिनिधित्व गर्छ ? त्यो उसले अख्तियार गरेका नीति र कार्यक्रमबाटै नियम र कानूनबाटै, तिनीहरुको चरित्र र दिशाबाटै थाहा हुन्छ । राज्य कुन वर्गप्रति आश्रित र उत्तरदायी छ, हुन्छ र हुनेछ, त्यो उसको आयको एवं व्ययको संरचना र त्यसको चरित्र तथा दिशाबाटै थाहा हुन्छ । नीति र कार्यक्रम,नियम र कानून, आम्दानी र खर्च भनेको ऐना हो, जसमा राज्यको वर्गीय अनुहार छर्लङ्ग देखिन्छ ।

कुनै पनि राज्यको आम्दानी -या त राजस्वबाट प्राप्त हुन्छ, या राज्यले हात हालेको उद्योग व्यापार र सेवाबाट, या स्वदेशी-विदेशी ऋणबाट । हामी यहाँ अहिले आम्दानीका ती स्रोतहरुमध्ये राजस्वको संरचनाबारे मात्र अध्ययन गर्न लागीरहेछौं ।

राजस्व हरेक राज्यको मूल आम्दानीको स्रोत मध्ये एक हो । जनतामाथि कर थेगेर जम्मा हुने आम्दानी नै राजस्व हो । राजस्व मुख्य रुपले कुन कुन स्रोतबाट प्राप्त हुन्छ- त्यसले राज्यको आम चरित्रलाई र व्यवहारलाई प्रभावित पार्दछ । ती स्रोतहरुप्रति राज्यको वर्गीय आश्रितता, वफादारिता र दायित्व पनि बेसी हुनु स्वभाविक हुन्छ । यस हिसाबले कुनै पनि मुलुकको राजस्व कुन कुन स्रोतबाट प्राप्त भइरहेछ भन्ने तथ्यले त्यो मुलुकको राज्यको वर्ग चरित्रबारे सही धारणा बनाउनमा निकै मद्‌त गर्न सक्दछ । हामी यहाँ, त्यसैले, नेपालको राजस्व संरचनाबारे विश्लेषण गर्न लागीरहेछौं, ता कि तथ्यहरुमा आधारित भएर २००७ सालपछिको नयाँ नेपालको राज्यको वर्ग-चरित्रबारे वस्तुपरक धारणा बनाउन सजिलो होस् ।

### २००७ देखि २०१६/१७ को दशकमा

२००७/८ को आर्थिक वर्षमा नेपालको कूल राजस्व २ करोड ९३ लाखको थियो । त्यस मध्ये १ करोड ५१ लाख त मालपोतबाट मात्र प्राप्त हुन्थ्यो । अर्थात्, कूल राजस्वको ५१.७ प्रतिशत भाग मालपोतबाट प्राप्त हुन्थ्यो । त्यतिखेर भन्सार महसूलबाट प्राप्त हुने आम्दानी दोश्रो स्थानमा थियो । भन्सार महसूलबाट ४० लाख ६६ हजार रुपियाँ आम्दानी हुन्थ्यो र यो भनेको कूल राजस्वको १४ प्रतिशत हो । अन्तः शुल्कबाट ७ लाख १४ हजार आम्दनी हुन्थ्यो र यो कूल राजस्वको २.४ प्रतिशत अंश हो । वनबाट झण्डै त्यत्तिकै अर्थात ७ लाख ८८ हजार (२.७ प्रतिशत) आम्दानी हुन्थ्यो । टेलीफोन, हुलाक, आ.वा., रेल्वे, ट्रली, विद्युत, रोपवे र सडक महसूल जस्ता सेवा उपभोगको क्षेत्रबाट जम्माजम्मी २० लाख ५८ हजार आम्दानी हुन्थ्यो । यो भनेको कूल राजस्वको ७ प्रतिशत हो र राजस्वको तेस्रो ठूलो आम्दानीको स्रोत हो । दण्ड जरिवाना जफतबाट १७ लाख ७७ हजार बराबरीको आय हुन्थ्यो अर्थात कूल राजस्वको ६.१ प्रतिशत । चीनबाट आउने वार्षिक १० लाख र भारतबाट आउने १० हजार रु. उपहार बाहेक राजस्वको अरु स्रोत भन्नु नगण्य मात्र थियो ।

२००७/८ को राजस्व संरचनाको यो तथ्याङ्कले के देखाएको छ भने- त्यतिखेरको राजस्वमा मालपोतको प्रमुख स्थान थियो । मालपोत भनेको जमीनको उपभोगमा लाग्ने कर हो । त्यतिखेरको जमीनमा बिर्ता स्वामित्व यथावत थियो । राजारजौटा र जमिन्दारी प्रथा उन्मूलन भएको थिएन । संपूर्ण जसो जमीनमा राज्यको एकलौटी जमिनदारी स्वामित्व थियो । त्यस्तो जमीनबाट आउने मालपोतले राजस्वको मुख्य भाग ओगटेको थियो । यसो भन्नुको मतलब के हो भने त्यतिखेर मालपोत भनेको राज्यको आयको सामन्ती स्रोत हो र त्यो स्रोतले राज्यले आफूलाई मूल रुपमा धान्थ्यो ।

राज्यको आयको अर्को ठूलो स्रोत भन्सार महसूल थियो । भन्सार महसूल भनेको व्यापारबाट प्राप्त हुने राजस्व हो । यो व्यापारिक पूँजीमा आधारित आय स्रोत हो । यो, त्यसैले, पूँजीवादी आयस्रोत हो । तथ्यांकले के देखाएको छ भने- नेपालको त्यतिखेरको राज्यको आम्दानीको एउटा उल्लेखनीय भाग व्यापा-रिक पूँजीबाट प्राप्त हुने गरी-रहेको थियो, पूँजीवादी आयस्रोत- बाट प्राप्त हुने गरी-रहेको थियो । राजस्वमा अन्तः शुल्कको योगदान नगण्य थियो । त्यसैले देशको राष्ट्रिय उद्योग धन्दाबाट पैदा भएको वस्तु मूल रुपमा निर्यात गरेर त्यो भन्सार महसूल उठेको थिएन । त्यो मूल रुपमा बाहिर उत्पादित वस्तु आयात गरेर प्राप्त भन्सार महसूल थियो । त्यो अन्त-र्राष्ट्रिय पूँजीमा आधारित आयस्रोत थियो । टेली-फोन, आ.वा. हुलाक सेवा जस्ता सेवा उपभोगबाट आउने राजस्व पनि पूँजीवादी आय स्रोतबाट आउने आम्दानी थियो, जसको योगदान त्यतिखेर तेस्रो स्थानमा थियो । यसरी तथ्यांकले के देखाएको छ भने- २००७ सालमा नेपाली राज्य सामन्ती आय स्रोतमा मूलतः आधारित थियो र पूँजीवादी आयस्रोतले पनि त्यतिखेर थोरै तर उल्लेखनीय स्थान राख्न थालेको थियो । पूँजीवादी आय-स्रोत मध्ये सबैभन्दा मुख्य स्रोत-व्यापारीक पूँजी थियो ।

> *राज्य कुन वर्गप्रति आश्रित र उत्तरदायी छ, हुन्छ र हुनेछ, त्यो उसको आयको एवं व्ययको संरचना र त्यसको चरित्र तथा दिशाबाटै थाहा हुन्छ ।*

तर २००७/८ देखि २०१६/१७ को दशकमा राजस्वको यो संरचनामा व्यापक उलटफेर भयो । २००८/९ मा नै कूल राजस्वमा मालपोतको योगदान फगत ३० ८ प्रतिशत मात्र रहन पुग्यो जब कि भन्सार महसूलको योगदान बढेर २४ प्रतिशत पुग्यो । दशकको अन्त अर्थात् २०१६/१७ सालमा पुग्दा त मालपोतबाट राजस्वमा योगदान १८.७ प्रतिशतसम्म झर्‍यो र यसै दशकको अन्तमा, २०१६ सालमा नेपालमा बिर्ता उन्मूलन र राज्य रजौटा उन्मूलन भयो । भन्सार महसूलको योगदान भने ३२.६ प्रतिशतको उँचाइमा पुग्यो । यसरी २०१७/१८ मा पुग्दा राज्यको आयको मूल स्रोत मालपोत-नरहेर भन्सार महसूल हुन पुग्यो । अर्थात्, सामन्ती आयस्रोतको ठाउँ अब व्यापारिक पूँजीमा आधारित आयस्रोतले लियो । राज्य बढी भन्दा बढी व्यापारिक पूँजीबाट प्राप्त आयस्रोतमा मुख्य रुपमा आधारित हुनपुग्यो । ०१६/१७ मा अर्को ठूलो आम्दानीको स्रोत वन पैदावारबाट प्राप्त महसूल थियो, जसबाट १ करोड १६ लाख रु. अर्थात कूल राजस्वको १३.४ प्रतिशत प्राप्त हुन्थ्यो । अन्तः शुल्कको राजस्वमा योगदान ४२ लाख ४७ हजार रुपियाँ थियो अर्थात ९ करोड ३६ लाखको कूल राजस्वमा यो ४.९ प्रतिशत अंश मात्र थियो । यसरी २०१६/१७ मा पुग्दा राज्यको राजस्वमा सामन्ती आय-स्रोतको अनुपातभन्दा पूजीवादी आयस्रोतको अनुपात बढी भईसकेको थियो । पूँजीवादी आय स्रोत मध्ये पनि अन्त-र्राष्ट्रिय व्यापारिक पूँजीमा आधारित आय सबैभन्दा बेसी भएको थियो । राज्यको आय-स्रोतमा आमूल हेरफेर भएको थियो । राजस्व तुलनात्मक रुपमा जमीनमा निर्भर भन्दा बेसी व्यापारमा निर्भर भएको थियो । नेपालको राजस्व

संरचनाको इतिहासमा यो एउटा महत्वपूर्ण ऐतिहासिक फड्को थियो ।

### २०१७ देखि २०३६/३७ को दशकमा

२०१७/१८ देखि २०२६/२७ को दशकमा राजस्व संरचनामा अरु ठूला हेरफेरहरु भए । २०१९/२० मा पहिलो पटक आयकर पनि नेपालको एउटा राजश्व स्रोत हुन थाल्यो । व्यक्तिको आम्दानीमा आधारित यो कर पूँजीवादी आयस्रोत थियो । यसले शुरुमा वार्षिक २० लाख रुपैयाँ अर्थात कूल राजस्वको १.६ प्रतिशत मात्र योगदान दिने अनुमान थियो तथापि नेपालको कर संरचनामा आएको परिवर्तन र त्यसमा यो स्रोतले भविष्यमा लिने स्थानका हिसाबले यो कर शुरु हुनु नेपालको राजस्व संरचनाको इतिहासमा महत्वपूर्ण घटना थियो । अर्को महत्वपूर्ण घटना २०२२/२३ मा शुरु भयो जब नेपालमा पहिलोपल्ट बिक्री कर लिने प्रणाली शुरु भयो । शुरुमा ३ प्रतिशत मात्र योगदान दिएको यो राजस्व स्रोतले २०२६/२७ मा पुग्दा नेपालको कूल राजस्वमा ११ प्रतिशत योगदान दिन थालेको थियो । यो पनि वस्तुको बजारमा बिक्रीमा आधारित कर थियो र यो पनि पूँजीवादी आयस्रोत थियो । उता २०२६/२७ साल पुग्दा त ४६ करोड ४० लाखको कूल राजस्वमा मालपोतको योगदान फगत ८ करोड ७७ लाख मात्र पुग्यो । अर्थात् कूल राजस्वको १८.९ प्रतिशत मात्र । यतिखेर भन्सार महसूलबाट प्राप्त हुने राजस्व त्यसको दोब्बर भन्दा बेसी अर्थात् १९ करोड ३५ लाख भएको थियो । यो भनेको कूल राजस्वको ४०.७ प्रतिशत थियो । अन्तः शुल्कको योगदान पनि यो दशकको अन्तमा बढेर ८.२ प्रतिशत पुगीसकेको थियो । यसको मतलब यो दशकमा राज्यको आयमा राष्ट्रभित्रका उद्योगहरुको योगदान उल्लेखनीय रुपमा बढेको थियो ।

जम्मामा यो दशकमा मालपोतमाथिको राज्यको राजस्वको सामन्ती निर्भरता अत्यन्त थोरै हुन पुगेको थियो । त्यसमाथि थप, यही दशकमा २०२१ सालमा नेपालमा भूमि सुधार शुरु भएको थियो जसले जमीनमा व्यक्तिगत

> ***के त्यस्तो राज्यको वर्ग चरित्र सामन्ती वा अर्ध सामन्ती हुन्छ जसको आयको मुख्य स्रोत पूँजीवादी आयबाट प्राप्त हुन्छ, के त्यस्तो राज्य सामन्ती वा अर्ध-सामन्ती हुन्छ, जसले जमीनमा आधारित करबाट आफ्नो न्यूनतम खर्च स्रोत समेत धान्न सक्दैन ?***

स्वामित्वमा आधारित पूँजीवादी स्वामित्वको शुरुआत गरेको थियो । त्यसैले थोर बहुत मालपोतको स्रोत पनि धेरैजसो तिनै व्यक्तिगत स्वामित्वमा आधारित जमीनहरु हुन गएका थिए । भन्सार महसूल र बिक्री करको योगदान जोड्ने हो भने २०२६/२७ सालमा पुग्दा राज्यको कूल राजस्वमा-व्यापारमा आधारित राजस्वको योगदान ५२.७ प्रतिशत हुन पुगेको थियो । अर्थात् कूल राजस्वको आधा भागभन्दा बेसी त व्यापारमा आधारित करबाट आउने परिस्थिति सिर्जना भएको थियो । यसरी राज्य जम्मामा मूल रुपमा व्यापार-निर्भर भएको थियो । नेपालको राजस्व संरचनामा यो एउटा अर्को ठूलो फड्को थियो । भन्सार महसूल र बिक्रीकरमा अन्तः शुल्कको योगदान पनि जोड्ने हो भने करीब ६१ प्रतिशत राजस्व त उद्योग र व्यापारबाट मात्र प्राप्त हुने स्थिति पैदा भएको थियो । यसको तात्पर्य के हो भने- यो दशकमा राज्यको पूँजीवादी स्रोतमाथिको निर्भरता अत्याधिक हुन गएको थियो ।

### २०२७ देखि २०३६/३७ को दशकमा

२०२७/२८ देखि २०३६/३७ को दशकमा पुग्दा मालपोत माथिको राज्यको राजस्वको निर्भरता नगण्य हुन पुग्यो । कूल राजस्वमा मालपोतको योगदान-२०३६/३७ सालमा पुग्दा फगत ३ प्रतिशत मात्र रहन पुग्यो । १ अरब ८८ करोडको राजस्वमा खालि ५ करोड ६२ लाख रुपैयाँ मालपोतबाट प्राप्त हुने स्थिति पैदा भयो । भन्सार महसूलको योगदान बढेर ६० करोड ८० लाख पुग्यो, तर कूल राजस्वमा यसको अनुपात भने घटेर- ०३६/३७ मा ३२.३ प्रतिशत मात्र हुन पुग्यो जबकि २०२७/२८ सालमै यसको अनुपात ३४ प्रतिशत र २०२९/३० मा ३९ प्रतिशतसम्म हुन पुगेको थियो । उता बिक्री करको योगदान भने २०२७/२८ सालको १३.५ प्रतिशतबाट बढेर २०३६/३७ मा पुग्दा २१.३ प्रतिशत हुन गएको थियो । भन्सार महसूल र बिक्री कर मिलाएर कूल राजस्वको ५५.३ प्रतिशत फगत व्यापारबाट आधारित राजस्वबाट प्राप्त हुने स्थिति भएको थियो। अन्तः शुल्कको योगदान भने यो दशकभरी ११ प्रतिशतको वरपर नै स्थिर रह्यो । यसरी यो दशकको मुख्य विशेषता के रह्यो भने राज्य नगण्य मात्रामा मात्र मालपोत निर्भर रहन पुग्यो र राज्यको पूँजीवादी स्रोत-माथिको निर्भरता अरु अत्याधिक हुनु पुग्यो । त्यसमा पनि सबभन्दा बेसी त व्यापार निर्भरता नै ।

### २०३७ देखि २०४६/४७ को दशकमा

२०३७/३८ देखि २०४६/४७ को दशकको अन्ततिर त मालपोतको योगदान त कूल राजस्वमा ०.८ प्रतिशतसम्म ओर्लन पुग्यो । ९ अरब २९ करोडको कूल राजस्वमा ७ करोड ४६ लाख रु बराबरीको मालपोतको योगदान भनेको हात्तीको मुखमा जिरा सहर हो, जसमाथि भर परेर राज्यले आफ्नो न्यूनतम खर्च समेत चलाउन सक्दैन । यो दशकमा मालपोतभन्दा बढी त घर-जग्गा रजिस्ट्रेसनको योगदान रह्यो । किनकि २०४६/४७ को सालसम्म पुग्दा ३७ करोड ७१ लाख अर्थात कूल राजस्वमा ४.१ प्रतिशत योगदान घरजग्गा रजिष्ट्रेशनको रहेको थियो । दुबै मिलाउँदा कूल राजस्वमा करीब ५ प्रतिशत-यी दुई जमीनमा आधारित राजस्वबाट प्राप्त हुने स्थिति पैदा भएको थियो । यो दशकमा पनि राजस्वमा सबैभन्दा धेरै योगदान भन्सार महसूलकै रह्यो, तथापि यसको योगदानको अनुपात भने घट्यो । दशकको शुरुमा यसको योगदान ३३.७ प्रतिशत रहेकोमा दशकको अन्तसम्म पुग्दा यो योगदान २८.९ प्रतिशतमा भर्न पुगेको थियो । बिक्रीकरको योगदान पनि दशकको शुरुमा २२.२ प्रतिशत रहेकोमा- २०४६/४७ सालमा पुग्दा यो घटेर १७.८ प्रतिशत हुन पुग्यो । तथापि फेरि पनि- भन्सार महसूल

बाँकी पृष्ठ २८ मा

## नयाँ उद्योग-नीति कार्यान्वयन गराउन औद्योगिक व्यवसाय ऐन आयो

*सरकारले नयाँ औद्योगिक नीति २०४९ लाई कार्यान्वयन गर्ने कानूनी आधार खडा गर्ने मनसायले गत मंसिर १० गते औद्योगिक व्यवसाय ऐन २०४९, प्रकाशमा ल्याएको छ ।*

*यस ऐनमा उद्योगहरुलाई ६ बर्गमा बिभाजित गरिएको छः उत्पादनमूलक, कृषि तथा बनजन्य, खनिज, पर्यटन, सेबा र निर्माण ।*

*उद्योगलाई ४ स्तरमा बिभाजन गरिएको छः घरेलु उद्योगः श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसंग सम्बद्ध, खास सीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने ऐनद्वारा किटिएको उद्योग, साना उद्योगः रु १ करोडसम्म स्थिर जेथा भएको उद्योग, मझौला उद्योगः रु १ करोड भन्दा बढी र ५ करोड सम्म स्थिर जेथा भएको, ठूलो उद्योगः ५ करोड भन्दा बढी स्थिर जेथा भएको ।*

*अब सुरक्षा, जन स्वास्थ्य, तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने भनी किटिएका उद्योग बाहेक अन्य उद्योगले स्थापना, बिस्तार, र बिबिधिकरणको लागि सरकारी अनुमति लिनुपर्ने गराइएको छ। अनुमति लिनु नपर्ने र पर्ने उद्योगले पनि उद्योग स्थापना गर्दा सम्बन्धित बिभागमा दर्ता भने गर्नुपर्ने नियम छ। अनुमति लिनु पर्ने उद्योगले बिभागमा निबेदन दर्ता गर्नुपर्ने र बिभागले औद्योगिक प्रबर्द्धन बोर्डको नियमानुसार दर्खास्त परेको मितिले ३० दिनभित्र तोकिएको ढाँचामा या त अनुमति दिनुपर्ने या नदिने भए त्यसको जानकारी दिनुपर्ने ।*

*अनुमति लिनुपर्ने उद्योगहरुः सुरक्षा सम्बन्धी उद्योगहरु-परम्परागत एवं आधुनिक हातहतियार, गोलिगठ्ठा बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षासंग सम्बन्धित छपाइ, मुद्रा तथा सिक्का, बिंडी, चुरोट, आधुनिक छाला प्रशोधन, बियर तथा रक्सी जस्ता जनस्वास्थ्यमा असर पार्ने उद्योगहरु, चिनी उत्पादन, पल्प र कागज, सिमेण्ट, कपडा धुलाइ र रङ्गाइ, बिटुमिन, रासायनिक मल, कीटनाशक औषधि, लुब्रिकेटिङ तेल, फोम, कार्पेट धुलाइ, साबुन, इलेक्ट्रो प्लेटिङ, फोटो प्रोसेसिङ, टायर ट्युबहरु, एल.पी.ग्याँस, पेट्रोलियम पदार्थसंग सम्बन्धित खानीमा आधारित ठूला उद्योगहरु, ढुंगा क्रसिंग, बन पैदाबारमा आधारित मझौला तथा ठूला उद्योग, रंग-रोगन र ईट्टा उद्योग ।*

*औद्योगिक नीतिमा जलस्रोतलाई पनि अनुमति लिनुपर्ने उद्योगको सूचीमा राखिएकोमा ऐनमा त्यो हटाइएको छ ।*

*यस ऐन अन्तर्गत उद्योगहरुले पाउने सबै सुबिधा र सहुलियतहरु एकै थलोबाट उपलब्ध गराउन एकद्वारा-समिति गठन गरिने ।*

*ऐन अनुसार कुनै पनि उद्योगलाई राष्ट्रियकरण नगरिने घोषणा गरिएको छ ।*

*औद्योगिक जनशक्ति नेपाली नागरिकहरुबाटै पूर्ति गरिनु पर्ने, तर बिदेशी जनशक्तिबिना उद्योग संचालन हुन नसक्ने भएमा श्रम बिभागको पूर्व स्वीकृति लिएर बढीमा ५ बर्षको लागि बिदेशी नागरिक नियुक्त गर्न सकिने, त्यस्तो जनशक्ति नेपालभित्र फेरि पनि उपलब्ध हुन नसकेको खण्डमा अर्को ५ बर्षका लागि थप नियुक्ति गर्न सकिने नयाँ ऐनमा प्राबधान छ ।*

# केही क्षण स्वतन्त्र कैदीहरुसंग

## भद्रपुर नगरका मजदूरहरुको जीवन कस्तो छ ?

*-धर्मचन्द्र लावती*

*"अंगेरीका पोथ्राहरु पछिल्तिर एउटा घरको खण्डहर देखिन्थ्यो । त्यहाँ ईंटको रासमुन्तिर एउटा फराकिलो छिंडी थियो, जहाँ भुस्याहा कुकूरहरु बस्थे र मर्थे पनि । त्यस छिंडीको सम्झना मेरो मानसपटमा अमिट रहेको छ, किनभने त्यो पनि मेरो विश्वविद्यालय नै हो ।....त्यहाँ दिनको १४ घण्टा काममा खटिनु पर्थ्यो ।....धुँवाले रङ्मङ्डिएको फोहर भान्साको अँध्यारो कुना..... सांघुरो...... सडेको...... फाटेको..... टुटेको...... कठ्यांग्रिने जाडो..... गर्मी..... फोहर...... कोलाहल.... भावशून्य आँखाहरु......।"*

*(-माक्सीम गोर्की मेरा विश्वद्यालयहरु)*

तर यो आजभन्दा एक शताब्दी अगाडि गोर्कीले देखेको जारकालीन रुसको काजान शहर नभएर हाम्रै देशको भद्रपुर नगर हो । यहाँ मारीया, भार्भारा, पुश्किन, आन्द्रेइ, वाश्किन, मुरातोभ, वारीनोभको सट्टा महेन्द्र, कल्लु, सुपेन, पाहान, किरण, नेफाज, फुल्लो, नीरमायाँ, कृष्ण आदि बस्दछन् । यदि अलेक्सेइ पेश्कोभ (गोर्की) यहिं भएका भए शायद उनी पनि झुक्किन्थे होलान् । किनभने, खण्डहर जस्तो टुटेका भित्ताहरु, ध्वाँसोले पोतिएका साना र झ्यालबिहीन अध्यारा कोठाहरु, केटाकेटीका होहल्लाहरु, दिनहूँ जसोको झगडा, घोत्रा मैला कपडाहरु कुच्चिएका सामानहरु फुटेका पुराना ईंटहरु, फोहरका थुप्राहरु, सांघुरो गल्ली, करीब यो बस्ती (टोल) को विशेषता उस्तै रहेको छ र यहाँ पनि कामदारहरुले १४ घण्टा नै काम गर्नु परीरहेछ । तर यो कुनै उपन्यासमा वर्णित तथा काल्पनिक दृश्यावली नभएर आधुनिक एवं सभ्य मानिने वर्तमान प्रजातान्त्रिक युगको अप्रजातान्त्रिक छविको ज्वलन्त नमूनाको रुपमा रहेको जगनाथ राइस मिलका मजदूरहरु रहने बस्ती हो ।

"हेर्नोस् यो खण्हर जस्तो घरका कोठाहरु भन्दा त अन्यत्रका शौचालयहरु धेरै सफा र राम्रा हुन्छन् ।"- मजदूर क्वार्टरका कोठाहरु देखाउँदै किरणले भने । चार जना मानिसहरु मुश्किलैले मात्र अट्लान् जस्ता हर कोठाहरुको एक छेउमा घोत्रा बोराको बिच्छ्यौना, अर्को छेउमा ईंटका टुक्राहरुको चुल्हो, त्यस वरपर कुच्चिएका सिलावरका वर्तनहरु छरिएर रहेका र भित्तामा काँटी ठोकेर टाङ्गिएको डोरीमा पातला र पूराना लुगाहरु झुण्ड्याइएका देखिन्थे । सात आठ जनासम्म रहेको परिवारले जीवन निर्वाह गरिरहेका ती अति साँघुरा कोठाहरुमा कतै झ्याल थिएन । झ्यालको सट्टा करीब पाँच-पाँच फुटको उचाईमा हात छिर्न गाह्रो पर्ने स-साना प्वालहरु राखिएका थिए । यो ठाउँ शहरको मध्यभागमा परेपनि अझसम्म विद्युत जडान भएका छैन । टिनका छानो छेडिएर आकाशमा बादल उडेको सजिलै देखन सकिन्थ्यो । पर्खाल भत्किएका ठाउँहरु बोरा उघारेर टालिएका थिए । पानीको निमित्त मिल मालिकको तर्फबाट एउटा मात्र इनार बनाइएको रहेछ । सडक छेउ "हात्तीको मुखमा जिरा" भनेझैं स्थानीय खानेपानी आयोजनाको एउटा अनियमित धारा जोडिएको थियो । मुन्तिर पिपलको बोट छेउ मैला झुत्रे लुगा लगाएका र अर्धनङ्गा-नाङ्गा केटाकेटीहरु सधैंझैं होहल्ला गर्दै खेलीरहेका थिए र अलि परतिर केही महिलाहरु पैंचो लगेको सब्जी नतिरेको निहुँमा बाझ्दै थिए । यो यहाँको दैनिक दिनचर्याको रुपमै रहेको छ ।

"हुन पनि यो घर बनेको ४०/४५ वर्षभन्दा धेरै भइसक्यो होला, मालिकले कहिल्यै फर्केर हेर्ने होइन । भनौं भने उल्टो गाली गर्छ । यहाँ काम गरेको तीस वर्ष भइसक्यो । पोहर परार एक पटक आएदेखि यहाँ मालिक कहिल्यै आएको थाहा छैन ।"

एक वृद्ध मजदूरको उपरोक्त भनाइप्रति टिप्पणी गर्दै किरणले थपे- आ, आएर पनि के गर्नु ? आयो, हेर्‍यो-हेर्‍यो सक्यो । तात्तो न छारो !"

उनी अरुभन्दा केही फरासिला, फुर्तिला र साहसी युवा मजदूर थिए । सोधिएका हर प्रश्नहरुको उत्तर निर्धक्कसाथ पटापट दिन्थे । मेरा वरिपरि जम्मा भएका मजदूरहरु मध्ये केही चाहिं कसैले कुरा कुरा पो सुन्दैछ कि भनेर सशंकित हुँदै पूर्वतर्फ रहेको मिल र गगनचुम्बी भवनतिर घरी घरी आँखा लगाउँथे । शायद मालिकले फाल्तु मान्छेसंग कुरा गरेको थाह पाउँछन् भनेर होला । मजदूरहरुको निगरानी गर्ने सरदार सिंहजी मिलतिर लागेको देखेपछि झन् केही भयभीत मजदूरहरु आ-आफ्नो कोठातिर पसे ।

यहाँ मजदूरहरुको कुनै संगठन छैन ? -मेरो प्रश्नको उत्तरमा जीवनको एक तिहाई गुजारीसकेका नेफाज मियाँ भन्छन्- "संगठन भनेको राजनीति होला । हाम्रा मालिक "कम्युनिष्ट-कांग्रेसहरु चुनाव जित्न संगठन गर्छन" भन्छन् । संगठन गर्नु त ठूला बडाको काम हो । हामीलाई के को संगठन ? हामी मजदूरहरु विहान ६ बजे उठेर फिक्का चिया सुर्क्याएपछि चिम्नीको सिटी संगसंगै मिल पुग्नुपर्छ । दिनभरि बेल्चा, मार्तोल र बोराको लोडसंग असिनपसिन भएर धूलोमा पुरिईंदै खट्नुपर्छ । खाना खाएको बाहेक एकैचोटि बेलुकी ७ बजे मात्र आइन्छ । त्यसपछि पनि कहिले त रातभरि सुत्न पाइने होइन । अनि यस्ताहरुले राजनीति गरेर के गर्ने ?"

उनको कुरा सिद्धिंदा नसिद्धिंदै मटिया मजदूर (बोरा उचाल्ने) सोपेनले भने-"एक पटक कम्युनिष्टका मान्छेहरु संगठन गर्न आएका थिए । कोनि के जाति युनियन पनि बताए । मालिकलाई पानी, बत्ती, भित्ताको मर्मत, औषधी उपचार, कामको समय तोक्ने कुराहरु लेखेर दिए पनि । तर अलि दिनमा उल्टो डोमा, सेठू र रामबहादुरलाई कामबाट निकालीदिए ती मान्छेहरु पनि कता हराए कता ! आपद आइलागेपछि कसैले टेवा दिने होइन । आखिरमा केही न केही ।"

उनीहरुको धारणामा संगठन, राजनीति भनेको कांग्रेस कम्युनिष्ट भनिने कुनै जन्तुहरुको खेल सिवाय केही होइन । आफ्नो निहीत स्वार्थको निम्ति अरुलाई उक्साउने र स्वार्थ पूरा भएपछि बेवास्ता गर्ने वर्तमान परिपाटीले गर्दा निम्न वर्गका जनसमूदायहरुमा राजनीति र राजनैतिक व्यक्तिहरुप्रति नै वितृष्णा पैदा हुँदै गएको आभाष पाइन्थ्यो ।

अनि तपाईहरुका समस्याहरु मालिकलाई कसरी सुनाउनुं हुन्छ त ?-मैले कुराको सिलसिला फेर्दै सोधें ।

"मालिक नरिसाएको दिन यसो गरिदिनु पर्‍यो, त्यसो गरि दिनु पर्‍यो भन्छौं । तर भित्ता भत्किए बोराले टाल भन्छ । बत्ती औषधी पाउँ भन्यो भने पाइने ठाउँमा जा भन्छ । अरु कहाँ जानु र ?" एक अधबैंशे मजदुरको उत्तर थियो ।

ज्याला कति पाउनु हुन्छ ? -मैले पुनः प्रश्न गरें ।


"पुरुषको २२ रुपियाँ महिलाको २० रुपियाँ"- कल्लूको छोटो उत्तर थियो ।

महिला मजदूरहलाई कुनै विशेष सुविधा र सहुलियत छ कि ? भन्ने प्रश्नको उत्तर महिला मजदूर फुल्लो जंगिदै दिन्छिन्- "हमारो मालिकको त कौन महिला, कौन पुरुष मालुम ही नहीं छ । जिती पुरुषलोग काम कर्छ उत्ना हि हम महिलाओसे काम करवाउंछ । फिरभी हमको दो टक्का कम दिन्छ ।" त्यस मिलमा महिलाहरुलाई सुत्केरी विदा लगायत कुनै किसिमको सहुलियत छैन । दशैंमा दिइने २ दिन विदा बाहेक त्यहाँका मालिकहरुको शब्दकोषमा विदा भन्ने शब्द छैन । संविधान र ऐनमा उल्लेख भएका महिला-हरुका विशेष सुविधा र नागरिक अधिकारका कुराहरुलाई मालिक वर्गहरुबाटै खिल्ली उडाइएको कुरा यहाँका महिलाहरुको स्थिति र आम मजदूरहरुको अवस्थाबाट स्वतः प्रस्ट हुन्छ ।

अनि यस्तो दुरावस्थामा रहनुपर्दा सरकारी कार्यालय-हरुमा कतै उजूरबाजुर पनि गर्नु भएको छैन ?

प्रश्न सुनेर एक पाका मजदूर हाँस्दै भन्छन्- "हाम्रो सरकारै मालिक हो, यस बाहेकको सरकारले के पो गर्छ र ? ठूला वडा हाकिम सबसँग मालिकको राम्रो चिनजान छ । भरै हामीले उजूर गरेको थाह पाए भने मालिकले कामबाट निकाली दिन्छन् मात्र । पैसावालहरुसँग पैसाको

**यो मजदूरहरुको घर हो कि पाटी ?**



लडाई गरेर कहाँ हुन्छ ?"

मालिकको व्यवहार कस्तो छ ? कहिलेकाहीं कुट्छन् पनि कि ?

मैले पुनः प्रश्न तेर्स्याए । अर्का पाका मजदूर महेन्द्र भन्छन्- "अहिलेसम्म कुट्न त कुटेका छैनन् । तर गाली चाहिँ कुकूरलाई भन्दा पर्तिर गर्छन । यस्तो गाली सहनु भन्दा त बरु दुईचार झापड हानीदिए वेश हुन्थ्यो जस्तो लाग्छ ।"

उनले आफ्नो कुरा भनी नसिध्याउँदै तामाङ कान्छा भन्छन्--"होइन हो मजदूरलाई किन कुट्नु ? त्यत्रो हाम्रो रगत पसीना थुपारेर धनगढी, माल्दा (भारत) कहाँ कहाँ मिल फैक्टरी बनाएका छन् । हाम्रै हाड छाला घोटेर अब कतातिर हो अर्को मिल बनाउने रे । मजदूर मार्दा त उनको पनि आम्दानी सुकिहाल्छ नि ।"

अनि व्यवहार नि ?- मैले प्रश्न दोहोऱ्याउँदा उनी भन्छन्- "व्यवहार त खै के भन्ने-जुन पनि बाघले खान्छ नै ।"

मालिकसंग कत्तिको डर लाग्छ ?--भनी सोद्धा बृद्ध महिला मजदूर नरमायाँ तामाङ् भन्छिन्--"नडराएर के गर्नु बाबु, हाम्रो पेटमा चारो हाल्ने मेशीनको साँचो उनीहरुको हातमा भएपछि । हुन त कसलाई पो अर्काको खटनमा बस्न मनपर्छ र ? तर जीवन धान्ने आफ्नो उपाय नभएपछि कसको के लाग्छ ? त्यसैले काम नबिराए पनि डराउनैपर्‍यो । भरै मालिकले निकालीदिए बाँच्ने मेलो छैन ।" उनको कुरामा धेरैले समर्थनात्मक टाउको हल्लाए ।

देशमा कति पटक व्यवस्था र सरकार बद्लिए । तर मजदूरहरुको जीवनमा कुनै परिवर्तन आएन । कतिका तलब भत्ता बढ्यो, कर र महंगी बढ्यो तर मजदूरहरुले वर्षौं पुरानो रेटमै ज्याला पाइरहेछन् । अझ पनि उनीहरुले सरकारद्वारा निर्धारित समय, नियम सुविधाबाट बञ्चित हुनुपरेको छ । शनिवारसम्म बिदा नदिइनुले पूँजीपतिहरुको नृशंसता र सरकारको अकर्मण्यतालाई नै अभिव्यक्त गर्दछ । उनीहरुलाई मिल बाहेक अन्यत्र मजदूरी गर्न पनि सख्त पावन्दी लगाइएको छ । आधा समयसम्मको ज्याला दिइन्न । मिलमा १-२ मिनेट ढीलो पुग्दा समेत एक चौथाई ज्याला काटिन्छ । औषधी उपचार को कुनै व्यवस्था छैन । कोही मजदूर विमारी भए एक अर्कामा चन्दा सहयोग गरेर उपचार गर्ने गरेको कुरा उनीहरु बताउँछन् । देशमा कथित प्रजातन्त्र बहाली भएको, र मजदूर वर्गबाटै आएको हुँ भन्ने प्रधानमन्त्रीले विकास र निर्माणका ठूलठूला नाराहरु फलाकिरहेको अवस्थामा यी मजदूरहरुको चेतना स्तर र जीवन स्तरमा आमूल सुधार ल्याउनेतर्फ भने कसैको ध्यान पुगिरहेको देखिन्न । उनीहरु सबैतिरबाट पूरै उपेक्षित देखिन्छन् ।

उनीहरुलाई न देशको प्रजातन्त्रले छोएको छ, न त सरकारले नै देखेको छ । उनीहरुलाई अहिले देशमा पञ्चायती व्यवस्था छ कि बहुदलीय व्यवस्था छ ?-केही थाहा छैन । भेटमा एक मजदूरलाई व्यवस्था-बारे सोध्दा खोई उस्तै लाग्छ भनेका थिए । अशिक्षा र गरीबीले आक्रान्त यी मजदूरहरुको निवासस्थान झ्यालखाना भन्दा धेरै निम्नस्तरको रहेको छ । आजको औद्योगिक एवं वैज्ञानिक युगमा पनि शताब्दियौं पहिलेको जर्जर अवस्थामा बाँच्न विवश यी मजदूरहरुलाई केवल पैसा कमाउने रोबोट ठानेर मानवीय अस्तित्वबोध, आकांक्षा, खुसी आदिबाट समेत बञ्चित तुल्याउनु कत्तिको न्यायसंगत हुन सक्तछ ? यो ज्यादै विचारणीय प्रश्न हो ।

निजी अर्थ व्यवस्था अन्तर्गत निरन्तर बढ्दै गएको आर्थिक दूरीले गर्दा एकातिर एकाधिकार पूँजीपतिहरुको जन्म भइरहेछ भने अर्कातिर सर्वहाराहरु पूँजीवादी युगका दासका रुपमा देखिएका छन् । जीवन निर्वाहको समस्याले सिटीको तालमा नाच्न र मिलको चौघेराभित्र कैद रहेका यी मजदूरहरुको हात खुट्टा भने बाँधिएका छैनन् । त्यसैले उनीहरुलाई "स्वतन्त्र कैदी" भन्दा अत्युक्ति नहोला । यस्ता स्वतन्त्र कैदीहरु भद्रपुर लगायत देशका थुप्रै शहरका मिल र कारखानाहरुको पर्खालभित्र बन्दी रहेकाछन् । पेटको समस्याले मेशीन तुल्याइएका यी मानिसहरुलाई मानवीय अधिकार दिलाएर विकास, सभ्यता संगसंगै लैजान सकियो भने मात्र वास्तविक प्रजातन्त्र कायम हुनसक्तछ । उनीहरुको वर्तमान भावशून्य आँखाहरुमा भोलि आक्रोशको अँगार नबर्सिएला भन्न सकिन्न ।

तपाईहरुलाई रातोदिन काम गर्दा-गर्दा दिक्दार पनि लाग्दो हो, मनोरञ्जन चाहिँ के के गर्नु हुन्छ नि ?

-मैले अन्तिम प्रश्न सोधेँ । वृद्ध मजदूर कृष्णबहादुर थापाले भने- "हामीलाई के को मनोरञ्जन र ? अर्काले घोडा चढ्दा कुकूर चढेर हिँड्नु भएन । कहिलेकाही केटाकेटी र छोरी-मान्छेहरु सिनेमा हेर्न जान्छन् । दशैंमा २ दिन विदा पाइन्छ, त्यही हो हाम्रो मनोरञ्जन । यी यहीं मास्तिर चन्द्रगढी (१ कि.मी.उत्तर) त नगएको वर्ष दिन पुग्न लाग्यो । हुने खानेहरुको लागि पो मनोरञ्जन । हामी गरीबलाई त अलख निरञ्जन !" यति भनेर उनी मुसुक्क हाँसे ।

मिलको चिम्नीले ठूलो धोद्रे स्वरमा १२ बजेको सिटी हान्यो, उनीहरु सबै मिलको ढोकाभित्र हुर्रिंदै गए ।

धारणा

# त्यागको मानसिकता

## "त्यागीहरुले देखाएको त्याग देखेर धनी आश्चर्यचकित हुन्छ" -

*-डि. आर. पोखरेल*

भनिन्छ कि लोभी त्यागीको पछि लाग्छ । यसो किन हुन्छ भने जसले जुन कुरा गर्न सक्तैन वा त्यो गर्ने मनोवृत्ति नै उसमा छैन, तर भित्री गहिराइमा त्यस विपरीत बस्तुप्रति गंभिर प्रकारको सम्मोहन रहीरहेको हुन्छ । एकदम धनाढ्य व्यक्ति एउटा नांगा "त्यागी" को फेरमा पर्न गएको हुन्छ, किनभने ऊ धनी छ, ऊ धन त्याग्न सक्तैन, ऊ काम त्याग्न सक्तैन, ऊ लोभ त्याग्न सक्तैन, ऊ बासना त्याग्न सक्तैन, ऊ मनका इच्छाहरुको बशमा हुन्छ । त्यही कारणले ऊ त्यागीहरुले देखाएको त्याग देखेर आश्चर्यचकित हुन्छ । उसको धन, मान, इज्जत, काम, वासना, लोभ-मोहप्रतिको आशक्ति धेरै हुन्छ । ती चीजहरुलाई ऊ महान ठान्दछ । "महान" ठानिएको चीजलाई त्याग्नु डरलाग्दो र महान काम भएको ऊ सम्झन्छ । त्यागिएको भनिने जुन कुराहरु छन्, ती कुराहरु तुच्छ भएकाले त्यागिएका हुन् भन्ने भावना नहुञ्जेल त्यागलाई बुझेको भन्न मिल्दैन ।

त्याग्नेले पनि मनमा "ठूलो चीज त्यागें" भन्ने लिइरहेको छ भने त्यो कुनै त्याग नै होइन। त्यो त अर्को गम्भीर अर्थमा आशक्ति नै हो, त्यो त्याग हुँदै होइन । त्यागीले धनीहरुप्रति सम्मान राख्नु र धनी-सम्पन्नहरुले त्यागीहरुप्रति चाख राख्नु दुवै लोभका उदाहरण हुन् । त्यागीको मनमा धन ठूलो हो भन्ने परेको छ र धनीहरुको मनमा पनि त्यही परेको छ । गम्भीर अर्थमा दुवैको एउटै बुझाइ छ । फरक यत्ति हो कि धनीहरु त्यत्ति ठूलो बस्तुको पनि त्याग गर्न सक्ने भनेर चकित भएर त्यागीको चरणमा परेका छन् र त्यागीहरु पनि धनप्रतिको आशक्तिले धनीहरुको चंगुलमा परेका छन् ।

त्यागको यही अवधारणाका कारणले मानिस न त त्याग नै गर्न सकिरहेको छ, न त अत्यागको स्थितिमा नै छ । एउटा गजबको चंगुलमा फसेको छ मानिस । यही कारणले गर्दा आज समाजमा त्याग संबन्धी नाना नाना भाँतिका धारणाहरु पाइन्छन् । सामाजिक-राजनीतक काममा जुटीरहेका र ब्यक्तिगत धन्दाबाट अलग्गिएका केही मानिसहरु र ठूलठूला व्यक्तित्वहरु पनि त्यागको अनौंठो मानसिकता बोकेर बाँचेका देखिन्छन् । प्रायः जसोमा "मैले यति त्याग गरें" भन्ने भावना रहेको पाइन्छ । उनीहरु भन्ने गर्दछन्- "म २००६ सालदेखि हिडिरहेको छु", "मैले जागिर छोडें", "मैले ठूलो पद छोडें", "मैले यति दुःख पाएँ, उति दुःख पाएँ", "मेरो घर बिग्रियो", "कमाइ गरिँन" आदि । यसो भनेर उनीहरु सुस्केरा छोड्दछन् । चीसो सास फेर्दछन् । मानौं, तिनले यी सबै "ठूलठूला" कुराहरु छोडेर ठूलो लगानी गरेका हुन् । समाजलाई, समाजको कुनै आन्दोलनलाई वा क्रान्तिप्रति उनीहरुले ठूलो लगानी गरेका छन् तर फाइदा भएन । उनीहरुलाई मैले यति गरें भन्ने गौरब पनि छ, तर त्यो गौरब नाफा हुन्छ भन्नेसित संबन्धित छ । मानौं, उनीहरु कुनै व्यापार गर्दैछन् ।

सामाजिक-राजनीतिक काम कुनै ब्यापार होइन । कुनै नाफा-नोक्सानको कुरो, कुनै बहीखातामा अटाउने कुरो होइन । नाफा-नोक्सानको हिसाब-किताब त ब्यापारीको कुरो हो, माडवारी, साहू-महाजनको मामला हो । केही पाउने हिसाबले, केही व्यक्तिगत फाइदा उठाउने हिसाबले कुनै कुरा गर्नु वा घर, जागिर, पद आदि छोड्नु त्याग होइन, बरु केही गरेपछि, केही लगानी गरेपछि त्यसको प्रतिफल (Return) पाउने आशा गर्नु हो । यो आसे-मानसिकता, यो Returne को मानसिकता त्याग होइन । यो खालको त्यागको मानसिकता गंभीर अर्थमा व्यक्तिवादी-व्यापारी मानसिकता हो ।

यो मानसिकताबाट माथि नउठी कुनै पनि उच्च तहको सांस्कृतिक-राजनैतिक आन्दोलन हुन सक्दैन । कुनै क्रान्ति हुन सक्दैन । समाज परिवर्तनको लागि यो त्यागको मानसिकता एउटा प्रमुख बाधाको रुपमा खडा भएका छ ।

आज कतिपय मानिसहरुलाई हामी देख्दछौं कि उनीहरु भन्दै हिँडिरहेका छन्- "१०-२० वर्ष पार्टीमा खटियो, सामाजिक काम गरियो, तर हात लाग्यो फुस्सा ? अहिले मलाई खै कसैले हेरेन ।" यो मनोभाव पाइन्छ । यो पश्चाताप, यो क्लेश र यो ग्लानीको भावना पाइन्छ । किनभने त्यागको मानसिकता पूरा आन्दोलनमा विद्यमान छ । जो कोही पनि यसबाट मुक्त नहुञ्जेल यस्तै भावनाका शिकार भईरहन्छन् ।



# जुत्ता अनुसार खुट्टा काट्ने कि खुट्टा अनुसार जुत्ता ?



## नेपालको क्रान्ति चीनको जस्तो हुनेछ कि रुसको जस्तो ?

-प्रज्ञान रत्न

*"यो दुरुस्तै रुसी मोडेलको जस्तो हुनेछ ।" एकथरीले भन्दछ ।*

*"हैन, हामी पनि अर्द्ध सामन्ती, चीन पनि अर्द्ध सामन्ती, हामी पनि अर्द्ध-उपनिवेश, चीन पनि अर्द्ध उपनिवेश । त्यसैले यो हुबहु चीनको जस्तो हुनेछ ।" अर्को थरी भन्दछ ।*

*"सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद फेल खाई सक्यो । त्यसैले हामीले पनि हूबहू सोभियत संघ र पूर्वी यूरोपमा गरे जस्तै बहूदलीयता र बजार अर्थतन्त्र लागू गर्नुपर्दछ । "*

यस्तो कुराकानी हामी हाम्रो आन्दोलन भित्र जतातते र पलपल भईरहेको पाउँछौं । के वस्तुलाई हेर्ने, संसारलाई हेर्ने यो दृष्टिकोण सही र वैज्ञानिक छ ? के यो दृष्टिकोणबाट संसारलाई हेरेर हामी सत्य पत्ता लाउन सक्छौं ? हाम्रो मुख्य चासोको विषय यो हो ।

विज्ञानले बताउँछ- संसारमा कुनै पनि एउटा वस्तु अर्को वस्तु जस्तो हुँदैन । बाहिरबाट यान्त्रिक रुपले एउटै जस्तो देखिने वस्तु पनि त्यसको आन्तरिक बनोटको हिसाबबाट अर्को वस्तु भन्दा धेरै कुरामा फरक हुन्छ । जुन क्षणमा एउटा वस्तु पैदा भएको हुन्छ, त्यो समय र परिस्थितिसितको सम्बन्ध र द्वन्दले त्यो वस्तुको आन्तरिक बनोटमा एउटा असर पुऱ्याएको हुन्छ भने अर्को क्षणको समय र परिस्थितिमा अर्को । त्यसैले कुनै पनि एउटै जस्तो देखिने अलग अलग वस्तु आन्तरिक बनोटको हिसाबले एक अर्कामा भिन्न हुन्छन् । एउटै जस्तो देखिने जुम्ल्याहा मान्छेका अलग अलग स्वभाव हुन्छन् । उही उही जस्तो देखिने मकैको गेडाबाट एउटै खालको माटोमा पनि अलग अलग खालको मकैको बोट उम्रिन्छ ।

भिन्ना भिन्नै वस्तुको त कुरै छाडौं, एउटै वस्तु पनि उही अवस्थामा स्थिर रहँदैन । प्रत्येक वस्तु गतिशील हुन्छ । चलायमान हुन्छ । समय परिस्थिति गतिशील हुन्छ । त्यससंगको सम्बन्ध र द्वन्दमा त्यही वस्तुको आन्तरिक संरचना पनि गतिशील हुन्छ । त्यो निरन्तर बदलिरहेको हुन्छ । एंगेल्सले एकचोटि भन्नु भएको थियो- एउटा वस्तु आरामको अवस्थामा छ । एकै ठाउँमा उत्तिकै पडीरहेको छ । तर पनि त्यसमा परिवर्तन आईरहेकै हुन्छ; किनकि एकै ठाउँमा पडीरहे पनि त्यो वस्तुले पृथ्वीको गतिसित त भाग लिई रहेकै हुन्छ । पृथ्वीको गतिसित भाग लिने क्रममा त्यो जुन तापक्रम र प्रक्रिया भएर गुज्रन्छ, त्यसले त्यो वस्तुको रासायनिक-भौतिक संरचनामा परिवर्तन ल्याईरहेको हुन्छ । र हरेक परिवर्तन भनेको गति हो । म अहिले जो छु, एकछिन पछि म त्यस्तो रहन्न । एकछिन् पछि म जो हुन्छु, त्यसपछि म त्यो रहन्न । ममा भईरहेको गति अलि समयपछि चाल पाउने गरी थाहा पाइन्छ । म बच्चाबाट तन्नेरी भईरहेको हुन्छु, तन्नेरीबाट प्रौढ र प्रौढबाट वृद्ध । तर जुन चाल पाउने गरी थाहा पाइन्छ, त्यो परिवर्तन अलि अलि गरेर नै भएको हुन्छ । एकैचोटि कुनै पनि मानिस बच्चाबाट वृद्ध हुँदैन ।

यो कुरा समाज देशको हकमा पनि लागू हुन्छ । हरेक दुई वस्तु फरक भए जस्तै दुई मुलुक पनि फरक हुन्छन् । कुनै पनि दुई मुलुक हूवहू एउटै खालका हुँदैनन् । एउटै मुलुक पनि उही, जस्तै र स्थिर रहँदैन । समय र परिस्थितिसितको सम्बन्ध र द्वन्दमा त्यो मुलुक भित्रको विरोधी शक्तिहरुले गर्दा प्रत्येक मुलुक भित्री रुपले हर क्षण बदलिरहेको हुन्छ । अहिलेको नेपाल २०४५ सालको नेपाल होइन । अहिलेको चीन हिजोको चीन होइन । अहिलेको रुस-हिजोको रुस होइन । प्रत्येक वित्दो क्षणपछि र विश्व परिस्थितिसितको सम्बन्ध र द्वन्दमा, नेपाल भित्रकै विरोधी शक्तिहरुको बीचको सम्बन्ध द्वन्दमा नेपाल लगातार बदलीरहेछ । जुन नीति र कार्यक्रम २०४५ सालमा नेपालमा लागू गर्दा ठीक हुन्थ्यो, त्यो २०४६ सालमा ठीक नहुने स्थिति हुनसक्छ । चीनको मोडेल, रुसको मोडेल नेपालमा फीट खान्छ कि खाँदैन, त्यसको त कुरै पर राखौं । चीनको त्यतिखेरको क्रान्तिको मोडेल अहिले चीन स्वयंमा फीट खाँदैन, त्यस्तै रुसी क्रान्तिको मोडेल रुसमै । किनकी मुलुकहरु पनि गतिशील छन् ।

त्यसैले सत्य पत्ता लगाउने हो भने वस्तुलाई स्थिरतामा हेर्नु हुँदैन । हरेक वस्तुलाई गतिमा हेर्नुपर्छ । वस्तुलाई स्थिरतामा हेर्ने, नवदलिने कुराको रुपमा हेर्ने दृष्टिकोण अवैज्ञानिक दृष्टिकोण हो । यसलाई दर्शनको भाषामा अधिभूतवाद भन्छन् । हरेक वस्तुलाई निरन्तर गतिमा हेर्ने, परिवर्तन भइरहने कुराको रुपमा हेर्ने दृष्टिकोण वैज्ञानिक दृष्टिकोण हो । यस दृष्टिकोणलाई दर्शनमा द्वन्दवाद भन्छन् ।

फेरि अर्को कुरा, सत्य पत्ता लगाउने हो भने वस्तुलाई अलग-थलग रुपमा पनि हेर्नु हुँदैन । समय र परिस्थिति भन्दा अलग्ग, त्यो सित नगाँसिएको कुराको रुपमा हेर्नु हुदैन । किनकी कुनै पनि वस्तु समय र परिस्थितिसितको सम्बन्ध र द्वन्दमा नै गतिशील हुन्छ । यस्तो हेर्ने दृष्टिकोण पनि अवैज्ञानिक हो । दर्शनका भाषामा यस्तो दृष्टिकोण-लाई पनि अधिभूतवाद भनिन्छ । हरेक वस्तुलाई समय र परिस्थितिसित जोडेर त्योसित हर हमेशा गाँसिएको रुपमा हेर्नु पर्दछ । यसरी हेर्नु वैज्ञानिक हुन्छ । यस्तो दृष्टिकोणलाई दर्शनमा द्वन्दवाद भनिन्छ ।

**चीनको मोडेल, रुसको मोडेल नेपालमा फीट खान्छ कि खाँदैन, त्यसको त कुरै पर राखौं । चीनको त्यतिखेरको क्रान्तिको मोडेल अहिले चीन स्वयंमा फीट खाँदैन, त्यस्तै रुसी क्रान्तिको मोडेल रुसमै । किनकी मुलुकहरु पनि गतिशील छन् ।**

यसरी सत्य पत्ता लगाउने हो भने बाहिर मात्र हैन, हरेक वस्तु भित्रको आन्तरिक संरचना, बनोट हेर्नु पर्दछ । बाहिरबाट अलि अलि उस्तै उस्तै वा उस्तै उस्तै देखिएको वस्तुलाई बाहिरी देखाइको भरमा उस्तै ठान्नु अवैज्ञानिक दृष्टिकोण हो । यस्तो सतह हेरेको भरमा उस्तै ठान्ने दृष्टिकोण पनि दर्शनको भाषामा अधिभूतवाद हो । हरेक वस्तुको बाहिरी भित्री संरचना वा बनोट हेरेर मात्र वस्तुहरु कति समान छन्, कति भिन्न छन् भनेर धारणा बनाउने दृष्टिकोण वैज्ञानिक हो । दर्शनको भाषामा यो द्वन्दवाद हो ।

हरेक वस्तु एक अर्कामा फरक हुन्छन् भने के वस्तु वस्तुहरुका बीचमा साझा कुरा हुँदैनन् ? आम-विशेषताहरु हुँदैनन्-प्रश्न उठ्न सक्छ ।

निश्चय नै वस्तु वस्तु बीचमा खालि भिन्नता मात्र होइन, साझा कुरा पनि हुन्छन्; जसरी हरेक मान्छेको रुपरंग एक अर्काबाट फरक हुन्छ तर पनि हरेक मान्छेका बीचमा साझा कुरा हुन्छ, जस्तो कि प्रत्येकको शरीर हुन्छ, इन्द्रीय हुन्छ, चिन्तन क्षमता हुन्छ, श्रम गर्ने क्षमता हुन्छ प्रत्येकले खानु, पिउनु, सास लिनु पर्दछ । यी मानिसमा रहेका साझा कुराहरु हुन् । त्यस्तै देश देशको पनि साझा विशेषता हुन्छन् । साझा विशेषता भएपछि सबैलाई लागू हुने साझा कुरा पनि हुन्छ । साझा विशेषताको आधारमा सबै मुलुकमा लागू हुने साझा कुरालाई नै साझा वा सामान्य-सिद्धान्त भनिन्छ ।

हामीले भिन्नता मात्र हेरेर पुग्दैन, साझा विशेषता पनि हेर्नु पर्दछ । हामीले साझा विशेषता हेरेर पुग्दैन, प्रत्येक वस्तु ,मान्छे, मुलुक बीचको भिन्नता पनि हेर्नु पर्दछ । जो खालि भिन्नतामात्र हेर्नु पर्छ भन्नेमा जोड दिन्छन्, तिनीहरु सत्यको एउटा पाटो मात्र हेर्छन । तिनीहरु एकांगी र अवैज्ञानिक हुन्छन् । खालि भिन्नता मात्र हेर्ने एकांगी र अवैज्ञानिक दृष्टिकोणबाट व्यवहार वाद (Pragmatism) पैदा हुन्छ । जो खालि साझा विशेषता मात्र हेर्नुपर्छ भन्नेमा जोड

दिन्छन्, भिन्नतालाई उपेक्षा गर्छन्, तिनीहरु पनि सत्यको अर्को पाटो हेर्दैनन् । त्यसैले तिनीहरुको पनि एकांगी अवैज्ञानिक दृष्टिकोण राख्छन् । खालि साझा कुरा मात्र हेर्नमा जोड दिने एकांगी र अवैज्ञानिक दृष्टिकोणबाट जडसूत्रवाद (Dogmatism) पैदा हुन्छ । सत्य पत्ता लगाउने हो भने हामी एकांगी हुनुहुँदैन । सत्यको एउटा पाटोमा मात्र ध्यान दिने हुनुहुँदैन । अन्धाहरुले हात्ती छामे जस्तो एकांगी दृष्टिकोण हाम्रो हुनुहुँदैन; कसैले हात्ती नाङ्लो जस्तो छ भन्ने कसैले खम्बा जस्तो छ भन्ने । हाम्रो दृष्टिकोण सर्वांगी हुनुपर्छ । सत्यको सबै अंगमा, पाटोमा हाम्रो उतिकै ध्यान पुग्नुपर्छ । संसारका सबै वस्तुमा केही साझा कुरा हुन्छन् र साथसाथै सबै वस्तु एक अर्काबाट भिन्न हुन्छन् भन्ने सत्य उपर हाम्रो ध्यान जानुपर्दछ ।

नेपालमा रुस वा चीनको मोडेल हूबहू लागू हुन्छ भन्ने दृष्टिकोणले- सत्यको एउटा पाटो मात्र हेऱ्यो त्यसले साझा विशेषतालाई मात्र ध्यानमा राख्यो, भिन्नतालाई भुल्यो । त्यसैले यो दृष्टिोण एकांगी भयो, सर्वांगीण भएन । वैज्ञानिक भएन । अधिभूतवादी दृष्टिकोण भयो, जडसूत्रवादी दृष्टिकोण भयो । त्यस्तै कसैले नेपालमा लागू हुनसक्ने त्यस्ता साझा कुरा वा सामान्य सिद्धान्त नै छैनन्, भनेर खालि भिन्नतालाई मात्र जोड दिन्छ भने त्यो पनि एकांगी र अवैज्ञानिक दृष्टिकोण भयो । यो पनि अधिभूतवादी दृष्टिकोण भयो ।

संसारमा एउटा मुलुकमा लागू भएको कुरा अर्को मुलुकमा हूबहू लागू हुने भै दिएको भए संसारमा एउटा मुलुकमा मात्र सोच विचार गरे पुग्थ्यो । चिन्तन र सिद्धान्तको विकास नै हुँदैनथ्यो । एउटै मुलुकको चिन्तन



**रुसको क्रान्तिकारी अनुभवको आधारमा स्तालिनले चीनियाँ क्रान्तिको बारेमा निर्देशन दिँदा, माओले त्यसलाई चीनियाँ परिस्थितिसित मेल खाँदैन भनेर अस्वीकार गर्नु भएको थियो । स्तालिनले सुझाव दिनु भएको बाटोबाट गएको भए चीनको जनवादी क्रान्ति नै सम्पन्न हुन सक्ने थिएन ।**

र सिद्धान्तले सबैतिर काम दिने भएपछि अन्यको मानिसले मथिंगल खियाउनु पऱ्यो नै किन ? विवेक-बुद्धि लगाउनु पऱ्यो नै किन ? त्यस्तै संसारमा एक समयमा सही साबित भएको विचार सधैंभरि सही भईरहने भए संसारमा विचार वा सिद्धान्तको विकास नै हुने थिएन । मार्क्सले सोची दिए पछि हामीलाई पुगी हाल्ने भयो, हामीले सोच्नु पर्ने नै किन ? साम्यवादी विचार मार्क्स, एंगेल्स, लेनिन जहाँ अड्किनु भएको थियो, त्यहीं रोकिन्थ्यो ।

तर वास्तविकता त्यस्तो हुँदैन । मार्क्सवादका संसार भरि लागू हुनसक्ने केही साझा सिद्धान्तहरु छन् । तर त्यो रुसमा लागू गर्दा त्यहाँको भिन्न परिस्थितिसित त्यो सामान्य सिद्धान्तको द्वन्द हुन्छ । त्यो द्वन्दबाट नयाँ अनुभव पैदा हुन्छ र त्यसबाट मार्क्सवादको ज्ञान भण्डार अरु धनी र विकसित हुन्छ । त्यस्तै चीनमा लागू गर्दा, कोरियामा लागू गर्दा, भियतनाममा लागू गर्दा । त्यसैले त लेनिनले मार्क्सवादको विकास गर्नसक्नु भयो- रुसको भिन्न परिस्थितिसितको द्वन्दमा मार्क्सवादको सामान्य सिद्धान्त लागू गरेर, त्यहाँको परिस्थितिमा प्राप्त अनुभव-द्वारा । यस्तै माओले पनि लीली शान र २९ बोल्सेभिकहरुले भने जस्तै रुसी सिको मात्र गर्नु भएको भए-मार्क्सवादको थप विकास गर्न संभव हुँदैनथ्यो । उहाँले पनि चीनको भिन्नता पहिल्याउनु भयो । त्यसमा मार्क्सवादको सामान्य सिद्धान्त लागू गर्नुभयो । त्यो भिन्नतासितको द्वन्दमा मार्क्सवादको सामान्य सिद्धान्त अरु विकसित भयो ।

यही कुरा नेपालमा पनि लागू हुन्छ । मार्क्सवादको सामान्य सिद्धान्त छ: जुन माओसम्म आइपुग्दा एउटा उच्चाइमा आईपुगेको छ । तर नेपालका र विश्वमै अहिले भिन्न परिस्थितिहरु पनि छन् । ती के हुन्, लेनिन र माओले गरेजस्तै हामीले पनि ती भिन्नताहरु पहिल्याउनु पऱ्यो, अनि त्यो भिन्न परिस्थितिमा लागू हुन संभव त्यो सामान्य सिद्धान्त लागू गर्नु पऱ्यो । भिन्न परिस्थितिसितको द्वन्दमा मार्क्सवादले नेपालमा पनि नयाँ उचाइ लिनु अवश्यंभावी छ । यस्तो गर्नको लागि हामीले मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, माओले जे जति मथिंगल खियाउनु भयो, त्यसैमा अकडिएर, त्यसकै अन्ध नजर गरेर काम चल्दैन । हामी आफैले मथिंगल खियाउनु जरुरी छ । विचार-बुद्धि पुऱ्याउनु जरुरी छ । अहिलेको युगको भिन्नता र




शब्द परिचय

# प्रजातान्त्रिक समाजवाद

***आ**धुनिक सुधारवादको आधिकारिक विचारधारा प्रजातान्त्रिक समाजवाद हो । यो प्रस्थापना १९५१ मा फ्र्यांकफर्टमा भएको सोसलिष्ट इण्टरनेशनलको घोषणा पत्र "प्रजातान्त्रिक समाजवादका लक्ष्यहरु र कार्यहरु"मा सबभन्दा पहिले अघि सारिएको थियो ।*

*यसको सैद्धान्तिक आधार नव-काण्टवाद र नैतिक समाजवाद हो । प्रजातान्त्रिक समाजवादको धारणा के छ भने -समाजवाद ऐतिहासिक विकासको स्वाभाविक उपज होइन । यो एउटा नैतिक आदर्श हो, जुन समाजका सबै तप्काको लागि उत्तिकै मात्रामा स्वीकार्य हुन्छ । समाजको समाजवादी ढाँचामा पुनर्निर्माण गर्नु भनेको, यसको विचारमा, एउटा नैतिक समस्या हो, समाजवादी भावना अनुकूल जनसमूदायलाई शिक्षित र पुनर्शिक्षित गर्ने समस्या हो । त्यसैले यसले वर्ग-संघर्ष, समाजवादी क्रान्ति र सर्वहारा वर्गको अधिनायकत्वको धारणालाई अस्वीकार गर्छ । यसको विचारमा, समाजवाद क्रान्तिबाट होइन, "प्रजातान्त्रिक बाटोबाट" आउँछ, चुनावी, प्रतिस्पर्धा र संसदीय बाटोबाट आउँछ । समाजवाद पूँजीवादी राज्य र पूँजीवादी सरकारको मातहतमा सामाजिक सुधारका कदमहरुबाट, विशेष रुपले शैक्षिक र सांस्कृतिक सुधारका कदमहरुबाट आउँछ र समाजवाद "प्रजातन्त्र"का रुपमा, पूँजीपति वर्ग लगायत सबै वर्ग र तप्काहरुको समन्वय र शान्तिपूर्ण एकताका रुपमा अस्तित्वमा रहन्छ ।*

*प्रजातान्त्रिक समाजवादले यसरी पूँजीवादी समाजकै जगलाई चीरस्थायी बनाउने, दीगो बनाउने काम गर्छ । यसले घुमाई फिराई पूँजीवादी समाजलाई यथावत जोगाउने कार्य गर्छ । यो मार्क्सवादको विरुद्धमा अस्तित्वमा आएको विचारधारा हो । समाजवाद विश्वव्यापी रुपमा लोकप्रिय भईरहेको बेला- समाजवादको लोकप्रिय शब्द टिपेर समाजवादको मूल सारलाई चाहिं भुत्ते बनाउने ध्येयले प्रजातान्त्रिक समाजवादको अवधारणा विकसित गरिएको हो । त्यसैले यसले मिश्रित अर्थतन्त्र अपनाउँछ तर समाजवादको अर्थतन्त्र मान्दछु भन्दछ, समाजवादी राजनीतिलाई अस्वीकार गर्छ, मार्क्सलाई गुरुको रुपमा मान्दछु भन्दछ तर मार्क्सवादको मूल क्रान्तिकारी सारको भने विरोध गर्दछ ।*

विश्वको परिस्थितिको भिन्नता, अहिलेको नेपालको भिन्नता हामी आफैले खोजेर पत्ता लगाउनु जरुरी छ।

तर रुस र चीनको र पूर्वीयूरोप र वर्तमान रुसको मोडेल लागू गर्ने चिन्तनले हामीलाई मथिंगल खियाउनु जरुरी पर्दैन। हामीलाई वास्तविकता सोच्न, खोजी गर्न जरुरी पार्दैन। हामीलाई नेपालको भिन्नता पत्ता लगाउन जरुरी पार्दैन। त्यसले पुरानो सूत्र नयाँ परिस्थितिमा आँखा चिम्लेर लागू गर्न प्रेरित गर्छ। पुरानो सूत्रलाई जडतापूर्वक अर्थात यान्त्रिक रुपले बिना सोचविचार भिन्न वा नयाँ परिस्थितिमा लागू गर्ने हुनाले नै अन्धनक्कलको चिन्तन प्रणालीलाई जडसूत्रवाद भनिएको हो। जडसूत्रवादी चिन्तनको सबैभन्दा ठूलो दोष के हो भने यो नयाँ वास्तविकता प्रति, परिस्थितिमा आएको भिन्नता प्रति, परिवर्तन प्रति बेहोश हुन्छ। संसारको परिस्थिति परिवर्तनशील छ, गतिशील छ। तर जडसूत्रवादले सम्पूर्ण परिस्थितिलाई स्थिरतामा हेर्छ। यन्त्रवत हेर्छ। जडसूत्रवादी चिन्तनको मूल दोष नै के हो भने परिस्थिति नयाँ तर सूत्र पुरानो, समस्या नयाँ तर समाधान पुरानो, प्रश्न नयाँ तर उत्तर पुरानो!

केरा भिटामीनयुक्त फल हो। तर सबै व्यक्तिलाई केरा ख्वाउँदा फाइदा नै पुग्छ, यो जरुरी छैन। कसैलाई त यसले विषको पनि काम गर्छ। केराले अमृतको काम गर्छ कि विषको, यो केरामा मात्र आधारित हुँदैन। केरा खाने मान्छेको शरीरको आन्तरिक परिस्थितिमा यो मूल रुपले भर पर्दछ। शरीर भित्रको परिस्थितिसितको सम्बन्ध र द्वन्दमा नै केराले फाइदा पुऱ्याउने कि नोक्सानी पुऱ्याउने भन्ने सवालको ठेगान हुन्छ। त्यस्तै लेनिनले रुसमा र माओले चीनमा विकास गर्नु भएको क्रान्तिको नीति र कार्यक्रमको मोडेल-क्रान्तिकारी थियो, प्रगतिशील थियो। भिटामीनयुक्त केरा जस्तै। तर ती नीति र कार्यक्रम नेपालमा हुबहु लागू गरेर नेपालमा आमूल परिवर्तन नै हुन्छ, फाइदा नै पुऱ्याउँछ, यो जरुरी छैन। यो मुख्यतया अहिलेको विश्वको र नेपालको आन्तरिक परिस्थितिमा नै भर पर्दछ। शरीरको आन्तरिक परिस्थितिसितको सम्बन्ध र द्वन्दमा केराको फाइदा बेफाइदा आधारित भए जस्तै।

> **_नेपालको खुट्टा लम्बाइ, चौडाइ, मोटाइ सम्बन्धी वास्तविकता हामीले पत्तो लाउनु पर्छ र त्यही मुताबिक फीट हुने जुत्ता काट्नु पर्छ।_**

रुसको क्रान्तिकारी अनुभवको आधारमा स्तालिनले चीनियाँ क्रान्तिको बारेमा निर्देशन दिँदा, माओले त्यसलाई चीनियाँ परिस्थितिसित मेल खाँदैन भनेर अस्वीकार गर्नु भएको थियो। पछि स्तालिनले स्वीकार्नु परेको थियो। स्तालिनले सुझाव दिनु भएको बाटोबाट गएको भए चीनको जनवादी क्रान्ति नै सम्पन्न हुन सक्ने थिएन। यद्यपि त्यो रुसी क्रान्तिको अनुभवमा आधारित थियो। त्यसैले, एउटा देशको क्रान्तिकारी अनुभव अर्को ठाउँको निम्ति हानिकारक र विषालु पनि हुन सक्छ। उपयोगी रअमृतरुपी पनि हुन सक्छ।

तर चीनियाँ मोडेल, रुसी मोडेल र येल्तसीन मोडेल वा अन्य नक्कलको चिन्तन भने हरेक विरामीलाई केरा ख्वायो भने फाइदाजनक नै हुन्छ भन्ने चिन्तन हो। यो यान्त्रिक चिन्तन प्रक्रिया हो। यो अद्वन्दवादी, अवस्तुवादी चिन्तन प्रक्रिया हो। वैज्ञानिक चिन्तन प्रक्रिया, द्वन्दवादी बस्तुवादी चिन्तन प्रक्रिया अपनाउने हो भने हामीले केरामा रहेको भिटामीन तत्व मात्र हेरेर यसले हर विरामीलाई फाइदा पुऱ्याउँछ भने यान्त्रिक दृष्टिकोण छाड्नु पर्छ। विरामीको शरीरको आन्तरिक वास्तविकता थाहा पाएर त्यसको जरुरत अनुसार केरा ख्वाउनु ठीक हुन्छ कि हुँदैन भनेरनिधो गर्ने दृष्टिकोण अपनाउनु पर्छ। माओले यसैलाई अर्को भाषामा भन्नु भएको थियो- जुत्ता अनुसार खुट्टा काट्ने होइन, खुट्टा अनुसार जुत्ता काट्ने दृष्टिकोण अपनाउनु पर्छ। चीनियाँ साइजको, रुसी साइजको जुत्ता, नेपाली खुट्टामा फीट नै हुन्छ, यो कुनै जरुरी छैन। नेपालको खुट्टा लम्बाइ, चौडाइ, मोटाइ सम्बन्धी वास्तविकता हामीले पत्तो लगाउनु पर्छ र त्यही मुताविक फीट हुने जुत्ता काट्नु पर्छ। वास्तविकता मुताविक धारणा, नीति र कार्यक्रम बनाउने दृष्टिकोण बस्तुवादी, द्वन्दवादी, वैज्ञानिक दृष्टिकोण हो। यसैले हामीलाई सत्यमुखी पार्छ। मनगढन्त र हचुवा आधारमा अन्ध अनुशरण गर्दै धारणा, नीति र कार्यक्रम बनाउने दृष्टिकोणआदर्शवादी अधिभूतवादी, अवैज्ञानिक दृष्टिकोण हो। यसले हामीलाई असत्यतिर डोऱ्याउँछ। हामीले के दृष्टिकोण राख्नु पर्छ भने नेपालको क्रान्ति नेपाली मोडेलको हुनेछ: कुनै अर्को मोडेलको हैन।

---

पृष्ठ २२ को बाँकी…

र विक्री कर मिलाएर कूल राजस्वको ४६.६ प्रतिशत योगदान रहेको थियो। अर्थात यो दशकमा पनि कूल राजस्वको व्यापारप्रतिको निर्भरता सबभन्दा बेसी रहीरह्यो। अन्तः शुल्कको योगदान यस १० वर्षमा पनि ११ प्रतिशतकै वरपर स्थिर रह्यो। तर आयकरको योगदान भने बढ्यो। यसको योगदान ०३७/३८ सालमा ६ प्रतिशत रहेकोमा २०४६/४७ सालमा १०.६ प्रतिशत हुन पुग्यो। भन्सार महसूल, अन्त शुल्क, विक्री कर र आयकर जस्ता सम्पूर्ण पूँजीवादी राजस्व स्रोत एकै ठाउँमा मिलाउने हो भने कूल राजस्वमा ६९ प्रतिशत योगदान यिनीहरुको मात्र रहने स्थिति रह्यो।

यसरी यो दशकमा- राज्यको आयमा मालपोतको योगदान-नगण्य मात्र हुन पुग्यो। यो भनेको राज्यको जमीनप्रतिको सामन्ती निर्भरता सबैभन्दा न्यून हुनु हो। यही अवधिमा राज्यको पूँजीवादी आयस्रोतप्रतिको निर्भरता भने सबैभन्दा बेसी हुनपुग्यो।

*निचोडहरु:*

यसरी २००७ सालयता नेपालको राजस्व संरचनामा आमूल परिवर्तन भएको छ। नेपाली राज्यको आयको मूल स्रोत-२००७ सालतिर मालपोत थियो। अहिले त्यो बदलिएर राजस्वको मूल स्रोत व्यापार भएको छ। व्यापारमा पनि मुख्य स्रोत अन्तर्राष्ट्रिय व्यापार भएको छ। अर्को भाषामा भन्ने हो भने-दलाल पूँजीपतिले गर्ने व्यापार। अरु देशमा बनेका औद्योगिक वस्तुको एजेन्सी अर्थात दलाल भएर गर्ने व्यापारले नै नेपाली राज्यको राजस्वको सबैभन्दा ठूलो अंश ओगट्ने परिस्थिति अहिले पैदा भएको छ।

राज्यको आयमा मालपोतको योगदान अब बिल्कूलै नगण्य भएको छ। यसको मतलब जमीनप्रतिको राज्यको आयको सामन्ती निर्भरता अब नगण्य भएको छ। राज्यले अब मालपोतमा आधारित भएर कुनै पनि आधारभूत योजना सोच्न सक्दैन।

राज्यले अब आफ्नो आयको निम्ति मुख्य रुपमा भन्सार महसूल, विक्रीकर, अन्त शुल्क, आयकर र सेवा उपभोग करमा भर पर्ने गरेको छ। यी भनेका सबै नै आयका पूँजीवादी स्रोतहरु हुन्। राज्य अत्याधिक रुपमा यिनै पूँजीवादी आय स्रोतप्रति आश्रित र निर्भर भएको छ।

कुनै पनि सवालमा सत्य पत्ता लगाउने विधि भनेको तथ्यबाट पत्ता लगाउने विधि हो। तथ्यको आधारमा सत्य पत्ता लगाउने विधि नै द्वन्दात्मक वस्तुवादी विधि पनि हो। नेपालको राज्यको राजस्व संरचना सम्बन्धी तथ्यले अकाट्य रुपमा के देखाएको छ भने नेपालको राज्य अब राजस्वको निम्ति मूल रुपमा पूँजीवादी आय स्रोतप्रति निर्भर भएको छ। सामन्ती आयस्रोतबाट त उसको कूल आम्दानीको १ प्रतिशत पनि उठ्ने स्थिति अहिले विद्यमान छैन।

तर पनि हामीले परम्परागत रुपमा नेपालको राज्यको वर्ग चरित्र सामन्ती वा अर्द्धसामन्ती हो भनेर भन्दै आएको छौं। तथ्यले के टड्कारो प्रश्न तेर्स्याएको छ भने- के त्यस्तो राज्यको वर्ग चरित्र सामन्ती वा अर्ध सामन्ती हुन्छ जसको आयको मुख्य स्रोत पूँजीवादी आयबाट प्राप्त हुन्छ, के त्यस्तो राज्य सामन्ती वा अर्ध-सामन्ती हुन्छ, जसले जमीनमा आधारित करबाट आफ्नो न्यूनतम खर्च स्रोत समेत धान्न सक्दैन?

सबैले तथ्यहरुको आधारमा निधार खुम्च्याएर सोच्नु जरुरी छ।

*तथ्यांक स्रोतहरु:*


१. Budget in Nepal (1951-52 to 1981-82)- अर्थ मन्त्रालय, राजस्व प्रशासन तालीम केन्द्र, १९८२, काठमाडौं।
२. Report of the Board of Directors of Nepal - 1956/57 to1960/61- 1964/65 to HMG, नेपाल राष्ट्र बैंक
३. नेपाल राष्ट्र बैंकको Quarterly Economic Bulletin हरु
४. अर्थमन्त्रालय-आर्थिक सर्वेक्षणहरु

# कला-साहित्य

# कुन राम्रो, कुन नराम्रो ?

## "कान्छी ! *त्रिशूल* फिलिम हेर्न नभूल है !"

कुनै कविता, कथा, नाटक, निबन्ध वा फिल्म, मन्चमा प्रस्तुत सांस्कृतिक कार्यक्रम एवं रेडियो, टि.भि. का गीतहरु र विविध मनोरंजनमूलक कार्यक्रमहरु कस्तालाई राम्रो मान्ने ? कस्तालाई नराम्रो मान्ने ?- यो प्रश्न आम दर्शक-पाठकहरुमा पैदा भैरहने प्रश्न हो। सुन्दर र असुन्दर भन्ने कुरा व्यक्तिको चेतनाको स्तरले फरक पार्ने कुरा हो। कम सचेत रहँदा मानिसले जे कुरालाई राम्रो मानेको हुन्थ्यो, सचेतता बढ्दै गएपछि त्यो कुरा नै उसलाई अत्यन्त नराम्रो लाग्न सक्छ वा असचेत अवस्थामा नराम्रो ठानिएको कुरा सचेत अवस्थामा राम्रो ठहरिन पनि पुगेका हुन्छन्। यसको उदाहरण हाम्रो समाजमा प्रशस्तै पाइन्छन्। पुराना रुढीवादी परम्पराहरुलाई "मौलिकता" को नाममा काखी च्याप्ने व्यक्तिहरुले पनि पछि आफूमा वैज्ञानिक चेतको विकास भएपछि -"ए कुहिएको सिनुलाई पो च्यापेर हिँडिएछ त " भनी त्यस्ता रुढीहरुलाई घृणा गर्न थालेका उदाहरण हामी वरिपरि नै प्रशस्त छन्।


"असाध्यै राम्रो फिलिम" का नायक

कुनै पनि कुरा के कारणले मानिसलाई राम्रो लाग्छ वा राम्रो लाग्दैन भन्ने कुरा यसरी व्यक्तिको चेतनासंग जोडिएको हुन्छ भने सचेत व्यक्तिहरुका सामु चाहिँ कुनै पनि चीज राम्रो वा नराम्रो कस्तो हो-कसरी ठम्याउने भन्ने कुरा महत्वपूर्ण हुन्छ। झट्ट हेर्दा राम्रो लाग्ने वा बाहिरबाट हेर्दा राम्रो लाग्ने कुराहरु समग्रमा केलाउँदा अत्यन्त नराम्रा ठहरिन पुग्ने हुनसक्छन्। यसैगरी झट्ट हेर्दा नराम्रा देखिने कुरा पनि समग्रमा केलाउँदा राम्रा ठहरिन पुग्ने हुनसक्छन्।

मानिसभित्रको सौन्दर्य-चेतको यो पक्ष अत्यन्त गहन र महत्वपूर्ण पक्ष हो। तर यहाँ यसको त्यति गहनताभित्र नगई हाम्रो समाजमा हालको समयमा देखिएका केही प्रवृत्तिहरुका सन्दर्भमा मात्र यसलाई हेरौं।

समाजमा नाटक-सिनेमा-साहित्यको उत्पादन बढ्दै छ। मानिसहरु ती चीजहरु पहिलेभन्दा बढी संख्यामा हेर्दै छन् तर ती चीजहरुलाई कसरी केलाएर हेर्ने भन्ने विषयमा भने आवश्यक मात्रामा चर्चा-परिचर्चा हुनसकेको छैन। जम्मामा जीवन र जगतलाई हेर्ने कुनै वैज्ञानिक दृष्टिकोण नभएका व्यक्तिहरु हरेक सिनेमा-नाटक वा साहित्यलाई तिनीहरुको बाहिरी रुपका आधारमा मात्र र तिनीहरुले छोड्ने क्षणिक प्रभावका आधारमा मात्र राम्रो, नराम्रो भनी छुट्याउने गर्छन्।

पाटन शहरको एउटा सडकपारीको घरको झ्यालबाट केही समय अघि एउटी तामाङ्गनी दिदीले सडकपारी आफू बस्ने गरी डेराको झ्यालमा बसेकी छिमेकीलाई भनेको कुरा यो लेखकले सुनेको थियो। उनी भन्दै थिइन्-"कान्छी! आज शनिबार दिउँसो टि.भी.मा "त्रिशुल" फिलिम आउँछ, हेर्न नभूल् है- असाध्यै राम्रो छ।"

उनलाई "त्रिशुल" फिल्म "असाध्यै राम्रो" लाग्दो रहेछ। किन ?

किनभने त्यसमा तडक-भडक, रुवाइ-हाँसो, कुटपिट ,गीत-नाच आदि सबैथरि मसलाहरु छन्। तीन घण्टा समय कटाउन उनलाई उनलाई कुनै गार्है पर्दैन।

वास्तवमा, तडक-भडकयुक्त र उच्च रकम एवं प्रविधिको लगानी भएका जुनसुकै फिल्महरु पनि उनलाई राम्रो नै लाग्छन्, चाहे ती फिल्मले उनलाई र उनी पछाडिको नयाँ पिँढीको मूल्य-मान्यता, विचार-रुची सबैमा हानीकारक प्रभाव नै किन नछोडून् ?

ती तामाङ्गनी दिदी जस्ता असंख्य मानिसहरु हाम्रो समाजमा छन्। उपन्यास, कहानी वा अरु कुनै विधाको कुनै किताब भर्खरै उनीहरुको हात पर्दैछ वा भर्खरै उनीहरु चलचित्र हेर्न पाउँदैछन्। उनीहरुलाई ती चीजहरुका राम्रा नराम्रा पक्षहरुबारे थाहै छैन। त्यसैले सस्ता र घटिया स्तरका पुस्तक, पत्रिका, नाटक, नाच, गीत, चलचित्रमा उनीहरु प्रश्न चिन्ह उठाउनै सक्तैनन्, उल्टो यिनै कुराहरु खोजी खोजी पढ्छन्।

यसबाहेक, धुप्रै पढेलेखेका व्यक्तिहरु पनि कला-कर्महरुका क्षणिक प्रभाव वा तिनमा प्रयुक्त रोचक शैलीको पक्ष हेरेर अल्मलमा परेका पाइन्छन्। यहाँसम्म कि प्रगतिशील क्षेत्रका अधिकांश सामाजिक-राजनैतिक कार्यकर्ताहरुका बीचमा पनि यसबारे प्रष्ट धारणा बनाउने काम हुनसकेको छैन। यसरी अरुलाई सम्झाउनु-बुझाउनु पर्नेहरु आफू नै गहिराइमा नपुग्नु वा गहिराइमा पुग्नका लागि यसबारे व्यापक अध्ययन-छलफलको वातावरण सृजना नगरिनु विडम्बनापूर्ण स्थितिको सूचक हो। ◻

# यो साहित्य, कलाको दोष नभईकन आन्दोलनकै दोष हो

*- प्रा. माणिकलाल श्रेष्ठ*

## *कला-कर्महरुका राम्रा वा नराम्रा पक्षहरुबारे कुराकानी*

**आजकाल हाम्रो समाजमा फिल्म, नाटक, कथा-कहानी, गीत आदि कला-कर्म अन्तरगतका विभिन्न विधाहरु व्यापक रुपमा हेर्ने-पढ्ने गरिन्छन्। तिनीहरु मध्ये कुन राम्रा र कुन नराम्रा भन्ने कुराको धारणा मानिसहरु आ-आफ्नै रुचि, ज्ञान अनुसार बनाइरहेका छन्। यो "राम्रो" र "नराम्रो" भनेर छुट्याउनका लागि मुख्य रुपमा ध्यान दिनुपर्ने कुरा के होला ?**

*आजकाल कलाका यी विधाहरु हेर्ने, पढ्नेहरुले यिनीहरुमा रहेको प्रस्तुतिको प्रभावकारीताको मात्र आधारमा राम्रो वा नराम्रो मान्ने गरेको ज्यादा पाइन्छ। यो भनेको कलामा रहेका रुप पक्ष र विचारपक्ष मध्ये रुप पक्षलाई मात्र हेर्ने एकांगी दृष्टिकोण मात्र हो।*

*कला साहित्यका विभिन्न विधाहरु भनेका जनता वा मानिसहरुको निम्ति मानसिक खजाना हुन्। यिनीहरुमध्ये कुन राम्रो र कुन नराम्रो भनेर सोच्नु भन्दा पनि, सबभन्दा पहिले हामीले यिनीहरुमा असल र खराब छुट्याउनुपर्छ। जसले बहुसंख्यक मानिसहरुलाई फाइदा गर्छ त्यो असल र जसले बेफाइदा गर्छ, त्यो खराब हो। एक व्यक्ति वा केही व्यक्तिको लागि मात्र असल भएर पुग्दैन।*

*समाजमा दुई तहका मानिसहरु रहेका छन्। एक तहका मानिसहरु समाजमा परिवर्तन चाहँदैनन्, किनभने अहिले भैरहेको स्थितिमै उनीहरुले सुख-सयल र मोजमस्ती गर्न पाइरहेका हुन्छन्। अर्को तहका मानिसहरु जो दुःखी-पीडित छन्, उनीहरु यो दुःख, पीडाको स्थिति फेर्न चाहन्छन्, त्यसैले उनीहरु परिवर्तन चाहन्छन्।*

*जसलाई हालको यथास्थितिमै फलिफाप भैरहेको छ, जसको दुनो सोझिएको छ, उनीहरु जानेर वा नजानेर पनि साहित्य-कलालाई परिर्वतनलाई रोक्नका लागि वा यथास्थिति कायम गर्नका लागि प्रयोग गर्छन्। यिनीहरुले हाम्रो रीति-थिति, परम्परा आदिलाई बदल्नु हुन्न, बिगार्नु हुन्न भन्ने नारा दिन्छन्।*

*अर्कोतिर जो परिवर्तन चाहन्छन् र त्यसका लागि संघर्ष गर्छन् उनीहरुलाई भने आफ्नो यो परिवर्तनको काममा मद्दत मिल्ने खालको साहित्य-कला जरुरी हुन्छ। त्यसैले यस वर्गका पाठकहरुले र लेखकहरुले पनि सोच्नु पर्दछ कि कुनै कला-साहित्य कसको लागि तयार गरिँदैछ ? समाज परिवर्तनरुपी घुमिरहेको कुमालेको चक्कालाई लठ्ठी रुपी साहित्य-कलाले घुमेको दिशातिर बल पुऱ्याउँदै छ कि उल्टोतिर धकेलेर त्यसको गति घटाउने वा त्यसलाई छेक्ने काम गर्दैछ ? यो कुरा हामीले हेर्नुपर्दछ। जुन कुराले यो गति-*
लाई

मद्दत गर्छ, त्यो राम्रो र जुन कुराले घटाउँछ वा छेक्छ, त्यो नराम्रो हो ।

**यो दृष्टिले हेर्दा एउटा प्रश्न उठ्न सक्छ– यसरी उपयोगिताको हिसाबले मात्र कला-साहित्यलाई हेर्ने हो भने त यिनीहरूमा कलात्मकता नै किन चाहियो ?**

चाहिन्छ, कलात्मक हुनैपर्दछ, यो भएन भने त साहित्य नै हुँदैन। राम्रो विचार लिएर आएको कला-कर्ममा कलात्मकता पनि राम्रो हुनुपर्दछ । यसो भयो भने त्यो असाध्यै राम्रो हुन्छ । तर नराम्रो उद्देश्य वा यथास्थिति टिकाउने विचार भएको कुरा छ, तैपनि त्यसमा बढाउन कलात्मकता ज्यादा छ भने चाहिं त्यसप्रति हामी झनै चनाखो हुनुपर्दछ । किनभने यस्ता कृतिहरुले समाजलाई ज्यादा प्रभाव पार्दछन् र गलत विचार फैलाउँछन् । त्यसैले हामीले विचारपक्ष र कलात्मकताको पक्ष दुवैलाई हेर्नुपर्दछ । मुख्य कुरा विचारपक्ष नै हो, बहुसंख्यक जनताको पक्षमा त्यो कला-कर्म छ कि छैन, त्यो हेरिनु जरुरी छ ।

**गलत विचार अर्थात अन्ततः बहुसंख्यक जनताको पक्षको परिवर्तन रोक्ने नियत बोकेका भएपनि रुप-रंग, साजसज्जा र प्रस्तुति भने राम्रो भएका रचनाहरु, फिल्म, नाटकहरुलाई सबैले राम्रो मान्ने गर्छन नि त ।**

मान्छेलाई प्रभाव पार्न सक्ने भएपछि त कलात्मकताको हिसाबले तिनीहरु राम्रो हुन्छन् नै । तर मूल कुरा हो, तिनीहरुले बहुसंख्यक जनतालाई खराब गर्छन कि गर्दैनन् ? खराब नगर्ने भए ठीकै छ तर खराब गर्ने छन् भने त त्यस्ता रचनाहरुदेखि निकै नै सचेत हुनु जरुरी छ । बहुसंख्यक जनतालाई असल गर्ने र कलापक्ष पनि निकै राम्रो कृतिको हामीले माग गर्नुपर्दछ ।

**आम जनतालाई सिनेमा, नाटक, गीत र अन्य कलाकर्महरुले ठूलो मात्रामा प्रभाव पारिरहेका छन् तर उनीहरुलाई सचेत पार्ने दायित्व बोकेर सामाजिक-राजनैतिक क्षेत्रमा लागिपरिरहेका कतिपय कार्यकर्ताहरुमै यी कलाकर्महरुको चीरफार गर्ने क्षमता विकास हुन नसकिरहेको सन्दर्भमा तपाईंको सुझाव केही छ कि ?**



*जसरी कुनै राजनैतिक मानिसले हामीसँग आएर कुरा गर्दा हामी उसका कुराले हामीलाई फाइदा गर्ने छ कि बेफाइदा गर्ने छ भनी छुट्याउँछौं, केलाउँछौं– त्यसैगरी कुनै साहित्य-कलामा पनि हामीले यही कुरा छुट्याउनुपर्दछ ।*

समाजमा चलिरहेको परिवर्तनको निमित्तको संघर्ष वा आन्दोलनमा सामान्य वा आम कुराहरु मात्र गरेर पुग्दैन, तिनीहरुलाई ठोस रुपमा हेर्नुपर्दछ । जनताको पक्ष, जनताको हित आदि ठूला कुराहरु मात्र गरेर पुग्दैन । जनताको पक्ष भनेको हाम्रो अहिलेको वर्गीय स्थितिमा के हो ? कुन कुन कुरामा के के गरेमा यो हित हुन्छ, के गरेमा हुन्न भन्ने ठोस कुरा बुझ्नु पर्दछ । जनपक्षीयता वा प्रगतिशीलता चाहिन्छ भन्दाभन्दै पनि समाजको वर्ग अन्तर्विरोधलाई छुट्याउन नसक्ने हो भने जनविरोधी र अप्रगतिशील कुरा के र कुन हो भनेर छुट्याउन सकिन्न । यो छुट्याउने क्षमता हाम्रो जनपक्षीय आन्दोलनमा अधिकांश कार्यकर्ताहरुमा कम छ । यो साहित्य-कलाको दोष नभईकन आन्दोलनकै दोष हो । आन्दोलन ठीक ठाउँमा आउनु जरुरी छ । लेखक, निर्देशकहरु जनताको आन्दोलनबाट कटेर हैन, घनिष्ट रुपले जोडिएर रचना-कार्यमा लागेमा र कार्यकर्ता वा दर्शक, पाठकहरुले चनाखो हुनसकेमा यो कमी पूरा हुन्थ्यो ।

जसरी कुनै राजनैतिक मानिसले हामीसँग आएर कुरा गर्दा हामी उसका कुराले हामीलाई फाइदा गर्ने छ कि बेफाइदा गर्ने छ भनी छुट्याउँछौं, केलाउँछौं त्यसै गरी कुनै साहित्य-कलामा पनि हामीले यही कुरा छुट्याउनुपर्दछ । आफूले पढीरहेको वा हेरिरहेको साहित्य कलाले तत्काल र दीर्घकालीन रुपले पनि बहुसंख्यक जनतालाई फाइदा पुग्छ कि पुग्दैन, यो कुरा केलाउनतिर सबैले प्रयत्न गर्नुपर्छ । अनि मात्र आफूले प्रष्ट हुन र अरुलाई प्रष्ट गराउनतिर लाग्न सकिन्छ ।

प्रस्तुति- हरिगोविन्द लुईंटेल ।

पर्दा / रंगमन्च



# टेलिफिल्म "क्रमशः" पात्रभन्दा लेखिका पछाडि

## काजललाई हज्जारौं पटक "आमा" भनेर बोलाउन चाहने टुहुराहरु समाजमा प्रसस्तै छन्

सन्तान हुन नसकेका एउटा निःसन्तान दम्पतिको मनोदशा कस्तो हुन्छ ? त्यसमाथि पनि आमा हुने अवसर नपाएकी एउटी गृहिणीको मन कस्तो हुन्छ ?- यो कुरा दर्शाउन खोज्दै ने.टि.भी.ले गत कार्तिकको अन्तिम सातातिर एउटा टेलिफिल्म प्रस्तुत गऱ्यो । फिल्मको शीर्षक थियो-"क्रमशः" ।

विवाहपछिका धुप्रै वर्ष बितिसक्दा पनि काजल आमा भइन । राज बाबु बनेन । काजल र राज दुवैलाई सन्तानको इच्छाले सताउँथ्यो, त्यसमाथि पनि काजलभित्रको मातृत्व भावले उसलाई अत्यन्त अशान्त पार्दथ्यो । झन् उसमाथि समाजले "बाँझी-आइमाई" भन्ने आरोप लगाई गर्ने गरेको हेला र अपशब्दले उ चिमोटिन्थी । यस्तो स्थितिमा उसलाई अरु आइमाईहरुका बच्चाहरु देख्दा झन् रहर जाग्दथ्यो ।

एउटी आइमाई काजलको घरमा घरधन्दा गर्न थाली । त्यस विधवा आइमाईको ५-६ वर्षको छोरो पनि थियो । काजल त्यही काम गर्ने आइमाईको छोरोलाई खेलाउन थाली । त्यो सानो केटोले आफूलाई "आमा" भनेर बोलाइदेओस् भन्ने खालको चाहना ऊभित्र पल्हायो । तर धेरै खेलौना र खानेकुरा दिएर खेलाउँदा पनि केटोले उसलाई "आमा" भनेर बोलाएन । काजलको मनोदशा बिग्रोलियो । झन् त्यसमाथि पनि काम गर्ने आइमाईले आफ्नो छोरालाई काजलले खोस्न खोजी भन्ने भाव प्रकट गरेको देख्दा काजल झन दुःखी भई । लोग्ने राजले व्यथित काजललाई आफूहरु बाँझो भएको सत्य स्वीकार्ने आव्हान गऱ्यो । यसै आव्हानको प्रसंगमा फिल्म सकियो ।

लेखिका भागिरथी श्रेष्ठको कथानकमा आधारित र स्वयं लेखिकाद्वारा भूमिका प्रस्तुत गरिएको यस फिल्मले समाजमा निसन्तान रहन पुगेका मानिसहरुप्रति रुढीवादी समाजले गर्ने प्रहारको चित्रण गर्दै सन्तान-सुखबाट बञ्चित नारीको हृदयको तस्वीर उतार्ने काममा केही सफलता हासिल गरेको छ ।

अभिनयका प्रयत्नका हिसाबले पनि यसलाई राम्रै फिल्म मान्नुपर्छ । तापनि यसको कथानकमा रहेको गम्भीर कमजोर पक्षलाई भने बिर्सन मिल्दैन ।

यस्तो पक्ष हो-"मातृत्वको चाहनाको अत्यन्त बढाई चढाई ।" काजलमा सन्तानको जुन चाहना दर्शाइएको छ, त्यो स्वाभाविक भन्दा ज्यादा छ । मानसिक विकृतिको हदसम्म त्यो पुग्न खोजेको देखिन्छ । एउटा सम्पन्न र शिक्षित परिवारकी नारीको रुपमा उसलाई देखाइएको छ । त्यस्तो वातावरणकी महिलाले सन्तान नहुनुको कारण खोज्न र उपचारतिर आफ्नो ध्यान मोड्ने गर्छन् । यदि उपचारबाट संभव छैन भने र यदि आफूमा त्यत्रो प्रवल मातृत्वको वेग छ भने कुनै धर्म-पुत्र वा धर्मपुत्री पाल्नेतर्फ उनीहरुको रुची पैदा हुन्छ । यो कुरा फिल्ममा दर्शाइएन । यो अस्वाभाविक लाग्ने कुरा हो ।

"एकचोटि आमा" भनेर मलाई बोलाइदेऊ न बाबु ।" - भनेर घरमा काम गर्ने राखिएकी महिलाको छोरोसंग जिद्दी गर्ने काजल जस्ती महिलालाई र कथा लेखिका भागिरथी श्रेष्ठ, दुवैलाई थाहा हुनुपर्छ- समाजमा धुप्रै यस्ता टुहुरा "अनाथ" बालकहरु पनि छन्, जो "आमा" भनेर कसैलाई बोलाउन लालयित छन् । गाउँ-टोलमा छन् तिनीहरु । नभए अनाथालयमा छन् । त्यहाँबाट तिनलाई ल्याउन सकिन्छ । ती टुहुराहरुले काजललाई एकपल्ट हैन, हजारौं पल्ट "आमा" भनेर बोलाउने छन् । यति मात्र हैन, निजी कार चढेर हिड्ने हैसियत राख्ने लोग्नेकी स्वास्नी काजललाई देशभित्र मात्र हैन देश बाहिरका पनि सुख्खा र अनिकाल ग्रस्त ठाउँहरुका निर्दोषपीडित टुहुरा बालकहरुको बारेमा जानकारी भएको हुन्छ । त्यति जानकारी राख्ने हैसियत भएका "काजल"हरु हाम्रो वास्तविक समाजमा धुप्रै छन् र तिनीहरुले "आमा" हुने यो वैकल्पिक उपाय अपनाइरहेका पनि छन् । तर यस फिल्मकी काजललाई यसरी यी विकल्पहरुतिर पटक्कै ध्यान नपुगेको पिछडिएको मानसिकतामा प्रदर्शन गर्नु लेखिकाको ठूलो कमजोरी हो । लेखक-लेखिकाले समाजलाई अग्रगति दिने चेतनाहरुलाई प्रतिबिम्बित गरी यस्ता चेतनाहरुलाई कसरी अझ प्रगतिशील बनाउने भन्ने बारेमा सोचहरु बनाउन मद्दत गर्नु पर्नेमा, यसको उल्टो वास्तविक समाजका व्यक्तिहरुमा रहेको भन्दा पनि पिछडिएको समाधान कथानकमा प्रस्तुत गर्नुले लेखक वा लेखिकामा रहेको अवस्तुवादी दृष्टिकोण र पछौटे चेतको संकेत गर्दछ ।





# "काउकुती"को विरुद्ध छात्राहरुद्वारा कक्षा बहिस्कार

## अभिभावक: मह को हास्य व्यंग्य क्षमतामा ह्रास ?



केही समय अघि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको मंचमा प्रस्तुत गरिएको हास्य-व्यंग्य कार्यक्रम "काउकुती"लाई नेपाल टि.भी.ले पनि प्रसारण गर्‍यो । त्यस कार्यक्रममा काठमाडौँको पद्मकन्या क्याम्पसलाई "जनताको ससुराली" भनिएको कुरालाई लिएर गत मंसिर १२ गते उक्त क्याम्पसका छात्राहरुले यसको विरोध स्वरुप संपूर्ण कक्षा बहिस्कार गरे । छात्राहरुको एक टोलीले प्रधानमन्त्रीलाई भेटी यसबारे कुराकानी पनि गरे । प्रधानमन्त्रीले संबन्धित व्यक्तिहरुलाई "माफी माग्न लगाउने" कोशीस गर्ने आश्वासन दिनु भएको खवर प्राप्त भएको छ । ने.टि.भि. र प्रज्ञा प्रतिष्ठानले यस अनुसार क्षमा याचना गरेको कुरा पनि जानकारीमा आएको छ ।

उक्त "काउकुती" कार्यक्रममा "डाक्टर नमर्दै नर्सले सेतो लुगा लगाएको" भन्ने आशयको भनाइ पनि व्यक्त गरी नर्स-पेशाकै अपमान गर्ने काम पनि भएको थियो । उक्त कार्यक्रम मूल रुपमा एउटा छाडा र स्तरहीन कार्यक्रम थियो । यस्तो कार्यक्रमलाई पनि ने.टि.ले प्रसारण गर्नुलाई वर्तमान ने. का. सरकारको सांस्कृतिक दुर्नियत वा उदासिनताको एउटा उदाहरणको रुपमा लिन सकिन्छ ।

मदनकृष्ण- हरिवंशहरुले समेत भाग लिएको र उनीहरुको नाममा टिकट बेचिएको उक्त कार्यक्रमले मदनकृष्ण-हरिवंशको स्तरलाई निकै तल झारेको छ । उनीहरुद्वारा प्रस्तुत प्रहसन "अभिभावक" को पनि करीव आधाभन्दा बढी भाग छाडा र उत्ताउला दृश्यहरुले भरिएको पाइयो । दाजु र बहिनीको संबन्धका बीचमा बहिनीको प्रेमीलाई उभ्याएर उनीहरुका बीचमा एक आपसी संबन्धका बारेमा उत्ताउला टीप्पणीहरु गराएर र आमा-बाबुको संबन्धलाई लिएर छोराछोरीहरुद्वारा आमालाई गिज्याएको-जिस्क्याएको प्रसंग प्रस्तुत गरेर पारिवारिक अनुसाशन र शिष्टता नाघ्ने काम यसमा गरियो । यसले "मह" जोडीको हास्य-व्यंग्य क्षमतामा देखा पर्दै गएको ह्रासोन्मुखता त प्रदर्शित भएको छैन ?- भन्ने प्रश्न उठाएको छ । प्रहसनमा नेपाली कांग्रेसको रुपमा बाबुलाई र जनताका रुपमा छोराछोरीलाई प्रस्तुत गरी प्रसंगले यथार्थलाई छुने जो प्रयत्न गरिएको छ, यसलाई यत्ति तल्लो स्तरमा नझरीकन नै पनि प्रस्तुत गर्न सक्ने क्षमता "मह" जोडीमा रहेको उनीहरुको इतिहास छ । यसतर्फ "मह" जोडी किन सचेत छैन ?-यो गम्भीर प्रश्न उठेको छ ।

जसलाई जे मन लाग्यो त्यही भन्नु नै हास्य-व्यंग्य होइन । स्त्री-पुरुषका संबन्धहरुका प्रसंगहरुलाई जथाभावी उल्लेख गर्नु पनि हास्य-व्यंग्य होइन । यस्ता कुराहरुले रुची विकृत भएका र स्तरहीन दृष्टीहीन केही दर्शक पाठक-हरुलाई क्षणिक मनोरञ्जन जरुर दिन सक्लान्, हातमा वियरको बोतलहरु लिएर कार्यक्रम हेर्न हलमा पसेकाहरुलाई यिनीहरुले जरुर "रमाइलो" गराउलान तर "हास्य-व्यंग्य" विधाको गरिमा राख्न यिनीहरुले सक्दैनन् र स्तरीय दर्शक पाठकको सम्मान पाउन पनि संभव छैन ।

पद्मकन्या क्यामपसका छात्राहरुले "काउकुती" कार्यक्रमले आफू र आफ्नो क्याम्पसलाई गर्न खोजेको बदनामीको विरुद्ध जुन प्रतिक्रिया जनाए, त्यो अत्यन्त सामयिक र सही कदम हो । यसरी जनताका विभिन्न तप्काहरुमा सचेतता बढ्नु राम्रो कुरा हो । यो र यस्ता अरु पनि कार्यक्रमहरु, नाटक-प्रहसन, फिल्म, टेलिफिल्म, गीत-लोकगीत आदि । जसमा महिलाहरुलाई अपमान गर्ने छाडा-प्रसंगहरु समावेश गरेर दर्शक-पाठकलाई नै लज्जित गराउने कोशिस गरिएका छन्, तिनीहरु सबैको विरोध हुनु जरुरी छ । समाजमा गुण्डागर्दी, बलात्कार र अनुशासन-हीनता फैलाउनमा यस्ता चीजहरुको ठूलो स्थान छ । त्यसैले दर्शकवर्गहरु जागरुक भई मौका मै प्रतिकृयाहरु जाहेर गर्नाले यस्तो प्रवृत्तिमा केही हदसम्म अंकुश लाग्न सक्दछ ।


प्रधानमन्त्रीले सम्बन्धित व्यक्तिहरुलाई माफी मगाउने कोशिस गर्ने बचन दिएको कुरा सकारात्मक नै हो । तर एक आध घटनामा मात्र प्रधानमन्त्री वा सरकारले ध्यान दिएर पुग्ने कुरा यो होइन । सांस्कृतिक क्षेत्रमा विदेशबाट पसेका एवं स्वदेशमै पनि सृजित थुप्रै विद्यमान विकृति-हरुलाई कसरी दुरुत्साहित गर्ने र यस क्षेत्रमा स्वस्थताको अभिवृद्धि कसरी गर्ने भन्ने तर्फ सुझबुझपूर्ण र योजनावद्ध अभियानको थालनी गरिनु पर्दछ ।

सांस्कृतिक क्षेत्रमा नेपालमा अहिले देखा परेको उल्लेख-नीय एउटा प्रवृत्ति हो- सचेत व्यक्तिहरुबाट कायम गरिएको उदासिनता ! गलत र अस्वस्थ सांस्कृतिक गतिविधिहरुको अध्ययन, विरोध र भण्डाफोर राम्ररी हुन सकिरहेको छैन । सचेत जनपक्षीय समालोचकहरु, समीक्षकहरु, पत्रपत्रिकाहरु, सांस्कृतिक संघ संस्थाहरुले यतातिर गम्भीर ध्यान दिएका छैनन् भन्नु पर्ने स्थिति वर्तमानमा रहेको हामीलाई लाग्दछ ।

प्रगतिशील क्षेत्रका त्यस्ता समालोचक र टिप्पणीकार हरु, जसले अन्य प्रगतिशील समूहद्वारा प्रदर्शित वा लिखित सांस्कृतिक कार्यक्रम वा रचनाहरुको भने रौं चिरा विश्लेषण गरेर तिनीहरुलाई एउटा एउटा "बिल्ला" भिराउने काममा तदारुकता र चासो राख्ने गर्छन, उनीहरुद्वारा पनि यो विरोध र भण्डाफोरको दिशामा उल्लेखनीय सक्रियता देखा परेको छैन ।

---

विज्ञान/प्रविधि



# एड्सको प्रभावकारी ओखती बन्यो

*चीनको आधिकारिक साप्ताहिक समाचार पत्र Beijing Review ले चीनको परम्परागत औषधि सम्बन्धी एकेडेमीको एड्स अनुसन्धान कार्यालयले तीनवर्ष लामो अनुसन्धानपछि जडिबूटीबाट एड्सको प्रभावकारी ओखती निर्माण गर्न सफलता हासिल गरेको दावी गरेको छ । यो ओखतीको नाम ग्लिके Glykeत्खिएको छ । र यो अन्तर्राष्ट्रिय बजारमा पनि आइसकेको छ ।*

*यो ओखतीले शरीरको प्रतिरोध प्रणाली (immune system) लाई मजबूत पार्दछ, एड्सका भाइरसहरुको वृद्धि नियन्त्रण गर्दछ र एड्सका लक्षणहरुलाई खतम गर्दै लैजान्छ । कतिपय रोगीहरुको त एड्सको Anti bodies हरुलाई नै Negative मा बदल्ने कार्य समेत यो ओखतीले गरेको छ । यो ओखती एड्सको लागि मात्र नभएर पुरानो कमलपित्त (chronic hepatitis) को उपचारको निम्ति समेत प्रभावकारी ठहरिएको छ । यसको अर्को मुख्य विशेषता के हो भने यस ओखतीको कुनै नकारात्मक असर (side effect) छैन र यसको toxic effect पनि छैन ।*

*प्रोफेसर ली वेइबोले चीनको परम्परागत् औषधीको एकेडेमीको एड्स अनुसन्धान कार्यालयको प्रमुखका रुपमा एउटा विशेषज्ञहरुको टीमको नेतृत्व गर्दै तान्जानीयामा तीन वर्ष खोज अनुसन्धान गर्ने दौरानमा यो औषधिको प्रभावकारिता पत्ता लागेको हो । उहाँले १०,००० भन्दा बढी एड्स रोगीहरुको सफलतापूर्वक उपचार गरीसक्नु भएको कुरा- Beijing Review अक्टोबर ५-११, १९९२ ले जनाएको छ ।*

*यो ओखती अहिले जियान्सु प्रान्तको लियानयुन्गाङ स्थित जेडफेड औषधि कार्खानाले सार्वजनिक उपयोगको लागि उत्पादन गर्न थालेको छ ।*

*यो ओखती झिकाउनु परेमा विस्तृत ठेगाना यस प्रकारको छः*

Tao Huiqi
Director
8 xinnong Road, xinqu, Lianyungang
Jiansu Province, PRC, China
Tel: (0518) 414002 Fax (0518) 414366

# काठमाण्डौँमा गर्मी याममा औधी गर्मी किन भएको होला ?

## सन् २०४० को गृष्ममा थुप्रै देशहरु समुद्रमा डुबीसकेको हुने अनुमान

*-डा. नारायण पोखरेल*

करीव दुई दशकपछि पुनः काठमाण्डौं आउने प्रत्येकले अरू थुप्रै परिवर्तनसँगसँगै सडक छेउहरुमा छिचोलीनसक्नु मान्छेको भीड, संगेल र ओत दिने वृक्षहरुका ठाउँमा अनियन्त्रित र अव्यवस्थित रुपले बनाईएका घरहरु, साँगुरा सडकहरुमा अटाई नअटाई गाडीहरु र तिनीहरुको धुवाँले बाटो हिड्नेहरुका आँखा पोल्ने, सास फेर्न गाह्रो हुनेदेखि लिएर वान्ता होला होला जस्तो हुने कुरा पनि अनुभव गर्नेछ। उसले चोभारतिरको आकाश नीलो नभएर धूलौटे रंगको भएको, शहरका मुटुहरु र पवित्रताका प्रतीक मानिने मन्दिरहरुमा कहीं "नभएको फोहोर थुप्रिन थालेको", बगीरहन बाध्य भएका केही नदीहरुमा मलमूत्रले सिनु बगाएर ल्याएको र बिहान, जहिले पनि अँधेरो कुहिरोले ढाकेको पनि देख्ने छ। अनि गर्मी याममा दिनरात अचाक्ली गर्मी पनि उसले खप्ने छ।

यी सबै परिवर्तनहरु एक अर्कासँग सम्बन्धित त छँदैछन्, तर पनि यस्तो औधी बढेको गर्मीको कारण केहो त ? वास्तविक ज्ञानको अभावमा मान्छे "कर्कट नाग नभएर काठमाण्डौँबासीले पानी पिउन नपाएका"- जस्ता फजुल कुरामा पनि विश्वास गर्न खोज्दछ। त्यसैले गर्मी वृद्धिको वैज्ञानिक र वास्तविक कारण प्रष्ट हुन अत्यन्त जरुरी छ, अन्यथा भोलि अर्कै कुनै मनगढन्ते, मिथ्या प्रचारबाजी यस देशका नागरिकसामु नआउला भन्न सकिन्न।

पृथ्वीको गर्मीको मुख्य स्रोत यहाँबाट करीव १५ करोड कि.मी. दूरीमा रहेको अत्यन्त तातो आकाशीय पिण्ड, जसलाई सूर्य भनिन्छ, हो। वैज्ञानिकहरुका भनाइ अनुसार यसको केन्द्रमा रहेका हाइड्रोजन परमाणुहरु अत्यन्त बढी तापक्रम (१५,०००,००००)का कारण हिलियमका परमाणुमा निरंतर बदलिईरहेका हुन्छन्, फलतः अति ठूलो मात्रामा ताप, प्रकाश र अन्य शक्तिहरु लगातार बाहिरतर्फ प्रवाहित हुन्छन्। प्रवाहित हुने प्रकाश-शक्ति, जो पृथ्वीसम्म ८ मिनेट २० सेकेन्डमा आईपुग्दछ, मा तीन प्रमुख किरणहरु पाईन्छन्। ती हुनः दृष्य-किरण (Visible rays), परावैजनी-किरण (Ultraviolet rays) र अवरक्त किरण (Infrared rays) सामान्यतया दृष्य-विकिरण (Visible radiation) लाई नै प्रकाश (Light) भनिने गरिन्छ। सूर्यबाट पृथ्वीसम्म आई पुगेको सारा प्रकशमा आधा भाग दृष्य विकिरण हुन्छ भने करीव आधा चाँहि अवरक्त-विकिरण हुन्छ, जसको प्रमुख दायित्व "ताप" उत्पन्न गर्नु हो। परावैजनी-विकिरण चाँहि अत्यन्त थोरै अनुपातमा भएता पनि यो अति महत्वको ठानिन्छ।

काठमाण्डौँको गर्मीको बारेमा वर्णन गर्दा सूर्यको प्रचण्ड तापको उल्लेख भएबाट यसको प्रभाव काठमाण्डौँमा मात्र हो कि (!!!) भन्ने प्रश्न उठ्न सक्तछ। तर त्यसो होइन। काठमाण्डौं सूर्यनेर पुगेको छैन र सूर्य पहिले भन्दा काठमाण्डौंको नजीक आएको तथ्य पनि थाहा छैन। सूर्यको प्रभाव सर्वत्र उस्तै नै छ र विश्वव्यापी गर्मी बढीरहेको संकेत विशेषज्ञहरु Global Warming शीर्षकमा दिईरहेका छन्।

उनीहरुका अनुसार यद्यपि सूर्यको तातोले नै पृथ्वीमा गर्मी हुने हो, तर पृथ्वीको प्रत्येक इन्च जमिनको तापक्रम वृद्धि गराउनमा चाँहि मनुष्यकै कृयाकलापका कारण भएको वायु-प्रदुषण र बिग्रिएको वातावरणीय सन्तुलनको प्रभाव प्रमुख छ। काठमाण्डौं पनि यो प्रभावाबाट अछुत छैन। यसमा बढेको भीडले यसलाई सेलाउन भन्दा तताउन नै मद्दत गरिरहेछ। र बेलैमा उचित व्यवस्था गरिएन भने यो गर्मी दुगुना- तीन गुना बढ्दै जाने छ। किनकि अहिले काठमाण्डौं जनसंख्या बृद्धि र अव्यवस्थित शहरीकरणका कारण वायु प्रदुषण गर्नमै व्यस्त छ।

हामीलाई थाहा छ कि जनसंख्या बढ्नु भन्ने बित्तिकै चुल्हो बढ्नु भन्ने बझ्नु पर्दछ। चुल्हो बढ्नाले इन्धनको खपत त स्वाभाविक रुपले बढ्छ नै, यसको साथसाथ वातावरणमा अदगध हाइड्रोकार्वन र कार्वन डाईअक्साईडको मात्रा पनि थपिन जान्छ। जनसंख्या बढ्नु भन्ने बित्तिकै सवारी संसाधनको भीड भन्ने पनि बुझ्नु पर्दछ र त्यस भीडबाट निस्केको धुवाँ वायुमण्डलमा अटाईनअटाई कोचिन्छ। त्यसैगरी अव्यवस्थित शहरीकरण भन्ने बित्तिकै खेतीयोग्य जमीनमाथिको अतिक्रमण र रुख बिरुवाको कटानी-फडानी भन्ने कुरा बुझ्नु अनुचित नहोला। खेतीयोग्य जमीनको अतिक्रमणबाट खाद्यवस्तुको उत्पादनमा स्वाभावतः कमी हुन जान्छ भने हरिया वनस्पतिको विनाशबाट हुने वहुल समस्याहरुको बारेमा कोही पनि अनभिज्ञ छैन।



अहिले काठमाण्डौं जनसंख्या वृद्धि र अव्यवस्थित शहरीकरणका कारण वायु प्रदुषण गर्नमै व्यस्त छ

काठमाण्डौंको तापक्रम निरंतररुपले बढ्ने क्रम जारी छ, जो माथि उल्लेख भएझैं यहाँको वायु-प्रदुषण कै कारणले गर्दा हो। वायु-प्रदुषणलाई राम्ररी बुझ्नको लागि वायुमंडलको बनावटको बारेमा जानकारी हुनु जरुरी हुन्छ।

पृथ्वीको वायुमंडल समुद्री सतहबाट करीव ५०० कि.मी. सम्मको उचाईलाई भनिन्छ। यसमा करीव १०० कि.मी. सम्म हावा (जुन सरदर ७८% नाइट्रोजन, २१% अक्सिजन र १% आर्गन, छिटपुट कार्वन-डाईअक्साईड र हाईड्रोजनको मात्राले बनेको) हुन्छ। वायुमंडललाई समुद्री सतहबाट माथितिर क्रमशः ट्रोपोस्फेयर (Troposphare), स्ट्राटोस्फेयर (Stratosphare), मेजोस्फेयर (Mesophare), थर्मोस्फेयर (Thermosphare) इत्यादि तहहरुमा विभक्त गरिएको छ।

ट्रोपोस्फेयर सबैभन्दा तल्लो तह हो जसमा वायुको निरंतर गति अनि उचाईसँगै तापक्रमको धीमा गिरावटका कारण मौसम अति क्रियाशील हुन्छ। यसको उचाई समुद्री सतहको तापक्रम, याम र सातहिक दवावको दैनिक परिवर्तनसँग सम्बन्धित हुन्छ र यसले सामान्यतया ८ देखि १६ कि.मी.को दूरी ओगट्दछ। यस तहको माथिल्लो भागलाई स्ट्राटोस्फेयर नामक अर्को तहको तातो हावाले छोपेको हुन्छ जो १६ देखि ५० कि.मी. सम्म फैलिन्छ। उचाईसँगै तापक्रमको धीमा वृद्धि हुँदै जाने यो अति स्थिर (Stable) तहमा ओजोनको घेरा पनि रहन्छ। यो तह भन्दामाथि (५० देखि ८० कि.मी. सम्म) को तहलाई मेजोस्फेयर भनिन्छ, जसको खास विशेषता उचाईसँगसँगै तापक्रमको तीव्र गिरावट र अति कम दवाव हुन्। यो भन्दा माथिको तह (८० कि.मी. भन्दा माथि) लाई थर्मोस्फेयर भनिन्छ, जसमा वायुमण्डलीय घनत्व अति कम हुन्छ। यस प्रकार पृथ्वीलाई ढाकीराख्ने वायुमण्डलमा जीवनदायी ग्यासहरु हुनुको साथै यसले पृथ्वीलाई हानिकारक विकिरणहरुबाट बचाईराख्ने ढालको काम समेत गर्दछ।

सूर्यबाट आएको तातो पृथ्वीसम्म आईपुग्दा र यहाँबाट फर्कंदा त्यसको महत्वपूर्ण भाग वायुमण्डलमा हराउनु अनि यसबाट बाहिर जान पनि सक्नु पर्दछ। तव मात्र पृथ्वीमा निश्चित ताप संतुलन रहने संभावना हुन्छ। यो त्यतिबेलासम्म मात्र सम्भव हुन्छ जवसम्म वायुमण्डलमा प्राकृतिक बनावट रहीरहन्छ। तर आजभोलि वायुमण्डलमा मानव सृजित तहहरु हुनाका कारण पृथ्वीबाट फर्कने ताप उचित रुपले बाहिर जान पाउँदैन बरु ती तहहरुमा शोषिन्छ र परावर्तित भई पृथ्वीमै फर्कन्छ र पृथ्वीमै रुमल्लिईरहनाले धरती दिनानुदिन तात्दै जान्छ। यसको प्रभावस्वरुप पृथ्वी गुम्सिईरहन्छ। यस

प्रभावलाई "हरित गृह प्रभाव" (Green House Effect) भनेर विशेषज्ञहरु भन्ने गर्छन र यसका लागि आधा जिम्मेवार कार्वनडाईअक्साईड र आधा अन्य ग्यासहरु जस्तै मिथेन, कार्वनमोनोक्साइड, सी एफसी (CFC), नाईट्रोजन अक्साईड आदि भएको दावी उनीहरुको छ, किनकि यी ग्यासहरु धरतीमा प्रचुर मात्रामा उत्पादन भएबाट तिनीहरुले ट्रोपोस्फेयर र स्ट्राटोस्फेयर मै कृत्रिम तह बनी पृथ्वीलाई ढकनीको काम गर्दछन् जसबाट कुनै पनि बस्तु सहज र स्वाभाविक रुपले भित्र बाहिर गर्न सक्तैन ।

कार्वनडाईअक्साईड ग्यास पृथ्वीमा विलीन र नष्ट नहुने भएबाट वायुमण्डलमा यो दिनानुदिन बढ्दो छ। हाम्रा कृयाकलापका कारण यो बढ्दो छः अर्थात एकातिर विभिन्न शक्ति-स्रोतबाट यो फालिन्छ र बढ्छ (जस्तै, कोइलाबाट विद्युत उत्पादन गर्दा, पेट्रोलियम पदार्थ डढ्दा यो बढ्छ) र अर्कोतर्फ यसको उत्पादन गर्ने औद्योगिकी बढ्नु र जंगलको व्यापक विनाश हुनुले यो बढेको छ। युनेस्कोका अनुसार सन् १९८९ सम्म २० करोड टन भन्दा बढी कार्वनडाईअक्साईड र ५ करोड टन भन्दा बढी हाईड्रोकार्वन, करीव १५ करोड टन सल्फर डाईअक्साईड, ५ करोड टन नाइट्रोजनअक्साईड अनि २० करोड टन भन्दा बढी खरानी प्रतिवर्ष वायुमंडलमा फालिने गरिन्थ्यो। (Mikhail Rebrov- 1989, Save our Earth, Mir Publisher, Moscow) त्यसैले हरिया वनस्पतिले खाना बनाउँदा प्रयोग गरी वायु मंडलमा भएको कार्वन-डाईअक्साईडलाई संतुलनमा राख्नु पर्ने प्राकृतिक व्यवस्था अब कायम हुन सकिरहेको छैन । अहिलेको प्रकृतिमा वैज्ञानिहरुका हिसाब अनुसार हरित वनस्पतिले वायु-मण्डलमा विद्यमान कार्वनडाईअक्साईडको १०% मात्र उपयोग गर्न सकीरहेछन् । बाँकी कार्वनडाईअक्साईडले एक तहको रुपमा पृथ्वीमाथि वायुमंडलमा रहनु बाहेक अर्को उपाय छैन ।

हुन त के भनिन्छ भने, वायु-प्रदुषण त्यसै दिनदेखि शुरु भयो, जुन दिन मान्छेले आगो पत्ता लगायो, यसलाई प्रयोग गर्‍यो, वस्तुको दहन गरी धुँवा र खरानी निकाल्न



**वायु प्रदुषण त्यसै दिनदेखि शुरु भयो, जुन दिन मान्छेले आगो पत्ता लगायो, यसलाई प्रयोग गर्‍यो, वस्तुको दहन गरी धुँवा र खरानी निकाल्न थाल्यो**

थाल्यो । तर त्यतिले मात्र प्रकृति नै बिग्रने गरी वायुमा प्रदूषण भएको थिएन । किनभने मनुष्यको आवादी कम थियो, वन जंगलले ढाकेको भू-भाग यथेष्ट थियो । यसो हुँदा हरित वनस्पतिले वायुमंडलमा जम्मा भएको कार्वनडाईअक्साईडलाई प्रयोग गरी सो को मात्रा बढ्न पाउँदैन थियो । र वातावरण सधैं स्वच्छ रहीरहन्थ्यो । तर जसै मनुष्य विकासको चरमोत्कर्षमा पुग्न थाल्यो उसले जानाजान विषालु पदार्थ वायुमंडलमा फाल्न लाग्यो, विषालु रासायनिक अवशिष्टलाई नदीमा बगाउन लाग्यो, जसले जल र वायु दुवै प्रदुषित भए। परिणामतः हरित गृह प्रभाव झन झन बढी नै रह्यो । उदाहरणका लागि केही वर्ष अघि भारतको भोपालमा भएको ग्याँस दुर्घटना, पूर्व सोभियत संघको चेर्नोभल भट्टी दुर्घटना र खाडी युद्धताका गत वर्ष कुवैती तेलको जलन आदि मनुष्य सृजित उत्पातहरु नै हुन् ।

हरितगृह प्रभावको विश्व आंकडाका आधारमा वैज्ञानिकहरुले चेतावनी दिईसकेका छन कि हालकै स्तरमा विकसित देशहरुले प्रदूषण जारी राखे भने अनुमानतः आगामी शताव्दीका हरेक दशकमा ०.३० से.का दरले पृथ्वीको तापक्रममा वृद्धि हुनेछ जसको फलस्वरुप हिमनदी पग्लेर समूद्री सतह बढ्ने छ र अंततः माल्दिभ्स जस्ता देशहरु पूरै पानीभित्र हुनेछन् । उनीहरु दुःखित भएर सन् २०४० को गृष्मलाई यस्तो देख्दैछन ......"- न्यूयोर्कका गगनचुम्बी महलहरु किनाराबाट कोसौं टाढा समुद्रमाथि चट्टानी टुक्राझैं देखिदै छन्: हेम्वर्ग, हङकङ, लण्डन, काईरो, कोपेनहेगन र रोम शहरहरुलाई समुद्रले निलीसकेको छ, ग्रेट ब्रिटेन एउटा द्वीप समूह मात्र रहेको छ, जसमा इङ्लैण्ड, स्कटलेण्ड र वेल्स टापु मात्र रहेका छन्, महादेशीय तटबाट समुद्र पसेको छ र प्रमुख नदीहरुको मुखसम्म पुगेको छ अनि जहाँ नील, गंगा, रायन र अमेजन नदी भेटेको छ, त्यहाँ वरपरको जमीन काटेर खाडी बनेका छन् । र बहुमूल्य कृषियोग्य एवं चरणभूमिहरु निरुपाय रुपले हराएका छन् र दुबै धुवमा हिउँ पग्लने प्रकृया तीव्र गतिले बढीरहेछ, सम्पूर्ण प्रदेशलाई नै समुद्रले निल्ने निश्चित प्रायः छ, यस बीच डेन्मार्क, हलैण्ड, वेल्जियम अनि बंगलादेशहरु बाढीको चपेटामा परी अस्तित्वहीन भएका छन् ........."

यस्तै हरित गृह प्रभावको कारण काठमाण्डौंको तापक्रम पनि बढीरहेछ, तर काठमाण्डौं मात्रको प्रामाणिक प्रदूषण आँकडा अहिलेसम्म उपलब्ध छैन । तथापि वरिपरि डाँडाहरुले घेरिएको यस उपत्यकाको बीचोबीच देखिने प्रशस्त चिम्नीहरुबाट निरंतर निस्केको धुँवा कारखानाहरुबाट निस्केर पूरै डाँडाहरुलाई छोपीराख्न सक्ने धूलो, प्रत्येक घरबाट मट्टितेल उडेर निस्कने धुँवाले आकाशै भरेको स्थिति त छँदै थियो, त्यसमाथि डिजेल गाडीहरुको कालो धुँवाको निर्वाध शहर-प्रवेश र शहरैभरि टेम्पोहरुले छाडेको विषालु ग्यास मनुष्यलाई कठोर यातना भईरहेको सबैले महसूश गरीरहेको अवस्थामा यहाँको वायुमा यी उत्सर्जनहरुको तह जम्मा भएर नै काठमाण्डौं खाल्डोलाई हुस्सुले ढाकिरहेको हो भन्न कसले नसक्ला र ? त्यसरी बनेको तहलाई छेडेर काठमाडौंको तापक्रम बाहिर वातावरणमा जान नसक्नुको कारणले गर्दा यो खाल्डो गुम्सिईरहन्छ र यहाँ गर्मी बढी नै रहन्छ। यस्तो हरित गृह प्रभावका अलावा यी चिम्नी र सवारी संसाधनबाट निस्किएका धुँवाले अनेकौं रोगका किटाणुहरु हावामा छाडीरहेछन् । औषत प्रतिदिन २२ हजार पटक स्वास लिनुपर्ने मनुष्यलाई यी रोगका किटाणु शरीरमा प्रवेश गर्न एकै पटकको स्वास-प्रस्वास यथेष्ट हुनेछ। त्यसैले प्रदूषित वायुका कारण दम, खोकी, फोक्सोको क्यान्सर जस्ता रोगहरु सामान्यतम् प्रमाणित हुँदैछन ।

वायुप्रदूषण नगर्ने यातायात व्यवस्था मिलाईयो र खासगरी डिजेल प्रयुक्त सवारी संसाधनको उपत्यका प्रवेशमा बन्देज गरियो, धूवाँ र धूलोलाई चिम्नीबाट माथितिर पठाउने कारखानालाई यहाँबाट हटाईयो, घरघर मा मट्टितेलको बदला बिजुली प्रयोगको सुलभ व्यवस्था गरियो र वृक्षारोपणलाई व्यापक गरियो भने कमसेकम काठमाण्डौं खाल्डोलाई स्थानीय हरित गृह प्रभावबाट केही हदसम्म जोगाउन सकिएला र तापक्रम सन्तुलन होला। अन्यथा माघको दिनमा पनि पंखामुनि बस्नु पर्ने अवस्था नआउला भन्न सकिन्न ।

**डा. नारायण पोखरेलः** विद्यावारिधि, जीव विज्ञान मस्को एग्रीकल्चर एकेडेमी । हाल प्राध्यापन-प्राणीशास्त्र विभाग, त्रि.वि.



# सागपात सुकाउने यन्त्रको विकास

*भोपालका वैज्ञानिकहरुले ग्रामिण क्षेत्रहरुमा प्रतिदिन ५० किलोग्रामसम्म सागपात सुकाउन सक्ने बिजुली संचालित एक यन्त्र बनाएका छन् ।*

*सागपात उखाल्ने बित्तिकै बिग्रिने हुनाले यस प्रविधिबाट तिन्को बचत र संभार गर्न सकिन्छ । घाममा सुकाउने प्रविधि प्राचीन समयदेखि प्रयोगमा आइरहेको भएपनि त्यति स्वस्थकर र कम समयमा सकिने काम ठानिँदैन ।*

*भोपालको केन्द्रीय कृषि इन्जिनियरिङ संस्थानले विकास गरेको सो यन्त्रमा एउटा सुकाउने कक्ष, एउटा थुपार्ने कक्ष, एउटा ताप दिने कक्ष र एउटा हावा फुक्ने कक्ष हुन्छन्। सुकाउने कक्षमा नाइलनको तारका २० वटा किस्ती हुन्छन् । सबैभन्दा पहिला सागपातलाई धोइ, छोडाइ, काटी वा टुक्र्याइ तयार पारिन्छ त्यसपछि आवश्यक भएमा पहिलो blanced वा sulphited पनि पारिन्छ र सुकाइन्छ । फेरि हावा फुक्ने र ताप दिने यन्त्र लगाएर ११ देखि १४ घण्टामा सुकाइन्छ । यस्को मूल्य ने.रु. करिव १९ हजार ८०० पर्छ र उत्पादन मूल्य प्रति के.जी. सागपात रु. १.९८ पर्छ । यसबाट ग्रामिण क्षेत्रमा उम्रेका सागपात खेर जान नदिई आम्दानी र रोजगारी बढाउन सकिन्छ ।*

प्रस्तुतिः आकाश, साभारः "विज्ञान लेखमाला" रोनाष्ठ/अंक ११०

# एशियाड र ओलम्पिकमा चीन किन अगाडि भयो ?



सुन सुवेई : स्वर्ण पदक विजेता

जब चीनियाँ खेलाडीहरुले सन् १९९० को एघारौँ एशियाडमा १८३ र गत बार्सिलोमा ओलम्पिकमा १६ वटा स्वर्ण पदक जितेर आश्चर्यजनक ढंगले चौथो स्थान प्राप्त गरे, तब सम्पूर्ण विश्वका मानिसहरुले उनीहरुको प्रशंसा र सराहना गरे । तर तिनीहरुले सोचेका पनि छैनन् कि ती चम्किला पदकहरु जित्न, दर्शकहरुको प्रशंसा र सराहना लुट्न कति अनाम मानिसहरुले कम्मरतोड मेहनत र वलवुद्धि लगाए होला, कति राजकीय लगानी लाग्यो होला ?

"व्यायाम- खेलकूदलाई बढावा देउ र जनताको स्वास्थ निर्माण गरौं" भन्ने व्यायाम खेलकूदसम्बन्धी शिक्षा दिने का. माओत्से तुङ्को नेतृत्वमा चीनिया कम्युनिष्ट पार्टीबाट सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सम्पन्न भएपछि चीनले शुरुदेखि नै व्यायाम खेलकूदको विकासलाई आफ्नो एउटा महत्वपूर्ण -सांस्कृतिक कार्यको रुपमा लिंदै आएको पाइन्छ । चीनको पार्टी र सरकारले जनताको स्वास्थ निर्माण गर्ने र उनीहरुको सांस्कृतिक जीवनलाई समृद्ध बनाउने साधनको रुपमा विकसित गरेको यस कार्यलाई आफ्नो व्यवहारमा प्रयोग गर्ने क्रममा व्यायाम-खेलकूद आयोग निर्माण गर्नेदिखि लिएर खेलकूदको राष्ट्रिय जन संगठन र संगठनभित्रका विभिन्न विधागत भातृ संगठनहरु बनाउने, प्रतियोगिता गर्ने, अनुसन्धनशालाहरु खोल्ने आदि काम गरी सम्पूर्ण आयू, लिंग र पेशाका लागि अनिवार्य व्यायाम-खेलकूदको समय निर्धारण गरेको छ । मजदूर, किसान, सैनिक, कर्मचारी तथा विद्यार्थीहरुको उत्साहपूर्ण सहभागितामा विकसित गरिएको चीनको व्यायाम-खेलकूदलाई अझ वैज्ञानिक र सुव्यवस्थित पार्न चीनले क्रान्तिपश्चात् नै स्थापना गरेका ११ वटा शारीरिक शिक्षा सम्बन्धी कलेजहरुका साथै प्रख्यात वेइजिङ् फिजिकल कल्चर इन्ष्टिच्यूट र विशेषज्ञता हाँसिल गरिसकेका खेल- विज्ञान सम्बन्धी वेइजिङ् इन्ष्टिच्यूटले र खेल-औषधी सम्बन्धी वेइजिङ् इन्ष्टिच्यूटहरुले र पछि स्थापना भएका असंख्य यस्ता खेल सम्बन्धी अनुसन्धान गर्ने इन्ष्टिच्यूटहरुले खेलको वैज्ञानिक अनुसन्धान थालनी गरी ठूलो योगदान दिएको तथ्य यहाँ स्मरणीय छ ।

यसरी योगदान दिने राष्ट्रिय व्यायाम र खेलकूद आयोग अन्तर्गतका अनुसन्धानशाला तथा ३० भन्दा बढी शाखाका वैज्ञानिक तथा कर्मचारीहरु कै कडा मेहनतको फलस्वरुप नै चीनिया खेलाडीहरु विश्वकीर्तिमान स्थापना गर्न सक्षम हुँदै आइरहेको दावी उनीहरुले गरेका छन् । ती मध्ये एक "व्यायामको वैज्ञानिक अनुसन्धान सम्बन्धी बेइजिङ् शाखा"का चार अनुसन्धान विभागहरु शारीरिक कृयाशीलता समीक्षा विभाग, प्रविधि निरीक्षण विभाग, प्रशिक्षण विभाग र खेलाडी चुनाव विभागले अन्तर्राष्ट्रिय वैज्ञानिक सरसामान र प्रविधि मार्फत खेलाडीहरुबाट सम्बन्धित विविध विषयहरुमाथि अनुसन्धान गरिरहेका छन् । व्यायाम र प्रशिक्षणको सीमालाई नियोजित गर्नका लागि उन्नत यन्त्रहरुबाट जाँच पड्ताल गरिने यस शाखाले मात्रै १९९० मा वैज्ञानिक अनुसन्धानका कूल २० विषयमाथि ३०० भन्दा बढी श्रेष्ठ खेलाडीहरुलाई लिएर अनुसन्धान गर्‍यो, १० हजार सहभागीहरुबाट ५० हजार वैज्ञानिक आंकडा निकालेर व्यायाम प्रशिक्षकहरुलाई उपलब्ध गराउनाले एशियाड र ओलम्पिक खेलहरुमा सिधै सफलता प्राप्त गर्न मदत पुग्न गयो ।

एघारौँ एशियाडमा महिलाहरुको २०० मि. दौडमा स्वर्ण पदक जित्नुभन्दा एक दुइ वर्ष अगाडिसम्म सामान्य खेलाडीमा दर्ता भइरहेकी हान छिङ्गलाईं वैज्ञानिक परीक्षण पश्चात् उनमा श्रेष्ठ खेलाडी बन्ने क्षमता र गुण छ भन्ने कुरा थाहा पाएपछि प्रविधि र समन्वयको कमी पूरा गरी उनलाई नयाँ प्रविधिले प्रशिक्षित गरियो, जसको फलस्वरुप उनको हालतमा सुधार आई दौडको गतिमा तेजी आएपछि स्वर्ण पदक जित्न समेत उनी सफल भइन् ।

निश्चित रुपमा आधुनिक व्यायाम र खेलकूद प्रतियोगिताहरुमा खेलाडीहरुको शारीरिक क्षमता र संकल्प शक्तिले मात्र विजय प्राप्त गर्न सकिँदैन, यसका लागि उन्नत वैज्ञानिक प्रविधि, सामग्री र प्रशिक्षणको आवश्यकता पर्ने भएकोले यसको विकासमा ध्यान दिनु जरुरी छ । यी सबैभन्दा महत्वपूर्ण पक्ष हो--"मित्रता प्रथम, प्रतियोगिता द्वितीय" भन्ने समाजवादी खेल भावना र त्यस अनुरुपको आचरण ।

यो भावना र आचरणको अभावमा व्यायाम र खेलकूदमा खेलाडीहरुको अभ्यास क्षमता, कौशल, वैज्ञानिक प्रविधि, उपकरण, प्रशिक्षणको जतिसुकै विकास गरेपनि खेल र खेलाडीहरुलाई व्यवसायीकरणको नाममा पूँजीवादीकरण गर्ने बाहेक केही नहुने भएकोले यो भावनाको दीयो जलाई राख्नु जरुरी छ । का. माओका नेतृत्वकालदेखि नै आम जनताको स्वास्थ्य, तन्दुरुस्ती र मैत्रीपूर्ण भावमय मनोरञ्जनको माध्यमको रुपमा विकसित हुँदै आएको खेलकूद क्षेत्रलाई चीनमा आर्थिक क्षेत्रमा लागू गरिएको हालको बजार-अर्थतन्त्रले पूँजीवादी मुलुकहरुमा जस्तै विचलन र विकृतिको बाटोतिर नलैजाला भन्न सकिन्न । यस पक्षमा वर्तमान चीनको राजनैतिक नेतृत्व कतिको सचेत हुनेछ, त्यसैमा यो निर्भर रहन्छ ।

-कुमार

---

**खेल बारे माओ**



*"व्यायाम-खेलकूदको ठूलो महत्व छ, किनकि यसको सम्बन्ध हाम्रो ६० करोड जनताको स्वास्थ्यसँग छ । अतः जहाँ जहाँ संभव छ, हरेक प्रकारका व्यायाम-खेलकूदलाई बढावा दिइयोस्, जस्तो कसरत, बलका खेलाहरु, दौड, पर्वतारोहण, पौडी र चीनको परम्परागत थाएची बक्सिंग ।"*

---

## चीनियाँ खेलकूद सम्बन्धी तथ्य

*-चीनियाँ जनताको आधारभूत कसरत सम्बन्धी सुविधाहरु पूर्ति गर्न चीनले आफ्नो बजेटमा ३ अरब डलर खर्च गरेको छ ।*

*-चीनमा सामान्य खेल सुविधायुक्त देखि बहुउद्देश्यीय जिम्नाजियमहरुको संख्या ४ लाख छ ।*

*- त्यहाँ अहिले ३ हजार वटा शौखिन खेल स्कूलहरु छन्, जसबाट ६ देखि १५ वर्ष सम्मका २ लाख ७० हजार बाल बालिकाहरुलाई प्रशिक्षित भएर भावी राष्ट्रिय र विशेष टिमहरुका लागि तयार भईरहेका छन् । यस्तै खेल स्कूलहरुबाट प्रशिक्षित चिनीयाँ खेलाडीहरुले १९८६ मा सिउलमा भएको एशियाली खेलमा २२२ वटा पदक हासिल गरेका थिए, जसमध्ये ९० प्रतिशत त एथ्लेटिक्स खेलमा मात्रै थिए ।*

*- सन् २००० मा हुने ओलम्पिक खेल चीनले गर्ने घोषणा गरेर सम्पूर्ण तयारीहरु गर्न थालेको छ ।* □

---

## बद्लिंदो खेल संस्कृति

*सन् १८९६मा सुरु भएको आधुनिक ओलम्पिक आन्दोलनका जनक तथा फ्रान्सिसी शिक्षविद् पियेर दि कुबरटिनले "अझ उँचो, अझ तेज र अझ शक्तिशाली HIgher, Faster, Stronger को आह्वान सहित भनेका थिए-"ओलम्पिकमा खेल्नु भन्दा महत्वपूर्ण छ -सहभागिता ।"*

*यस आदर्शबाट चल्दै यस ओलम्पिक आन्दोलनका १९५२ सम्मका शूत्रधार ब्रण्डेज भन्थे - "ओलम्पिक आन्दोलन भोगवादी संस्कृतिको विरुद्ध विद्रोह हो ।"*

*तर, अरबौं रुपियाँको लगानीमा भएको १९९२ को ओलम्पिकको आयोजक नै भन्दैछ "यो एउटा राम्रो पूँजीनिवेश हो ।"*

*अझ एउंटा करोडपति स्टार अमेरिकी खेलाडी भन्छन्- "मलाई खेल्नु राम्रो लागेकोले म खेलिरहेको होइन । बरु यसबाट राम्रो कमाइ हुने भएकोले मात्र खेलिरहेको हुँ "* □

("इतिहास-बोध" Apr. Sept. 1992 बाट)


सन्दर्भ

# रुसमा ७५औं अक्टोवर समाजवादी क्रान्ति-दिवस




## सोभियत संघको एकीकरण र समाजवादको पुनर्स्थापनाका लागि कम्युनिष्टहरुद्वारा संघर्ष

रुसमा कम्तीमा १ लाख भन्दा बढी कम्युनिष्टहरुले गत कार्तिक २२ गते (नोभेम्बर ७) अक्टोबर समाजवादी क्रान्तिको ७५ औं वार्षिक उत्सव अभूतपूर्व ढंगले मनाए ।



सयौं हँसिया हथौडा अंकित कम्युनिष्ट पार्टीका राता झण्डाहरु, प्रतिबन्धित सोभियत संघको कम्युनिष्ट पार्टीका ब्यानरहरु, विश्वकै मजदूरहरुका महान नेताहरु लेनिन र स्टालिनका विशाल फोटोहरु बोकेर रुसी राजधानी मस्कोको केन्द्र- रेड स्क्वाएरमा जुलुस र नारा सहित उनीहरु भेला भए । यो उत्सव यस अर्थमा अभूतपूर्व थियो कि विभिन्न कम्युनिष्ट पार्टीहरु र भर्खरै प्रतिवन्धित नेशनल साल्भेशन फ्रन्ट जस्ता अन्य वामपन्थी समूहहरुको आह्वानमा भएको यस जुलुस र आम सभामा सहभागी भएका विशेषतः बुढा- बुढी, प्रौढ र बच्चा बच्चीहरुको संख्या शून्य भन्दा कम डिग्रीको कठ्यांग्रिने जाडो मौसममा पनि लाखौंको थियो, जुन सोभियत संघको विघटन भन्दा पहिले राज्य स्तरबाट मनाइदा पनि हुँदैनथ्यो, जुन सोभियत संघको विघटनको लगत्तै, गतवर्ष भएको जुलूसको भन्दा दोब्बर थियो ।

विश्व सर्वहारा वर्गका नेता लेनिनको नेतृत्वमा सोभियत बोल्सेभिक कम्युनिष्ट पार्टीले सन् १९१७ मा गरेको अक्टोवर समाजवादी क्रान्ति, जसले विश्वमा प्रथम पटक मजदूरवर्गीय राज्य सत्ता स्थापना गरी पूँजीवादी साम्राज्यवादी शासनलाई जरैदेखि हल्लाइदिएको थियो, जसले पूँजीवादबाट साम्यवादमा पदार्पण गर्ने उद्देश्यले निर्णायक संघर्षको प्रष्ट शुरुवातको संकेत दिएको थियो, त्यही बोल्सेभिक क्रान्तिको ७५ औं वार्षिक उत्सव मनाउने काम मस्को सेन्ट पिटर्शवर्ग, साइबेरियाका विभिन्न शहरहरु लगायत रुसका विभिन्न शहरहरुमा सम्पन्न भएको छ ।

### जुलूसका सहभागी र सहयोगीहरुको विचारहरु

-धनीहरु झन झन धनी हुँदैछन् र गरीबहरु झन् झन् गरीब हुँदैछन् । यो त हामी गतवर्ष सोचेका पनि थिएनौं ।

सर्गेइ बोन्दारे (सपरिवार जुलुसमा सहभागी भएका एक व्यक्ति)

-म येलसिनका कडा र निष्ठूर "सुधार" बाट आहत भएकी छु.....९०% जनता गरीबीको जीवन गुजारीरहेका बेला, कसले भन्दछ, १०% जनताको मात्र हेरचाह गर्नुपर्छ ? यो कस्तो सरकार हो ? यो त १०% को मात्र सरकार हो । तिनीहरुले आ-आफ्ना पदहरुबाट राजीनामा दिनुपर्छ र हामी आफ्नो हेरचाह आफैं गर्ने छौं ।-

वृद्धा इरिना टुकोभा

-हाम्रो लडाकु युवा संगठन क्रेमलिनका "अपराधी" हरुको विरोधमा उठ्ने कुनै पनि राजनैतिक आन्दोलनको पक्षमा लड्ने छ । अहिले हामी रुसी कम्युनिष्टहरुद्वारा शुरु गरिएको संघर्षको पक्षमा लागिरहेका छौं ।

"योग पायोनियर" नामक युवा-संगठनका प्रवक्ता १८ वर्षीय लियोनिद कुस्तालोभ


-"तीन महिनाको लागि मात्रै हामीले स्टालिनलाई (ब्यूँझाएर) प्रयोग गर्न सक्यो भने, सबथोक परिवर्तित हुने थियो ।

-वृद्ध आनातोली पाभ्लोभिच टेरेजेभ(हिटलरको नाजी सैनिकसंग लडेर अपांग बनेका भू.पू सोभियत सैनिक)

(सूचना स्रोतः मास्को गार्डियन पत्रिका)

मस्कोकै सबैभन्दा ठूलो महान लेनिनको शालिक भएको अक्टोवर स्क्वाएर नामाकरण गरिएको मेनेज स्क्वाएरमा विभिन्न शहर र गाउँबाट जुलुस सहित साँझतिर भेला भएका ती लाखौं प्रदर्शनकारीहरुको विशाल जुलुस लेनिनकै पार्थिव शव राखिएको रेड स्क्वाएर सम्म अत्यन्त संयमित र संयोजित ढंगले आम सभामा परिणत भयो ।

वर्तमान येल्तसीन सरकारद्वारा वाध्यतावश एकदिन विदा दिइएको सो दिन कुनै सरकारी आयोजना विना जनस्तरबाटै सम्पन्न ७५ औं अक्टोवर समाजवादी क्रान्ति समारोहमा प्रदर्शनकारी तथा आयोजक र नेताहरुले येल्तसीनको पूँजीवादी सरकारको राजीनामा, सोभियत समाजवाद र विघटित सोभियत संघको पुनर्स्थापनाको जोडदार माग गर्दै आकाश घन्काए । मुद्रास्फीति, अभाव, बेरोजगारी, गरीबी र माफिया-हिंसामा काफी वृद्धि भई अत्यन्त पीडायुक्त जीवन गुजारीरहेका ती प्रदर्शनकारी रुसी जनताले येल्तसीनले सुधारको नाममा निजीकरण







गरी पूँजीवादको पुनर्स्थापना गर्न लागेको र आफ्नो राष्ट्रिय स्वाभिमानलाई र राष्ट्रियतालाई अमेरिका र पश्चिमी पूँजीवादी जगतलाई बेचेको आरोप लगाए ।

"आक्रमणकारी दुस्साहसीहरुको ग्यांगले हाम्रो मातृभूमि अमेरिकालाई बेचिसक्यो, अब लुट्नसम्म लुट्ने छन् । अमेरिकालाई उनीहरुसँगै रमाउन देऊँ, हामीलाई यो चाहिएको छैन । हामीलाई कानूनको तानाशाही चाहिन्छ ।" यस समारोहका आयोजक- नेता मध्ये एक कर्नल स्टानिस्लाभ टेरेखोभले आमसभालाई सम्बोधन गर्दै व्यक्त गरेको विचार हो, यो ।


प्रदर्शनकारीहरुले सोभियत संघको विघटन र पूँजीवादको पुनर्स्थापनाको कारणले उत्पन्न जातीय संघर्ष, आर्थिक संकट, मुद्रास्फीति, तलब खुवाउन नसक्नु, भीषण खाद्यान्न संकट आदिको घोर विरोध गरे, महंगी, कालो बजारी, कृत्रिम अभाव, बेरोजगारी, भिक्षा-वृत्ति, वेश्यावृत्तिको अन्तको माग गर्दै समाजवाद स्थापनाका लागि संघर्ष जारी राख्ने दृढता पनि उनीहरुले प्रकट गरे ।

अक्टोबर समाजवादी क्रान्तिद्वारा स्थापित सोभियत समाजवादले सम्पूर्ण जनतालाई: मजदूर-किसान, निम्न मध्यम र मध्यमवर्गीय मानिसहरुलाई दिइआएको सुविधा, मान-मर्यादा, सामाजिक सुरक्षा, गाँस-बास-कपास-स्वास्थ्य र शिक्षाको ग्यारेन्टीको एक भाग पनि येल्तसीनको पूँजीवादी प्रजातन्त्रले वा बजार अर्थतन्त्रयुक्त सुधारवादी शासनले दिन नसकेकोमा उनीहरुले रोष प्रकट गरे ।

यसरी रोष र विरोध प्रकट गर्दै विशाल जुलुसहरु प्रदर्शन गर्ने काम येल्तसीनको पूँजीवादी प्रजातन्त्रको स्थापना कालदेखि नै हुँदै आएकोमा मेनेज स्क्वाएरमा यसभन्दा केही दिन अघि मात्र कार्तिक १ गते विशाल प्रदर्शन भएको थियो । विभिन्न कम्युनिष्ट पार्टीहरुद्वारा संयुक्त रुपमा आयोजित उक्त जुलुस-प्रदर्शन र आमसभालाई सम्बोधन गर्दै विभिन्न कम्युनिष्ट नेताहरुले येल्तसीनले देश र जनतालाई धोखा दिएको आरोप लगाउँदै सडक र सदनको आन्दोलन चर्काउन आह्वान गरेका थिए । उनीहरुले सोभियत संघलाई पुनर्गठन गर्ने दृढता व्यक्त गर्दै रुसको माथिल्लो सदन-जनप्रतिनिधि सभा (The congress of People's Deputies) मा एकीकृत संघर्ष थाल्ने धम्की दिएका थिए । यसैबीच रुसी सैनिकहरुको पत्रिकाले पनि अक्टोबर क्रान्ति दिवसलाई हार्दिक स्वागत गरेको छ ।

सम्पूर्ण समाजवादी संरचनालाई ध्वस्त पारी "प्राइभेटाईजेशन" (नीजिकरण) को नाममा रुसी जनताको "पोभरटाइजेशन" (गरीबीकरण) गरेको फलस्वरुप ६०% गरीबी रेखामुनि बाँची रहेकाहरु र टवाइलेट पेपरमा मात्रै


गोर्वाचोभ : कार्टुनमा






# अक्टोवर-क्रान्ति दिवस

## मस्कोको विशाल जुलूस र सभा: प्रत्यक्ष्यदर्शीको आँखामा



*गत कार्तिक २२ गते मस्कोमा त्यहाँका जनताले मनाएको "अक्टोवर क्रान्ति दिवस" को समयमा साहित्य तथा उद्योग क्षेत्रका बुद्धिजीवी श्री स्नेह सायमी संयोगवश त्यहाँ पुग्नु भएको थियो। उहाँ नेपाल फर्किनु भएपछि त्यस दिनको त्यहाँको कार्यक्रमका बारेमा हामीले गरेका कुराकानीको सार-संक्षेप यहाँ प्रस्तुत गरिएको छ ।*

**जुलूसको दृश्य कस्तो देखिन्थ्यो ?**

*हामी त्यस दिन जुलुस र आमसभा हुने खबर सुनेर त्यो हेर्न रेड स्क्वाएरमा गयौं । त्यसदिन अरु दिनमा भन्दा मौसम राम्रै भएतापनि र हिउँ नपरेपनि शून्य भन्दा निकै कम डिग्री सेल्सिएस तापक्रम थियो । जुलूस मेनेज स्क्वाएर बाट रेड स्क्वाएर जोडिने अलिकति उँचो क्षेत्रबाट बाढी झैं बगेर आइरहेको थियो ।*

*जुलूसको शुरुमा नेतृत्व गर्ने एक दुईजना व्यक्तिहरु मात्र थिए, अलिकति पछाडि चाहिं अरु नेतृत्वकर्ताहरु थिए । त्यसभन्दा अलिकति पछाडि त्यत्रो बाटोभरि घटीमा २०/२० जनाका लहरले सडक ढाक्ने ब्यानर लिएर विशाल भीड नै आइरहेको थियो । आधा घण्टा हेरेर पनि नसकिएको त्यो जुलूसमा लाखौं मानिसहरु सहभागी थिए ।*

*प्रदर्शनकारीहरुले लेनिन र स्टालिनको ३/४ फिट ठूला फोटोहरु सम्मानपूर्वक हातमा, छातिमा लिएर आइरहेका थिए भने गोर्वाचोभ र येल्तसिनका कार्टुन चित्रहरु बोकेर आउनेहरु पनि प्रशस्त थिए । प्रायः सबैको हातमा कम्युनिष्ट पार्टीको हँसिया-हथौडायुक्त ठूला ठूला राता झण्डाहरु थिए। सम्पूर्ण जुलूस नै झण्डाले गर्दा टाढा-टाढा सम्मै रातै देखिन्थ्यो र रेड स्क्वाएर टन्नै भरिंदा त चोक नै राताम्य देखिन्थ्यो ।*

**जुलूसका विशेषताहरु के के पाउनु भयो ?**

*जुलूस मौन र संयमित थियो, रेड स्क्वाएरमा पुगेपछि मात्रै उनीहरुले गगनभेदी नारा लगाए । अर्को विशेषता के थियो भने-जुलूसमा बुढा-बुढी, प्रौढ र उनीहरुले ल्याएका बाल-बालिकाहरुको संख्या नै अधिक थियो । युवकहरुको संख्या निकै कम थियो । ज्यादा त युवायुवतीहरु बाटोको किनार-किनारमा बसी तमासा हेरिरहेका देखिन्थे ।*

*मलाई के लाग्छ भने, ती युवाहरु जुलूस गर्ने कम्युनिष्टहरुको भावनाबाट आकर्षित नभएको हुन सक्छन् । बुढा-बुढी र प्रौढहरुको जुन अधिक सहभागिता थियो, उनीहरुका अनुहारहरु भने क्रुद्ध र दुःखित देखिन्थे । समाजवादप्रति उनीहरुको अत्यन्त दह्रो समर्थन र दृढता रहेको कुरा जुलूसमा देखिएको उनीहरुको ठूलो उत्साहले देखाउँथ्यो ।*

**आमसभा कस्तो थियो ?**

*विश्वका सबै प्रमुख संचार माध्यमहरु त्यसको समाचार संकलन गर्न आएका देखिन्थे । २०-२२ वटा टि.भि. क्यामेरा सहित आएका पत्रकारहरु देखिन्थे । आमसभाका वक्ताहरुको विचार बुझ्न गाह्रो भयो । तर पनि मस्को र अन्य शहरबाट आएका रुसी भाषा बुझ्ने नेपालीहरु भाषण सुनेर खुशी देखिन्थे । आमसभाका बीचबीचमा गगनभेदी आवाज हुर्रे हुर्रे (जिन्दावाद) भनेको सुनिन्थ्यो ।*

**जुलूस र आमसभाका ती सहभागीहरुको वर्तमान जन-जीवन तपाईंले कस्तो पाउनु भयो ?**

*मैले लेनिनग्राड (सेन्ट पिटर्सवर्ग) र मस्को घुम्दा देखेको रुसी जीवनलाई केलाएर हेर्ने हो भने, अभाव, महँगी, बेरोजगारी र गरीबीकै कारणले मानिसहरु सडकमा उत्रेका हुन् । अन्य देशमा भन्दा उच्च जीवन भएतापनि अहिलेको कमाइले उनीहरुले जेनतेन मात्र खान पुग्ने, अझ धौधौ नै हुने गुनासो जहाँतहीं सुनिन्थ्यो । अहिले माफिया गिरोहको बिगबिगी, सुरक्षाको अभाव, प्रहरीहरुको मूकदर्शकता, वेश्यावृत्तिमा वृद्धि भएको रहेछ । विदेशीहरु सडकमा हिंड्दा डलर कमाउने आशाले रुसी केटीहरु हाँसेर ग्राहक खोज्न आउँछन् । क्रेमलिनको लेनिनको शव राखिएको चोक जाने बाटो टुरिष्ट एरिया भएकोले त्यहाँ ८/९ बर्षका बच्चाहरु माग्न आइरहेका थुप्रै भेटिन्थे । अझ मानिसहरुसंग कुरा गर्दा १ डलरको भाउ छ महिना अगाडि १२५ रुबलबाट अहिले ५१० रुबल पुगिसकेको हुनाले केही महिनाभित्रैमा ४ दोब्बर भन्दा बढी मुद्रास्फीति बढेको उनीहरु बताउँछन् । भाउ बृद्धिको सीमा नै छैन, कोपेकको भाउ रुबल भएको वा सम्पूर्ण वस्तुमा कम्तीमा १० हजार प्रतिशत भाउ वृद्धि भएको देख्दा-सुन्दा त यही क्रम जारी रहेमा हिजोको कालमा जोरजाम गरिएका घरायसी सरसामानहरु- फर्निचर- कोट, भाँडाकुँडा आदि बेचेर खानुपर्ने स्थिति सृजना हुने लक्षण त्यहाँ रहेछ ।*

## रुसमा समाजवादप्रति आस्थामा वृद्धि !

रुसी टेलिभिजन कार्यक्रम "भेस्टी" द्वारा असोज / कार्तिक महीनामा गरिएको एउटा जनमत सर्भेक्षणबाट समाजवाद प्रति आस्थावान रुसी जनताहरुको संख्यामा काफी वृद्धि भएको तथ्यांक प्राप्त भएको छ ।

जनमत सर्भेक्षणमा सहभागी भएका मध्ये ६७ प्रतिशत रुसी जनताले रुसी जनताको लागि अहिले पनि समाजवादको सकारात्मक औचित्य रहेको विचार व्यक्त गरे भने १८ प्रतिशतले मात्र नकारात्मक अर्थ रहेको बताए । बाँकी सहभागीहरुले भने मिश्रित प्रतिक्रिया व्यक्त गरे ।

समाजवादमाथिको जनविश्वास र आस्थामा यसरी अभिवृद्धि हुनुले वर्तमान रुसी राजनीतिमा परिवर्तनका लागि संघर्षशील कम्युनिष्टहरुको शक्तिमा पनि वृद्धि हुने विश्वास गरिएको छ ।

१० हजार प्रतिशत भाऊ वृद्धि भएको छ, जसले गर्दा ४ हजार रुबल (१० डलर) भन्दा कम पैसा कमाउने ९०% गरीबहरु (Commersant को सर्भेक्षण अनुसार) अचेल समाजवादको स्थापनाका लागि सडक र सदनको संघर्ष चलाइरहेका कम्युनिष्ट, राष्ट्रवादी र देशभक्तहरुका विभिन्न पार्टीहरु प्रति सहानुभूति र समर्थन रहेको बताइन्छ । यसरी एकातिर जनताको समर्थन प्राप्त विभिन्न कम्युनिष्ट पार्टीहरु अन्य राष्ट्रवादीहरुको संयुक्त मोर्चा नेशनल साल्भेशन फ्रन्ट; जसलाई येल्तसीनले सोभियत कम्युनिष्ट पार्टीलाई प्रतिवन्ध लगाएपछि "अति खतरनाक" संगठनको आरोपमा प्रति-बन्ध लगाई दिएका थिए अर्कातिर पूँजीपति, उद्योगपति र कारखानाका हाकिमहरुको अर्काडी भोल्साकीको सिभिक युनियन ब्लक र येल्तसीनको सुधारवादी शक्ति हाल सत्ता प्राप्तिको लडाई लडिरहेका छन् । उक्त कुरा येल्तसीनको सुधारको प्रणेता तथा हार्वर्ड अर्थशास्त्री जेफ्री साचेस्ले गत महिना सिंगै राजनीतिक संघर्षको महीना भएको तथ्य उद्घाटन गर्दै व्यक्त गरेका हुन् ।

अहिले दुईबीच पूँजीवादी सुधारलाई छिटो गर्ने कि ढिलो गर्ने भन्ने प्रश्नमा मात्र अन्तर रहेको र सिभिक युनियनको माग अनुसार केही मन्त्रीहरुको राजीनामा पछि येल्तसीनद्वारा सत्ता बाँडफाँड गर्ने घोषणा गरेपछि दूरी घट्दै गएको छ । यस स्थितिमा कम्युनिष्ट पार्टी र प्रतिबन्धित संयुक्त मोर्चा- नेशनल साल्भेशन फ्रन्टको संघर्ष सुधारवादी सिभिक युनियन- येल्तसीन सरकार विरुद्ध चर्किन थालेको छ । यो संघर्ष मंसीर ९ गतेदेखि सुरु भएको रुसी माथिल्लो सदन रुसी जनप्रतिनिधिसभाको बैठकमा निर्वाचित तानाशाहीको रुप धारण गर्दै कुनै पनि बेला संसदभंग गरेर मध्यावधी चुनाव गराउने र देशमा आपतकालीन स्थिति समेत लागू गर्न नहिच्किचाउने धम्की दिइरहेका येल्तसीन सरकारमाथि लगाम लगाउने र सुधारमाथि रोक लगाउने वा ढिलो गर्ने, मुद्रा फ्रिज गर्ने तथा बजार अर्थतन्त्रकामाथि राज्य हस्तक्षेप गर्ने माग गरिरहेका सांसद कम्युनिष्टहरु मार्फत अभिव्यक्त भए । र यो संघर्षलाई माथिल्लो सदनले रुसी संविधान संशोधन गर्ने र सुधार कार्यक्रमलाई ठाडै अस्वीकार गरी सरकार यसरी नै निरंकुशताको बाटोमा गइरहयो भने अवश्य पतन हुने कडा चेतावनी समेत दिएका छन् । अक्टोबर क्रान्ति मनाउने क्रममा र त्यसपछि पनि सडकमा उत्रेका जनता, कम्युनिष्टहरु र राष्ट्रवादीहरुको प्रदर्शनले यस संघर्षलाई टेवा दिएको देखिन्छ ।

सदनले येल्तसीनको राष्ट्रपतीय निरंकुश अधिकार कटौती गर्ने पारित निर्णयलाई स्थगित गरी येगोर गैदार-लाई हटाई भिक्टर चेर्नोमाइरदिनलाई प्रधानमन्त्री नियुक्त गर्न बाध्य पारेको छ । नव निर्वाचित प्र.म.ले सुधारलाई ढिलो, मानवीय पार्ने र पुराना मन्त्रीहरुलाई निकाल्ने अडान व्यक्त गरेकाले संघर्ष तीव्र भएको देखिन्छ । सीटको विभाजनमा देखिएको यो संघर्ष संझौतामा टुंगिएता पनि संसद र राष्ट्रपतिको संघर्ष जारी नै रहने देखिन्छ ।

## रुसी कम्युनिष्ट एकता र दृढता

सोभियत संघको बिघटन र पूँजीवादको पुनर्स्थापना पछि रुसी राष्ट्रपति बोरिस येल्तसीनद्वारा सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) माथि प्रतिबन्ध लगाएको लगत्तै र त्यो भन्दा अगाडि नै पनि रुसमा विभिन्न नामका कम्युनिष्ट पार्टीहरु जन्मन थालेकाले अहिले एकीकृत कम्युनिष्ट पार्टीको निर्माणको प्रक्र्याको थालनी भएको छ ।

कुनै मार्क्सवादी, कुनै बोल्सेभिक र कुनै स्टालिन-बादी नाम राखेर जन्मेका ६ बटा भन्दा बढी कम्युनिष्ट पार्टीहरुको रुसी संसदमा नयण्य प्रभाव रहेको बताइएता पनि सदस्य संख्या र राजनीतिक प्रभावलाई भने सर्वत्र महसूस गरिन थालिएको छ । ती सबै कम्युनिष्ट पार्टीको संयुक्त रुपमा जम्मा गर्दा कूल १ लाख सदस्य संख्या रहेको तथ्य पूँजीवादी संचार माध्यमले नै प्रकाशित गरिरहेका छन् ।




ती कम्युनिष्ट पार्टीहरु विभिन्न मतभेदका बावजूद पनि कसरी एकीकृत हुन सक्छन् र ? भन्ने प्रश्नको उत्तरमा एक कम्युनिष्ट नेता स्ट्राडिपोभ भन्नुहुन्छ- "हाम्रा वैचारिक मतभेदहरु त दोश्रो स्तरका कुरा मात्र हुन ।"

स्ट्राडिपोभकै विचारलाई समर्थन गर्दै रुसी कम्युनिष्ट पार्टीका नेता तथा "प्राभ्दा" अखबारको राजनीतिक विभागका अध्यक्ष बोरिस स्लाभिन भन्नुहुन्छ- "प्रजातन्त्रवादी"-हरुले आफूलाई टाटपल्टेको प्रमाणित गरिसकेका छन् र अहिले कता जाने भन्ने दिशा पनि उनीहरुलाई थाहा छैन । उनीहरुको मूल उद्देश्य साम्यवादलाई ध्वस्त गर्नु हो..... तर अहिले सरकारले धेरै साम्यवादी नेताहरुलाई उनीहरुका सुझाव र मूल्यांकनका लागि आह्वान गर्नु परेको छ ।"

बोरिस स्लाभिन पुनः भन्नुहुन्छ- "साम्यवादको हार अल्पकालीन हो । अन्ततः, गरीब र धनीहरु रहेसम्म साम्यवादी विचार जिउँदै रहनेछ ।"

"मलाई पक्का विश्वास छ, हाम्रो देश समाजवादी विकासको बाटोमा फेरि अवश्य फर्कनेछ । आफ्ना समाजवादी जराहरुलाई फेरि मजबूत पार्नु नै त हाम्रो नियति हो, किनकि वर्तमान अभूतपूर्व संकटबाट बच्ने अर्को कुनै बाटो पनि त छैन । यसैले गर्दा त हाम्रो इतिहासमा अक्टोबर क्रान्ति नै सबै भन्दा महत्वपूर्ण तिथि भएको छ, जुन यस समारोहको मुख्य कारक हो ।"

यो दृढता रसियन पार्टी अफ कम्युनिष्टका अध्यक्ष अनाटोली कर्युचकोफको हो ।

## कम्युनिष्ट पार्टीमाथिको प्रतिवन्ध आंशिक रुपले फुकुवा

सोभियत संघको कम्युनिष्ट पार्टीमाथि येल्तसिन सरकारले गत वर्षको अगष्ट कू पश्चात् लगाएको प्रतिवन्ध सम्बन्धी मुद्दामा रुसी संवैधानिक अदालतले एक वर्षको अध्ययन र बहस-पैरवी पछि मंसीर ३० गते कम्युनिष्ट पार्टीको पोलिटब्यूरो र केन्द्रीय कमिटीमाथि मात्र सरकारले प्रतिवन्ध लगाउन पाउने फैसला दिई कम्युनिष्ट पार्टीका तलका संगठनहरु खुला हुने फैसला गरेको छ । यसलाई कम्युनिष्टहरुले आफ्नो विजयको संज्ञा दिदै माथिल्लो पार्टीको प्रतिवन्ध हटाउन र जफत गरिएका पार्टीका सम्पत्तिहरु फिर्ता गराउन संघर्ष गरिरहने दृढता प्रकट गरेका छन् । अदालती फैसला भन्दा एकदिन अगाडि मात्रै पनि २० डिग्री सेल्सियसको ठिहि्याउने जाडोमा पनि कम्यु-निष्टहरुले बिरोध प्रदर्शन गरी जनतालाई आमूल पविर्तनका-लागि भैरहेको आन्दोलनमा सहभागी हुन आह्वान गरे ।

सोभियत संघको कम्युनिष्ट पार्टी र अन्य नयाँ कम्युनिष्ट पार्टीका सांसदहरुलाई संसदीय संघर्षमा संयोजित गरिरहेको "कम्युनिष्टहरुको रुसी संसदीय दल" का सह-संयोजक तथा रुसी कम्युनिष्ट पार्टीका भूतपूर्व प्रथम सचिव तथा सांसद भ्यालेन्टिन कुपत्सेक भन्छन्-


"हामी गाउँगाउँबाट; जिल्ला जिल्लाबाट कम्युनिष्ट पार्टीहरु पुनः संगठित गर्दै केन्द्र निर्माण गर्ने छौं । अब तपाईले छिट्टै देख्नु हुनेछ, यहाँ छिट्टै नै क्षेत्रीय कमिटीहरु, गणतन्त्रका कमिटिहरु र केन्द्रिय कमिटी अस्तित्वमा आउनेछन् । र कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाउन खोज्ने कुनै पनि प्रयास बिफल पार्ने छौं । स्थानीय भेलाद्वारा चुनिएका प्रतिनिधि-हरुबाट बन्ने राष्ट्रिय कम्युनिष्ट सभालाई संभवतः आगामी माघ/फागुन महीनामा रुसी कम्युनिष्ट पार्टीको रुपमा पुनर्स्थापित गर्ने छौं । त्यसपछि त्यस राष्ट्रिय संगठनमार्फत पार्टीका पुराना सम्पत्तिहरु फिर्ता लिन अदालती संघर्ष गर्नेछौं ।

उनको भनाईमा विश्वास गर्ने हो भने पुरानो रुसी कम्युनिष्ट पार्टी पुनस्थापित नहोला भन्न सकिदैन । तर पुनस्थापित पार्टीले, जुन संशोधनवाद, नोकरशाहीतन्त्रको व्याप्ति र जनवादी केन्द्रीयताको हननका कारणले पार्टी नै प्रतिबन्धित हुनु, सोभियत संघनै विघटन हुनु र सिंगै समाजवाद पतन भएर पूँजीवादको पुनर्स्थापना हुनु जस्तो पीडा भोग्नु पर्‍यो, त्यसको सही कारण र समाधान पत्ता लगाई कसरी अगाडि बढ्ला भन्ने सवाल भने अहिले प्रबल रुपमा उठिरहेको छ ।

*–राजेन्द्र महर्जन*

# Kathmandu Maida Mills Pvt. Ltd.

## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

# नेबिको

## नयाँ आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, बचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




**नेबिको प्रा. लि.**
काठमाडौं, नेपाल

# एमालेभित्र द्वन्दरत तीन सोचहरुको खोतलखातल !



बहुदलीय जनवादका प्रवक्ता का. मदन भण्डारी, नयाँ जनवादका प्रवक्ता का.सी.पी.मैनाली र माओ-विचारको नयाँ जनवादका प्रवक्ता का. मोहनचन्द्र अधिकारीका विचारहरुको अन्तर-कुन्तर खोतल्दा कस्तो देखिन्छ ?





*ने. क.पा. एमालेले आगामी माघ महिनामा हुने आफ्नो पार्टी महाधिवेशनको सिलसिलामा पार्टीभित्रका विभिन्न राजनैतिक लाइनहरुलाई सार्वजनिक रुपले छलफलका लागि ल्याएको छ। नेपाली कम्यूनिष्ट पार्टीहरुमा अल्पमतमा रहेका विचारहरुलाई पनि महाधिवेशनको केही समय अगाडिदेखि छलफलमा लैजान दिने प्रचलन यस अघि पनि नभएको होइन तर यो पार्टी-पंक्तिभित्र मात्र सीमित हुन्थ्यो । एमालेले अहिले सहासपूर्वक यसलाई खुला रुपले बाहिर नै ल्याएको घटनाले नेपाली राजनीतिमा विचार-अन्तर्क्रियाको एउटा ठूलो लहर सिर्जना गरेको छ । एमालेभित्र र यसभन्दा बाहिरका अन्य पार्टी कार्यकर्ताहरुलाई पनि यस प्रकृयाले अन्तर्कियामा उतार्ने काम गरेको छ। यसले नेपाली जन-क्रान्तिको बाटो र स्वरुप पहिल्याउनमा निश्चय नै मद्दत पुऱ्याउने छ भन्ने हामीले ठानेका छौ ।*

*यो अन्तर्क्रिया-यसरी नेपाली जन-क्रान्तिको बाटो र स्वरुप सम्बन्धी मूल कुराहरुसंग संबन्धित सत्य पत्ता लगाउने माध्यमको रुपमा अगाडि बढोस् भन्ने हाम्रो कामना छ। व्यक्ति वा व्यक्तित्वहरुको गुटवादी मनोवृत्ति, र अंहकारजन्य हार वा जितको सवाल नबनीकन यो साँच्चै सत्योन्मुख खोजिका रुपमा जावोस् भन्नका लागि आफूहरु सचेत रहेको कुरा एमालेका नेतृत्वदायी कामरेडहरुले हामीलाई बताउनु भएको छ। यो सकारात्मक कुरा हो तर व्यवहारमा उहाँहरु र आम कार्यकर्ताहरु कसरी उत्रनु हुन्छ, थप यो यसैमा भर पर्ने कुरा हो।*

*यस सन्दर्भमा हामी एउटा के कुरा सचेत गराउन चाहन्छौ भने, व्यापक वैचारिक-अन्तर्क्रिया होस् भन्ने एमालेको घोषित चाहना भएपनि अझै स्थानीय स्तरका कार्यकर्ताहरु र शुभेच्छुकहरुलाई यसले राम्ररी आकर्षित गर्न सकेको छैन । यसमा उहाँहरुको थप प्रयत्न हुनुपर्ने देखिन्छ ।*

*हामीले एमालेभित्रका प्रमुख तीन सोचहरुका प्रमुख वाहकहरु का.मदन भण्डारी, का. सि.पी. मैनाली र का. मोहनचन्द्र अधिकारीका विचारहरुलाई केही खोतलखातल गरेर यहाँ प्रस्तुत गरेका छौं। उहाँहरुसंग हामीले लामो कुराकानी गरेका थियौं। तर स्थानको सीमितताको कारण सम्पूर्ण विवरण प्रस्तुत गर्न सकिएन र पनि मूल मूल सान्दर्भिक अंशहरु यहाँ प्रस्तुत गरिएका छन् । यसै सन्दर्भमा हाम्रो आगामी अंकमा पनि थप सामग्रीहरु प्रस्तुत गर्ने छौं । -सं.*

## बहुदलीय जनवादमा पुग्ने बाटो हठात् परिवर्तन वा क्रान्तिको बाटो नै हुन्छ

-का. मदन भण्डारी

कुनै पनि राजनैतिक पार्टीले एउटा राजनैतिक सामाजिक या क्रमागत गुणात्मक परिवर्तनको लक्ष्य निर्धारण गरेर यसको निम्ति प्रयत्न गर्छ भने उसले हठात परिवर्तन वा क्रान्तिकारी परिवर्तनको बाटोमा लाग्नुपर्छ । यसको निम्ति मूल कुरा भनेको वर्ग- संघर्षको कुरा हो ।

**अहिले तपाईहरुले जुन "बहुदलीय जनवाद"को अवधारणालाई बाहिर ल्याइरहनु भएको छ, यस सन्दर्भमा एउटा प्रश्न गरौं- यो अहिलेको जुन व्यवस्था छ, यो व्यवस्थालाई तपाईहरु किन "बहुदलीय जनवाद" भन्नु हुन्न ?**

म के ठान्छु भन्ने, पहिलो कुरा त "जनवाद" आफैंमा एउटा संघर्षको पृष्ठभूमिबाट स्थापित भएको शब्द र व्यवस्थाको कुरा हो र यसलाई जस्तो कि अंग्रेजीमा Democracy भनिन्छ, यसले जनताको शासनलाई बुझाउँछ । अहिले नेपालमा जुन व्यवस्था छ, त्यसलाई जनताको शासन भन्न सकिने स्थिति छैन । यद्यपि जनताको शासनमा हुने खालका कतिपय लक्षणहरु र राजनीतिक अधिकारका कुराहरु यसमा छन् । तर पनि यसको आधार भने अहिले पनि अर्ध औपनिवेशिक र अर्ध सामन्ती उत्पादन पद्धति छ । त्यसो हुँदा यसलाई अहिले प्रजातन्त्र वा "जनवाद" भन्न मिल्दैन भन्ने अवधारणा मेरो र हाम्रो पार्टीको बहुमतको पनि रहेको छ ।

**तपाईहरुले भन्नुभएको "बहुदलीय जनवाद"लाई अंग्रेजीमा रुपान्तरित गर्दा Multi Party Democracy भन्ने नै हुन्छ र अहिलेको "बहुदलीय प्रजातन्त्र"लाई अनुवाद गर्दा पनि Multy Party* नै हुन्छ। त्यो हिसाबले र बहुदलीय हुने यसको मुख्य विशेषता रहने भन्ने तपाईहरुको भनाईको हिसाबले यो अहिलेको व्यवस्थाभन्दा तपाईंहरुले परिकल्पना गर्नु भएको बहुदलीय जनवादको व्यवस्था आधारभूत रुपले कसरी भिन्न हुन्छ ? किन भिन्न हुन्छ ?**

हेर्नुस, यसमा पहिलो कुरा के छ भने, लोकप्रिय ढंगका शब्दहरु हरेक अलोकप्रिय खालको शासन वा पार्टी वा व्यक्तिहरुले पनि प्रयोग गर्छन। उदारहणको लागि भनौं- कि बर्मामा शासकहरुले "समाजवादी" शब्द प्रयोग गर्थे। त्यस्तै अहिले पनि बंगलादेशमा "जनगणतन्त्र" भन्ने नामको प्रयोग गरिन्छ। त्यसो भएकोले यसबेला "बहुदलीय प्रजातन्त्र" भनेर नेपाली कांग्रेसले, अरुले या संविधानमा नै पनि उल्लेख भएको छ भने पनि वास्तवमा त्यस्तो खालको बहुदलीय प्रजातन्त्र वा बहुदलीय जनवाद छ कि छैन भन्ने कुरा एउटा वर्गीय अन्तर्वस्तुको कुरा हो । म यो कुरालाई सम्झन्छु कि मार्क्सवादीहरुले हरेक चीजको वर्ग स्वरुपलाई गहिरिएर विश्लेषण गर्छन । लेनिनको एउटा कुरालाई उद्धृत गर्ने हो भने- यदि वर्गीय अन्तरवस्तु विना "जनवाद" र राष्ट्रियता भन्ने खालका कुराहरु उल्लेख गरिन्छन् भने ती खोक्रा शब्द हुनेछन् । त्यसो हुँदा त्यसको वर्गीय अन्तरवस्तु हेर्नु पर्छ । वर्गीय अन्तरवस्तु भनेको सामाजिक-आर्थिक समानताको कुरा हो । केबल राजनैतिक स्वतन्त्रता मात्र हैन सामाजिक-आर्थिक स्वतन्त्रता जनतालाई हुनुपर्छ । तब मात्र यी उल्लेख गरिएका अधिकारहरु जनताको वास्तविक उपभोगको तहसम्म जान सक्छन् । त्यसो हुनाले अहिले संविधानमा वा नियम-कानूनमा या प्रचलित राजनीतिमा जुन कुराहरु उपलब्ध भएको छ भनेर भनिँदैछ, वास्तवमा श्रमजिवी जनताले उपभोग

*Democracy

गर्ने तहसम्म तिनीहरुको ग्यारेन्टी हुन सकेको छैन । यस मानेमा पुरानो उत्पादन पद्धति तोडिएको छैन र सामाजिक-आर्थिक परिवर्तन भएको छैन । यस स्थितिमा निश्चित रुपले अहिले यसलाई बहुदलीय जनवाद भन्न मिल्दैन भन्ने हाम्रो धारणा छ ।

जहाँसम्म यसमा के फरक हुने छ भने प्रश्न यहाँले गर्नुभयो, फरक त अघि मैले उल्लेख गरेकै कुराले जाहेर गर्छ कि "जनवाद" भन्ने वित्तिकै त्यसमा सामाजिक-आर्थिक स्वतन्त्रता (Socio–Economic Liberty) सहित राजनैतिक स्वतन्त्रता हुनुपर्छ । यस मानेमा नेपालको हालको स्थितिमा आमूल परिवर्तन हुनुपर्छ । अहिलेको स्थितिलाई यदि तपाई प्रजातन्त्र नै भन्न रुचाउनुहुन्छ भने यसलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक प्रजातन्त्र भने हुन्छ । तर सहज रुपले प्रजातन्त्र भन्ने, "जनताको शासन" भन्ने शब्दको उत्पत्तिकै अर्थमा यदि यसलाई प्रयोग गर्ने हो भने चाँहि यहाँ अहिले जनताको शासन छैन ।

**अहिलेको बहुदलीय प्रजातन्त्रको स्थीतिबाट तपाईले भनेको सामाजिक-आर्थिक संरचनामा आमूल परिवर्तन हुने त्यो स्थिति कसरी ल्याइन्छ ? कुन बाटोबाट ल्याइन्छ ? कुन उपायबाट ल्याइन्छ ?**

मेरो विचारमा यो सामाजिक-आर्थिक आमूल परिवर्तन कसरी गर्ने हो भन्ने कुरा मूल रुपमा रणनीति र कार्यनीतिको प्रश्न हो । कस्ता खालका संगठनहरु, संघर्षहरु र रुप विधिहरुबाट यो परिवर्तन ल्याउने हो भन्ने कुरासंग यसले सम्बन्ध राख्छ । यसमा म दुईवटा कुरा अगाडि राख्न चाहन्छु । एउटा त, समाजमा एउटा क्रमिक परिवर्तनको प्रकृया हुन्छ भने अर्को हठात् परिवर्तनको प्रकृया हुन्छ । हठात् परिवर्तनको प्रकृया क्रान्तिकारी परिवर्तनको प्रकृया हो र क्रमिक परिवर्तन चाहिं एउटा सुधारको परिवर्तन-प्रकृया हो । कुनै पनि राजनैतिक पार्टीले एउटा राजनैतिक सामाजिक या क्रमागत गुणात्मक परिवर्तनको लक्ष्य निर्धारण गरेर यसको निम्ति प्रयत्न गर्छ भने उसले हठात परिवर्तन वा क्रान्तिकारी परिवर्तनको बाटोमा लाग्नुपर्छ । यसको निम्ति मूल कुरा भनेको वर्ग- संघर्षको कुरा हो । समाजमा हानीकारक भइसकेका पूराना वर्गहरु, प्रवृतिहरु, सम्बन्धहरुलाई तोड्नको निम्ति र नयाँ उत्पादन सम्बन्ध र नयाँ समाजको स्थापना गर्ने अग्रगामी वर्गहरु र त्यसका सहयोगी समर्थकहरुलाई साथ लिएर वर्ग-संघर्ष संचालन गर्नुपर्छ । वर्ग-संर्षका रुप विधिहरु शान्तिपूर्ण र अशान्तिपूर्ण, दुई ढंगका नै हुन सक्छन् । त्यसमध्ये अहिले हामी शान्तिपूर्ण ढंगको विधिमा छौं ।

अहिले शान्तिपूर्ण संघर्षका पनि दुईवटा फाँटहरु छन् । एउटा संसदीय र अर्को असंसदीय । यी जुनसुकै फाँटमा लाग्दा पनि त्यसमा आक्रमण र प्रतिरक्षा दुईवटा कुरा अनिवार्य रुपले हुनुपर्छ र आक्रमण एवं प्रतिरक्षा दुवै कुरा राजनैतिक तहमा मात्रै होइन भौतिक तहमा पनि संयोजित हुनुपर्छ । यो हामीले हाम्रै मुलुकको राजनैतिक आन्दोलनको जीवनमा पनि भोगका छौं ।



**इण्डोनेशियाको घटनालाई यति धेरै सामान्यीकरण गरेर लानु उचित हुँदैन**

०४६ सालको जनआन्दोलन शान्तिपूर्ण जनआन्दोलन थियो तर त्यहाँ प्रतिरक्षा र भौतिक आक्रमणको जरुरत पर्‍यो । त्यस यता हामीले आमचुनाव र स्थानीय चुनाव सम्पन्न गरिसकेका छौं । चुनाव कहिले पनि हिंसात्मक कुरा र युद्धको कुरा होइन, यो भनेको जहिले पनि शान्तिपूर्ण हुनुपर्छ । तर त्यसभित्र पनि आक्रमण र प्रतिरक्षाको दरकार पर्‍यो । त्यसो हुनाले संसदीय असंसदीय दुवै चलिरहेका शान्तिपूर्ण आन्दोलनभित्र पनि आक्रमण र प्रतिरक्षाका सामयिक तयारी गर्दै हामी अगाडि बढ्नुपर्छ । अब त्यसपछि वास्तविक निर्णायक स्थिति कुन रुपमा आउने छ, कुन संघर्षका रुपहरु प्रयोग हुने छन्, त्यो कुरा एउटा पक्षले भन्ने वा तय गर्ने कुरा होइन । त्यसका निम्ति दोहोरो दायित्व हुनुपर्छ । त्यसमा पनि मूल दायित्व सत्तापक्षको हुन्छ । यदि उसले जनताका न्यायका आवाजहरुलाई जंगली ढंगले पेल्न खोज्यो भने स्वभाविक हो -त्यस्तै ढंगले त्यसलाई प्रतिवाद गर्न जनतापनि वाध्य हुनेछन् । त्यसो हुनाले संघर्षका कुन रुपहरु अपनाउने भन्ने कुरा दुई पक्षको पारस्परिक अन्तरकृया, अन्तर-सम्बन्ध र अन्तरघात-प्रतिघात कसरी चलिरहेको छ भन्ने कुराले निर्धारण गर्दछ ।

**यो अनुसार अहिलेको व्यवस्थाबाट तपाईले भन्नु भएको बहुदलीय जनवादमा पुग्ने बाटो चाहिं के हो ? सुधारको (Evolution) को बाटो कि हठात् परिवर्तन (Revolution) को बाटो ?**

त्यो त स्वाभाविकै रुपले हठात परिवर्तन अर्थात क्रान्तिको बाटो नै हुन्छ । मैले अघि पनि भनें- यदि सुधारको बाटो हुने हो भने हाम्रा राजनैतिक पार्टीहरुलाई विर्सजित गरिदिए हुन्छ ।

**अहिले चुनाव लडिदैछ, संसदमा गईदैछ आदि क्रियाकलापहरु हुँदैछन् । यस बीचबाट कुन चरणमा पुग्दा तपाईले भन्नु भएको जस्तो क्रान्तिको प्रयोग हुन्छ ? अहिले त यहाँ संसदीय संघर्षका रुपहरु मात्रै प्रयोग भएका देखिन्छन् ?**

यसमा मेरो सोच परम्परागत भन्दा सायद अलिकति भिन्न हुन सक्छ । म के ठान्छु भने- उदारहणको लागि, भात पकाउने सोच राखेर कोही गाग्रो लिएर धारामा पानी लिन जादैछ वा कोही इन्धन जम्मा गर्न वा मार्केटिङ गर्न जादैछ भने त्यो पनि भात पकाउने श्रृंखलाको एउटा अनिवार्य कडी हो । त्यस्तै अहिले हामी जुन संसदीय संघर्षका कुराहरु समाजमा गरिराखेका छौं, यो पनि शक्ति संचयको निम्ति अन्तर-विरोधहरुलाई ज्यादा तीब्र बनाउनका निम्ति शत्रुतापूर्ण अन्तरविरोधहरुलाई चर्काउन अनि मित्रतापूर्ण शक्तिहरुलाई गोलबन्द गर्नका निम्ति गरिनु पर्ने अनिवार्य प्रकृया हो, त्यही श्रृंखलाभित्रको कडी हो ।

अब जहाँसम्म यो कसरी विकास गर्छ भन्ने कुरा छ, यसमा म के ठान्छु भने, जुन ठाउँमा अहिले दुई विपरीत वर्ग- स्वार्थहरुको बीचमा टक्कर भइराखेको छ, त्यो ठाउँमा जनताका पक्षपातीहरुले या क्रान्तिकारीहरुले ज्यादा वरिष्ठ ढंगले कब्जा गर्नुपर्छ । जनताको विजय हासिल गर्नुपर्छ । जहाँ केन्द्रित भएर ज्यादा जनताको ध्यान आर्कषण र जनपरीचालन गर्ने काम हुन्छ, वरिष्ठता स्थापना गर्ने प्रकृया अपनाइन्छ, -वास्तवमा त्यो ठाउँमा सत्ताधारीहरु आफू परास्त भइ-सकेपछि उनीहरुले अरु विधिद्वारा जनतामाथि दमन शुरु गर्छन । यसो हुनाले संसदीय संघर्ष जुन चलिरहेको छ त्यसमा नै वरिष्ठता हासिल गर्नका निम्ति पनि जनताका शक्तिहरुले प्रयत्न गर्नुपर्छ । त्यसबाहेक, आमरुपमा जनताको असंसदीय संघर्ष नै वास्तवमा मुख्य संघर्ष हो । त्यो मुख्य संघर्षका निम्ति यसबेला जन संगठनहरु, वर्गीयसंगठनहरु शक्तिशाली, व्यापक र सुदृढ हुनुपर्छ । उनीहरुले वर्ग संघर्ष, जन आन्दोलन, पेशागत आन्दोलनका कुराहरुलाई माथि उठाउनुपर्छ, त्यो गर्ने क्रममा नै वास्तवमा सत्तापक्षलाई ज्यादा नाङ्गोझार पार्न सकिन्छ । कसरी उसले किसान, मजदुर, व्यवसायी आदिलाई बेवास्ता गरिराखेको छ भन्ने कुराको भण्डाफोर पनि गर्न सकिन्छ । यसरी ऊ नांगोझार हुँदा उसले त्यहाँ जन-दमनको हिंसात्मक विधिहरु अप्नाउँछ भने त्यो विधिद्वारा नै त्यसलाई जवाफ दिनुपर्छ भन्ने कुरा जनतालाई बुझाउनु पर्छ । यदि त्यस्तो नगरिकन नेताहरुको वा पार्टीहरुको चाहनाले मात्र कुनै संघर्षका रुपहरु थोपर्न खोज्ने हो भने मलाई लाग्छ- त्यो मार्क्सवादसंमत हुँदैन ।

**अहिलेको नोकरशाही, सेना खुफिया- यन्त्र, प्रहरी आदिलाई प्रयोग गरेर तपाईले भन्नुभएको क्रान्तिको बाटोमा जान सकिन्छ ?**

यसमा मलाई के लाग्छ भने-वास्तवमा नेपालका वामपन्थी आन्दोलन-कारीहरुले जहिले पनि टाढाको पूर्ववर्ति लक्ष्यहरुलाई बहुत सुन्दर ढंगले व्याख्या गरे तर जनताले भोगेको तात्कालीक समस्याप्रति उनीहरु उदासीन नै रहे । फलस्वरुप यो एउटा विसंगति रहेको छ । जनताका तात्कालीक समस्याप्रति उदासिन रहने पार्टीले जनतालाई गोलबन्द गरेर आमूल परिवर्तन हासिल गर्न सक्दैन । उदाहरणको निम्ति, कि त तपाईले चीनको हुनान किसान आन्दोलनको तरीका अप्नाउनुपर्छ जसले गर्दाखेरी भोका जनतालाई जमिन्दारहरुको भकारी फोरेर भएपनि दिन सकियोस् अथवा कुनै अत्याचारका विरुद्ध तत्काल जनतालाई न्यायदिलाउन सकियोस् । यो तपाईले गर्न सक्नु हुन्न भने तपाई माथिबाट के राहत दिन सक्नु हुन्छ, जनताका समस्याहरुलाई कसरी तपाई न्याय गर्न सक्नुहुन्छ,त्यो तात्कालीन राहत माथिबाटै दिनुपर्छ । अहिले हाम्रो संसदीय संघर्ष यसै दिशातिर उन्मुख छ ।

बहुमत प्राप्त गरेर सरकार बनाउनु भनेको चाहिं क्रान्ति सम्पन्न गर्नु होइन । त्यो बहुमत प्राप्त गरेर संसदद्वारा कुनै क्रान्तिको घोषणा र विधान पास हुन सक्दैन । त्यसका निम्ति राज्य सत्ताका जो निर्णायक तत्वहरु छन, ती निर्णायक तत्वहरुलाई उसले जित्न सक्नुपर्छ।तर यसबाट सरकार बनाइसके पछि उसले निश्चित रुपमा जनताका तात्कालीक समस्याहरु हल गर्ने सवालमा प्रगतिशील ढंगले काम गर्न सक्छ र त्यो प्रगतिशील ढंगले काम गर्दाखेरी निश्चित रुपले प्रतिकृयावादी ढंगले सोच्ने राज्यसत्ताका ती अङ्गहरुसंगको हाम्रो अन्तरविरोध स्वभाविक रुपले निख्खर हुन्छ र त्यो अन्तरविरोधमा निश्चित रुपले खतरा हुनसक्छ । सरकारमा पुगेको पार्टीले जनतातिर पिठ्यूँ फर्काउने हो कि भन्ने खतरा पनि रहन्छ नै ।

तर त्यसलाई ठीक ढंगले संचालन गर्ने हो भने अन्तरविरोधलाई अरु तीक्ष्ण बनाउनको निम्ति र पर्दाभित्र रहेका तत्वहरुलाई भण्डाफोर गर्नका निम्ति र वास्तवमा आमूल परिवर्तनका निम्ति यस्ता शक्तिहरुलाई बलपूर्वक परास्त नगरीकन अगाडि बढ्न सकिन्न भन्ने कुरा जनतामा स्थापित गर्नका निम्ति यसले मद्दत पुर्‍याउँछ ।

एउटा सीमा रेखा के हो भने- सरकार बनाइसके पछि निश्चित रुपले अब यसैलाई क्रान्ति ठान्ने किसिमको कसैको सोच हुनसक्छ, त्यो गलत कुरा हो । त्यो एउटा कार्यनैतिक विजय हो । जसरी हामीहरुले पार्टीहरुमाथिको प्रतिबन्ध हटाएर स्वतन्त्र रुपले पार्टी निर्माण गर्ने कुरा गर्न सकेका छौं अथवा यो भन्दा पहिले विद्यार्थी, शिक्षक मजदुर आदि संगठन निर्माण गर्ने स्वतन्त्रता हासिल गर्‍यौं, तिनीहरु कार्यनीतिक सफलताका कुराहरु हुन् । सरकार निर्माण गर्ने तहसम्म जनताको बहुमत प्राप्त गर्नु भनेको पनि यस्तै एउटा कार्यनैतिक सफलता हो ।

**इन्डोनेसीया, चिली आदिमा यही अनुभवलाई कार्यान्वयन गरेको कटु इतिहास छ । त्यसैले यो कार्यान्वयनको इतिहासले बताएको तथ्यलाई तपाईले**

### कसरी भिन्नु भएको छ ?

हुनतः यसमा विश्वका राजनैतिक शक्तिहरुको कस्तो पारस्परिक समीकरण छ भन्ने कुराले पनि अलिकति अर्थ राख्छ तर इन्डोनेशियामा भन्ने हो भने त्यहाँको पार्टीले निर्वाचनमा गएको वा खुल्ला ढंगले काम गरेको कारणले भन्दा पनि त्यहाँ उसले जस्तो खालको राजनैतिक गठबन्धन गऱ्यो र सुकार्नोको पार्टीप्रतिको जुन किसिमको उसको निर्भरता रहयो, त्यो निर्भरताले उसलाई धेरै हानी पुऱ्याएको कुरा हामी त्यसको विश्लेषणबाट पाउन सक्छौं । त्यसो हुँदाखेरी यसलाई यति धेरै सामान्यीकरण गरेर लानु उचित हुँदैन । उसले आफ्नो विश्लेषणका, राजनैतिक समीकरणका, पारस्परिक सम्बन्धका र अरु केही राजनैतिक-आर्थिक मागहरुको पनि खास खास क्षेत्रमा गरेका केही उँचनीच (Up-down) जस्ता कुराहरुले पनि त्यहाँ शक्ति सन्तुलन बिग्रियो । त्यसबेला काफी शक्तिका साथ अगाडि बढीरहेको विश्व समाजवादी शक्ति पनि विभाजित भइरहेकोले साम्राज्यवादीहरुको घातलाई त्यसले बाहिरबाट नांगोभ्कार गर्न नसकेको पनि देखिन्छ । यसले पनि असर गऱ्यो ।

**बहुदलीय जनवाद आइसके पछाडि अहिलेको अर्थतन्त्रभन्दा त्यतिखेरको**

### अर्थतन्त्रमा के के भिन्नता हुनेछ ?

अर्थतन्त्रमा परिवर्तन गर्न उत्पादन सम्बन्धमा नै परिवर्तन गर्नु जरुरी हुन्छ। सामन्ती स्वामित्व र उत्पादन सम्बन्धलाई नष्ट गरिने छ । जोत्ने किसानलाई जमीनको मालिक बनाउने मूल आधारमा क्रान्तिकारी भुमिसुधार गरिने छ । औद्योगिक-व्यापारिक अर्थतन्त्रमा बाह्य हस्तक्षेप, भनौं एकाधिकार पूँजीवादको हस्तक्षेपलाई, कब्जालाई समाप्त परिने छ । राष्ट्रिय उ,द्योग धन्दा, राष्ट्रिय व्यापारलाई प्रोत्साहित गरिनेछ । यस ढंगले एउटा नयाँ अर्थतन्त्र निर्माण गरिने छ ।

**तपाईले "मुक्त बजार अर्थतन्त्र" (लेसेज फेयर इकोनमी) लागू गर्ने कुरा गर्नु भएको छ भनिन्छ नि ।**

यसमा मलाई आश्चर्य लागेको छ। केही पत्रिकाहरुले मदन भण्डारीले"लेसेजफेयर इकोनमी" लागू गर्न कुरा गर्दैछ भनेर उल्लेख गरेछन् । यस्तो चर्चा मैले गरेको छैन । "लेसेजफेयर इकोनमी" अमेरिकाले त अपनाउन सकेको छैन । सन् १९२० को दशकतिर नै यो इकोनमी फेल भैसकेको हो । अहिले अमेरिकामा क्लिीटनको विजय र बुसको पराजय वास्तवमा जनताको हितको क्षेत्रमा "मुक्त-अर्थतन्त्र" हैन बरु राज्यको हस्तक्षेपलाई बढाउनु पर्छ भन्ने कुराका आधारमा भएको हो । □

# *अन्ततः जन-क्रान्तिद्वारा बाहेक नौलो जनवादी व्यवस्था कायम हुनै सक्दैन*

*–का.सी.पी.मैनाली*

**"बहुदलीय-प्रजातन्त्र" भनेको त एउटा अधिकारको कुरा हो, यो त राजनैतिक प्रणाली (political system)को मात्र कुरा हो । कुनै पनि अर्थमा र तर्कमा यसले सामाजिक आर्थिक प्रणालीलाई बुझाउन सक्दैन । यसरी बहुमतका साथीहरुमा डेमोक्रेसीको मार्क्सवादी विश्लेषणको नितान्त अभाव छ ।**

**अहिले तपाईंहरुको जुन छलफल चलिरहेछ त्यसमा कतिपय पर्यवेक्षकहरुको राय के देखिन्छ भने बहुमत र तपाईंहरु बीच आधारभूत अन्तर छैन, खालि केही शब्दहरुमा र थोरै सवालहरुमा मात्र अन्तर छ, सार उही हो । यसमा तपाईंको प्रतिकृया के छ ?**

हाम्रा बीचमा रहेका भिन्नताहरु निःसन्देह मात्रात्मक भिन्नता मात्र हुन सक्छन् तर यी भिन्नताहरुले गुणमा असर गर्दछन् । यस्ता भिन्नताहरुलाई नबुझीकन गरिएका टिप्पणीहरु संभवतः हामी आफैंले अझ राम्ररी हाम्रा विवादहरुलाई प्रस्तुत गर्न नसके पनि भएको होला । यसमा एक किसिमको माहौल नै सृजना भएको छ, हाम्रै पार्टीका पनि र बाहिरका कतिपय समूहका साथीहरुबाट पनि हाम्राबीच भिन्नता केही छैनन्, सबै एउटै हो भन्दै र यो हाम्रो व्यक्तित्व र अंहको टक्कर मात्र हो भन्ने कुरा व्यक्त भैरहेको छ ।

यसमा मेरो भनाइ के छ भने, वास्तवमा जुन विविध सवालहरुमा हाम्रा भिन्नताहरु छन्, ती साच्चै नै महत्वपूर्ण छन् । तिनीहरुले हाम्रो सिद्धान्त पक्षलाई असर पार्छन र तिनीहरु अन्तर-सम्बन्धित पनि छन । जस्तो कि, पहिलो सवाल नै भनौं, जनआन्दोलनले ल्याएको देशको राजनैतिक परिवर्तनलाई कसरी परिभाषित गर्ने भन्ने सवालमा हाम्रो भिन्नता छ । हामीहरुले विश्लेषणको साथमा के भनेका छौं भने २००७ ले र ०३५-३६ को आन्दोलनले एवं ०४६को जनआन्दोलनले पनि देशको अर्धसामन्ती, अर्धा औपनिवेशिक सामाजिक-आर्थिक अवस्थालाई परिवर्तन गर्न सकेन । त्यसलाई प्रतिनिधित्व गर्ने जमिन्दार, दलाल- नोकरशाही पूंजीपतिवर्गको राज्य-यन्त्रलाई पनि परिवर्तन गर्न सकेन तर राजनैतिक प्रणालीमा परिवर्तन ल्यायो र जुन परिवर्तन ल्यायो, त्यो पूंजीवादी क्रान्तिले अगाडि सारेका वुर्जुवा-प्रजातन्त्रका मूल्य र मान्यतालाई आधारित परितवर्तन ल्यायो । यो कुरालाई मान्दै र विगत पंचायती निर्दलीय तानाशाहीको तुलनामा यो हालको व्यवस्था प्रगतिशील भएको हुनाले यसलाई जोगाउँदै (Defend गर्दै) हामीहरुले आर्थिक क्षेत्रमा सामन्तवाद-दलाल नोकरशाही पूँजीवादलाई समाप्त पार्न एउटा जन-क्रान्ति गर्नु पर्ने जरुरत छ र जनताको, जनवादी वर्गहरुको एउटा संयुक्त जनसत्ता स्थापित गर्नु पर्ने आवश्यकता छ । यो हाम्रो मान्यताको कुरा हो । बहुमतका साथीहरु हाल देशमा एक किसिमको बहुदलीय व्यवस्था आएको तर कुनै खाले प्रजातान्त्रिक मूल्यहरु नभएको विश्लेषण गर्नुहुन्छ, जो बिल्कुल मार्क्सवाद संगत छैन र यस्तो विश्लेषणको आधारमा उहाँहरु देशमा गरिनु पर्ने जनवादी क्रान्तिको सिद्धान्त चाहिं बहुदलीय जनवाद हो भनेर परिभाषित गर्दै हुनुहुन्छ । स्वभाविक छ कि जनवाद, जनतन्त्र, प्रजातन्त्र, वा डेमोक्रेसी सबै एउटै कुरा हो । यो शब्दले नयाँ-प्रजातन्त्र (न्यू डेमोक्रेसी) को राजनीति, अर्थतन्त्र र समाजलाई बुझाउन सक्दैन । यसले बढीमा व्यक्तिगत स्वामित्वमा आधारित समाज र यसको राजनीतिलाई बुझाउँछ र हाम्रो सन्दर्भमा सामन्तवाद र दलाल नोकरशाही पूँजीवादको सामाजिक-आर्थिक संरचना र त्यस-माथिको राजनीतिलाई बुझाउँछ । डेमोक्रेसी मात्र भनेर क्रान्तिकारी डेमोक्रेसीको अर्थतन्त्र, राजनीति र समाजलाई बुझाउँन सकिँदैन ।

अर्को कुरा के हो भने, त्यसमा पनि "बहुदलीय-प्रजातन्त्र" भनेको त एउटा अधिकारको कुरा हो, यो त (political system) राजनैतिक प्रणालीको मात्र कुरा हो । कुनै पनि अर्थमा र तर्कमा यसले सामाजिक आर्थिक प्रणालीलाई बुझाउन सक्दैन । पूँजीवादी क्रान्तिले ल्याएका प्रजातान्त्रिक मान्यता, मूल्य र अधिकारहरुलाई मात्र बुझाउन पनि डेमोक्रेसी प्रयोग हुनसक्छ र मल्टीपार्टी डेमोक्रेसी अर्थात बहुदलीय -जनवादले पनि तिनै कुराहरुलाई मात्र बुझाउँछ । कुनै हालतमा पनि त्यसले सामाजिक-आर्थिक अवस्थालाई जनाउन सक्दैन । यसरी उहाँहरुमा डेमोक्रेसीको मार्क्सवादी विश्लेषणको नितान्त अभाव छ । उहाँहरुले नौलो जनवादी क्रान्ति, जुन क्रान्तिकारी प्रजातन्त्रको कुरा हो, त्यो क्रान्ति चाहिँ हाम्रो जस्तो अर्ध-सामन्ती अर्ध-औपनिवेशिक समाजबाट समाजवादमा जानुभन्दा अगाडिको, बीचको अवस्थाको एउटा संक्रमणकालीन राजनैतिक, आर्थिक, सामाजिक व्यवस्थाकै नाम हो भन्ने कुरा पनि उहाँहरुले नबुझेको ठर्हछ । त्यो नबुझेरै उहाँहरु बहुदलीय प्रजातन्त्र नै हाम्रो परिवर्तनको सिद्धान्त हो भन्दै हुनु हुन्छ । जनवादी क्रान्तिको सिद्धान्तको यो एउटा ठूलो मार्क्सवाद -असंगत कुरा हो । हामी त्यसमा भिन्नता राख्छौं ।

त के खालि सिद्धान्तमा मात्रै हाम्रो भिन्नता हो ? होइन, कार्यक्रम समेतमा भिन्नता छ । जस्तो भनौं, नयाँ जनवादको आर्थिक, राजनैतिक कार्यक्रम के हो त ? राजनैतिक कार्यक्रम भनेको त्यहाँ मजदूर, किसान, पेटी-वुर्जुवा वर्ग, मिडिल वुर्जुवा वर्ग आदिका शक्तिहरुको संयुक्त जनवादी अधिनायकत्वको एउटा सत्ता स्थापित गर्नु हो । आर्थिक अर्थमा भन्ने हो भने सामन्तवाद, दलाल नोकरशाही पूँजीवादलाई उन्मूलन गर्नु हो र कृषिमा जनवादीकरण गर्नु हो । दलाल नोकरशाही पूँजीवादलाई राष्ट्रियकरण गर्नु र राष्ट्रिय उद्योग धन्दाको विकास गर्दै अगाडि जानु पनि यसमा पर्दछ । यो एउटा यस्तो पूँजीवादी क्रान्ति हो जसमा समाजवादी तत्व पनि रहन्छ र समाजवादमा जाने वर्ग- सर्वहारा वर्गले श्रमिक जनतासंग मिलेर यो क्रान्ति गर्दछ, त्यसैकारण यो क्रान्ति-कारी जनवाद हो । त्यसैकारणले पूँजीपति वर्गले क्रान्ति गरेर ल्याउने पूरानो किसिमको पूँजीवादी प्रजातन्त्र, भन्दा यो भिन्न छ ।

यो उहाँहरुले बुझीरहनु भएको छैन र उहाँहरुको कार्यक्रम के छ भन्दा, उहाँहरु सामन्तवादलाई एउटा राजनैतिक शर्त राखेर परिवर्तन गर्ने, सामन्तीहरुलाई केही क्षतिपूर्ति दिएर उन्मूलन गर्ने कुरा गर्नुहुन्छ । स्वभाविक हो, साना जमीनपतिहरु र क्रान्तिको समर्थन गर्नेहरुप्रति नरमनीति लिनु एउटा ट्याक्टीकल कुरा हो, त्यो गर्न सकिन्छ तर कार्यक्रम नै जमिन्दारको भूमि

किनेर भूमिसुधार गर्ने हुनु हुन्न तर उहाँहरुको कार्यक्रममा भने यसै गर्ने कुरा उल्लेखित छ- राजनैतिक शर्तहरु राखेर । दोश्रो, दलाल नोकरशाही पूँजीवाद र यसका शोषण उत्पीडनलाई समाप्त पार्ने कुरा उहाँहरु गर्नुहुन्छ तर त्यही पूँजीवादलाई राष्ट्रियकरण गर्ने सिद्धान्त छैन उहाँहरुको। यो अत्यन्त स्पष्ट हुनु पर्ने नीति हो नि । नयाँ जनवादमा त्यसलाई सम्पन्न गर्न सकिन्न भने त्यो नयाँ जनवादको त अर्थै रहेन । तेश्रो कुरा के हो भने, अर्थतन्त्रका महत्वपूर्ण क्षेत्रहरुमा नयाँ जनवादी राज्य, जो जनताको राज्य हो, त्यसको स्वामित्व पनि रहनु पर्छ ।

क्रमशः कृषि, उद्योग, पर्यटन र अन्य सेवा क्षेत्रहरुमा पनि राज्यको भूमिका हुनुपर्छ । खालि सुरक्षा- उद्योग बाहेक अरु कुरामा राज्य स्वामित्वको उल्लेख उहाँहरुको छैन । रक्षा (डिफेन्स)मा त पंचायती जमानादेखि अहिलेसम्म पनि नेपालमा राज्य नै त सामेल छ । डिफेन्स इन्डस्ट्रीबाट अब लाभ कमाउने कुनै स्थिति पनि छैन । यसरी आर्थिक अर्थमा उहाँहरुको जुन प्रोग्राम आएको छ त्यो जनवादी क्रान्तिको सिद्धान्त नभएर एउटा जनवादी सुधारको वा जंगी- सुधारको कार्यक्रम मात्र हो, र जसको निम्ति न क्रान्ति हुनसक्छ, न त्यो सुधार नै उहाँहरुले गर्नसक्नु हुन्छ । उहाँहरुको तथाकथित बहुदलीय परिवर्तनपछि राज्य स्वामित्व र सामूहिक स्वामित्व पनि नभएको जुन अर्थतन्त्र उहाँहरुले बनाउनु हुन्छ- पूँजीवादी अर्थतन्त्र,- त्यसलाई लामो समयमा बलियो बनाएर मात्र अनि उहाँहरु समाजवादी क्रान्तिमा जाने भौतिक र मानसिक तयारी गर्नुहुन्छ। सुधार गरेर पूँजीवाद ल्याउने र त्यसपछि समाजवादको भौतिक र मनोगत तयारी गर्ने उहाँहरुको कार्यक्रम छ । त्यसकारण, कुनै हालतमा पनि, कार्यक्रमिक ढंगले पनि, त्यो नयाँ जनवादको वा क्रान्तिकारी जनवादको वा समाजवादतर्फ उन्मुख हुने सामन्तवाद-साम्राज्यवाद विरुद्धको जनवादको प्रोग्राम नै हैन ।

**यसबारे तपाईहरुको सोच चाहिं के हो त ?**

हामीहरुले हाम्रो क्रान्तिमा जुन दलाल नोकरशाही पूँजीवाद र सामन्तवादलाई उन्मूलन गर्ने कुरा गरेका छौं, निसन्देह नै त्यहाँ ट्याक्टीकल एप्रोच जरुरी हुने छ नै, नहुने भन्ने प्रश्नै उठ्दैन तर त्यसलाई उन्मूलन गरिन्छ । राज्य क्षेत्र पनि भएको, सामूहिक क्षेत्र पनि भएको एवं व्यक्तिगत अर्थतन्त्र पनि भएको र त्यो केही थोरै मात्रामा नै रहेको एउटा अर्थतन्त्रको हामी सृजना गर्नेछौं । मजदूर, किसान, पेटीबुर्जुवा, मिडिल बुर्जुवा, देशभक्त शक्तिहरुको एउटा संयुक्त जनवादी सत्ता रहन्छ । तर यहाँनेर जनवादी- सत्ता परिचालन गर्ने व्यवस्था (System)को जुन कुरा हो, त्यसमा भने हामीले परिमार्जन- परिवर्तन गरेका छौं, विभिन्न मुलुकका अनुभवहरुलाई हेरेर ।



**यो ढंगले नै जाने होभने एमाले एउटा संसदीय पार्टी बाहेक अरु केही हुन्न**

नौलो जनवादी क्रान्तिले स्थापित गर्ने सत्तालाई जनताको अधिनायकत्व भन्दै माओत्सेतुङले ठीकै नामाकरण गर्नुभएको छ । यसका दुईटा पाटा छन् । एउटा पाटो हो- जनतालाई जनवाद । अर्को पाटो हो- सामन्तवाद-साम्राज्यवाद पक्षधर, समाजवादलाई फुटेको आँखाले पनि हेर्न नसक्ने शक्तिहरुलाई र साम्प्रदायिक विखण्डनवादी शक्तिहरुलाई रोक्नु, नियन्त्रण गर्नु, दमन गर्नु । अरु विभिन्न मुलुकहरुमा त्यो खाले क्रान्तिपछाडि जनतालाई जनवाद दिने कुरा त गरियो तर त्यसलाई संस्थागत ढंगले दिने कुरा भएन । त्यसैकारण के भयो भने- जनताले डेमोक्रेसीलाई संस्थागत ढंगले उपभोग गर्न सकेनन् । कालान्तरमा गएर एउटै मात्र रहेका कम्यूनिष्ट पार्टीहरुमा वैचारिक-क्षय (Degenaration) आउन थालेपछि अब यो वर्ग-अधिनायकत्वको नाउँमा पार्टीका केही नेताहरुको एउटा तानाशाही शासन मात्र रहन गयो । कयौं मुलुकमा त कम्युनिष्ट पार्टीले गल्ती गरेपनि ती गल्तीहरुलाई कसैले आलोचना गर्न नपाउने हुनाले व्यवस्था नै खतम हुने दिनसम्म पनि कसैले त्यसको विरोधमा आवाजै उठाउन सकेनन् । जब आवाज उठाए- त्यो खतम हुनु बाहेक त्यसको अर्को उपाय नै थिएन । यो कुरालाई हेरेर नयाँ जनवादी सत्ता परिचालन गर्ने तरीकालाई हामीले सुधारेका छौं । जस्तो कि जनवादी केन्द्रीयताको आधारमा नै जनवादी सत्तालाई पनि संचालन गर्ने कुरा माओत्सेतुङ गर्नु हुन्थ्यो । उहाँको समाज एक मोनोलिथिक सोसाइटी भएकोले यसो गर्नु भएको थियो । पार्टी संचालन गर्न जनवादी केन्द्रियता अँगालिए जस्तै सरकार संचालन गर्ने पनि उहाँको त्यही नीति रह्यो किनभने उहाँहरुले कम्युनिष्ट पार्टीबाहेक अरुअरु पार्टीहरुलाई स्वतन्त्रता दिनुभएन । जनतालाई जनावाद दिने सन्दर्भमा हामीले भने यहाँ संविधानलाई मानेर जाने, कानूनलाई आधार मानेर चल्ने, सामन्तवाद र साम्राज्यवाद विरोधी, सांप्रदायिकता विखण्डनवाद विरोधी र समाजवादउन्मुख शक्तिहरुलाई उनीहरु चाहन्छन् भने-पार्टी खोल्न दिनुपर्छ भन्ने मान्यता राखेका छौं । कार्यक्रम लिएर जनतामा पनि जान दिनुपर्छ र उनीहरुलाई वास्तवमा आफ्नो कार्यक्रम सहित जनतामा गएर चुनावमा पनि जानदिनुपर्छ । उनीहरु यसरी स्वतन्त्र हुन सक्छन् । यो उनीहरुलाई दिने प्रजातन्त्र हो । यस्तो भो भने कम्यूनिष्ट पार्टीको अवांछित र गलत नीतिहरुलाई पनि उनीहरुले नियन्त्रण र विरोध गर्न सक्छन् ।

हामीले अर्को थप भिन्नता के ल्याएका छौ भने यो नौलो-जनवादी चरणमा सबभन्दा बढी मत ल्याउने पार्टीको नेतृत्वमा संसदमा आएका अरु पार्टीहरुको एउटा साझा सरकार बन्नुपर्दछ, उनीहरुको एउटा साझा कार्यक्रम बन्नुपर्छ र साझा सरकारले त्यो कार्यक्रम लागू गर्नुपर्छ ।

नौलो- जनवाद एउटा वर्गीय प्रजातन्त्र भएकोले, वर्गीय भिन्नतालाई उजागर गर्नको निम्ति र समाजवादमा जानको निम्ति अरु विरोधी वर्गलाई प्रजातान्त्रिक रुपले रोक्नको निम्ति नै हामीले यो साझा-सरकारलाई संविधानवद्ध गर्ने कुरा राखेका हौं । विभिन्न मुलुकमा प्रयुक्त नौलो- जनवादी प्रणालीमा हामीले यो थप कुरा समावेश गरेको हुनाले, यसलाई हेर्दै र बहुमतका साथीहरुले जस्ताको तस्तै संसदीय प्रणाली नै अप्नाएको कुरालाई हेर्दै, हाम्रो र बहुमतको सोच समान छन् भन्ने बडो सामान्य निचोडहरु निकालिएका पनि देखिन्छन् । दुवैले पार्टी खोल्न दिन्छन्, प्रतिस्पर्धालाई छुट दिन्छन् त्यसैले दुवै सोच एकै हुन भनी गरिएको प्रचार बेठीक हो । किनकि, हामीले भने नयाँ जनवादको वर्गीय रुपलाई बुझेका छौं । विरोधी वर्गलाई रोक्ने, समाजका सकारात्मक कम्युनिष्ट-अकम्युनिष्ट शक्तिहरुले प्रतिस्पर्धा गर्ने र बहुमतवालाको नेतृत्वमा साझा सरकार बनाएर जाने कुराले उल्टो दिशामा जाने शक्तिलाई प्रजातान्त्रिक तरीकाले नै रोक्ने छ । यसो हेर्दा यो मात्रात्मक वा रुप मात्रको भिन्नता जस्तो लागेपनि वास्तवमा यसले हाम्रो राजनैतिक सिद्धान्तलाई नै ठूलो असर गरेको छ ।

यो बाहेक, हामी कार्यकर्तामा आधारित, अनुशासित र जनतासंगै अत्यन्तै जोडिएको एउटा सशक्त कम्युनिष्ट पार्टी हुनुपर्छ भन्छौं । यसको साथसाथै विभिन्न वामपन्थी र जनवादी समूहहरु र व्यक्तिहरु को एउटा साझा कार्यक्रममा आधारित संयुक्त-मोर्चा पनि हुनुपर्छ र यसले मात्रै देशमा बढ्दो दक्षिणपन्थी ताकतको विरोध र प्रतिरोध गर्न सक्छ । कम्युनिष्ट पार्टीले यस्तो संयुक्तमोर्चासंग मिलेर काम गरेको खण्डमा चुनावबाटै पनि दक्षिणपन्थी शक्तिलाई परास्त गरेर वामपन्थी, देशभक्त, जनवादी शक्तिहरुको एउटा विकल्प प्रस्तुत गर्न सक्दछौं । हाम्रो यो सोचलाई नै उहाँ साथीहरु एकैचोटि "विसर्जनवाद" संज्ञा दिनुहुन्छ ।

अर्को कुरा, हामीहरु देशमा सामन्तवाद-साम्राज्यवाद विरोधी एउटा जनक्रान्तिको आवश्यकता देख्छौं । यो क्रान्ति सर्वहारा वर्गको अगुवाइमा मात्र हुनसक्छ । यो जनक्रान्तिको निम्ति निर्णायक लहर ल्याउन अहिलेनै संभव नभएको स्थितिमा त्यसको तयारीको निम्ति वाहक बन्न सक्ने एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण गरिनुपर्छ। विचार, अनुशासन, गुण र जनताप्रतिको प्रतिवद्धतामा जोड दिएर आफ्नो शक्ति निर्माण गर्न छ । यसले आफ्नोशक्तिको एउटा हिस्सालाई "साझा-मोर्चा" मा लगाउने छ । तर पार्टीले आफ्नो सबभन्दा ठूलो हिस्सा चाहिँ जनताभित्रको प्रचार, संगठन, वर्ग संघर्षको विकास, आन्दोलन आदिमा लगाई जनतालाई संगठित र आन्दोलित गर्ने काममा लगाउनुपर्ने छ । अहिले जुन एमालेले नीति लिइरहेको छ, त्यो बिलकुल त्रुटिपूर्ण र गलत छ । यो ढंगले नै जाने होभने यो एउटा संसदीय पार्टी बाहेक अरु केही हुन्न, जसले चुनावद्वारा सत्ता प्राप्त गर्ने आकांक्षा चाहिं राख्न सक्छ तर समाज परिवर्तन गर्ने कुनै आदर्श र शक्ति भने बोक्न सक्दैन ।

यसरी हामी बीचमा विचार र प्रवृत्तिकै भिन्नताहरु छन्, यिनलाई साह्रै हलुका तरीकाले लिनु बेठीक हुनेछ ।

**हाल नेपालमा राजनीतिमा बहुदलीयता र अर्थतन्त्रमा बजार-अर्थतन्त्र रहेजस्तै तपाईहरुको पनि "बहुदली को कुरा र "बजारको नियामक भूमिका भएको" अर्थतन्त्रको कुरा रहेको छ । यसो हुनाले अहिलेको व्यवस्था र तपाईँले परिकल्पना गर्नुभएको व्यवस्थामा तात्विक भिन्नता के हुन्छ त ?**

हामीहरु अर्थतन्त्रमा रहेको सामन्तवाद-दलाल नोकरशाही पूँजीवादलाई उन्मुलन गर्न चाहन्छौं । यो काम निसन्देह एक प्रकारको पूँजीवादी क्रान्तिकै काम हो, तर यो तबसम्म उन्मूलन गर्न सकिन्न जबसम्म सामन्ती-पूँजीवादी राज्य सत्ता यहाँ कायम रहन्छ । जनक्रान्तिद्वारा यसलाई परिवर्तन गरी यसको स्थानमा मजदूर, किसान, निम्न पूँजीपति, मध्यम पूँजीपति शक्तिहरुको क्रान्तिकारी जनसत्ता हामी स्थापित गर्न चाहन्छौं । अर्थतन्त्रमा हामी सामन्ती-अर्थव्यवस्थालाई अन्त गर्न चाहन्छौं । मूल रुपमा "जमीन जोत्नेलाई" को आधारमा क्रान्तिकारी भूमिसुधार गर्दै विस्तारै सामूहिक खेती, राजकीय खेतितिर बढ्ने दिशामा हामी जान चाहन्छौं।दलाल नोकरशाही पूँजीपतिहरुलाई राष्ट्रियकरण गरेर जनताको सत्ताको मातहत राखिने छ । सहकारी स्तरमा पनि उद्योग धन्दाको विकास होस् र साथसाथै राष्ट्रिय र व्यक्तिगत उद्यमशीलताको पनि हामी विकास गर्न चाहन्छौं । हाम्रो भिन्नता यही हुनेछ ।

अर्को कुरा, अहिलेको यो पूँजीवादी संसदीय व्यवस्था र हामीले भनेको बहुदलीय व्यवस्थामा निश्चितरुपले भिन्नताहरु छन् । पहिलो हामीले सोचेको व्यवस्थामा परिवर्तनका पक्षधर, समाजवाद-उन्मुख शक्तिहरु, मार्क्सवादी वा मार्क्सवाद नमान्ने नै किन नहुन्, त्यस्ता पार्टीहरुले खुल्न पाउनु पर्छ । सामन्तवाद-साम्राज्यवाद पक्षधर र समाजवादको धुँवाधार विरोध गर्ने शक्तिहरु पार्टीको रुपमा खुल्ने छैनन । दोश्रो कुरा, यो पूँजीवादी संसदीय व्यवस्थामा बहुमतको सत्ता र अल्पमतको विपक्ष भन्ने जुन सिद्धान्त छ, हामीले त्यसलाई कपी गरेका छैनौं, किनभने यो पूँजीवादी समाजको

चाहिं राजनैतिक प्रणाली हुनसक्छ। यसो गरेर पूँजीपतिवर्ग के देखाउन चाहन्छ भने- "प्रजातन्त्र" भनेको सबैको बराबर हो र प्रजातन्त्रको वर्गीय चरित्र हुँदैन। यो देखाउनको निम्ति यसमा सबैलाई अधिकार दिए जस्तो गरिन्छ। र यो एउटा भ्रममा पार्ने कुरा छ। नयाँ जनवाद चाहिं बहुसंख्यक जनताको प्रजातन्त्र भएकोले उसलाई पार्टी खोल्न पनि दिन्छौं। तर चुनाव पछाडि दुइटा कारणले उनीहरुले साझा सरकारमा जानुपर्छ भन्ने हामीहरुको मान्यता छ। एउटा कारण के हो भने त्यो समाज साझा समाज हो, जहाँ सर्वहारा वर्गको मान्यता अनुकूलको समाजवादी, राजकीय र सामूहिक अर्थतन्त्र पनि रहन्छ र व्यक्तिगत राष्ट्रिय पूँजीवादी अर्थतन्त्र पनि रहन्छ। त यस्तो किसिमको सबै रहेको एउटा आधारमाथि परिवर्तन पक्षधर अरु पार्टीहरु पनि खुलेका छन् भने स्वभाविक रुपले कुनै बहुमतको सरकार र अल्पमतको विपक्ष भन्ने ढंगले गयौं भने त्यहाँ विस्तारै विस्तारै एउटा वर्गीय धुर्वीकरणको स्थिति सृजना हुनसक्छ, समाजको साझापनलाई जोगाउँदै समाजवादतर्फ त्यो राजनैतिक प्रणालीले डोऱ्याउन सक्दैन। त्यसकारण हामीले पूँजीवादी प्रजातन्त्रको वर्ग निरिपेक्षताको जुन भ्रम छ, यसलाई चिर्दै समाजको साझापनलाई जोगाउँदै समाजवादतर्फ जानको निम्ति एउटा साझा सरकारको परिकल्पना गरेका छौं। जनतालाई संस्थागत रुपले डेमोक्रेशि दिएर सर्वहारावर्ग र कम्युनिष्ट पार्टीको पहलमा समाजवादमा जानको निम्ति यो भन्दा अर्को उपयुक्त व्यवस्था देखिएको छैन। यो संसदीय प्रणालीको कपी बिल्कूलै हैन।

**अहिलेको संसद, नोकरशाही आदि राज्य-यन्त्रहरुद्वारा नै तपाईले सोच्नु भएको नौलो जनवाद स्थापना गर्न सकिन्छ ?**

जनआन्दोलनद्वारा अहिलेको व्यवस्था ल्याउनमा कम्यूनिष्टहरुको पनि अत्यन्त ठूलो भूमिका रहयो। हामीले सोचे जस्तो व्यवस्था स्वाभाविक रुपले जन-क्रान्तिद्वारा आउने कुरा हो। अहिलेको सन्दर्भमा हामीले जन-आन्दोलन र संसदीय आन्दोलन लिएर अगाडि बढ्ने बाहेक अहिले तत्काल अरु कुनै विकल्प नभए पनि अन्ततः जन-क्रान्तिद्वारा बाहेक नौलो जनवादी व्यवस्था कायम हुनै सक्दैन। सत्ताको स्वरुप नै परिवर्तन गरेर जनताको राज्यसत्ता कायम गर्ने काम यो भएकोले संविधान, कानून, नोकरशाही, सेना आदि राज्ययन्त्र तमाम कुरा परिवर्तित हुनुपर्छ। हाल प्राप्त अधिकारहरुलाई प्रयोग गर्दै जनताको संघर्ष अघि बढेर त्यो जन-क्रान्तिद्वारा मात्र यो परिवर्तन आउने छ।

**त्यो जनक्रान्तिको स्वरुप कस्तो हुनेछ ?**

राजनैतिक चरित्रमा भन्नुहुन्छ भने, यो समाजवाद उन्मुख पूँजीवादी जनवादी क्रान्ति हुनेछ।

कस्तो तरीका प्रयोग गरेर यो क्रान्ति गरिन्छ भन्ने कुरामा चाहिं, निश्चित रुपमा जनताको संघर्ष र पहलकदमीले बल प्रयोग गरेर नै जन-क्रान्ति हुन्छ। जनताको यो संघर्ष र पहलकदमीका निश्चित रुपहरु के हुनसक्छन् भन्ने बारेमा अहिल्यै कुनै भविष्यवाणी गर्न सकिन्न। तर जनताको संघर्ष बेगर, जनताको शक्ति वा बल प्रयोग बेगर यो क्रान्ति हुनसक्दैन।

# बहुदलीय राजनैतिक प्रतिस्पर्धा भएमा समाजवाद र साम्यवादमा पुग्न सकिन्न !

*-का. मोहनचन्द्र अधिकारी*

**सर्वहारावर्गले आफ्नो नेतृत्वमा सत्ता लिनका निमित्त सशस्त्र बल प्रयोग गर्ने पर्छ र त्यसको तयारीको लागि हामी जुट्नै पर्छ भन्ने मेरो दृढ अडान रहेको छ।**

**हालको अवस्थामा रहेको नेपाली समाजलाई वैज्ञानिक साम्यवादी समाजको स्तरसम्म पुऱ्याउनका लागि तपाईले समग्र रुपमा कसरी सोचीरहनु भएको छ ?**

नेपाली समाज अर्ध-सामन्ती, आर्ध-औपनिवेशिक स्थितिमा छ र अहिलेको यहाँको जुन बुर्जुवा सरकार छ, यसले भारतमुखी र साम्राज्यवादमुखी अर्थतन्त्रमा चुर्लुम्म डुबाएर यसलाई नव-उपनिवेश बनाउनतिर अगाडि बढाइरहेछ। यो हालको र आउँदो नेपालको स्थिति हो। यसरी जनताको भलाइ हुन्न, जनता खुसहाल हुन सक्दैन, देश विकास हुन सक्दैन, यसरी उसको मुक्ति संभव छैन।

यस स्थितिलाई चिर्नको निम्ति नेपालमा सर्वहारा वर्गको नेतृत्वमा अन्य क्रान्तिकारी वर्ग र तहहरुसित मिलेर यहाँ साम्राज्यवादी, सामन्तवादी शोषण-दमन-उत्पीडनको अन्त गरिनु पर्दछ। तर यो कुरा त बुर्जुवाहरुले पनि भन्ने गर्छन, सोसल डेमोक्राट्सहरुले पनि भन्ने गर्छन्। नेपाली कांग्रेसले पनि आफूलाई "समाजवादी" नै हुँ भन्ने गर्छ। तर तिनीहरुको नीति र आचार भने त्यस अनुकूल छैन। त्यसकारण हामी भन्छौं- "समाजवाद" भनेर मात्र हुन्न, समाजवादमुखी हुनुपर्दछ। समाजवादमुखी हुनको निम्ति नै सर्वहारावर्गको नेतृत्वमा अन्य क्रान्तिकारी तहहरुको संयुक्त अधिनायकत्व यहाँ खडा हुनुपऱ्यो। यो अधिनायकत्वले निश्चय पनि यहाँको सामन्तवादी र साम्राज्यवादी शोषणको अन्त गर्नेछ। र तिनीहरुलाई निर्मूल पार्नुका साथै तिनीहरुलाई राजनैतिक प्रतिस्पर्धा गर्न दिने छैन। यसमा बहुदलीय प्रतिस्पर्धा रहँदैन तर पनि कम्यूनिष्ट पार्टीलाई मान्यता दिएर त्यसलाई सहयोग गर्ने र त्यसको गलत पक्षको आलोचना गर्ने, समाजमा विकृति नआवोस भनी सचेत गराउने र समाजमा कम्युनिष्टको नाममा मनपरी चाहिं चल्न नपाओस्, व्यक्तिको तानाशाही चल्न नपाओस् भनी आलोचना गर्ने राजनैतिक पार्टीहरुले भने चलखेल गर्न पाउनेछन्। जस्तो कि चीनमा यस्तो परिपाटी रहेकै पनि हो। यसरी नौलो जनवादी क्रान्ति पश्चात् खडा हुने जुन संयुक्त अधिनायकत्व हो, त्यो सर्वहारा वर्गको नेतृत्वमा हुने हुनाले, त्यो समाजवादी अधिनायकत्व अर्थात सर्वहारावर्गको अधिनायकत्वमा परिणत हुने दिशातिर अघि बढ्छ।

अर्थ क्षेत्रमा नौलो जनवादी स्थितिमा राजकीय, सामूहिक एंव व्यक्तिगत स्वामित्वका पनि केही अवशेषहरुलाई हामी स्थान दिन्छौं तर त्यो विस्तारै विस्तारै सामूहिक हुन थाल्नुपऱ्यो, सामूहिक मालिकत्व हुँदै यो राजकीय मालिकत्वमा परिणत हुन्छ। यसरी एउटा राज्य-स्वामित्व अन्तरगतकै योजनाबद्ध अर्थतन्त्र कायम हुन्छ। यस प्रकार अत्यन्त व्यवस्थित रुपले हामी विकासको क्रमलाई अगाडि बढाउने कुरा सोचिरहेका छौं। यसरी अघि बढेको अर्थतन्त्र नै समाजवादी अर्थतन्त्रमा परिणत हुन्छ। त्यो समाजवादी अर्थतन्त्र नै भोलि विकसित अवस्थामा पुग्दा साम्यवादमा परिणत हुन्छ। यसरी राजनीतिमा सर्वहारा वर्गको नेतृत्व हुने कारणले विस्तारै यो "मिलीजुली अधिनायकत्व" पछि गएर "सर्वहारा अधिनायकत्व" मा परिणत हुन्छ, त्यसले समाजवादमुखी अर्थ-तन्त्र नै लागू गर्छ। यसबाहेक, यो नौलो जनवादी कालमा साम्राज्यवादमुखी र सामन्तवादमुखी संस्कृतिको विरोधमा वैज्ञानिक एवं श्रमजीवी जनताको इज्जत गर्ने, सर्वहारावादी संस्कृतिको उत्थान गर्नेछौं। नौलो जनवादी कालमा गरिने यो उत्थानले हाम्रो संस्कृतिलाई समाजवादी संस्कृतिमा परिणत गर्ने छ। यो समाजवादी संस्कृति पछि साम्यवादमा परिणत हुनेछ। यसरी हामी समाजको जग र अधिसंरचना दुवैमा सर्वहारावर्गको नेतृत्वको माध्यमबाट समाजवाद र साम्यवादतिर अगाडि बढ्नेछौं।

**अहिलेको स्थितिबाट नौलो जनवादी चरणमा प्रवेश गर्न के कस्तो बाटो अप्नाउनुपर्छ भन्ने तपाईको सोच छ ?**

यसमा हाम्रो मत के छ भने, सडकदेखि सदनसम्मका शान्तिपूर्ण तरीका, वैधानिक आन्दोलनहरु एवं अन्य गैर-संवैधानिक आन्दोलनहरुलाई हामी नियोजित रुपमा अगाडि लिएर जानेछौं। तर त्यो मूल-धार, जो सशस्त्र क्रान्ति हो- त्यसलाई नै प्रतिपादित गर्नका लागि यिनीहरु लक्षित हुनेछन्। मेरुदण्ड वा निर्णायक कुरा वर्ग-संघर्षको उच्चतम रुप- सशस्त्र संघर्ष नै हो। यसैको तयारीको निम्ति नै बाँकी सबै व्यापक कामहरु गरिनुपर्छ भन्ने मलाई लाग्दछ।


**अहिलेको संसदलाई प्रयोग गरेरै पनि, यो संसदबाटै पनि जनवाद हासिल गर्न सकिन्छ र त्यो जनताको पक्षमा हुनसक्छ र त्यसबाटै समाजवादमा प्रवेश गर्न सकिन्छ भन्ने सोच जो आइरहेछ यसप्रति तपाईंको धारणा के छ ?**

मलाई के लाग्छ भने यो संसदवादी धारणा हो। यसरी हामी मुक्त हुन सक्दैनौं। संसदवादी अवधारणाहरुलाई हामीहरुले राम्रोसित नियाल्नु पर्दछ। यो संसदबाटै गएर आमूल परिवर्तन आउँछ भन्नु "दिवा-स्वप्न" मात्रै हो। किनकि विगतमा संसदमा हामी कम्युनिष्टहरुले विश्वका कतिपय ठाउँमा बहुमत जितेका पनि थियौं तर त्यहाँ कुन हालत भयो भन्ने कुराको अनुभवले हामी शिक्षित भएका छौं। जस्तो कि इथियोपिया वा इन्डोनेशियामा यस्तो भयो। यी सबै कुराहरु हामीले देखेका छौं। संसदलाई प्रयोग गर्ने भन्ने जुन सवाल छ, त्यसमा, यो प्रयोग निश्चय नै हामी पनि गर्न चाहन्छौं। तर संसदमुखी भएर हैन। अहिले जुन राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको संसद छ, त्यसले हामीलाई नौलो जनवादी कार्यक्रमहरु यहाँ लागू गर्न दिंदैन। अब यहाँ, केही साथीहरु सोच्नु हुन्छ- त्यो संसदमा गएर सरकार कब्जा गर्ने वित्तिकै प्रतिकृयावादी गुटसित हामीले लड्नु पर्दैन होला। यो उहाँहरुको कल्पना होला तर मलाई के लाग्छ भने- यहाँको प्रतिकृयावादी शक्ति अहिले पनि प्रबल छ। संसदबाट सकारमा हामी कम्युनिष्टहरु पुग्यौं भने पनि त्यो सत्तामा परिवर्तन

भएको हुनेछैन् । सत्तामा परिवर्तन हुन त यहाँको अर्ध-सामन्ती अर्ध-औपनिवेशिक सत्तामा परिवर्तन हुनुपर्दछ। शक्ति लिएर बसेको यो प्रतिकृयावादले हामीलाई निश्चय नै छेक्छ। त्यतिबेला के गर्ने ? हाम्रा भिन्न मतवाला साथीहरु पनि बल प्रयोगको कुरा त गर्नु हुन्छ तर कस्तो बल ? संसदकै बल प्रयोग गर्ने हो कि भन्ने भ्रम पनि यहाँ रहेकै छ। मलाई के लाग्छ भने "बल प्रयोग" भनेर मात्र हुँदैन। हामीहरुले वर्ग-युद्ध लड्नै पर्छ। वर्ग- संघर्षलाई मान्नु तर वर्ग-युद्धलाई नमान्नु कम्युनिष्ट हुनु होइन । फेरि, वर्ग-संघर्षलाई मान्ने तर सर्वहारा अधिनायकत्वलाई नमान्ने हो भने पनि कम्युनिष्ट होइदैन। त्यसैले मलाई लाग्छ- सर्वहारावर्गले आफ्नो नेतृत्वमा सत्ता लिनका निमित सशस्त्र बल प्रयोग गर्नै पर्छ र त्यसको तयारीको लागि हामी जुट्नै पर्छ भन्ने मेरो दृढ अडान रहेको छ ।

**सबै शान्तिपूर्ण माध्यमहरु हामी पयोग गर्छौं, तर स्थिति त्यस्तो आएमा वा आवश्यक परेमा जनताले बल पनि प्रयोग गर्नेछ वा हामी बल प्रयोग पनि गर्न पछि पर्ने छैनौं भन्ने आशय का. भण्डारी र का.सि.पि.को पनि रहेको देखिन्छ। के यति सजगता नै पर्याप्त छैन र ?**

उहाँहरुले यो "बल-प्रयोग" शब्दको प्रयोगद्वारा अहिले जनताको क्रान्तिकारी भावनालाई प्रयोग गर्न मात्र चाहनु भएको हो भन्ने मलाई लागेको छ । म के भन्छु भने-प्राकृतिक विज्ञान अनुसार पनि बल वा शक्तिलाई जति विनियोजन गऱ्यो त्यति नै फेरि संग्रह (Accumulation) गर्दा बढी बल आउँछ। यो विज्ञानको एउटा नियम हो। यदि तपाईले अहिले "बल प्रयोग पनि आवश्यक परेमा गर्ने" भनेर बसिराख्नु भयो तर अहिले देखि नै आफ्नो बल तयार गर्न भने शुरु गर्नुभएन भने त्यसको कुनै अर्थ नै रहन्न । यो बल भनेको सर्वहारावर्गीय दृष्टिकोणमा अडेको लाल-सेना हो । यो तयार गर्न लाउनु भएन भने तपाईसित त्यतिखेर चाहिएको बेला "बल" रहदैन । इन्डोनेशियाको अनुभव समेतको आधारमा यो कुरा मैले भनेको हुँ। भिन्न मत वाला साथीहरुको लाइनले यस्तो स्थिति टार्न सक्दैन भन्ने त्रास मलाई लागेको छ। त्यसैले सर्वहारावर्ग र यसको नेतृत्वमा आउने हली-गोठाला लगायतका क्रान्तिकारी तब्काभित्रका लडाकुपन लिएका व्यक्तिहरुलाई लिएर तिनीहरुलाई मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराले लैस गर्दै, त्यसबाट छान्दै खार्दै तिनीहरुलाई एउटा क्रान्तिकारी सेनाको रुपमा विकास गर्ने पद्धति लिनुपर्दछ। साथीहरुले बल-प्रयोगको सिलसिलामा अन्य कुरा कसरी सोच्नु भएको छ, त्यो म अहिले भन्न सक्तिन तर मेरो भनाइ के छ भने वर्गीय-सेना निर्माणको आफ्नै पद्धति छ, त्यस पद्धति अन्तरगत नै हामीहरुले सेना निर्माण गर्नुपर्दछ । हिजोका पूर्व-सेनामा रहेकाहरुलाई वा अन्य पनि मानिसहरुलाई यसमा समावेश गर्दा सजगता लिनुपर्दछ। किनभने "स्वेतसेना" मा रहेर गोली चलाउन जान्नुले मात्र यो वर्गीय लडाई लडिंदैन । यसका निम्ति सबैभन्दा महत्वपूर्ण कुरा हो-वैचारिक हतियार । यो हतियार मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ विचारधारा हो। निस्वार्थ रुपमा जनताको सेवा गर्ने कमयूनिष्ट भावनाले ओतप्रोत भएको र लडाकुपनाले युक्त भएको, एवं पार्टीको अनुशासनभित्र रहेर नै त्यो सेना चल्नुपर्दछ। हैन भने, त भिन्न मतवाला साथीहरुले जुन "बल प्रयोग" को सपना देख्नु भएको छ, त्यो बल-प्रयोग" त आफैंतिर फर्किने पनि डर हुन्छ। त्यसकारण व्यवस्थित ढंगबाट एउटा विशेष परियोजना अन्तरगत अहिलेदेखि नै यो सेनाको विकास गरेर लिएर जानुपर्छ भन्ने मेरो धारणा रहेको छ ।



**मलाई लाग्दछ, यो सांस्कृतिक क्रान्ति नौलो जनवादी चरणदेखि नै चलाउँदै जानुपर्छ**

**नौलो जनवादी क्रान्ति सशस्त्र वर्ग संघर्षबाटै हुन्छ र नौलो जनवादमा अन्य पार्टीहरुको प्रतिस्पर्धात्मक हैन सहयोगी भूमिका मात्र हुन्छ भनी भनिएको कुरालाई समेत आधार बनाएर तपाईको धारणालाई "जडसूत्रवादी" वा "परम्परागत मार्क्सवादी" धारणा भनेर प्रचार गरिएको पाइन्छ नि त ।**

हेर्नुस परिवर्तनकामी हामीहरु परम्परावादी हुनुहुँदैन तर कुन परम्परावादी हुनुहुन्न ? भन्ने कुरा स्पष्ट हुनुपर्दछ । हामीहरु साम्राज्यवादी, सामन्तवादी र पूँजीवादी परम्परावादी पो हुनुहुन्न। हामी सर्वहारावादी परम्परावादी त हुनै पर्दछ। "सही" कुरालाई पनि "परम्परावादी" भन्नु मिल्दैन। जुन कुरा व्यवस्थित र वैज्ञानिक किसिमले आएको छ, त्यस्तो कुरालाई परम्परा छोड्ने नाममा छोड्नु हुँदैन। जहाँसम्म उहाँहरुले हाम्रो विचारलाई "जडसूत्रवादी" भनी भन्नुभएको छ, यहाँनिर प्रश्न उठ्छ -"जडसूत्रता" भनेको के हो ? के अब उसो भए "मार्क्सवाद-लेनिनवाद" पनि नभन्नु त ? माक्सवाद लेनिनवाद-माओत्सेतुङ-विचारधारा भन्ने वित्तिकै चाहिं "जडसूत्रता" हुने अनि "मार्क्सवाद-लेनिनवाद" भन्दा चाहिँ यो "जडसूत्रता" नहुने भन्ने त कुरै हैन। बुर्जुवाहरु हामी कम्युनिष्टहरुलाई त्यसरी नै "जडसूत्रवादी" भनिरहेकाछन। त्यसकारण "परम्परा"को पनि वर्गीयता हेर्नुपऱ्यो । जुन कुरा जनताको इच्छा आकांक्षाभन्दा विपरीत जान्छ, त्यो "वामपन्थी दुस्साहसवाद" हो, त्यो पो जडसूत्रता हो। वर्गीय दृष्टिकोणलाई तं "जडसूत्रवाद" भन्नु भएन नि। साथीहरुको अवर्गीय चिन्तन अन्तर्गत मात्र यो "जडसूत्रवाद" ठहरिएको हो। सर्वहारा वर्गीय चिन्तन अन्तरगत यसलाई "जडसूत्रवाद" भन्न सकिंदैन। अहिले विश्वमा "समाजवाद" ढल्यो भनिएको छ, वास्तवमा त्यो संशोधनवाद ढलेको हो। संशोधनवाद ढलेको हो भन्दाभन्दै पनि कम्युनिष्ट पार्टीले गर्नुपर्ने कतिपय कुराहरु नभएकाले नै त्यहाँ संशोधनवाद हावी हुन पुग्यो। यो संशोधनवाद ढलेको कुरालाई पनि त हामीले "नकारात्मक शिक्षक" को रुपमा लिनैपर्छ। त्यसैकारण म भन्छु-एउटा राष्ट्रले उन्नति गर्नुपर्छ, औद्योगिकीकृत हुनुपर्छ, यसका लागि यसले निश्चित रुपले एउटा आधुनिक बाटो अँगाल्नै पर्छ तर यसको दिशा निश्चित रुपले समाजवादी हुनैपर्छ। भन्न त कतिपय साथीहरु रुसमा, चीनमा पानी पर्दा यहाँ छाता ओढ्नु हुन्न भन्नुहुन्छ, त्यसो गरेमा "जडसूत्रवादी" होइन्छ भन्नु हुन्छ तर उहाँहरु अहिले त्यहाँ आएको धारणा-परिवर्तन अनुसार यहाँ पनि परिवर्तन गर्न चाहनु हुन्छ । के यो चाहिँ "छाता ओढाइ" हैन र ?

**सोभियत संघ र पूर्वी युरोपका घटनाहरुपछि त्यहाँ समाजवाद किन विफल भयो ?- भनी चिन्तन-मनन गर्नेहरुले त्यहाँ सत्तारुढ कम्यूनिष्टहरुले जनतालाई जनवादी अधिकार नै नदिएको र नागरिक संचेतनामा गिरावट आएकोले पनि मुलुक गतिशील हुनसकेन र आखिर यो ढल्यो भन्ने निचोड पनि निकालेका छन्। तपाईंले परिकल्पना गर्नु भएको नौलो-जनवाददेखिका चरणहरुमा आम-जनताले पाउनु पर्ने जनवादको रक्षा कसरी गर्ने सोच तपाईले राख्नु भएको छ त ?**

जनतालाई जनवादी अधिकार नदिने भन्ने कुरा हामी मार्क्सवाद लेनिनवाद माओ विचारधारा अन्तरगत नरहेको कुरा हो । जनतालाई जनवादी अधिकार दिनुपर्छ र यो अधिकार रहन्छ पनि तर जनताका दुश्मनहरु र शोषकहरुलाई यो अधिकार रहन्न। शोषण-दमन उन्मूलन गर्न जनताले शोषक र दमनकारीहरुमाथि अधिनायकत्व लागू गर्छ। सर्वहारावर्गको नेतृत्वमा हुने अधिनायकत्व, अन्य क्रान्तिकारी तब्काहरुसंगको मिलीजुली अधिनायकत्व हो। त्यसकारण जनताले प्रजातान्त्रिक अधिकार पाउँदैनन् भन्ने प्रश्नै छैन। केवल प्रतिस्पर्धात्मक राजनीतिक पार्टी खोल्न भने पाइन्न। त्यो किनभने, वर्गीय दृष्टिकोणले हेर्दा दुईवटा वर्गले मात्र प्रतिस्पर्धात्मक राजनीतिक दृष्टिकोण अंगालीरहेको हुन्छ। या त बुर्जुवा दृष्टिकोण, या सर्वहारावादी दृष्टिकोण। द्वन्दको नियमलाई हेर्ने हो भने सर्वहारा वर्गीय दृष्टिकोणसंग बुर्जुवा वा गैर-सर्वहारावादी दृष्टिकोणले लडाई गरिरहेको हुन्छ । त्यसै कारणले त्यो दृष्टिकोणलाई यहाँ राजनैतिक पार्टीका रुपमा खेल्न नदिने कुरा गरिएको हो । यसमा, माथि नै पनि भनियो-रचनात्मक रुपले पार्टीका काम कारवाही, कमी-कमजोरीहरुबारे प्रश्न उठाउन, आफ्ना तब्का र तहका हक हित र समस्याका कुराहरु उठाउन नपाउने भन्ने कुरै छैन ।

अहिलेको प्रजातन्त्र भनेको सामन्त र दलाल पूँजीपतिहरुको प्रजातन्त्र हो तर आउँदो प्रजातन्त्र भनेको जनताको प्रजातन्त्र हुनेछ ।

**तपाईले सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्वको कुरा गर्नुभयो। तर कतिपय मानिसहरु यस्तो "अधिनायकत्व" भन्ने कुरा मान्दैनन् र हाल हाम्रो समाजमा त कुनै अधिनायकत्व छैन भन्छन् त ?**

यसो ती व्यक्तिहरुले भनेका हुन, जसले बुर्जुवा-दृष्टिकोण अँगालेका छन्। अहिलेको सत्ता वास्तवमा अर्ध-सामन्ती र अर्ध-औपनिवेशक सत्ता हो । सामन्तहरु, दलाल तथा नोकरशाही पूँजीपतिहरुको "अधिनायकत्व" हो यो। यसलाई समाप्त पारेर नै नौलो जनवादी मिलीजुली सत्ता स्थापित गर्नुपर्छ ।

**सोभियत संघमा लेनिनको पार्टीमा पार्टीभित्रैबाट गोर्वाचोभ-येल्सिनहरु जन्मिए र संशोधनवाद लागू गरी विस्तार गरेपछि यो संशोधनवादको पूर्ण पतन भयो। मानौं, तपाईले हालै राख्नुभएको क्रान्तिकारी धारणाले विजय पायो र क्रान्ति पनि भयो। तर यस्तोमा रुसमा जस्तै पछि गएर तपाईको पार्टीमा पनि संशोधनवाद हावी भएर र नोकरशाही विकृति हावी भएर आखिर सोभियत संघकै परिणति नहोस् भन्नलाई तपाई कतिको चनाखो हुनुहुन्छ ?**

यो सवाल पार्टीभित्र कसरी संशोधनवाद आउँछ भन्ने सवालसंग जोडिएको छ। राजनैतिक रुपले सर्वहारा दृष्टिकोण राखेर हिँडेका कामरेडहरुले जब अन्य ठाउँहरुमा आएका परिवर्तनहरु देखेर र लडाईका मैदानहरुमा कतिपय दीर्घकालीन संघर्षहरु गर्नुपर्ने हुन्छ, त्यसबाट तर्सेर वा व्यक्ति स्वार्थको कारण आफ्नो दृष्टिकोण बिस्तारै बदल्ने संभावना रहन्छ। त्यसमाथि पनि खास गरेर निम्न-पूँजीपतिवर्गबाट आएका मानिसहरुको सर्वहारा-दृष्टिकोणसंग निरन्तर प्रतिस्पर्धा भइरहेको हुन्छ। यसमा तलमाथि पर्दा पनि संशोधनवादी सोच पैदा हुनजान्छ। पार्टीभित्र र पार्टी बाहिर पनि सर्वहारावर्गीय दृष्टिकोणसंग टकराउन थुप्रै दृष्टिकोणहरु आउँछन्। आखिरमा सत्यको नजिक सर्वहारावर्गीय दृष्टिकोण नै भएकोले त्यो स्थापित हुन्छ र अरु विस्थापित हुन्छन्। पार्टीभित्र जनवाद भनेको यही सर्वहारा दृष्टिकोणलाई प्राप्त गर्न गरिने छलफल हो । जब विचारहरु जनवादको माध्यमबाट खारिएर आउँछन्- सर्वहारा- दृष्टिकोण प्राप्त हुन्छ र जसले केन्द्रियताको रुप लिन्छ। जनवादी केन्द्रियताको मेरो धारणा यस्तो छ। यसैको माध्यमबाट गैन्ह सर्वहारावादी दृष्टिकोणहरु- वामपन्थी उग्रवाद वा दक्षिणपन्थी संशोधनवाद विरुद्धको वैचारिक लडाई चालू

हुन्छ । अब रह्यो रुसहरुमा आएको जस्तो नोकरशाही विकृति यहाँ पनि आउने हो कि भन्ने कुरा। यसै सिलसिलामा नै चीनमा "सांस्कृतिक-क्रान्ति" गरिएको हो। "सांस्कृतिक-क्रान्ति" को सार नै वैचारिक रुपले खतम भैसकेका सडेगलेका विचार, सिद्धान्त रुढीवादी अवशेषहरुलाई खतम गर्नु थियो र नयाँ वैज्ञानिक सोचहरु फैलाउनु र स्थापित गर्नु थियो । कम्युनिष्ट पार्टी सत्तामा गएपछि त पहिले भन्दा झन् बढी चनाखो हुनुपर्दछ र जनतालाई पनि चनाखो राख्नु पर्दछ । नोकरशाही देख्ने वित्तिकै जनताले सर्वहारावादी दृष्टिकोणद्वारा त्यसको विरोध गर्नेछन् । वैचारिक क्षेत्रमा वर्ग-संघर्ष तेज हुनेछ र यसरी "नोकरशाही" लाई नियन्त्रण गरिनेछ । रुसमा संशोधनवाद किन हावी भयो भने, का. स्टालिनको एउटा विश्लेषण गलत थियो- त्यो हो, अब त्यहाँ समाजवादमा वर्गहरु छैनन्, उन्मूलन भए भन्ने विश्लेषण। तर वास्तवमा वैचारिक रुपमा त्यहाँ प्रतिस्पर्धा थियो, कुलकहरु त्यहाँ विद्यमान थिए । कुलकहरुको विचारधारा नै विस्तारै विस्तारै पार्टीमा हावी हुँदै आयो। साम्राज्यवादीहरुले पनि बाहिरबाट त्यसलाई टेवा दिए। आखिरमा यसको पराकाष्ठाको रुपमा त्यस संशोधनवादको पतन भयो । त्यो समाजवाद थिएन ।

**तपाईले संशोधनवाद र नोकरशाहीपनाको विरुद्धको हतियारको रुपमा "सांस्कृतिक-क्रान्ति" को प्रसंग त ल्याउनु भयो, तर चीनको "महान सर्वहारा सांस्कृतिक क्रान्ति" मा कतिपय उग्रताहरु भए, व्यवहारमा कमी कमजोरीहरु भए भन्ने कुराहरु आइरहेका छन् । यसबारे चाहिं तपाईको विचार ?**

सर्वहारा सांस्कृतिक- क्रान्तिको म सिद्धान्ततः पक्षधर हुँ। मलाई लाग्दछ, यो क्रान्ति नौलो जनवादी चरणदेखि नै चलाउँदै जानुपर्छ । अहिले पनि सर्वहारा- दृष्टिकोणको निर्माण र प्रचार प्रसारका लागि हामी लडिरहेका छौं, लड्नु पर्छ। शहीदहरुले जनताको लागि ज्यान दिएका छन्। यो जुन, जनताको सेवामा आफ्नो ज्यानसम्म पनि समपर्ण गर्ने संस्कृति छ, यसलाई धरोहरका रुपमा हामीले लिनुपर्छ। यसरी लिनुलाई "कठमुल्लावादी" भन्नु मिल्दैन। सांस्कृतिक-क्रान्तिमा यी उत्कृष्ठ जीवन-आदर्शहरुलाई अरु व्यवस्थित रुपमा अगाडि बढाइनेछ । जहाँसम्म चीनको "सर्वहारा सांस्कृतिक-क्रान्ति"को कुरा छ, त्यसमा कतिपय कमी-त्रुटीहरु भएनन् भन्ने छैन । गलत पक्षलाई वैचारिक-वर्गीय दृष्टिकोणले परास्त गर्ने पक्षहरु केहीमा कमजोरीहरु भए तर मलाई लाग्छ- यसलाई अरु विकसित रुपमा लैजानका लागि यस्ता घटनाहरुलाई हामीले "नकारात्मक शिक्षक"को रुपमा लिनुपर्छ नै । निरन्तर-क्रान्तिको दृष्टिकोणलाई परिमार्जित गरेर, झन् उँचो बनाएर हामीले लैजानुपर्छ ।

**महाधिवेशनमा बहुमतले कुनै एक लाइनलाई पारित गऱ्यो भने बाँकी लाइनवाला तपाईहरु कसरी अघि बढ्नु हुन्छ ? त्यतिखेर तपाईहरुको विचार-संघर्ष र अडानको रुप कस्तो हुनेछ ?**

महाधिवेशनमा वैचारिक सर्वसम्मति होला भन्ने मलाई लाग्दैन । किनभने कामरेडहरु बहुदलीय प्रतिस्पर्धा भनेर आउनु भएको छ, कसैले बहुदलीय जनवादको नाममा र कसैले नौलो जनवादकै नाममा । अब हामीले उठाएको सवालमा नौलो जनवादभित्र बहुदलीय राजनैतिक प्रतिस्पर्धा भनेर छुट नदिने कुरा छ । यो बहुदलीय राजनैतिक प्रतिस्पर्धा भएमा समाजवाद र साम्यवादमा पुग्न सकिन्न । निश्चित रुपमा सर्वहरावर्गको अधिनायकत्व नै पछि विलय भएर साम्यवादमा पुग्न सकिने भएकोले यो नौलो जनवादी क्रान्ति कालमा सर्वहारा वर्गको अधिनायकत्वमा पुग्ने सर्वहारा वर्गको नेतृत्वमा रहेको मिलीजुली अधिनायकत्व स्थापित हुनुपर्ने धारणा हाम्रो रहेको छ । यो मतमा सबैको मतो मिलेमा त सर्वसम्मति होला, नत्र भने यस्तो हुने संभावना छैन। बहुमतको विचारलाई सबैले कदर गर्नु पर्दछ। बहुमत त्यतिञ्जेलसम्म सही हुन्छ, जबसम्म फेरि अल्पमतको विचारले विजय हाँसिल गर्दैन । सही भएपनि, गलत भएपनि लागू हुने विचार त बहुमत कै विचार हो ।

यदि हाम्रो मत विजयी भयो भने, अन्य मतमा रहेका जो योग्य कामरेडहरु हुनुहुन्छ, उहाँहरुको जुन स्थानमा योग्यता छ, त्यो स्थानमा उहाँहरुलाई राख्दै लिएर जान्छौं । अब रहयो- बहुलवादी विचार लिएका कामरेडहरुले जित्नु भयो र हामी मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचार धारा अन्तरगतको नौलोजनवाद मान्नेहरु अल्पमतमा पऱ्यौं भने, के गर्ने भन्ने सवाल। यस्तो भएमा पनि पार्टी फुटाएर छोडेर जाने भन्ने मेरो चिन्तन छैन । मलाई के लाग्छ भने मत-मतान्तर भयो भन्दैमा पार्टी छोडेर हिड्ने चलन चलाउने हो भने त कुनै पनि राजनैतिक संगठन गर्नै सकिन्न ।

अर्को भिन्नै पार्टी बनाउने हो भने पनि मतमतान्तर त पैदा हुन सक्छ नै । अनि के फेरि पार्टी फोरेर हिँड्ने ?- यसो हो भने त कुनै पनि राजनीतिक दल बनाएर जनताको सेवा गर्न नसकिने हुन्छ । यो त व्यक्तिवादको प्रतिपादन गर्न खोजेको मात्र ठर्हछ । यसबाट म आफू सजग छु। अल्पमतमा आफू परेमा आफ्नो मतलाई सुरक्षित गर्दै, बारंबार पार्टीमा उठाउँदै बहुमत तयार गर्नका निम्ति प्रयत्न गर्ने छौं, भन्ने कुरामा हामी सबै प्रष्ट छौं ।

युवा-कवि आहुतिको -कविता संग्रह
"तपश्वीका गीतहरु" बजारमा उपलब्ध छ ।



ठिक समयमा उडान
तथा
भरपर्दो सेवाका लागि

नेपाल एयरवेज
Nepal Airways

बाँकी ९ पेजको

महशूस गराइदिएको छ ।


यसरी साइनिङ् पाथको गुरिल्ला संघर्षमा का. गोन्जालोको गिरफ्तारी पश्चात् पनि कुनै कमी नआएको, बरु, तेजी नै आएको देखिन्छ । नोभेम्बर महिनाभित्र मात्रै गुरिल्लाहरुले २४१ जना सैनिक र सेनासंग सम्बद्ध मानिसहरु सखाप पारेको, मेन्टार क्षेत्रमा मात्रै डेढ सयभन्दा बढी सैनिक मारेको र करीब दुई सयभन्दा बढी रोण्डरोहरु मारेको वा घाइते पारेको समाचार त सरकारी संचार माध्यमले नै प्रसारित गरेको छ । अझ कलाओ नजीकको जंगलमा गस्ती गरिरहेको सैनिक हेलिकोप्टरलाई छापामारहरुले गोली हानी खसालेको घटनाले पनि यो "तेजी" को पुष्टि गर्दछ ।

यसैबीच गत मंसीर १४ गते "एसोसियसन अफ डेमोक्रेटिक लयर्स" ले का. गोन्जालो लगायत अन्य राजबन्दीहरु माथिको अमानवीय सरकारी यातनाको विरोध गर्दै लिमामा जुलूस प्रदर्शन गरी का. गोन्जालोको जीवन प्रतिरक्षार्थ विश्वव्यापी सचेत प्रयत्नका लागि पुनः घच्घच्याएको छ ।

हाल का. गोन्जालोलाई इल फेन्टन कारागारमा परिवारका सदस्यहरुले महिनामा एक पटक बाहेक अन्य कसैले पनि भेट्न नपाउने गरी कैद गरिराखिएको छ । उहाँसँगै गिरफ्तार भएका केन्द्रिय नेताहरु तथा अन्य कामरेडहरुलाई पनि आजीवन कारावासको सजाय दिइएको छ भने थप ९ जना कामरेडहरुलाई पनि आजीवन कारावास सहित जेल चलान गरिएको छ ।

यस स्थितिमा जर्मनी, टर्की, कुर्दिस्तान, फ्रान्स लगायत विश्वका विभिन्न देशका मजदूर र सामान्य जनताका आवाजमा आवाज मिलाउँदै नेपालमा पनि ने.क.पा. एकताकेन्द्रद्वारा गठित पेरु क्रान्ति समर्थक कमिटि र ने.क.पा मसाल र त्यससंग सम्बद्ध अखिल नेपाल युवकसंघ, अखिल (छैठौं) र सेभ गोन्जालो कमिटिले गत मंसिरमा जुलुस, सभा र पत्रकार सम्मेलनहरु गरेका थिए ।

यी र यस्ता दबावका कार्यक्रमहरुलाई अझ व्यापक र घनिभूत पार्नु यतिबेला झन् बढी महत्वपूर्ण भएको छ, किनकि फुजिमोरी सरकारले संविधान सभाको चुनावमा पनि एकलौटी आधिपत्य जमाईसकेको हुनाले त्यसबाट पूर्व घोषित "विद्रोही विरोधी कानून" पारित गराई पेरुका कम्युनिष्ट छापामारहरुलाई वैधानिक रुपमै मृत्युदण्ड दिनसक्ने प्रबल संभावना बढेको छ । यो संभावनालाई रोक्न र नयाँ जनवादी क्रान्तिका लागि संघर्ष-रत साइनिङ् पाथको सशस्त्र आन्दोलन-प्रति अन्तरराष्ट्रिय ऐक्यबद्धता प्रदर्शन गरी उनीहरुको मनोबल बढाईराख्न यस्ता दबावका कार्यक्रमलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा एकीकृत र संयोजित गरेर लानु जरुरी भएको तथा यही दिशाबाट साम्राज्यवाद र सामन्तवाद विरोधी संघर्ष अघि बढ्नु आवश्यक भएको हामीलाई लाग्दछ । यसैबीच, गत पुस १३ गते साइनिङ् पाथद्वारा आगामी नगरपालिका चुनावको विरोधमा अष्ट्रेलिया, जापानी र चिनीयाँ दुतावासमा कारबम निष्फोट भएको छ ।



## पाठकको कुरो

अंक ७ हेरेपछि यसलाई "सर्वोत्तम" पत्रिकाको उपमा दिन मलाई मन लाग्यो । दुर्गम क्षेत्रमा रहेकोले अघिल्ला अंकहरुको पाठक बन्न नपाएकोमा चुकचुक लागि-रहेछ । समसामयिक घटनाहरुको पूर्ण विवेचना दिन यसले ध्यान देओस् भन्ने कामना गर्दछु ।

**-शेख कुमार बुढा मगर,** न्यूटोल, थापा, कोर्चा गा.वि.स., रोल्पा

देश-विदेशका समसामायिक राजनैतिक घटनाहरुको छानबिनयुक्त "मूल्यांकन" पत्रिका पढ्न पाउँदा मेरो मन मस्तिष्कमा प्रसन्नता छाएको छ । हामी जस्ता दुर्गमस्थानमा कार्यरत कार्यकर्ताहरुलाई यो अत्यन्त उपयोगी भएको ठहर गरेको छु ।

**-प्रेम बहादुर मल्ल,** श्री नगर गा.वि.स.-३, मुगु जिल्ला

आज देशी तथा विदेशी प्रतिक्रियावादीहरुबाट कम्यूनिष्ट-हरु माथि हर प्रकारले आक्रमण भईरहेको बेला "मूल्याङ्कन" जस्तो सशक्त वाम-पत्रिका पाउनु साच्चै नै खुशीको कुरा हो । तसर्थ आगामी दिनमा "मूल्याङ्कन"-सर्वत्र पाइने गरी व्यवस्था मिलाइयोस् ।

**- के.बी. दीनबन्धु,** दाङ

मूल्याङ्कनको कार्तिक अंकले का. गोन्जालो र साइनिङ् पाथका बारेमा मैले थाहा नपाएका जानकारीहरु प्रस्तुत गरेर गुन लगाएकोमा हार्दिक धन्यवाद ज्ञापन नगरी बसीरहन मनले मानेन ।

**-मनोज दाहाल "विवश",** सुरुङ्गा- ५ (झापा)

मूल्याङ्कनको अंक ६ हाम्रो जस्तो विकट पहाडमा समेत पढ्न पाउँदा ज्यादै हर्ष लाग्यो । साथै विदेशी ताजा समाचार हरु र अन्तर-राष्ट्रिय कम्यूनिष्ट आन्दोलनको विषयमा त्यहाँ भएका गल्ती र हुनुपर्ने कुराहरु बारेको चिन्तन मनन एवं उत्तर कोरियाका वरिष्ठ नेता किम जोङ् ईलको प्रस्तुत विचार धेरै रोचक र ज्ञानवर्द्धक लाग्यो । यसरी नै कृपया साम्यवादको शुरुवात र नयाँ लेखकहरुका प्रगतिशील कथा, लघु कथा र कविताहरु प्रकाशित गर्नु हुन अनुरोध गर्दछु ।

**-छत्र राई "आश्रित",** दुर्खिम-३, रंकाडो, खोटाङ् (दिक्तेल)

का. गोन्जालोको तस्वीरले आकर्षक बनायो नै, यसमा शंका छैन, तर तस्वीर अलि अस्पष्ट भएको कुरामा पनि शंका गर्ने ठाउँ छैन । अझ आवरण अलि बाक्लो भएमा "सुनमा सुगन्ध" थपिन्थ्यो । "मूल्याङ्कन"ले विश्वका प्रसिद्ध व्यक्तित्वहरु, जसको तस्वीर त्यति प्रचारित भएको छैन, उनीहरुको तस्वीर प्रकाशित गरोस् । अझ मध्य पृष्ठमा "ब्लो अप"को रुपमा रंगीन तस्वीर दिनसके त अरु जाती हुन्थ्यो ।

**-राजेन्द्र मानन्धर,** "रत्न" श्री शिवपुरी मा.वि., महाराजगंज, काठमाडौं ।

पूर्वी यूरोपका समाजवादी मुलुकमा आएको परिवर्तन पश्चात् त्यहाँका कम्युनिष्ट पार्टी, सदस्य तथा समर्थकहरु नयाँ स्थितिमा कसरी वाम राजनीतिलाई अगाडि बढाउँदैछन् ? महँगी, अपमान, देशको चौपट्ट भएको अर्थतन्त्रको विरोधमा के सोच्दै छन् ? त्यस्तै फिलिपिन्स, अफगानिस्तान, चिली जस्ता देशहरु र विश्वका अन्य देशका कम्युनिष्ट पार्टीहरु विचारक, नेता के कस्तो स्थितिमा छन् ? कम्युनिष्ट विचारको सुन्दर भविष्यलाई झन् सुन्दर बनाउन वर्तमानको पूँजीवादी धक्कालाई कसरी ठेल्ने ? -जस्ता अनेकन जिज्ञासालाई शान्त पार्न आवश्यक सामग्री खोजेर प्रस्तुत गरेमा सान्है राम्रो हुने थियो ।

**-ताराबहादुर कार्की,** बयरबन-८, मोरङ

अंक ७ मा कमरेड गोन्जालोको गिरफ्तारीको विस्तृत विवरण र वहाँका विचार, जेलबाट वहाँले दिनुभएको सार-गर्भित जोशिलो भाषण कम्युनिष्ट आन्दोलनको लागि ज्यादै महत्वपूर्ण छ । जापानी कामदारहरु: मानिस हुन कि आर्थिक जनावर" भन्ने लेख पढें । यसमा एउटा कुरा के चाहिं बिझ्यो भने: के आफ्नो जीवन निर्वाह गर्न कसैले तोकेको सीमा भन्दा बढी काम गर्नु नै आर्थिक जनावरको क्रियाकलाप हो त ? त्यसो हो भने नेपालमा १५ देखि १८ घण्टासम्म काम गर्ने गरीब भूमिहीन किसान श्रमिक चाहिं कस्ता जनावर नि ? सतार जाती बारेको लेख रोचक लाग्यो । खगेन्द्र संग्रौलाज्यूको अन्तरक्रिया सम्बन्धी लेख ज्यादै चित्त बुझ्दो लाग्यो । नबुझी भट्ट अरुलाई दोष थोपर्ने र होच्याउने प्रवृत्तिलाई यस लेखले उपयुक्त जवाफ दिएको छ । कृपया मूल्याङ्कन जस्तो जनमुखी र क्रान्तिकारी पत्रिकामा मादक पदार्थको विज्ञापन नगरिदिनु भए यस पत्रिका-प्रति म अझ आभारी हुन सक्थें ।

पेरुको छिमेकी देश कोलम्बियामा चलिरहेको गृहयुद्ध कस्तो युद्ध हो, सो बारेको विवरण आगामी अंकहरुमा प्रकाशित गरिदिनु हुन अनुरोध गर्दछु ।

**-गोविन्दप्रसाद घिमिरे,** लामाटार-६,ललितपुर ।

क्रान्तिकारी कविता र व्यंग्य स्तम्भको आवश्यकता छ र यो राखेमा जन- आकांक्षा अनुरुप हुनेछ । बियरको विज्ञापनले मुल्याङ्कन-लाई शोभा दिएन र अनावश्यक सुपरबम्पर कार्यक्रमहरुले यसको विस्वसनीयतालाई नै धाराशायी पार्ने शंका लाग्छ । अंक-५ को आँखीझ्याल र अन्तर्क्रिया अन्तर्गतको श्याम श्रेष्ठको लेखले क्रमशः पूँजीवादीहरुलाई चाबुकको काम र साम्यवादीहरुलाई पथ प्रदर्शकको काम गरेको छ । क्यूबा, पेरु, उत्तर कोरियाको र चिनको गतिविधिलाई निरन्तरता दिनु पर्‍यो । अनि पूँजीवादका विकृतिहरुलाई मुद्दाकै रुपमा उठाउनु पर्‍यो ।

**-"वैरागी काइँला"** गाउँशहर-१ लमजुङ हाल इ.अ.स.,पोखरा

"मूल्याङ्कन"को उद्देश्य र लक्षलाई अरु आत्मसात गरियोस् । अंक १,२,३ जुन स्तरको निस्कियो त्यो स्तर पछिका अंकहरुमा खस्किएको महशूस भएको छ । पत्रिका नियमित रुपबाट, निश्चित समयमा निकालियोस् । विज्ञापनको संख्या कम गरियोस् । दर्शन सम्बन्धी लेख नियमित दिइयोस् ।

**--कृष्ण प्रसाद तिवारी,** दमौली

लाखौं पाठकहरुको चाहना र यहाँहरुको अथक प्रयासको फलस्वरुप यो अंक ७ का.माओपछिका वर्तमान विश्वका सर्वाधिक चर्चित क्रान्तिकारी कम्युनिष्ट नेता का. गोन्जालो (डा.अबिमाएल गुजमान) बारे विस्तृत चर्चा तथा मुखपृष्ठमा नै वहाँको बन्दी तस्वीर राखिएको वर्तमान सन्दर्भमा निकै सऱ्हाहनीय लाग्यो । "बाघको खोरबाट का. गोन्जालोको भाषणको सम्पूर्ण पाठ" तथा अन्य समसामयिक विषयहरु प्रकाशन गरेर म जस्ता लाखौं पाठकहरुको लामो समयदेखिको उत्सुकता पूरा गरीदिनु भएकोमा हार्दिक धन्यवाद । यसबारे अरु नयाँ खोजपूर्ण सामाग्रीहरु आगामी अंकहरुमा पनि प्रकाशन हुने नै छन् भन्ने आशा गर्छु ।

**-नारायण कुमार पौडेल,** बर्दिया ।


Panchakanya GROUP
(INDUSTRIAL & TRADING HOUSE)
3/42 KRISHNA GALLI, LALITPUR,
P.O. BOX 2743,
KATHMANDU, NEPAL.
PHONE: 526551, 525172, 526357
CABLE: PANCHKANYA • TELEX: 2491 PKNP. • FAX: 977-1-526529
FACTORY: KOTEHAWA, BHAIRAHAWA, NEPAL.
PHONE: 20368, 20572
Manufacturer of Re inforcement Steel Bars, H. B. Wires, HDPE Pipes, PVC Pipes and Supplier of other construction materials."

तपाईले कुनै नयाँ उद्योग स्थापना गर्ने विचार गर्नुभएको छ वा विद्यमान उद्योगलाई नै विविधिकरण, विस्तार एवं आधुनिकीकरण गर्ने मनशाय राख्नु भएको छ अथवा उद्योग संचालनका लागि चालु पूँजीको आवश्यकता परेको छ भने वित्तीय, प्राविधिक व्यवस्थापकिय सरसल्लाह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ

*हामी तपाईलाई सहयोग गर्न सदा तत्पर छौं।*

**नेपाल औद्योगिक विकास निगम**

ने.औ.वि.नि., भवन
दरवार मार्ग, काठमाडौं
टेलिफोन नं. २२८३२२
पोष्ट बक्स नं. १०

| | |
|---|---|
| परिचमान्चल क्षेत्रीय कार्यालय : | पोखरा, टेलिफोन नं. २००८३ |
| मध्य पश्चिमान्चल क्षेत्रीय कार्यालय : | नेपालगंज, टेलिफोन नं. २०२०३ |
| पूर्वान्चल क्षेत्रीय कार्यालय : | विराटनगर, टेलिफोन नं. २५३०४ |
| सुदुर पश्चिमान्चल क्षेत्रीय कार्यालय : | धनगढी, टेलिफोन नं. २१२०३ |

**Always Remember Us For:**
Water Turbine, Steel Structures & Workshop Facility with Up to Date Machine

Complete Hydropower Generating Equipment, Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

*Please contact us for your service at:*

**Balaju Yantra Shala (P) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP




**बिजुलीको चिम तथा ट्रेक्टर**

भारतको ख्याति प्राप्त एच.एम.टी. लिमिटेडबाट उत्पादित ट्रेक्टर तथा एच.एम.टी. ईन्टरनेशनलबाट उत्पादित बल्ब तथा ट्यूबहरु यस संस्थामा धमाधम बिक्री भईरहेको व्यहोरा सर्वसाधारणमा जानकारी गराउछौं ।

– नेशनल ट्रेडिङ्ग लिमिटेड
केन्द्रिय कार्यालय, टेकु ।
फो. न. २-११९६२





आजै सदस्य बनौं मौकाको फाइदा उठाऔं। परे उपहार नपरे तपाईंको रकम तपाईंलाई नै फिर्ता। नोटः- नेपाल अधिराज्यभरि एजेन्ट तथा सेल्सम्म्यानको आवश्यकता छ।
सम्पर्क स्थान : A to Z उपहार कार्यक्रम। फोन : ४७०६२३, चावहिल, गणेशस्थान

**हामी सेवाको लागि तयार छौं ।**

रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, राईजिङ्ग नेपाल र अरू विभिन्न पत्र-पत्रिका मार्फत् छिटो र आकर्षक विज्ञापन गराउनु परेमा सम्पर्क राख्नुहोला। कम्प्यूटरबाट टाइप सेटिङ्ग, ग्राफिक डिजाइनका साथै स्क्रिन प्रिन्टिङ्ग र अफसेट प्रिन्टिङ्गको लागि पनि सम्झनु होला ।

**अभ्युदय एडभर्टाइजिङ्ग एजेन्सी**
पो. ब. नं. २९९८, न्यूरोड,
(रञ्जना हल अगाडि)
फोन: २२७७९९



**मीठो मीठो सारै मीठो**
**पशुपतिको**
**थिन आरारोट र सोल्टी**
**बिस्कुटहरु !**

**– श्री पशुपति बिस्कुट इण्डष्ट्रिज (प्रा.) लि.**

**MIULYANKAN**
A magazine for Thought-Interaction

ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०


# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जमले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेकी आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बच्नेका केही गौरवमय दिनहरू छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने